राष्ट्रिय दलित आयोगको

छैटौँ वार्षिक प्रतिवेदन

आ.व. २०८२/०८३

राष्ट्रिय दलित आयोग
National Dalit Commission
कुपण्डोल, ललितपुर, नेपाल
फोन : +९७७-०१-५४३११४८, ०१-५९०९०४८, ०१-५४३३६९०
ई-मेल: info@ndc.gov.np, वेबसाईट: www.ndc.gov.np

राष्ट्रिय दलित आयोगको

छैटौं वार्षिक प्रतिवेदन

आ.व. २०८२/०८३

राष्ट्रिय दलित आयोग

कुपण्डोल, ललितपुर, नेपाल

फोन नं. ०१-५४३११४८, ०१-५९०९०४८, ०१-५४३३६५०,

१८१०५०००३२ (टोल फ्री)

ईमेलः info@ndc.gov.np

वेबसाइटः www.ndc.gov.np



देवराज विश्वकर्मा

अध्यक्ष



मीना देवी सोव

सदस्य



मेहले पार्की

सदस्य



सुन्दर पुर्कुटी

सदस्य

राष्ट्रिय दलित आयोग
National Dalit Commission

प.सं./L.N.:
च.नं./D.N.:

मिति/Date:

राष्ट्रिय दलित आयोग
२०७५

छैटौं वार्षिक प्रतिवेदन।

सम्माननीय राष्ट्रपतिज्यू,
राष्ट्रपतिको कार्यालय,
काठमाडौं।

नेपालको संविधानको धारा २९४ बमोजिम राष्ट्रिय दलित आयोगले आर्थिक वर्ष २०८२/०८३ मा सम्पादन गरेका काम कारबाहीको वार्षिक प्रतिवेदन सम्माननीय समक्ष प्रस्तुत गरेको छु।

भवदीय,

.....
देवराज विश्वकर्मा
अध्यक्ष
राष्ट्रिय दलित आयोग

ललितपुर, नेपाल | Lalitpur, Nepal
फोन: +९७७-०१-५४३३६५०, ५४३१९४८ |Tel.: +977-01-5433650, 5431148
Email: info@ndc.gov.np, Website: www.ndc.gov.np

आयोगको भनाइ

राष्ट्रिय दलित आयोगको छैटौं वार्षिक प्रतिवेदन तयार गर्न पाउँदा खुशी लागेको छ। निकै प्रतिकूलताका वावजुद आयोगले पदाधिकारीसहित ५ वर्षको अवधि पूरा गरेको छ। अनेकौं समस्या र चुनौति तथा उतार चढावका वावजुद हामीले दलित समुदायको अधिकारका लागि पैरवी गर्ने मामिलामा केही सन्तोषलाग्दो कामहरू गरेका छौं। दलित अधिकारका लागि पैरवी एउटा अत्यन्त महत्त्वपूर्ण आयाम हो। नेपाल देश सबै दलितहरूको आफ्नो मातृभूमि भएतापनि राज्य दलितहरूको आफ्नो होइन कि भन्ने अवस्था छ।

नेपाल राज्य दलित समुदायको पनि हुनका लागि यसले दलित समुदायले भोगेको समस्या, पीडा र उत्पीडनप्रति समभाव राख्नुपर्दछ। उनीहरूका पीडाप्रति सहिष्णु बन्नुपर्दछ। हामी सबै ती समस्या समाधानका लागि प्रतिवद्ध छौं भन्नुपर्दछ। त्यसो भएको छैन, दलित समुदायको समस्याप्रति राज्य वैरभाव राख्छ। सरकारी दस्तावेजमा "दलित" शब्दको सम्बोधनप्रति देखाएको दृष्टिकोणले त्यो कुरा प्रष्ट पार्छ। दलित शब्द विगतमा अछूत, तल्लो जात, पानी अचल, निचा जातको प्रतिस्थापन स्वरूप प्रयोगमा आएको शब्द हो। माथिका सम्बोधनले १४% जनसंख्यालाई ज्ञान, आर्थिक श्रोत र राजनीतिक संरचनामा निषेध गरेको हुनाले तत् तत् बहिस्कृत जनसंख्यालाई मूलधारमा ल्याउन उनीहरूको समस्या सुनिनुपर्छ र समाधानका लागि आवश्यक सबै काम गरिनुपर्छ। राज्यले घोषित रूपमा अहिलेको युगमा कोही दलित छैन भन्छ तर त्यही राज्यको प्रतिनिधिले दलित भएकै कारण घरभाडामा बस्न पनि दिँदैन र दुई मान्छेबीच प्रेम हुन पनि दिँदैन र भन्छ यो व्यक्तिगत अधिकारको कुरा हो। त्यही मान्छे सरकारको कुनै निकायमा बस्दा राज्यले कसैलाई विभेद गर्दैन भन्छ र त्यही मान्छे आफ्नो घरमा हुँदा मेरो सम्पत्ति कसलाई दिने कसलाई नदिने मेरो अधिकारको कुरा हो भन्छ। यो दोहोरो सोच र व्यवहारको कारणले आएको हो। मैले दलितलाई सरोवर व्यवहार गरें भने मेरा इष्टमित्र के भन्लान भन्ने भयले प्रत्येक गैरदलितलाई आक्रान्त बनाएको छ। तथ्य, प्रमाण र ज्ञानले त्यो दोहोरोपन हटाउन सकिन्छ त्यो दोहोरोपनले एउटा समुदायलाई हिंसा गरिरहेको छ, समाजलाई विभक्त गर्न यहाँको व्यवहारले भूमिका खेलिरहेको र समग्रमा राष्ट्रलाई नोक्सान भइरहेको छ भनेर सम्झाउनुपर्नेछ-यो नै पैरवी हो।

जातीय उत्पीडनको कारणले एउटा समुदायले चरम दुष्चक्र झेलिरहेको छ, त्यो समुदायलाई सम्बोधन गर्ने कुनै वैकल्पिक पहिचान विना के को दलित? को दलित? किन दलित? के हो दलित? कस्लाई दलित भन्ने? आदि प्रश्न गरेर हेपिएको मान्छेलाई नयाँ प्रकारको हिंसा भइरहेको छ। दलित समुदायले सरकारबाट प्राप्त गर्ने सेवा सुविधाका विषयमा कुरा गर्दा यस्तै अनावश्यक प्रश्नहरू गर्ने गरेको देखिन्छ। कोही कसैले रहरले दलित समुदायले प्राप्त गर्ने सुविधा खोज्दैन। अपवादका रूपमा कोही लिनु नपर्ने मान्छेले त्यो सुविधा लियो वा लिन चाह्यो भने त्यसलाई ट्रोल बनाउने प्रवृत्ति छ।

दलित अधिकारको कुरा संविधान र कानूनमा लेखियो, अब काम सकियो, यो स्वत; आफै लागु हुन्छ, अरू केही गर्नुपर्दैन भन्ने सोच राज्य संरचनामा हावी छ। त्यही टारिदिने हाम्रो प्रवृत्तिको कारणले संविधान बनेको एक दशक भन्दा बढी हुँदा पनि संविधानको धारा ४० कार्यान्वयन गर्न बनाउनुपर्ने कानून अझै अलपत्र छ। छुवाछूत वा जातीय भेदभाव अन्त्य गर्न बनेको कानून (२०६८) को कार्यान्वयन पनि अलपत्र नै छ भन्दा अन्यथा

नहोला। अझ त्यो कानूनमा भएको व्यवस्थालाई पनि तोडमरोड गरेर दलित समुदायले कानूनी संरक्षण नपाउने अवस्था बनेको छ।

दैनिक रूपमा दलित समुदायलाई परेको समस्या तथा जातीय भेदभाव तथा छुवाछूतका विषयमा राज्यका निकायलाई जिम्मेवार बनाउने गरी स्थापित राष्ट्रिय दलित आयोगलाई प्रदान गरिएको साधन स्रोतबाट सहजै अनुमान गर्न सकिन्छ कि राज्यको प्राथमिकतामा विभेद उन्मूलन सम्बन्धी कार्य उपेक्षित अवस्थामा रहेको छ। अझ कतिपय मानिसहरूले यस्ता संवैधानिक निकायहरूलाई खर्चिलो र बोझिलो देख्न थालेका छन्। दलित समुदायका समस्या सामान्य अवस्थाका वा अरू जस्तै समस्या होइनन्। मान्छे बन्न नदिइएका मान्छेहरूका विषयमा काम गर्ने आयोगलाई अरू संस्थासँग तुलना गरेर विश्लेषण गरिनु हुन्न भन्ने आयोगको धारणा रहेको छ। राज्यले सीमान्तकृत समुदायलाई दिने संरक्षण सम्बन्धी व्यवस्थालाई आय र व्यय वा लाभ र हानीको हिसाबमा हेर्नुहुँदैन। यो विगतमा गरिएको बहिस्करणको क्षतिपूर्ति पनि हो।

त्यसो भए कहिलेसम्म आवश्यक पर्छ त आयोग वा संरक्षण सम्बन्धी व्यवस्था? संविधान लागु भएको १० वर्षपछि संविधानका कतिपय व्यवस्था पुनरावलोकन गर्न सकिने व्यवस्था संविधानमा छ। दलित समुदायको सवालमा संविधानमा उल्लेख भएका व्यवस्था अझै लागु भएको अवस्था छैन। संविधानमा जसरी दलित समुदायलाई मूल प्रवाहीकरण गर्ने भनिएको छ त्यो व्यवस्था कार्यान्वयन नभएपछि लागु भएको कसरी मान्ने? मुलुकी ऐन (१९१०) ले दलित समुदायलाई शिक्षा, सम्पत्ति र राज्यसंयन्त्रमा वञ्चित गरेको थियो। त्यस सम्बन्धी सही उपचार आज पनि सुरू गरिएको छैन। दलित समुदायको शिक्षा, स्वास्थ्य, रोजगारीलगायत जीवनस्तरको सूचक अरू सरह विकास नहुँदासम्म दलित समुदायलाई दिइदै आएको सकारात्मक विभेद र संरक्षण सम्बन्धी नीतिमा परिमार्जन गरिनु हुँदैन। दलित समुदायले अन्य समुदायसँग विहेवारी गर्दा अघोषित मृत्युदण्ड सरहका पिडा र हिंसा भोग्नुपर्ने जुन अवस्था छ त्यसको अन्त्य नहुँदासम्म र सबैका बिचमा विहेवारीलाई सहज स्वीकार नगरिएसम्म आयोगको व्यवस्था पनि कायम राखिनुपर्छ। राष्ट्रिय दलित आयोगलाई नेपालको संविधानले तोकेका जिम्मेवारी पूरा गर्न राज्यका तर्फबाट आवश्यक साधन श्रोतको व्यवस्था पनि नहुने, भएका सिमित साधन र मानवस्रोत प्रयोग गरी आयोगबाट भएका सिफारिस पनि कार्यान्वयन नगरी राष्ट्रिय दलित आयोग आवश्यक छैन भन्न मिल्दैन। यस्ता विषयहरू लागु भएको मितिले १० वर्षपछि संविधान संशोधनको बहस गरौंला। दलित समुदायलाई विभेद नगरिएको कुन स्थान होला र? तथापि दलित समुदायको चरम गरिबी, अभाव, अशिक्षा र पछौटेपन भएका मधेश, कर्णाली र सुदूरपश्चिम प्रदेशमा आयोगको प्रदेश कार्यालय स्थापनाका लागि आयोगको निरन्तर पहलका बावजुद हुन सकिरहेको छैन।

स्थानीय तहमा कार्यपालिका तथा एक वडा एक दलित समुदायको जनप्रतिनिधिको व्यवस्था हुनु अभूतपूर्व प्रतिनिधित्व हो र उहाँहरूको क्षमता विकास गरेर विभेद उन्मूलन गर्न सकिन्छ। त्यस सम्बन्धी वैदेशिक सहयोग छ तर सम्बन्धित मन्त्रालयमा बर्षेनी बजेट फ्रिज हुन्छ, कार्यक्रम हुँदैन। भगत सर्वजित शिल्प उद्यम विकास कार्यक्रमको ४२ करोड रकम फ्रिज गरिनु दुख कुरा हो। छात्रवृत्ति, आयआर्जन र तालिमजस्ता कुराहरूमा दलित समुदायले भन्ने कुनै निकाय छैन। स्थानीयलाई भन्दा बजेट छैन भन्ने, प्रदेश र संघले यो काम त स्थानीयले गर्ने हो भनेर टारिदिने अवस्था छ। यी समस्याका अतिरिक्त दलित समुदाय ज्ञान, सीप र प्रविधिका हिसाबले समृद्ध समुदाय हो। उनीहरूको पेसा, व्यवसाय र पुरानो ज्ञानलाई स्तरीकरण गर्दा प्रशस्त रोजगारी

सिर्जना हुन सक्ने अवस्था छ तर आयोगको निरन्तर पहलका वावजुद यस सम्बन्धी प्रभावकारी काम हुन सकेको छैन।

मानवलाई मानवका रूपमा व्यवहार गर्ने परिस्थिति बनाउनु सरकारको पहिलो कर्तव्य हो। नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरूबाट हालसम्म दलित समुदायका नागरिकहरूलाई शिक्षा, स्वास्थ्य, रोजगारीको क्षेत्रमा पुऱ्याएको सहयोग प्रति सबैमा आयोग धन्यवाद व्यक्त गर्दछ। तर उक्त कार्य प्रयाप्त छैन। संघ, प्रदेश र स्थानीय तहका बिच समन्वय, सहकार्य र सहअस्तित्वको सम्बन्ध हुनुपर्दछ र समन्वयका आधारमा पछाडि पारिएका जनताको जीवनस्तर माथि उकास्न सहकार्य गर्नुपर्दछ भन्ने आयोगको धारणा रहेको छ। दलित समुदाय माथि निरन्तर हुने जातीय विभेद र छुवाछूतको अन्त्य गरी सभ्य समाज निर्माणको लागि आवश्यक नीति, कानून निर्माण एवं सुधार, वहस, पैरवी, उत्प्रेरणा, सचेतना तथा दलित समुदायको हक हितको संरक्षण र विकासको कार्यमा संविधान र कानूनले तोकेको जिम्मेवारी पूरा गर्ने कार्यमा आयोग सधै क्रियाशील रहेको व्यहोरा स्मरण गराउन चाहन्छौं।

सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेस गर्न आयोगको प्रतिवेदन तयारीका लागि आवश्यक सूचना उपलब्ध गराइ सहयोग गर्ने सबै सरोकारवालाहरू, आयोगका माननीय सदस्यहरू, सचिव तथा कर्मचारीहरू सबैलाई आयोगका तर्फबाट धेरै धेरै धन्यवाद दिन चाहन्छु।

देवराज विश्वकर्मा
अध्यक्ष

कार्यकारी सारांश

१. दलित हक अधिकार सुनिश्चित गर्न संविधान बमोजिमको आयोगको काम, कर्तव्य र अधिकार, नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय कानून, अन्य संवैधानिक व्यवस्था र राष्ट्रिय दलित आयोग ऐन, २०७४ लगायतका अन्य सम्बन्धित ऐन, नियमावली, कार्यविधि, मापदण्ड, दलित अधिकार प्रवर्द्धन सम्बन्धी संयन्त्र तथा विभिन्न कार्यक्रमहरू निर्धारण गरिएको छ। यी व्यवस्था अनुसार आयोगले आफ्ना काम कारबाही गर्दै आएको छ।

२. संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहबाट दलितसँग सम्बन्धित अत्यन्त न्यून कार्यक्रम तथा बजेट विनियोजन हुने गरेको, विनियोजित बजेट पनि अधिकांश कार्यान्वयन नगरी फ्रिज हुने गरिएको छ। तसर्थ संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहबाट दलितसँग सम्बन्धित कार्यक्रम तथा विनियोजित बजेट आर्थिक वर्षको सुरू देखि नै कार्यान्वयनमा लैजानु पर्छ।

३. नेपालको संविधानको भाग २७, धारा २५५ मा राष्ट्रिय दलित आयोगको गठन सम्बन्धी र धारा २५६ मा आयोगको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था गरिएको छ। छुवाछूत तथा सबै प्रकारको जातीय विभेद अन्त्य गरी आर्थिक समानता, सम्वृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तको आधारमा समतामूलक समाजको निर्माण गर्ने उद्देश्यको परिपुरणका लागि अध्यक्ष र चार सदस्य सहितको आयोग गठन भएको छैटौं बर्षमा आयोगले यो छैटौं वार्षिक प्रतिवेदन धारा २९४ बमोजिम पेस गरिएको छ।

४. नेपालको संविधानमा भएको मौलिक हकको व्यवस्था कार्यान्वयन गर्न प्राधिकरण गठन सहितको दलित अधिकार तथा विकास सम्बन्धी ऐन, २०८३ तर्जुमा प्रक्रियामा रहेको।

५. राष्ट्रिय जनगणना, २०७८ अनुसार नेपालको कुल जनसंख्या २ करोड ९१ लाख ६४ हजार ५ सय ७८ मध्ये दलित जनसंख्या ३८ लाख ९८ हजार ९ सय ९० (१३.४ प्रतिशत) रहेकोमा कुल साक्षरता ७६.२ प्रतिशतमा दलित साक्षरता ६७.२ प्रतिशत रहेको, राज्यका विभिन्न निकायहरूमा दलित प्रतिनिधित्व संघीय संसद् अन्तर्गतको राष्ट्रिय सभामा ८ जना, प्रतिनिधि सभामा १७ जना र सबै प्रदेश सभामा जम्मा ३० जना मात्र जनप्रतिनिधिहरू रहेका छन्। त्यसैगरी नेपाली सेनामा १० प्रतिशत, नेपाल प्रहरीमा ११.२९ प्रतिशत, सशस्त्र प्रहरी बलमा ८.७७ प्रतिशत सहभागिता रहेको छ। जनसंख्याको अनुपातमा राज्यका निकायमा दलितको सहभागिता न्यून रहेकोले सशक्तीकरणका कार्यक्रम सहित समावेशी व्यवस्थालाई निरन्तरता दिनुपर्ने देखिन्छ।

६. आयोगका पदाधिकारीबाट जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, स्थानीय तह, राजनीतिक दलका प्रतिनिधि, गैरसरकारी संस्था र त्यहाँका सरोकारवाला प्रतिनिधिहरूसँग जातीय विभेद तथा छुवाछूत सम्बन्धी उजुरी र दलित हक, अधिकारका विषयमा अन्तरक्रिया छलफल र अनुगमन भएको र प्राप्त पृष्ठपोषणलाई आयोगमा अभिलेखीकरण गरी सम्बद्ध निकायहरूमा सुझावको रूपमा सिफारिस गरिएको छ।

७. आयोगमा पर्न आएका दलित हक अधिकार हनन, जातीय भेदभाव तथा छुवाछूत लगायतको उजुरी तथा विभिन्न सञ्चार माध्यममा प्रकाशित समाचारका सम्बन्धित विषय अनुसार आ.व. २०८२/०८३ मा दर्ता भएका ६६ उजुरी आवश्यक कारबाहीको लागि जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय लगायतका सम्बन्धित निकायमा लेखि पठाईएको छ। विगत आ.व.हरूमा दर्ता भएका घटनाहरूको तुलनामा उजुरी दर्ता क्रमिक रूपमा बढ्दो रहेको देखिन्छ। बढी उजुरी मधेश प्रदेश अन्तर्गतका जिल्लाहरूबाट प्राप्त भएको देखिन्छ।

८. आयोगबाट नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह लगायत विभिन्न निकायहरूलाई दलित हक अधिकार सम्बन्धी नीतिगत, कानूनी र कार्यक्रहरू तर्जुमा तथा कार्यान्वयनका लागि सिफारिस गरिएकोमा उक्त सिफारिसहरूको कार्यान्वयनको अवस्था सन्तोषजनक नरहेकोले सरकारले आयोगका सिफारिस प्राथमिकता साथ कार्यान्वयन गर्नुपर्दछ।

९. आयोगले राष्ट्रिय दलित आयोग ऐन, २०७४ बमोजिम दलित समुदायको पहिचानको सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी दलित थर सूचीकृत गर्न नेपाल सरकार समक्ष गरिएको सिफारिस स्वीकृत भइ मिति २०८३/०६/०८ गते नेपाल राजपत्रमा प्रकाशन भएको।

१०. देशव्यापी छरिएका दलित समुदायसम्म आयोगको भूमिका विस्तार गर्न संवैधानिक व्यवस्था बमोजिम प्रदेश कार्यालयहरूको स्थापना, आयोगको नीतिगत समन्वय एवं मार्गदर्शनमा रहने गरी दलित समुदाय विकास प्राधिकरण गठन गर्न र आयोगको माग तथा आवश्यकता बमोजिम नेपाल सरकारले बजेट विनियोजन, जनशक्ति र भौतिक श्रोत साधनको व्यवस्था गर्नुपर्ने अवस्था रहेको छ।

११. दलित प्रमाणपत्र सम्बन्धमा साविकको राष्ट्रिय दलित आयोगबाट हुँदै आएको जातीय सिफारिस र जातीय प्रमाणपत्र वितरण गर्ने काम संवैधानिक आयोगको कार्य जिम्मेवारीमा नपरेको हुँदा जातीय सिफारिस र जातीय प्रमाणपत्र वितरण गर्ने काम नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७५/०४/२३ गतेको निर्णयानुसार स्थानीय तहका वडा कार्यालयहरूबाट गर्न/गराउन निर्णय भएको तर निजामती सेवा नियमावली, २०५० को नियम १४ को उपनियम ४(ख) मा "राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिभित्र एक भन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्तसाथ पेस गर्नु पर्नेछ" भन्ने व्यवस्था भएकोले दलित जातीय प्रमाणपत्र समय, लागत र सहजताको दृष्टिकोणबाट वडा कार्यालयबाट नै प्रमाणित हुने व्यवस्था गर्न निजामती सेवा नियमावलीमा आवश्यक संशोधन गर्नुपर्ने देखिन्छ।

१२. दलित समुदायको लागि लोक सेवा आयोग लगायत निकायहरूबाट दरखास्त आह्वान हुने विज्ञापनहरूमा गैरदलित समुदायकाले गलत विवरणको आधारमा जिल्ला प्रशासन कार्यालय लगायतबाट दलित प्रमाणित गरेको आधारमा दरखास्त स्वीकृत गर्ने, लिखित नतिजा प्रकाशन गर्ने, सिफारिस गर्ने कार्यहरूले समावेशीताको

सिद्धान्त विरूद्ध र दलित समुदायमाथि अन्याय हुने भएकोले यस विषयमा सबै पक्षले विशेष ध्यान दिनुपर्ने देखिन्छ।

१३. आयोगको सुझाव बमोजिम शासकीय सुधार सम्बन्धी एक सय कार्यसूची अन्तर्गत बुँदा नं. ५ सँग सम्बन्धित सामाजिक न्याय, सामाजिक पुनःस्थापना र ऐतिहासिक मेलमिलापको आधार तयार गर्न औपचारिक क्षमायाचनासहित सुधारमुखी कार्यक्रम घोषणा यथासिघ्र गर्नुपर्ने।

१४. दलित समुदायको परम्परागत सीप, पेशा र व्यवसायलाई संरक्षण एवं प्रवर्द्धन तथा विकासका लागि निरन्तर पहल, पैरवी, समन्वय एवं सुझाव दिने तथा भगत सर्वजित शिल्प उद्यम विकास कार्यक्रम थप प्रभावकारी बनाउन लक्षित वर्गको पहुँच पुग्ने तथा विनियोजित बजेट खर्च गर्नेगरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने।

१५. आयोगको सिफारिस/निर्णय कार्यान्वयन बाध्यकारी बनाउन कारबाहीको अधिकार, दलित अधिकार उल्लङ्घनकर्ता सूची सहित राष्ट्रिय दलित आयोग ऐन, २०७४ समायनुकूल संशोधन गरी आयोगको काम कारबाही थप प्रभावकारी बनाउनुपर्ने।

विषयसूची

परिच्छेद-१ आयोगको परिचय १

१.१ पृष्ठभूमि १

१.२ आयोगको गठन २

१.३ आयोगको काम, कर्तव्य र अधिकार ३

१.४ आयोगको रणनीति ४

१.५ आयोगको संगठन संरचना, दरवन्दी, पदपूर्ति र स्रोत साधनको अवस्था ५

१.५.१ बजेट, खर्च र प्रगति विवरण ७

१.५.२ भौतिक श्रोत साधन ९

परिच्छेद-२ दलितको हक, हित र अधिकार सम्बन्धी व्यवस्था १०

२.१ अन्तर्राष्ट्रिय कानूनमा भएका व्यवस्था १०

२.२ संवैधानिक व्यवस्था १०

२.३ दलित समुदायको हकहित अधिकारसँ सम्बन्धित सम्मानित अदालतहरूबाट भएको आदेश/फैसला १४

२.४ राज्यका महत्वपूर्ण प्रयास २६

२.५ राज्यका दलित लक्षित कार्यक्रम २६

परिच्छेद-३ दलित समुदायको अवस्था, प्रतिनिधित्व र सरकारहरूबाट सम्पादन भएका मुख्य कार्यहरू २८

३.१ दलित समुदायको जनसंख्याको विवरण र अवस्था २८

३.२ राज्यका निकायमा दलित समुदायको प्रतिनिधित्व ३९

परिच्छेद-४ आयोगबाट सम्पादन भएका वार्षिक कार्यहरू ६८

४.१ आ.व.२०८२/०८३ मा आयोगबाट सम्पादन भएका मुख्य कार्यहरू ६८

४.२ आयोगबाट भएका अध्ययन सम्बन्धी विवरण ७३

४.३ आयोगका पदाधिकारीबाट भएका भ्रमण/अनुगमन ८४

४.४ आयोगमा दर्ता भएका उजुरी ९८

परिच्छेद-५ आयोगका निर्णय, सिफारिस र कार्यान्वयनको अवस्था ११९

५.१ आयोगका निर्णय, सिफारिस र कार्यान्वयनको अवस्था ११९

५.२ संवैधानिक अंगको रूपमा आयोगको गठन पश्चात् प्रथम वार्षिक प्रतिवेदन देखि पाँचौं प्रतिवेदनसम्म आयोगबाट नेपाल सरकारलाई भएका केही मुख्य सिफारिसहरू/सुझावहरू १३५

परिच्छेद-६ आयोगका अवसर, चुनौती र भावी कार्यदिशा.....१४४
६.१ आयोगका अवसर.....१४४
६.२ आयोगको चुनौती एवं भावी कार्यदिशा.....१४४
अनुसूची-१ आयोगसँग सम्बन्धित ऐन/नियमावली/निर्देशिकाहरू.....१५०
अनुसूची-२ आयोगको आ.व.२०८१/०८२ को आर्थिक विवरण.....२११
अनुसूची-३ आयोगमा कार्यरत कर्मचारीको नामावली.....२१८
अनुसूची-४ आयोगबाट प्रकाशित प्रेस विज्ञप्ति.....२१९
अनुसूची-५ आयोगबाट प्रकाशित सचेतनामूलक सामग्री.....२२२
अनुसूची-६ दलित समुदायको परिभाषा र सूचीकृत थरहरू.....२२३
अनुसूची-७ दलित समुदायले परम्परागत रूपमा गर्दै आएका पेशा व्यवसायहरू.....२३५
अनुसूची-८ दलित समुदायका लागि औद्योगिक व्यवसाय विकास प्रतिष्ठानबाट सञ्चालित भगत सर्वजित शिल्प उद्यम विकास कार्यक्रममा लाभग्राहीहरूको विवरण.....२३६
अनुसूची-९ आयोगबाट सम्पादन गरिएका गतिविधिहरूको झलक.....२४०

परिच्छेद-१ आयोगको परिचय

१.१ पृष्ठभूमि

विगत लामो कालखण्डदेखि नै नेपाल लगायत दक्षिण एशियामा दलित समुदायमाथि जातीय आधारमा छुवाछूत तथा भेदभावजन्य व्यवहार हुँदै आएको पाईन्छ। ई.पू. ३००० भन्दा अगाडि अर्थात् लगभग ६ हजार वर्ष पहिले आर्यहरू भारत प्रवेश गरी त्यहाँका मूलतः द्रविड र आष्ट्रिक जातका मानिसहरूको सामाजिक जीवनमा हस्तक्षेप गरी आफ्नो राज्य स्थापना गरेसँगै आर्यशासित दास व्यवस्थाको थालनी भयो। आर्यहरूको जनसंख्या वृद्धिसँगै राज्यहरूको विभाजन र उनीहरूबिच युद्ध सुरू भयो। युद्धमा पराजित आर्यहरू दासमा फेरिने क्रम बढ्यो। बिजेता आर्यहरूले पराजित सबैलाई श्रमजन्य काम लगाउन थाले। ब्राह्मणले पुरेत्याँई गर्ने, ज्ञान र शिक्षा आर्जन गर्ने, क्षेत्रीले सैनिक तथा प्रशासकीय कार्य गर्ने, वैश्यले पशुपालन, खेती, व्यापार र शुद्रले श्रम, शिल्पकारी र सेवाको काम गर्ने गरी श्रम विभाजन गरियो। श्रम विभाजनको यही क्रम विस्तारै वर्ण व्यवस्थामा रूपान्तरित भयो।

दक्षिण एशियाली उपमहाद्विपको मात्रै नभई संसारकै पुरानो मानिने ऋग्वेद आर्यहरूद्वारा रचित ग्रन्थ हो। यसलाई संकलन र सम्पादन गर्ने काम व्यासले गरेकाले उनको नाम वेदव्यास रहेको धेरैको अनुमान छ। ऋग्वेदका दश मण्डलहरूमध्ये दशौं मण्डलमा पुगेपछि मात्र "त्यस विराट पुरूषको मुख ब्राह्मण, हात क्षेत्रीय, जाङ्ग वैश्य र खुट्टा शुद्र थिए" भनी उल्लेख भएको पाइन्छ। यसरी ती आर्य राज्यहरूमा वर्ण व्यवस्था खडा गरिएपछि करिब १००० वर्षसम्म पनि त्यसभित्र छुवाछूत प्रथा थिएन। शास्त्र पढ्न निषेध थिएन। वर्ण परिवर्तन हुन सक्थ्यो। लगभग इ.पू. ३०० देखि इ.पू. २०० मा आइपुग्दा मात्रै शुद्रको निम्ति श्रम विभाजनलाई अनुल्लंघनीय बनाउन वर्ण व्यवस्थालाई पूर्णतः लागु गरियो। त्यसपछि नै सम्पूर्ण शुद्रलाई दास मान्न र त्यसअनुसार व्यवहार गर्न थालियो। राजा मनु (जन्म लगभग इ.पू.२००) ले छुवाछूतसहितको वर्ण व्यवस्थालाई अत्यन्तै कठोरतापूर्वक कानूनी रूपमै लागु गरे। उनको कालमा आएर "शुद्र, ढोल र नारी यातनाका भागिदार" भन्ने स्तरको कानून स्थापित भयो। इ.पू. ६०० सम्ममा वर्ण व्यवस्थामा छुवाछूतसमेत थप भइसकेको र त्यसलाई राजा मनुले कानूनी रूप दिएर वर्ण व्यवस्थालाई झन कठोर पारे।

यसरी श्रमको विभाजन नै विस्तारै वर्ण व्यवस्थामा फेरिँदै त्यही वर्ण व्यवस्थाको जगमा छुवाछूत प्रथा स्थापना हुन पुग्यो। यो छुवाछूतसहितको वर्ण व्यवस्था विभिन्न कालखण्डमा नेपाल प्रवेश गऱ्यो। नेपालमा लिच्छवीहरूको शासन सुरू भएसँगै वर्ण व्यवस्थाको थालनी गरियो र तत्कालीन बाग्मती उपत्यकामा चार वर्ण अठार जातको स्थिति कायम गरियो। मल्ल वंशको शासनकालमा पनि बाग्मती उपत्यकामा चार वर्ण चौंसट्टी जातमा समाजलाई विभक्त गरी छुवाछूतलाई कठोरतापूर्वक लागु गरियो। गोरखाका राजा राम शाहले चार वर्ण छत्तीस जातको व्यवस्था कायम गरी श्रेणी विभाजनको काम गरे। शाहकालीन समयमा पृथ्वीनारायण शाहले "असली हिन्दूस्तान" निर्माण गर्ने नारासहित आधुनिक नेपाललाई एकीकरण गरेपछि वर्ण व्यवस्था सिङ्गै नेपालका शासकहरूको जातीय धर्म जस्तो बन्न पुग्यो। छुवाछूतसहितको वर्ण व्यवस्थामा आधारित शाहवंशीय राज्यसत्ताले दलितहरूमाथि पुरानो उत्पीडनलाई मात्र कायम गरेन अझ बढेर क्रमशः मङ्गोलमूलका जातजातिलाईसमेत छुवाछूतयुक्त वर्ण व्यवस्थालाई आफ्नो संस्कृतिको रूपमा अपनाउन प्रेरित र प्रशिक्षितसमेत गऱ्यो।

प्रधानमन्त्री जङ्गबहादुर राणाले वि.सं.१९१० मा मुलुकी ऐन जारी गरी पहिलेदेखिको अछूत बनाइएका दलितहरूलाई पानी नचल्ने जातका रूपमा कानूनी मान्यता दिएर त्यहीअनुसारको दण्ड सजायको व्यवस्था गरे। उनले छुवाछूतयुक्त वर्ण व्यवस्थालाई लिखित रूपमै संस्थागत गरे। उक्त ऐनमा व्यक्तिलाई पेशाका आधारमा तागाधारी, मतवाली, छोइ छिटो हाल्नु नपर्ने (पानी चल्ने) र छोइ छिटो हाल्नु पर्ने (पानी नचल्ने) गरी विभाजन गरिएको छ। नेपालमा आएको वि.सं.२००७ सालको राजनीतिक परिवर्तनले सहर बजारमा छुवाछूत र विभेद सम्बन्धमा केही मात्रामा खुकुलोपन ल्याए पनि दलितहरूको मुक्तिको निम्ति आधारभूत कदम चाल्न सकेन। वि.सं. २०१७ सालमा पञ्चायती प्रणाली सुरू भएपश्चात राजा महेन्द्रले वि.सं. २०१९ सालमा नेपाललाई हिन्दु अधिराज्य भनी किटान गरी संविधान जारी गरे। वि.सं. २०२० सालमा नयाँ मुलुकी ऐन जारी गरी ऐनको महल १९अदलको १० नं. मा छुवाछूत र जातपातको आधारमा विभेद गर्न नपाइने उल्लेख त भयो तर त्यसो गरेमा कानूनी सजायको व्यवस्था नहुनाले र त्यही महलमा सनातनदेखि चलिआएको परम्परालाई भेदभाव नमानिने भनी गरिएको व्यवस्थाले त्यो प्रावधान व्यर्थ हुन पुग्यो। यसरी ३० वर्षको पञ्चायतकालभरि दलितको आर्थिक दरिद्रता र अपमानजनक सामाजिक स्थिति कायम रही रह्यो। वि.सं. २०४६ सालको जनआन्दोलनले पञ्चायती राजनीतिक प्रणालीलाई अन्त्य गरी संवैधानिक राजतन्त्रात्मक संसदीय बहुदलीय प्रणालीको स्थापना गऱ्यो।

नेपाल अधिराज्यको संविधान, २०४७ मा जातपातको आधारमा विभेद गर्न नपाइने स्पष्ट व्यवस्था भयो। केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन, २०४८ ले भेदभावपूर्ण व्यवहार गर्ने व्यक्तिलाई दण्ड सजाय हुने व्यवस्था गरेपनि व्यवहारमा पूर्णतः लागु हुन सकेन। संस्थागत रूपमा वि.सं.२०५८ चैत्र ६ गतेको तत्कालीन श्री ५ को सरकारको गठन आदेशबाट राष्ट्रिय दलित आयोगको स्थापना भएता पनि यसले संबैधानिक निकायको हैसियत भने वि.सं. २०७२ सालमा संविधान सभाबाट नेपालको संविधान जारी भएपश्चात मात्र प्राप्त गऱ्यो। नेपाललाई वि.सं. २०६३ जेष्ठ २१ गते जातीय छुवाछूत तथा भेदभावमुक्त राष्ट्र घोषणा गरी सोही दिनलाई जातीय छुवाछूत तथा भेदभाव उन्मूलन राष्ट्रिय दिवस मनाउन थालिएको हो। वि.सं. २०६८ मा जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय) ऐन, २०६८ लागु भई उक्त ऐनमा जातीय विभेद तथा छुवाछूत गर्नेलाई कैद तथा जरिवानाको व्यवस्था गरिएको छ। नेपालको संविधानको प्रस्तावनामै जातीय विभेद र सबै प्रकारको जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चितता गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तको आधारमा समतामूलक समाजको निर्माण गर्ने कुरा उल्लेख भएको छ।

१.२ आयोगको गठन

सबै किसिमका जातीय विभेद तथा छुवाछूत अन्त्य गर्दै दलित समुदायको उत्थान र विकाससँग सम्बन्धित विषयमा अध्ययन र अनुसन्धान गरी कार्यान्वयन गर्नुपर्ने विषयमा नेपाल सरकारलाई सिफारिस गर्ने र सुझाव दिने जिम्मेवारी पाएको राष्ट्रिय दलित आयोग संबैधानिक निकाय हो। राष्ट्रिय दलित आयोगले नेपालमा जातीय विभेदको अन्त्य गर्नका लागि राष्ट्रिय नीति तथा कार्यक्रमको निर्माणमा सकृय भूमिका खेल्दै आएको छ। सम्माननीय राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रिय दलित आयोगका अध्यक्ष र सदस्यको नियुक्ति गर्ने र अध्यक्ष तथा सदस्यको पदावधि नियुक्ति भएको मितिले ६ वर्षको हुने व्यवस्था रहेको छ। दलित समुदायको मानव अधिकारको सम्मान तथा हक, हितको संरक्षण र सम्वर्द्धन तथा सो समुदायको सशक्तीकरण

गर्न तथा जातीय भेदभाव र छुवाछूतको अन्त्य गरी राष्ट्र निर्माण तथा विकासको मूल प्रवाहमा प्रभावकारी रूपमा समाहित गर्न यस आयोगको गठन भएको हो।

नेपालमा दलित मानव अधिकार संरक्षण र सशक्तीकरण गर्न तथा जातीय छुवाछूत र भेदभावको अन्त्यका लागि वि.सं. २०५८ चैत्र ६ गते तत्कालीन श्री ५ को सरकार, मन्त्रिपरिषद्को कार्यकारिणी आदेशबाट राष्ट्रिय दलित आयोगको गठन भएको थियो। नेपालको संविधानको भाग २७ को धारा २५५ को व्यवस्थाबमोजिम राष्ट्रिय दलित आयोगको गठन भएको र धारा २५६ मा आयोगको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था गरिएको छ। आयोगको अन्य काम, कर्तव्य र अधिकार तथा तत् सम्बन्धी अन्य व्यवस्था गर्न नेपालको संविधानको धारा २९६ को उपधारा (१) को व्यवस्थापिका संसद्ले राष्ट्रिय दलित आयोग ऐन, २०७४ बनाएको छ। आयोगका पदाधिकारीको विवरण देहाय बमोजिम रहेको छः-

क्र. सं.	नाम, थर	पद
१.	देवराज विश्वकर्मा	अध्यक्ष
२.	मीना देवी सोब	सदस्य
३.	मेहले पार्की	सदस्य
४.	सुन्दर पुर्कुटी	सदस्य

नोटः आयोगका एक जना माननीय सदस्य श्री टुन्जे कामीको मिति २०८३/०२/०१ देखि राजीनामा स्वीकृत भइ सदस्य पद १ रिक्त।

१.३ आयोगको काम, कर्तव्य र अधिकार

नेपालको संविधानको धारा २५६ मा भएको व्यवस्थाः-

क. दलित समुदायको समग्र स्थितिको अध्ययन तथा अन्वेषण गरी तत् सम्बन्धमा गर्नुपर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषय पहिचान गरी नेपाल सरकारलाई सिफारिस गर्ने,

ख. जातीय छुवाछूत, उत्पीडन र विभेदको अन्त्य गर्दै दलित उत्थान तथा विकासका लागि दलित हितसँग सरोकार राख्ने राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष पेश गर्ने,

ग. दलित समुदायको उत्थान तथा हितमा भएका विशेष व्यवस्था लगायत दलित हितसँग सम्बन्धित कानूनको प्रभावकारी रूपमा पालना भए वा नभएको विषयमा अनुगमन गरी पालना वा कार्यान्वयन नभएको भए सोको पालना वा कार्यान्वयनका लागि नेपाल सरकार समक्ष सुझाव दिने,

घ. दलित समुदायको अधिकारसँग सम्बन्धित नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौताहरूमा उल्लेखित व्यवस्था बमोजिम नेपालले पठाउनु पर्ने प्रतिवेदन तयारीका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

ङ. दलित समुदायलाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्न तथा राज्यका सबै अंगहरूमा समानुपातिक सहभागिता सुनिश्चित गर्न मौजूदा नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन तथा मूल्यांकन गर्ने र सोको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिस गर्ने,

च. जातीय भेदभाव तथा छुवाछूत वा सामाजिक कुरीतिबाट पीडित भएको वा दलितको हक प्रयोग गर्न नदिएको वा बञ्चित गरेको विषयमा कुनै व्यक्ति वा संस्था विरूद्ध मुद्दा दायर गर्नुपर्ने आवश्यकता देखिएमा कानून बमोजिम अदालतमा मुद्दा दायर गर्न सम्बन्धित निकाय समक्ष सिफारिस गर्ने।

राष्ट्रिय दलित आयोग ऐन, २०७४ को दफा ३ मा भएको व्यवस्थाः-

नेपालको संविधानको धारा २५६ मा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त राष्ट्रिय दलित आयोग ऐन, २०७४ को दफा ३ मा आयोगको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने व्यवस्था गरिएको छः

क. दलित समुदायसँग सम्बन्धित नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन र मूल्याङ्कन गर्ने,

ख. दलित समुदायको हक, हितको संरक्षण र सम्वर्धन तथा सो समुदायका सशक्तीकरणका लागि दलितसँग सम्बन्धित प्रचलित कानूनी व्यवस्थाको अध्ययन, अनुसन्धान गरी त्यस्ता कानूनमा गर्नुपर्ने सुधारका सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गर्ने,

ग. दलित समुदायको हक हितको संरक्षण र सम्वर्धन तथा सो समुदायका सशक्तीकरणका सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गर्ने,

घ. कुनै जात, जाति वा उत्पत्तिका व्यक्ति वा समुदायको उच निच दर्शाउने, जात, जातिको आधारमा सामाजिक विभेद न्यायोचित ठहराउने वा जातीय सर्वोच्चता वा घृणामा आधारित विचार, व्यवहार, अभ्यास वा जातीय भेदभाव, छुवाछूत वा सामाजिक कुरीति विरूद्ध सामाजिक सचेतना अभिवृद्धि गर्ने र त्यस्तो कार्यका लागि प्रचार प्रसार सामग्री तयार गरी वितरण गर्ने,

ङ. दलित समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको लागि आवश्यक सूचना,जानकारी एवं चेतनामूलक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने,

च. दलित समुदायको सम्बन्धमा नेपाल पक्ष भएको अर्न्तराष्ट्रिय सन्धि–सम्झौता कार्यान्वयन भए नभएको अनुगमन गरी नेपाल सरकारलाई कार्यान्वयनको लागि आवश्यक सिफारिस गर्ने वा सुझाब दिने,

छ. दलित समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सूचीकृत गर्न नेपाल सरकारलाई सिफारिस गर्ने,

ज. दलित समुदायको हक हितको संरक्षण, सम्बर्धन र सशक्तीकरणका लागि नेपाल सरकार र अन्य संघ संस्थाहरूले सञ्चालन गर्ने चेतनामूलक कार्यक्रमहरूको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने,

झ. आयोगले गरेका सिफारिसको कार्यान्वयनको अवस्थाको अनुगमन गर्ने गराउने,

ञ. अध्यक्ष, सदस्य तथा आयोगका कर्मचारीको लागि आचारसंहिता बनाई लागु गर्ने वा गराउने,

ट. आयोगको वार्षिक कार्यक्रम स्वीकृत गर्ने।

१.४ आयोगको रणनीति

क. दीर्घकालीन सोच

अवैज्ञानिक धार्मिक, सांस्कृतिक तथा सामाजिक मान्यतामा आधारित चरम जातीय विभेद, भयावह गरिबी र राज्य प्रदत्त सबै किसिमका अवसरहरूबाट शताब्दियौंदेखि वञ्चितीकरणमा पर्दै आएका दलित समुदायलाई राज्यको मूल

प्रवाहमा ल्याउनु, समान पहुँच स्थापित गर्नु र दलित मानव अधिकारको रक्षा, आत्मसम्मान जागृत गरी राष्ट्रिय एकता अभिवृद्धिसहित समृद्ध र सुखी नेपालको निर्माण गर्ने।

ख. उद्देश्य

- आर्थिक, सामाजिक तथा राजनैतिक अवसरबाट वञ्चितीकरणमा परेका दलितहरूका लागि मूलुकमा उपलब्ध साधन स्रोत तथा सुविधामा समानुपातिक समावेशी पँहुचको सुनिश्चितता गर्ने,
- दलित समुदायको मानव अधिकारको संरक्षण तथा प्रर्वद्धन गर्ने,
- जातीय विभेद तथा छुवाछूत अन्त्य गरी राष्ट्र निर्माणमा मूलप्रवाहीकरण गर्ने।


ग. रणनीति

- मुलुकमा उपलब्ध स्रोत साधनहरूमा दलित समुदायको समानुपातिक पहुँच सुनिश्चित गर्ने,
- राज्यका सबै निकायमा हुने निर्णय प्रक्रिया एवं प्रशासनिक संरचनामा सकारात्मक विभेद र आरक्षणको माध्यमबाट दलित समुदायको प्रभावकारी भूमिका तथा सहभागिता विस्तार गर्ने,
- जातीय भेदभाव र छुवाछूतजन्य व्यवहार अन्त्यका लागि विद्यमान नीति, कानून र कार्यक्रमको अनुगमन तथा मूल्यांकन गरी सुधारको लागि सिफारिस गर्ने,
- सबै किसिमका जातीय भेदभाव र छुवाछूतजन्य व्यवहारको पूर्ण अन्त्यका लागि सामाजिक सचेतनामूलक कार्यक्रम चलाउने,
- जातीय विभेद र छुवाछूतजन्य सामाजिक व्यवहारको अध्ययन, अनुसन्धान गर्ने तथा कानूनी कारवाहीको लागि सिफारिस गर्ने।

१.५ आयोगको संगठन संरचना, दरवन्दी, पदपूर्ति र स्रोत साधनको अवस्था

आयोगको काम, कर्तव्य र अधिकारबमोजिमका कामकाज गर्न नेपाल सरकारले तपसिलबमोजिमको संगठन संरचना तथा दरबन्दीको व्यवस्था गरी सबै सदस्यको पद १ वाहेक अरु दरबन्दीमा पदपूर्ति गरिएको छः

संगठन संरचनाः-



दरबन्दी र पदपूर्ति

यस आयोगको आ.व २०८२/८३ को कर्मचारीहरूको दरवन्दी र पदपूर्तिको अवस्था तपसिल बमोजिम रहेको छः-

आयोगको पदाधिकारी तथा सचिवालय तर्फको कर्मचारी

क्र.सं.	पद	श्रेणी	दरवन्दी	पदपूर्ति	रिक्त	कैफियत
१.	माननीय अध्यक्ष		१	१	-	
२.	माननीय सदस्य		४	३	१	
३.	निजी सहायक	रा.प.अनं.प्रथम	५	३	२	
४.	हलुका सवारी चालक	श्रेणी विहीन	५	४	१	
५.	कार्यालय सहयोगी	श्रेणी विहीन	२	२	-	

आयोगको कर्मचारी

क्र.सं.	पद	श्रेणी	दरवन्दी	पदपूर्ति	रिक्त	कैफियत
१.	सचिव	रा.प.प्र.,(प्र./सा.प्र.)	१	१	-	
२.	उपसचिव	रा.प.द्वि (प्र./सा.प्र.)	१	१	-	
३.	शाखा अधिकृत	रा.प.तृ.,(प्र./सा.प्र.)	२	२	-	
४.	लेखापाल	रा.प.अनं.प्रथम, (प्र./लेखा)	१	१	-	
५.	नायव सुब्बा	रा.प.अनं.प्रथम, (प्र.,सा.प्र.)	२	२	-	
६.	कम्प्युटर अपरेटर	रा.प.अनं.प्रथम (विविध)	१	१	-	
७.	हलुका सवारी चालक	श्रेणी विहीन	२	२	-	
८.	कार्यालय सहयोगी	श्रेणी विहीन	३	३	-	
९.	स्वीपर	श्रेणी विहीन	१	१	-	
	कुल जम्मा		१४	१४	-	

आयोगसंग सम्बन्धित ऐन नियम, निर्देशिका, कार्यविधि, मापदण्डहरू

१. राष्ट्रिय दलित आयोग ऐन, २०७४
२. जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव(कसुर र सजाय) ऐन, २०६८
३. जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव(कसुर र सजाय) नियमावली, २०६८
४. राष्ट्रिय दलित आयोगको बैठक सञ्चालन सम्बन्धी कार्यविधि, २०७८
५. राष्ट्रिय दलित आयोगको आन्तरिक व्यवस्थापन निर्देशिका, २०७८
६. राष्ट्रिय दलित आयोगको आचारसंहिता, २०७८
७. राष्ट्रिय दलित आयोग उजुरी (व्यवस्थापन) निर्देशिका, २०७८
८. राष्ट्रिय दलित आयोगको अनुगमन निर्देशिका, २०७८
९. विज्ञ/विशेष सूचीकरणको मापदण्ड, २०७८
१०. दलित समुदायको थर सूचीकरण सम्बन्धी मापदण्ड, २०७९


१.५.१ बजेट, खर्च र प्रगति विवरण

नेपाल सरकारले राष्ट्रिय दलित आयोगलाई वार्षिक रूपमा बजेट उपलब्ध गराउँदै आएको छ। प्रत्येक आर्थिक वर्षको बजेटबाट पदाधिकारी/कर्मचारीको पारिश्रमिक, कार्यक्रम सञ्चालन, अनुगमन मूल्यांकन लगायतका क्रियाकलापहरू सम्पन्न हुने गर्दछ। सरकारले वार्षिक रूपमा उपलब्ध गराउने बजेटको आकार आयोगको भूमिका र आवश्यकतालाई समेट्ने खालको नभई वर्षै पिच्छे फरकफरक रूपमा आउने गरेको छ। आयोगको आ.व २०८२/०८३ को विनियोजित कुल वार्षिक बजेट रू. ४,६०,६६,९४९/–(अक्षरेपि चार करोड साठी लाख छयसट्टी हजार नौ सय उनन्चास रूपैंया मात्र) रहेको छ। जसमध्ये चालु तर्फ रू. ४,३६,६६,९४९/– र पूँजीगत तर्फ रू.२४,००,०००/– बजेट विनियोजन भएको छ। विनियोजित बजेट मध्ये चालु तर्फ रू.३,६५,७९,००६।२६ (पदाधिकारी र कार्यक्रम समेत) र पूँजीगत तर्फ रू.१०,२२,८४३/- रकम खर्च भएको छ। आ.व. २०८२/०८३ को कुल वित्तीय प्रगति ८१.६२ प्रतिशत रहेको छ। जसमध्ये पूँजीगत तर्फको वित्तीय प्रगति ४२.६२ प्रतिशत र चालु तर्फको वित्तीय प्रगति ८३.७७ प्रतिशत रहेको छ। आ.व. २०८२/०८३ को शीर्षकगत विनियोजित बजेट र खर्चको अवस्था झल्किने आर्थिक विवरण अनुसूची-२ मा संलग्न गरिएको छ।

विगत ९ वर्षमा विनियोजन भएको बजेट र ८ वर्षको खर्चको अवस्था

क्र. सं.	आ.व.	कुल बजेट	बजेट विनियोजन			खर्च प्रतिशत	
			चालु	पूँजिगत	कार्यक्रम बजेट	चालु	पूँजिगत
१.	२०७४/०७५	१,९८,०१,०००	१,९३,६५,०००	४,३६,०००	३४,७५,०००	९०.१३	१००
२.	२०७५/०७६	६,०६,९०,०००	२,२२,००,०००	३,८४,९०,०००	२५,००,०००	३७.८५	७६.४६
३.	२०७६/०७७	५,०३,००,०००	४,४९,००,०००	५४,००,०००	३५,००,०००	२८.६०	१.८४
४.	२०७७/०७८	३,४९,२९,३००	३,३९,२९,३००	१०,००,०००	३६,००,०००	७४.८३	९९.९८
५.	२०७८/०७९	३,२४,६६,०००	३,१४,६६,०००	१०,००,०००	३,६३,०००	८५.८२	७३.१२
६.	२०७९/०८०	३,४५,१६,९७०	३,३६,१६,९७०	९,००,०००	११,००,०००	९५.३९	७०.४४
७.	२०८०/०८१	३,४२,००,०००	३,३३,००,०००	९,००,०००	४,००,०००	७७.६२	६३.९३

क्र. सं.	आ.व.	कुल बजेट	बजेट विनियोजन			खर्च प्रतिशत	
			चालु	पूँजिगत	कार्यक्रम बजेट	चालु	पूँजिगत
८.	२०८१/०८२	४,०४,२९,४३०	३,९३,०४,४३०	११,२५,०००	२७,२१,१२२	९१.०८	४६.६१
९.	२०८२/०८३	४,६०,६६,९४९	४,३६,६६,९४९	२४,००,०००	२९,००,०००	८३.७७	४२.६२
१०.	२०८३/०८४	३९८१९००३	३,८५,१९,००३	१३,००,०००	२४,००,०००		



आयोगले संवैधानिक स्वरूप ग्रहण गरे पश्चात् आयोगलाई प्राप्त बजेट तथा कार्यक्रमलाई छुट्याईएको बजेटको विश्लेषण गर्दा आर्थिक वर्ष २०७४/०७५ मा राष्ट्रिय दलित आयोगलाई विनियोजित बार्षिक बजेटमा

कार्यक्रमतर्फको बजेट उल्लेख्य रहेको देखिन्छ। यसपछिका केही आर्थिक वर्ष स्थिर रहेता पनि लगत्तैका आर्थिक वर्षहरूबाट कार्यक्रम बजेटमा तीव्र गिरावट आएको छ। आर्थिक वर्ष २०७८/०७९ मा आयोगलाई विनियोजित कार्यक्रम बजेटमा गिरावट आएको देखिन्छ। आयोगको संवैधानिक तथा कानूनी जिम्मेवारी र भूमिका अनुसार कार्यक्रम सञ्चालन/कार्यान्वयन गर्न यसरी बजेट विनियोजनमा उतारचढाव आएबाट कार्यसम्पादनमा असर पर्न गएको छ। कार्यक्रमतर्फ विभिन्न क्रियाकलापहरू आयोजना गरी देशव्यापी छरिएका दलित समुदायसम्म आयोगको भूमिका विस्तार गर्न आयोगको माग र आवश्यकता बमोजिम नेपाल सरकारले बजेट विनियोजन गर्नु पर्ने देखिन्छ।

१.५.२ भौतिक श्रोत साधन

राष्ट्रिय दलित आयोगको आफ्नै कार्यालय भवन छैन। हाल ललितपुर जिल्लाको कुपण्डोलमा भाडामा लिएको भवनमा आयोगको कार्यालय सञ्चालनमा रहेको छ। यस कार्यालयमा ७ वटा चार पाङ्ग्रे सवारी साधन, ५ वटा मोटरसाइकल र ४ वटा स्कुटर (२ थान EV समेत) चालु अवस्थामा रहेका छन्। कार्यालयको लागि आवश्यक फर्निचर र फर्निसिङ गरिएको छ।

आयोगको उद्देश्य पुरा गर्नको लागि सम्बन्धित क्षेत्रका विज्ञ कर्मचारीहरूको आवश्यक देखिन्छ। त्यसको लागि दरवन्दीको अभाव रहेको छ। प्रदेशस्तरमा आयोगको कार्यालय नहुनाले विभिन्न भौगोलिक विकटता तथा दुर्गम क्षेत्रमा रहेका दलित समुदायको समस्याहरूको सम्बोधन, अनुसन्धान तथा अनुगमन गर्न कठिनाई भई आयोगको लक्षित उद्देश्य प्रभावकारी रूपले हासिल गर्न सकिएको छैन। तसर्थ, आयोगको संवैधानिक तथा कानूनी भूमिका प्रभावकारी रूपमा निर्वाह गर्न सरकारले आयोगलाई आवश्यक पर्ने भौतिक श्रोत साधनको थप व्यवस्था गर्नुपर्ने देखिन्छ।

परिच्छेद-२ दलितको हक, हित र अधिकार सम्बन्धी व्यवस्था

२.१ अन्तर्राष्ट्रिय कानूनमा भएका व्यवस्था

मानव अधिकारको विश्वव्यापी घोषणपत्र, १९४८ को धारा २ मा जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य विचारधारा, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य कुनै हैसियत जस्ता कुनैपनि आधारमा कुनै किसिमको भेदभाव विना प्रत्येक व्यक्तिलाई घोषणापत्रमा उल्लेखित अधिकार हुने मूल्य र मान्यताप्रति प्रतिवद्धता जनाइएको छ। घोषणापत्रको धारा ६ मा कानूनको दृष्टिमा प्रत्येक व्यक्तिलाई स्वतन्त्र व्यक्तिको रूपमा मान्यता पाउने अधिकार र धारा ७ मा सबै व्यक्तिहरू कानूनको दृष्टिमा समान र कुनै पनि भेदभाव विना कानूनको संरक्षणका हकदार हुनेछन् भन्ने उल्लेख गरिएको छ। सबै व्यक्तिहरूलाई यस घोषणापत्रको उल्लंघन गरी गरिएको कुनै पनि प्रकारको भेदभाव विरूद्ध वा त्यस्तो भेदभावको दुरूत्साहन विरूद्ध संरक्षण पाउने अधिकार हुने व्यवस्था गरेको छ।

सन् १९६० मा विश्वका विभिन्न भागमा घटेका निश्चित भाषीहरू विरूद्ध लक्षित घटनाहरूप्रति तत्काल संयुक्त राष्ट्र संघको महासभाले खेद प्रस्ताव पास गरी जातीय, धार्मिक वा राष्ट्रिय रूपमा घृणा फैल्याउने सबै कार्यको गम्भीर रूपमा आलोचना गरेको थियो। यस्ता कार्यहरू मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र विपरित भएकाले उक्त प्रस्तावको माध्यमबाट सदस्य राष्ट्रहरूलाई यस्ता कार्यहरू रोक्न उपयुक्त संयन्त्रको विकास गर्न आव्हान गरेको थियो।

सन् १९६३ नोभेम्वर २० मा संयुक्त राष्ट्र संघको महासभाले सबै प्रकारका जातीय भेदभाव उन्मूलन सम्बन्धी घोषणापत्र पारित गऱ्यो। सोही दिन महासभाले आर्थिक तथा सामाजिक परिषद्लाई उच्च प्राथमिकताका साथ सबै प्रकारका जातीय भेदभाव उन्मूलन सम्बन्धी महासन्धिको मस्यौदा तयार गर्न आग्रह गऱ्यो। उक्त अख्तियारी बमोजिम महासन्धिको मस्यौदा तयार गरी सन् १९६५ डिसेम्वर २१ मा महासभाले महासन्धि पारित गऱ्यो। यस महासन्धिलाई नेपालले सन् १९७१ जनवरी ३० मा अनुमोदन गरी पक्ष राष्ट्र बनेको हो।

सबै प्रकारको जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५ ले जातीय विखण्डन तथा रंगभेदको निन्दा गर्दछ। यसमा आफ्ना क्षेत्राधिकार अन्तर्गतका ईलाकाहरूमा यस्ता प्रकृतिका सबै व्यवहारलाई रोक लगाउन निषेध तथा उन्मूलन गर्ने उल्लेख गरेको छ।

रंगभेद अपराधको दमन र दण्डसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९७३ (Convention on the Suppression and Punishment of the Crime of Apartheid, 1973) को धारा १ को उपधारा (२) ले प्रस्तुत महासन्धिका पक्ष राष्ट्रहरूले रंगभेद अपराध गर्ने संघ, संस्था र व्यक्तिलाई अपराधी घोषणा गर्दछन् भन्ने उल्लेख गरिएको छ। उक्त अन्तर्राष्ट्रिय महासन्धिलाई नेपालले १२ जुलाई, १९७७ मा अनुमोदन गरेको थियो।

२.२ संवैधानिक व्यवस्था

नेपालको संविधान, २०१५ ले सबै नागरिकलाई कानूनको समान संरक्षण र सामान्य कानूनको प्रयोगमा कुनै पनि नागरिकमाथि जात, वर्ण, धर्म, लिङ्ग जातजातिका आधारमा भेदभाव गर्न नपाइने कुराको साथै सरकारी सेवामा समेत नियुक्तिमा भेदभाव नगरिने जस्ता प्राबधानको व्यवस्था गऱ्यो। नेपाल अधिराज्यको संविधान, २०४७ ले

पहिलो पटक सदिऔंदेखिको छुवाछूतजन्य व्यवहार र जातीय विभेदलाई अपराधका रूपमा स्वीकार गऱ्यो। नेपालको अन्तरिम संविधान, २०६३ ले जातीय भेदभाव गर्न नपाईने कुराको संबैधानिक प्रत्याभूति गरी नेपालको संबैधानिक इतिहासमा छुवाछूत तथा जातीय भेदभाव विरूद्धको हकलाई मौलिक हक अन्तर्गत पहिलो पटक किटानी व्यवस्था गर्‌यो।

नेपालको संविधानमा दलित समुदायका लागि विशेष अधिकार सहितको अन्य विभिन्न व्यवस्था गरिएको छ। संविधानमा आयोगलाई संवैधानिक निकायका रूपमा व्यवस्था गरी आयोगको काम, कर्तव्य अधिकारको व्यवस्था सँगै मौलिक हक तथा कर्तव्य, संघीय, प्रदेश तथा स्थानीय व्यवस्थापिका र कार्यपालिका गठन समेतको व्यवस्था गरी देहायबमोजिम दलितको हक, हित र अधिकार सुनिश्चित गरिएको छः

धारा २४ छुवाछूत तथा भेदभाव विरूद्धको हक

१. कुनैपनि व्यक्तिलाई निजको उत्पत्ति, जात, जाति, समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछूत वा भेदभाव गरिने छैन।
२. कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई खरिद वा प्राप्त गर्नबाट रोक लगाइने वा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई मात्र बिक्री वितरण वा प्रदान गरिने छैन।
३. उत्पत्ति, जात, जाति वा शारीरिक अवस्थाको आधारमा कुनै व्यक्ति वा समुदायलाई उच्च वा नीच दर्शाउने, जात, जाति वा छुवाछूतको आधारमा सामाजिक भेदभावलाई न्यायोचित ठान्ने वा छुवाछूत तथा जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्न वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न पाइने छैन।
४. जातीय आधारमा छुवाछूत गरी वा नगरी कार्यस्थलमा कुनै प्रकारको भेदभाव गर्न पाइने छैन।
५. यस धाराको प्रतिकूल हुने गरी भएका सबै प्रकारका छुवाछूत तथा भेदभावजन्य कार्य गम्भीर सामाजिक अपराधका रूपमा कानून बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ।

धारा ४० दलितको हक

१. राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ। सार्वजनिक सेवा लगायतका रोजगारीका अन्य क्षेत्रमा दलित समुदायको सशक्तीकरण, प्रतिनिधित्व र सहभागिताका लागि कानून बमोजिम विशेष व्यवस्था गरिनेछ।
२. दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म कानून बमोजिम छात्रवृत्ति सहित निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ। प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितका लागि कानून बमोजिम विशेष व्यवस्था गरिनेछ।
३. दलित समुदायलाई स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न कानून बमोजिम विशेष व्यवस्था गरिनेछ।
४. दलित समुदायलाई आफ्नो परम्परागत पेशा, ज्ञान, सीप र प्रविधिको प्रयोग, संरक्षण र विकास गर्ने हक हुनेछ। राज्यले दलित समुदायका परम्परागत पेशासँग सम्बन्धित आधुनिक व्यवसायमा उनीहरूलाई प्राथमिकता दिई त्यसका लागि आवश्यक पर्ने सीप र स्रोत उपलब्ध गराउनेछ।

५. राज्यले भूमिहीन दलितलाई कानून बमोजिम एक पटक जमिन उपलब्ध गराउनु पर्नेछ।
६. राज्यले आवासविहीन दलितलाई कानून बमोजिम बसोबासको व्यवस्था गर्नेछ।
७. दलित समुदायलाई यस धाराद्वारा प्रदत्त सुविधा दलित महिला, पुरूष र सबै समुदायमा रहेका दलितले समानुपातिक रूपमा प्राप्त गर्ने गरी न्यायोचित वितरण गर्नु पर्नेछ।

धारा ४२ सामाजिक न्यायको हक

आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम,पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, अपाङ्गता भएका व्यक्ति, लैंगिक तथा यौनिक अल्पसंख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुनेछ।

राज्यका निर्देशक सिद्धान्त नीति तथा दायित्वको धारा ५१(ग)

सामाजिक र सांस्कृतिक रूपान्तरण सम्बन्धी नीतिअन्तर्गत बुँदा (५) मा समाजमा विद्यमान धर्म, प्रथा, परम्परा, रीति तथा संस्कारका नाममा हुने सबै प्रकारका विभेद, असमानता, शोषणको र अन्यायको अन्त्य गर्ने राज्यको नीति रहेको छ।

संघीय व्यवस्थापिका गठन सम्बन्धी व्यवस्था

१. धारा ८४ प्रतिनिधि सभाको गठनः समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा जनसंख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्र समेतबाट बन्दसूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था संघीय कानून बमोजिम हुनेछ। त्यसरी उम्मेदवारी दिँदा भूगोल र प्रादेशिक सन्तुलनलाई समेत ध्यान दिनु पर्नेछ।
२. धारा ८६ राष्ट्रिय सभाको गठन र सदस्यहरूको पदावधिः प्रदेश सभाका सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख रहेको निर्वाचक मण्डलद्वारा संघीय कानून बमोजिम प्रदेश सभाका सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखको मतको भार फरक हुने गरी प्रत्येक प्रदेशबाट कम्तीमा तीनजना महिला, एक जना दलित र एक जना अपांगता भएका व्यक्ति वा अल्पसंख्यक सहितआठ जना गरी निर्वाचित छपन्न जना।

प्रदेश व्यवस्थापिका गठन सम्बन्धी व्यवस्था

धारा १७६ प्रदेश सभाको गठनः समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रदेश सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा जनसंख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्र, अल्पसंख्यक समुदाय समेतबाट बन्दसूचीका आधारमा प्रतिनिधित्व हुने व्यवस्था संघीय कानून बमोजिम हुनेछ। त्यसरी उम्मेदवारी दिंदा सम्बन्धित प्रदेशको भौगोलिक सन्तुलनलाई समेत ध्यान दिनु पर्नेछ।

स्थानीय कार्यपालिका गठन सम्बन्धी व्यवस्था

धारा २१५ गाउँ कार्यपालिका अध्यक्ष र उपाध्यक्ष सम्बन्धी व्यवस्थाः उपधारा(४) धारा २२२ बमोजिमको गाउँ सभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले पन्ध्र दिनभित्र गाउँ सभाका सदस्यहरूले आफूमध्येबाट निर्वाचित गरेका चार जना महिला सदस्य र उपधारा (५) बमोजिमको योग्यता भएका दलित वा अल्पसंख्यक समुदायबाट गाउँ सभाले निर्वाचित गरेका दुई जना सदस्य समेत गाउँ कार्यपालिकाको सदस्य हुनेछन्।

धारा २१६ नगर कार्यपालिका प्रमुख र उपप्रमुख सम्बन्धी व्यवस्थाः उपधारा(४) धारा २२३ बमोजिमको नगर सभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले पन्ध्र दिनभित्र नगर सभाका सदस्यहरूले आफूमध्येबाट निर्वाचित गरेका पाँच जना महिला सदस्य र उपधारा (५) बमोजिमको योग्यता भएका दलित वा अल्पसंख्यक समुदायबाट नगर सभाले निर्वाचित गरेका तीन जना सदस्य समेत नगरकार्यपालिकाको सदस्य हुनेछन्।

स्थानीय व्यवस्थापिका गठन सम्बन्धी व्यवस्था

धारा २२२ गाउँ सभाको गठनः (१) प्रत्येक गाउँपालिकामा एक गाउँ सभा रहनेछ। (२) उपधारा (१) बमोजिमको गाउँ सभामा गाउँ कार्यपालिका अध्यक्ष र उपाध्यक्ष, वडा अध्यक्ष र प्रत्येक वडाबाट निर्वाचित चारजना सदस्य र धारा २१५ को उपधारा (४) बमोजिम दलित वा अल्पसंख्यक समुदायबाट निर्वाचित गाउँ कार्यपालिकाका सदस्य रहनेछन्।

धारा २२३ नगर सभाको गठनः (१) प्रत्येक नगरपालिकामा एक नगर सभा रहनेछ। (२) उपधारा (१) बमोजिमको नगर सभामा नगरकार्यपालिकाका प्रमुख र उपप्रमुख, वडा अध्यक्ष र प्रत्येक वडाबाट निर्वाचित चारजना सदस्य र धारा २१६ को उपधारा (४) बमोजिम दलित वा अल्पसंख्यक समुदायबाट निर्वाचित नगर कार्यपालिकाका सदस्य रहनेछन्।

संविधानमा भएका अन्य व्यवस्था

धारा २२० जिल्ला सभा र जिल्ला समन्वय समितिः उपधारा (३) जिल्ला सभाले एक जना प्रमुख, एक जना उपप्रमुख, कम्तीमा तीन जना महिला र कम्तीमा एक जनादलित वा अल्पसंख्यक सहित बढीमा नौ जना सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन गर्नेछ। जिल्ला समन्वय समितिले जिल्ला सभाको तर्फबाट गर्नु पर्ने सम्पूर्ण कार्य सम्पादन गर्नेछ।

धारा २५७ प्रदेशमा कार्यालय स्थापना गर्न सक्नेः राष्ट्रिय दलित आयोगले आवश्यकता अनुसार प्रदेशमा आफ्नो कार्यालय स्थापना गर्न सक्नेछ।

धारा २६७ उपधारा (३): नेपाली सेनामा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेशी, थारू, मुस्लिम, पिछडा वर्ग तथा पिछडिएको क्षेत्रका नागरिकको प्रवेश समानता र समावेशी सिद्धान्तको आधारमा संघीय कानून बमोजिम सुनिश्चित गरिनेछ।

धारा २६९ उपधारा ४ (ग): दलको विभिन्न तहका कार्यकारिणी समितिमा नेपालको विविधतालाई प्रतिबिम्बित गर्ने गरी समावेशी प्रतिनिधित्वको व्यवस्था गरिएको हुनु पर्छ।

२.३ दलित समुदायको हकहित अधिकारसँ सम्बन्धित सम्मानित अदालतहरूबाट भएको आदेश/फैसला

मुद्दा नं./ दर्ता मिति	वादी	प्रतिवादी	मुद्दाको व्यहोरा	आयोगको प्रतिउत्तरको संक्षिप्त व्यहोरा	सम्मानित अदालतको फैसला / आदेश	कैफियत
०८०-WO-०९८२ (सर्वोच्च अदालत) दर्ता मिति २०८०/१२/०८	ललितपुर जिल्ला. ललितपुर म.न.पा.-५., मानभवनस्थित कानूनी सहयोग तथा परामर्श केन्द्र LACC को तर्फबाट अख्तियार प्राप्त अधिवक्ता मन्जु मरासिनीसमेत	नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत	नेपालको संविधान जारी भएको ३ वर्षभित्र बादी समुदायका व्यक्तिहरुको संरक्षण, उत्थान, सशक्तीकरण र विकासको लागि छुट्टै कानूनको निर्माण भइसक्नुपर्नेमा सो नभएकोले आन्तरिक आदेश जारी भएको मितिले ६ महिनाभित्र त्यस्तो छुट्टै कानून निर्माण गर्नु गराउनु र ती समुदायका एकल महिलाहरुलाई सामाजिक सुरक्षा ऐन, २०७४ बमोजिम अन्तरिम आदेश जारी भएको मितिबाटै सामाजिक सुरक्षा भत्ता	(मिति २०८१/०१/०३ गते) क. आयोगको मिति २०७९/०४/२६ गतेको बैठकबाट दलित समुदायको सशक्तिकरण गरी सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक लगायतको क्षेत्रमा अर्थपूर्ण सहभागिताका लागि दलित सशक्तिकरण ऐन निर्माण गर्न आवश्यक रहेकोले सबै प्रदेश सरकारहरुलाई दलित समुदायको सशक्तीकरण गरी सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक लगायतको क्षेत्रमा अर्थपूर्ण सहभागिताक लागि दलित सशक्तिकरण ऐन निर्माण गरी कार्यान्वयन गनर्को लागि श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत प्रदेश	फैसला मिति २०८२/०५/०४ वादी समुदायको संरक्षण, उत्थान, सशक्तिकरण र विकासका लागि तथा सोही समुदायका एकल महिलाहरुका लागि सामाजिक सुरक्षा ऐन, २०७४ बमोजिम प्राप्त हुने सामाजिक सुरक्षा भत्ता सहज रुपमा पाउने स्थितिको सुनिश्चितताको लागि आवश्यक परे थप अध्ययन समेत गरी गराई उपयुक्त व्यवस्था गर्नु गराउनु भनी विपक्षीहरुको नाममा परमादेशको आदेश जारी हुने ठहर्छ ।	

			उपलब्ध गराउने व्यवस्था गर्नु गराउनु।	सरकारहरुलाई सिफारिस गर्ने निर्णय गरिएको। ख. नेपाली नागरिकताको प्रमाणपत्रमा नाम थर संशोधन गर्न सकिने तर शैक्षिक योग्यताको प्रमाणपत्रमा नाम थर संशोधन गर्न नमिल्ने कानूनी व्यवस्थाका कारण वादी समुदायका व्यक्ति लगायत दलित समुदायका व्यक्तिहरुले समस्याको सामना गर्नु परेको सम्बन्धमा आयोगको मिति २०७९/१२/२९ गतेको बैठकबाट नागरिकताको प्रमाण पत्रमा भएको थर संशोधन भए बमोजिम शैक्षिक प्रमाणपत्रहरुमा पनि सोही बमोजिम थर संशोधन गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई सिफारिस गरिएको। ग. आयोगको मिति २०८०/११/२३ गतेको बैठकको निर्णयानुसार वादी समुदायको सामाजिक जीवन एवं उनीहरुको मौलिक पुख यौंली शिल्पकला, प्रविधिको खोज तथा अध्ययन अनुसन्धान गरी प्रतिवेदन		

				पेश गर्नको लागि सोलुखुम्बु जिल्ला, थुलुङ दुधकोशी गाउँपलिका-५ निवासी श्री दान बहादुर नेपाली (डीवी नेपाली दमु)सँग मिति २०८०/११/२९ गते सम्झौता गरिएको। घ. निवेदकले रिट निवेदनमा उल्लेख गर्नु भएका विषयहरु मौलिक हकका साथै मानव अधिकारसँग पनि सम्बन्धित देखिएको हुँदा उक्त विषयहरुको कार्यान्वयनका लागि तर्जुमा भएका संवैधानिक तथा कानूनी व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयन गर्दै वादी समुदायको हक अधिकार सुनिश्चितताका लागि आवश्यक कानूनी, संस्थागत, कार्यक्रमगत तथा अन्य व्यवस्था गर्नका लागि सम्बद्ध सम्पूर्ण निकायहरु गम्भीर एवं संवेदनशील हन आवश्यक देखिन्छ।		
०८०-WO-०८२२ (सर्वोच्च अदालत)	श्री जिवछ कुमार मुखिया	नेपाल विद्युत प्राधिकरण प्रधान कार्यालय,	• नेपालको संविधानको धारा १६(१), १७(१), १८(१), ३३, ३४, ४३ र धारा ४६ लगायतका	(मिति २०८१/०१/०३ मा पठाइएको) १. मधेशको मुखिया, मल्लाह,सहानी जाती दलित समुदाय अन्तर्गतको	सर्वोच्च अदालतको मिति २०८१/०२/२३ को फैसलाबाट निवेदन फिर्ता।	

दर्ता मिति २०८०/११/०२		दरबारमार्ग, काठमाडौंसमेत	मौलिक हकको विपरित हुने गरी समानताको हकलाई अनुचित बन्देज लगाउने गरी, विपक्षी नेपाल विद्युत प्राधिकरण प्रधान कार्यालयको पदपूर्ति समितिले म निवेदकलाई दलित समुदायको होइन भी प्रतिक्षा सूची १ मा रहेका रंजित कुमार दासलाई नियुक्तिका लागि सिफारिस गरेको मिति २०८०/११/१० को निर्णय उत्प्रेषणको आदेशले शुरु देखि नै अमान्य बदर घोषित गरी नेपाल विद्युत प्राधिकरण प्रधान कार्यालयको नतिजा प्रकाशन एवं सिफारिस सम्बन्धी	जातजाति (दलित) नभएकोले बिपक्षीको निबेदन पत्र ग्रहण गरी माग बमोजिमको आदेश जारी गर्न मिल्ने आधार अवस्था अवस्थाको विद्यमानता नरहेकोले निबेदन खारेज हुनु पर्दछ भन्ने सन्दर्भमा निम्न जिकिरहरु उल्लेख गरेको छुः- क) सर्वप्रथम बिपक्षी राष्ट्रिय दलित आयोगले गरेको परिभाषा एवं दलित जातजातिको सूचीमा पर्दैनन्। राष्ट्रिय दलित आयोगले गरेको परिभाषा अनुसार परापूर्वकालदेखि रुढीवादी परम्परा अनुसार पानी नचल्ने मानिएको जात थरलाई दलित जातिमा राख्ने मुख्य आधार हो। सोही मान्यता अनुसार तराईका मुखिया, मलाह, सहनी जाति पानी नचल्नेमा नपर्ने र साथै तराईका मलाह मुखिया जातिका मान्छेहरुले तराईका दलित जातजाति जस्तै चमार, दुसाद, पासी, पासवान, धोवी, मुसहर, डोम, खटिक लगयातका जातिका मान्छेहरुले छोएको पानी		

			मिति २०८०/१०/११ सूचनाको सिफारिस बमोजिम म निवेदकलाई उक्त पदमा नियुक्ति दिनु दिलाउनु समेत भनी विपक्षी नेपाल विद्युत प्राधिकरण प्रधान कार्यालयको नाममा प्रमादेश समेत जारी गरी पाऊँ।	समेत नखाने कुसंस्कार यथावत् नै रहेको पाइन्छ। ख) विपक्षीले मिति २०७५/०८/०९ मा जिल्ला प्रशासन कार्यालय सिरहाले दलित समुदायको व्यक्ति हो भनि प्रमाणित समेत गरी प्रमाणपत्र समेत पेश गरेको सन्दर्भमा बिपक्षीले स्थानीय सरकार र जिल्ला प्रशासन कार्यालयलाई ढाँटेर बनाएको हुनु पर्दछ। निज दलित समुदायको जातजाती हुदै नभएको व्यक्तिले स्थानीय सरकार र जिल्ला प्रशासन कार्यालयलाई झुक्क्याई गफलतमा पारी बनाएको सिफारिस आफैमा गम्भीर त्रुटीपूर्ण रहेको छ। ग) राष्ट्रिय दलित आयोग एउटा सम्बैधानिक निकाय हो। राष्ट्रिय दलित आयोग ऐन, २०७४ को परिच्छेद २ को दफा ३(छ) बमोजिम दलित समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सूचीकृत गर्न नेपाल सरकारलाई सिफारिस गर्ने भन्ने व्यवस्था		

				बमोजिम आयोगले जातजातीको विषयमा गहन अध्ययन गरी तराईका मलाह, लोहार, मुखिया, विन जातिहरु दलित जातजाति होईनन, आयोगले गरेको जात जातीहरुको सूचीकरणमा उल्लेखित जातजाती सुचिकृत नभएको हुँदा सोही बमोजिम नेपाल सरकारलाई सिफारिस गरिएको हुँदा र बिपक्षी दलित जातजाती नभएको हुँदा बिपक्षीलाई नियुक्ति दिनु हुदैन र यो रिट निबेदन खारेज हुनु पर्दछ। घ) बिपक्षीलाई नियुक्ति दिंदा खास गरी तराईका वास्तविक दलित समुदायका प्रतिक्षा सूचीमा रहेका रंजित कुमार दास सहित तराई मधेशका दलित जातजातिहरू चमार, पासी, डोम, तत्मा, मुसहर, खटिक, धोबी, कोरी लगायतका जातजातिहरूको नेपालको संविधानको धारा ४० लगायतका मौलिक हकहरूमा गम्भीर आघात भई उल्लेखित जातजातिका लाखौ वास्तविक दलित समुदाय उपर		

१३	जिसवका, कास्की	जातीय छुवाछूत तथा भेदभाव पूर्ण व्यवहार	विवाहको भोजमा प्रतिवादी समेतले पीडितलाई छुवाछूत तथा भेदभाव गरेको	सामाजिक छुवाछूत र भेदभाव (कसूर र सजाय) ऐन, २०६८ को दफा ३ को उपदफा (१) र दफा ४ को उपदफा (२)(ख) बमोजिमको कसूरमा ऐ. दफा ७ (१) (क) बमोजिमको सजाय हुन र ऐ.दफा ९ बमोजिम क्षतिपुर्ति भराई पाउन मागदावी रहेको ।			१ पुरुष
१४	जिसवका, गोरखा	जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव सम्बन्धी कसूर	प्रतिवादी मिलन श्रेष्ठले जाहेरवाला मनिका परियारसँग जातीय परम्परा अनुसार विवाह गरी र आफ्नो श्रीमती दलित समुदायकी व्यक्ति हो भन्ने थाहा पाएपछि अभियुक्तले जाहेरवाला मनिका परियारलाई "त सानो जातकी मानिस होस", "तेरो र मेरो संस्कार मिल्दैन, मैले तेरो बच्चाको जन्मदर्ता गर्न सक्दिन जे गर्ने हो गर" भनी धाक-धम्की दिई विवाह पश्चात जन्मिएको बच्चाको न्वारान गराउन समेत इन्कार गरी जातीय तथा सामाजिक छुवाछूत र भेदभाव जन्य कसूर गरेको।	अभियुक्तलाई जातीय तथा अन्य सामाजिक छुवाछूत तथा भेदभाव सम्बन्धी ऐन, 2068 को दफा 4 को उपदफा (11) बमोजिमको कसूर गरेको हुँदा अभियुक्तलाई सोही ऐनको दफा 7 को उपदफा (१) को खण्ड (ख) बमोजिम सजाय गरि पाउन समेतको मागदाबी लिएको।	१		१

क्रस	अभियोजन गर्ने कार्यालय	मुद्दा	उजुरीको विवरण	अभियोग मागदावी	पीडितको संख्या		
					महिला	बालबालिका	जम्मा
१५	जिसवका, रोल्पा	जातीय भेदभाव तथा बालबालिका विरुद्दको कसूर	मिति २०८३।०१।११ गते अं.१८;०० बजेको समयमा जिल्ला रोल्पा गंगादेव गाँउपालिका वडा नं.-५ कुईनेटा स्थित कसूरवाला मध्येका टोप बहादुर खत्रीले एक्लै भएको मौका पारी नाबालक लोकेन्द्र वि.क.लाई ललाई फकाई घरमा लगि कुटपिट गर्दै निजको घरको भान्सा गर्ने ठाउँमा लगी किन मेरो भासामा आईस, त कामीको छोरा, तैले गर्दा मेरो घरका देवताहरु बिग्रिने भए भन्दै पुनः कुटपिट गरेको, उपचार गर्न लैजाने क्रममा भिम बहादुर खत्री र मस्त बहादुर खत्रीले गाडी रोकी घाईते नावालकलाई गाडीबाट बाहिर निकाली घाउचोटहरुलाई हातका औँलाहरुले दबाउँदै तिमी कामीहरु, तिमीहरुले नभएका कुराहरु गर्न जानेका छौ, तिमीहरुको के हैसियत छ? भनी गालीगलौज गरेका भन्ने समेत व्यहोराको गोपाल बि.क.को जाहेरी दरखास्त	प्रतिवादीहरु टोप बहादुर खत्री भन्ने टोपीलाल खत्री, भिम बहादुर खत्री र मस्त बहादुर खत्रीलाई जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव (कसूर र सजाय) ऐन, २०६८ को दफा (३) ले निषेध गरेको सोही ऐनको दफा (४) को उपदफा (१) ले परिभाषित गरे बमोजिमको सोही दफाको उपदफा (२) को देहाय (क) बमोजिमको कसूरमा सोही ऐनको दफा ७ को उपदफा (१) को देहाय (क) बमोजिम र बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६६ को उपदफा २ को देहाय (ङ) बमोजिमको कसूरमा सोही ऐनको दफा ७२ को उपदफा (३) (क) बमोजिम सजाय गरी पाउन मागदावी	०	१	१

क्र स	अभियोजन गर्ने कार्यालय	मुद्दा	उजुरीको विवरण	अभियोग मागदावी	पीडितको संख्या		
					महिला	बालबालिका	जम्मा
१६	जिसवका, कैलाली	जातीय छुवाछूत तथा भेदभाव ०८१-८१-१२२५	मिति २०८२/०२/२६ गते अन्दाजी १६:०० बजेको समयमा जिल्ला कैलाली धनगढी उप-महानगरपालिका वडा नं.१६ व्युसा केराबारी स्थित म जाहेरवालाको घर अगाडी बाटामा रहेको सार्वजनिक खानेपानी धारामा म जाहेरवाला पानी खान जाँदा विपक्षी अन्यायी सेतु भन्ने नरभी देवी सेर्टी र रुवेश भन्ने स्पेश सेटीले म जाहेरवालालाई धारामा नछोड, तिमीहरु यो गाउँ छोडेर जाउ. तिमीलर हिडने बाटो पनि अपबित्र हुन्छ भनी म जाहेरवाला मेगे श्रीमती समेतलाई तल्लो जाती डोम भनी गाली गलौज गरी घर नछाडेमा ज्यान समेत लिन्छु भनी धाकधम्की दिएको	प्रतिवादीहरु रुवेश भन्ने रुपेश सेटी र सेतु भन्ने नरमी देवी सेटीले जातीय तथा अन्य सामाजिक वाहून तथा भेदभाव कसुर र सजाय) ऐन, २०६८ को दफा ३ विपरीत दफा ४ को उपदफा (२) (ख) बनाजिमको कसूर गरको देखिंदा निज प्रतिवादीहरु रुवेश भन्ने रुपेश मेटी र सेतु भन्ने नरमी देवी सेटीलाई सोही ऐनको दफा ७ को उपदफा (१) को देशय (क) वमोजिम सजाय हुनका साथै अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम क्षतिपूर्ति शुल्क वापतको रकम अपराध पीडित राहत कोषमा दाखिला गरी पाउन तथा निज प्रतिवादीहरु रुवेश भन्ने रुपेश सेटी र सेतु भन्ने नरमी देवी सेटीबाट जातीय तथा अन्य सामाजिक छुवाछूत तथा भेदभाव (कसूर र सजाय) ऐन, २०६८ को दफा ९ बमोजिम पीडितलाई क्षतिपूर्ति दिलाई भराई पाउन			१

क्र स	अभियोजन गर्ने कार्यालय	मुद्दा	उजुरीको विवरण	अभियोग मागदावी	पीडितको संख्या		
					महिला	बालबालिका	जम्मा
१७	जिसवका, कैलाली	जातीय छुवाछूत तथा भेदभाव ०८१-८१-१२५२	मिति २०८२।०३।११ गते बेलुकी अन्दाजी १८:३० बजेको समयमा अन्यायी भोज राज जोशीले मादक पदार्थ रक्सी सेवन गरी जिल्ला कैलाली गोदावरी नगरपालिका वडा न.०१ अत्तरिया स्थित मैले सञ्चालन गरेको मासु पसलमा आई म र मेरो श्रीमती सिता थापा काम गरी रहेको अवस्थामा योराणीको छोरा डुम हो, यो आफ्नी आमा करनी गर्नेलाई यहाँबाट खाली गराउनु पर्छ भनी मेरो श्रीमतीलाई यो राणी डुमुनी हो, रानी बेश्या भनी अपमान गरी तथानाम गाली गरी सार्बजनिक स्थानमा बेईजती जातीय विभेद गरी, मलाई घाँटीमा समाती हातपात समेत गरी म माथी जातीय विभेद गरेको	प्रतिवादी भोजराज जोशीले जातीय तथा अन्य सामाजिक छुवाछूततथा भेदभाव (कसूर र सजाय) ऐन, २०६८ कोदफा ३ विपरीत दफा ४ को उपदफा (२) (ख) बमोजिमको कसूर गरेको पुष्टि भएको हुदाँ निज प्रतिवादी भोजराज जोशीलाई सोही ऐनको दफा ७ को उपदफा (१) को देहाय (क) बमोजिम सजाय गरी पाउन हुनका साथै अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम क्षतिपूर्ति शुल्क वापतको रकम अपराध पीडित राहत कोषमा दाखिला गरी पाउनका साथै निज प्रतिवादी भोजराज जोशीबाट जातीय तथा अन्य सामाजिक छुवाछूततथा भेदभाव (कसूर र सजाय) ऐन, २०६८ को दफा ९ बमोजिम पीडितलाई मानसिव क्षतिपूर्ति दिलाई भराई पाउन			पुरुष १

क्र स	अभियोजन गर्ने कार्यालय	मुद्दा	उजुरीको विवरण	अभियोग मागदावी	पीडितको संख्या		
					महिला	बालबालिका	जम्मा
१८	जिसवका, कैलाली	जातीय छुवाछूत तथा भेदभाव ०८२-C१-०१२८	मिति २०८२।०२।०९ गते राति अन्दाजी २०:०० बजेको समयमा जिल्ला कैलाली घोडाघोडी नगरपालिका वडा नं. ०८ बस्ने वर्ष ४३ को केशव धामी मेरो घर अगाडि बाटोमा आई एक्कासी मेरो घर तर्फ ढुङ्गा प्रहार गर्दै त डुमिनी नेता भएकी डुम, कमेनी रण्डी जस्ता अश्लिल शब्द प्रयोग गरी जातीय विभेद पूर्ण व्यवहार देखाई गाली गलौज गरेकाले निज केशव धामीलाई पक्काउ गरी कानून बमोजिम कारवाही गरी पाउँ भन्ने व्यहोराको	प्रतिवादी केशव धामीले जातीय तथा अन्य सामाजिक छुवाछूत तथा भेदभाव (कसूर र सजाय) ऐन, २०६८ को दफा ३ विपरीत दफा ४ को उपदफा (२) (ख) बमोजिमको कसूर गरेको देखिंदा निज प्रतिवादीलाई सोही ऐनको दफा ७ को उपदफा (१) को देहाय (क) बमोजिम सजाय हुनका साथै अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम क्षतिपूर्ति शुल्क वापतको रकम अपराध पीडित राहत कोषमा दाखिला गरी पाउन तथा निज प्रतिवादी केशव धामीबाट जातीय तथा अन्य सामाजिक छुवाछूत तथा भेदभाव (कसूर र सजाय) ऐन, २०६८ को दफा ९ बमोजिम पीडितलाई मनासिब क्षतिपूर्ति दिलाई भराई दिन हुन	१		१

क्र स	अभियोजन गर्ने कार्यालय	मुद्दा	उजुरीको विवरण	अभियोग मागदावी	पीडितको संख्या		
					महिला	बालबालिका	जम्मा
१९	जिसवका, कञ्चनपुर	जातिपातीका आधारमा छुवाछूत वा भेदभावपूर्ण व्यवहार गर्न नहुने ।	हाम्रो मानमर्दन हुने गरी जातीय छुवाछूतको हिसाबबाट गाली गलौज गर्ने तथा जातीय हिसाबबाट छुवाछूतको व्यवहार गर्ने भेदभावपूर्ण व्यवहार गर्ने अन्यायिलाई कानुन बमोजिम हदै सम्मको सजाय गरी पाउँ भन्ने समेत व्यहोराको भुपेन्द्र दमाईको जाहेरी दरखास्त ।	प्रतिवादी कबिता चन्द भन्ने कुमारी कबिता चन्दले मुलुकी अपराध संहिता, २०७४ को दफा १६६(१) बमोजिमको कसूर गरेको हुँदा निज प्रतिवादी कबिता चन्द भन्ने कुमारी कबिता चन्दलाई उक्त कसूरमा सोही संहिताको दफा १६६(२) बमोजिम सजाय हुन तथा जाहेरवालालाई प्रतिवादी कबिता चन्द भन्ने कुमारी कबिता चन्दबाट मुलुकी अपराध संहिता, २०७४ को दफा १६९ बमोजिम मनासिब क्षतिपुर्ति दिलाई भराई पाउन समेतको मागदावी लिइएको ।	नभए को	नभएको	पुरुष १ जना
२०	जिसवका, कञ्चनपुर	जातीय भेदभाव तथा छुवाछूत सम्बन्धी कसुर	तँ दलित भएर हाम्रो भन्दा ठुलो घर बनाउने, हाम्रो पैतलाको धुलो भएर बस्नु पर्ने भन्दै जातीय भेदभावयुक्त अपशब्दहरु प्रयोग गरी तथानाम गाली गलौज गरेको हुँदा कानुन बमोजिम गरी पाउँ भन्ने समेत व्यहोराको भट्टे भुलको जाहेरी दरखास्त	प्रतिवादी रमेश नाथले जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव (कसुर र सजाय) ऐन, २०६८ को दफा ३ (१) र दफा ४(१) र (२ख) बमोजिमको कसुर गरेको हुँदा निज प्रतिवादी रमेश नाथलाई उक्त कसुरमा सोही ऐनको दफा ७(१) को देहाय (क) बमोजिम सजाय हुन तथा प्रतिवादी रमेश नाथबाट जाहेरवालालाई सोही ऐनको दफा ९(१)	नभए को	नभएको	पुरुष १ जना

क्र स	अभियोजन गर्ने कार्यालय	मुद्दा	उजुरीको विवरण	अभियोग मागदावी	पीडितको संख्या		
					महिला	बालबालिका	जम्मा
				बमोजिम क्षतिपुर्ती समेत दिलाई भराई दिन समेतको अभियोग मागदावी लिइएको ।			
२१	जिसवका, कञ्चनपुर	जातीय भेदभाव तथा छुवाछूत कसुर	तँ डुम होस मलाई नछुनु, छोईस भने तँलाई ठीक गरी दिन्छु भन्नुका साथै सार्वजनिक स्थानमा बहिस्कार, भेदभाव गरेको भन्ने समेत व्यहोराको काले दमाईको जाहेरी दरखास्त	प्रतिवादी धनि चन्दले गरेको उक्त कार्य जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव (कसूर र सजाय) ऐन, २०६८ को दफा ३(१) र दफा ४ (१) र (२) बमोजिमको कसूर भएको हुँदा निज प्रतिवादी धनि चन्दलाई उक्त कसूरमा सोही ऐनको दफा ७(१) को देहाय (क) बमोजिम सजाय हुन तथा प्रतिवादी धनि चन्दबाट जाहेरवालालाई सोही ऐनको दफा ९ बमोजिम क्षतिपुर्ती समेत दिलाई भराई पाउन समेतको अभियोग मागदावी	नभए को	नभएको	पुरुष १ जना

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश, विराटनगर

- प्रदेश सरकारबाट हालसम्म दलित हक अधिकारसँग सम्बन्धित कुनैपनि नीति, ऐन तर्जुमा नभएको।
- प्रदेश सरकारबाट दलित हक अधिकारसँग सम्बन्धित, कोशी प्रदेशको दलित अधिकार विधेयक, २०८३ लाई प्रदेश सभामा पेश गरिएको।
- दलित समुदायसँग प्रत्यक्ष सम्बन्धित रहेको आ.व.२०८२/०८३ को कार्यक्रम, आयोजनाको प्रगति विवरणः

क्र.सं.	विवरण	बजेट	प्रगति
१.	दलित समुदायका महिलाहरूलाई नेतृत्व विकास कार्यक्रम सञ्चालनका लागि दलित महिला संघ कोशी प्रदेश विराटनगरलाई अनुदान	५ लाख	१००%

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश, पोखरा

- प्रदेश सरकारबाट हालसम्म दलित हक अधिकारसँग सम्बन्धित प्रमाणिकरण भएका नीति, ऐन र नियमावलीः-
  - गण्डकी प्रदेश दलित अधिकार ऐन, २०८२
  - गण्डकी प्रदेश दलित अधिकार नियमावली, २०८३
- प्रदेश सरकारबाट दलित हक अधिकारसँग सम्बन्धित तर्जुमा प्रक्रियका रहेका नीति, ऐन र नियमावली
  - ऐन नियमावली तर्जुमा भईसकेको।
- दलित समुदायसँग प्रत्यक्ष सम्बन्धित रहेको आर्थिक वर्ष २०८२/०८३ को कार्यक्रम।

आयोजनाको प्रगति विवरणः

क्र. सं.	विवरण	बजेट (रु.हजारमा)	प्रगति	कैफियत
१.	दलित ऐन कार्यान्वयन गर्दा सृजना हुने दायित्व, नियमावली निर्माण, लगायतका कार्यहरु	४५००	४४१३.३०१	४३ जना दलित समुदायका व्यक्तिलाई उद्यम/व्यवसायमा अनुदान सहयोग, गण्डकी प्रदेश दलित अधिकार नियमावली, २०८३ जारी भएको।
२.	जातीय छुवाछूत तथा भेदभाव उन्मुलन दिवस	५००	५००	दिवस तथा अभियान सम्पन्न।
३.	दलित समुदायका महिलाहरुको आर्थिक सशक्तीकरण कार्यक्रम	४५००	२६६०	दलित समुदायका महिलाहरुको आर्थिक सशक्तीकरणमा सहयोग पुगेको।

परिच्छेद-४ आयोगबाट सम्पादन भएका वार्षिक कार्यहरू

४.१ आ.व.२०८२/०८३ मा आयोगबाट सम्पादन भएका मुख्य कार्यहरू

मिति	कार्यहरू
२०८२/०५/०२	समाजमा हुने जातीय विभेद एवम् छुवाछूतका विरुद्ध कानून बमोजिम कारबाही, जनचेतना अभिवृद्धि लागयतका विषयमा आयोगका पदाधिकारी तथा नेपाल प्रहरीको साइबर ब्यूरोका प्रहरी कर्मचारीहरूबिच छलफल एवम् अन्तरक्रिया सम्पन्न गरियो।
२०८२/०८/१७	आयोगका अन्तर-सम्बन्धित विषयहरू, आयोगका कामकारबाही, सहयोग एवम् अन्तर समन्वय, साझा सवालहरू, लैंगिक हिंसाका विषयहरू एवम् आयोगका कामकारबाहीका बारेमा विभिन्न संवैधानिक निकायका पदाधिकारीहरूबिच समन्वयात्मक बैठक सम्पन्न भयो।
२०८२/०८/२२	संयुक्त राष्ट्र संघीय मानव अधिकार परिषद्का Special Rapporteur on minority issues, Prof.Nicolas Levrat सँग दलित समुदायको हक अधिकार तथा विकासका विषयमा छलफल।
२०८२/०८/२८	दलित समुदायका विद्यार्थीलाई छुट्याईएको आरक्षण कोटा/सिटमा गैर दलितले अवसर पाउने, दलित समुदायले नपाउने अवस्था रहेको भनी आयोगमा आएको गुनासा एवम् समस्याका सम्बन्धमा चिकित्सा शिक्षा आयोगका सदस्य सचिव लगायतका पदाधिकारी एवम् कर्मचारीहरूसँग आयोगका पदाधिकारीहरूबिच छलफल भयो।
२०८२/०९/०७	रौतहटमा मधेश प्रदेश अन्तर्गतका बारा, पर्सा, रौतहट र सर्लाही जिल्लाका स्थानीय तहका दलित जनप्रतिनिधिहरू र नेपाल प्रहरीको दलित सेलमा कार्यरत प्रहरी कर्मचारीहरूका लागि आयोजित अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको।
२०८२/०९/०९	महोत्तरीमा मधेश प्रदेश अन्तर्गतका महोत्तरी, धनुषा, सिराहा र सप्तरी जिल्लाका स्थानीय तहका दलित जनप्रतिनिधिहरू र नेपाल प्रहरीको दलित सेलमा कार्यरत प्रहरी कर्मचारीहरूका लागि आयोजित अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको।
२०८२/०९/१४	आयोगको रणनीतिक योजना (२०८२-२०८७) सार्वजनिकीकरण तथा उजुरी व्यवस्थापन प्रणाली शुभारम्भ कार्यक्रम सम्पन्न गरिएको।
२०८२/०९/२५	नेपाल प्रहरीमा दलित सेललाई प्रभावकारी बनाउने सम्बन्धी केन्द्रीयस्तरको अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको।
२०८२/१०/११	सबै किसिमका जातीय विभेद उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५ को सम्बन्धमा सरोकारवाला व्यक्तित्वहरुसँग छलफल गरिएको।
२०८२/१०/१८	प्रतिनिधि सभा निर्वाचन, २०८२ का सन्दर्भमा दलहरूले आ-आफ्ना घोषणापत्रमा समावेश गर्नुपर्ने दलित समुदायको सवालहरूका विषयमा कार्यक्रम सम्पन्न गरिएको।

मिति	कार्यहरू
२०८२/११/०१ देखि ०२ सम्म	दाङमा लुम्बिनी प्रदेश अन्तर्गतका स्थानीय तहका दलित जनप्रतिनिधिहरू र दलित सेलमा कार्यरत प्रहरी कर्मचारीहरूको लागि आयोजित अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको।
२०८२/१२/०७	नेपाल सरकार विभिन्न पदाधिकारी, सञ्चारकर्मी लगायत व्यक्तित्वहरूको उपस्थितिमा ६१ औं अन्तर्राष्ट्रिय जाति तथा रंगभेद उन्मूलन दिवस, २१ मार्च मूल समारोह सम्पन्न गरियो।
२०८२/१२/१२	सुर्खेतमा बलात्कारपछि हत्या गरिएकी इनिशा वि.क.लाई न्याय र दोषी उपर कानूनी कारबाही गर्ने सम्बन्धमा राष्ट्रिय महिला आयोग, मधेशी आयोग, आदिवासी जनजाति आयोग, अधिकारकर्मी एवम् सरोकारवालाहरूसँग छलफल एवम् समन्वयात्मक बैठक सम्पन्न भयो।
२०८२/१२/१६	दलित समुदायका समग्र हकहित र उत्थान लगायतका विषयहरू एवम् नेपाल सरकारबाट स्वीकृत भएको शासकीय सुधारका १०० बुँदे कार्यक्रममध्ये बुँदा नं.५ मा उल्लेख भएको विशेष कार्यक्रम सहित दलित समुदायसँग राज्यका तर्फबाट माफी माग्ने विषयमा आयोगको तर्फबाट नेपाल सरकारलाई सुझाव दिने सन्दर्भमा दलित समुदायसँग सम्बन्धित नेपाल सरकारका पूर्व सचिव, दलित अभियन्ता, विज्ञ, अध्येता लगायतका व्यक्तित्वहरूसँग छलफल गरी सुझाव प्राप्त भयो।
२०८३/०१/१७	सिन्धुली जिल्लाको प्रहरी हिरासतमा रहेको अवस्थामा मृत्यु भएका श्री कृष्ण वि.क.को मृत्युका विषयमा निष्पक्ष छानबिन, अनुगमन, दोषी उपर कानूनी कारबाही लगायतका विषयमा आयोगका पदाधिकारी, विज्ञ, अधिकारकर्मी र पत्रकार बिच छलफल भयो।
२०८३/०१/२३	नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको निजामती सेवा विधेयक, २०८३ मा दलित समुदायका व्यक्तिहरूका लागि आरक्षणको व्यवस्था, सेवा प्रवेश, सरुवा, बढुवा लगायतका समग्र दलित समुदायका व्यक्तिहरूका लागि आयोगको तर्फबाट सुझाव दिने प्रयोजनका लागि निजामती सेवामा कार्यरत दलित समुदायका कर्मचारी एवम् अन्य सरोकारवालाहरूसँग छलफल गरी सुझाव लिने काम भएको।
२०८३/०१/३०	आर्थिक वर्ष २०८३/०८४ का लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहहरूबाट निर्माण गरिने बजेट तथा कार्यक्रममा दलित समुदायको पहुँच, निजको आयस्तर वृद्धि, सीपमूलक एवम् समग्र हित हुने कार्यक्रम ल्याउन दलित समुदायका अगुवा एवम् विज्ञहरूसँग छलफल गरी सुझाव लिइएको।

मिति	कार्यहरू
२०८३/०२/०४	कर्णाली क्षेत्र खासगरी मुगु जिल्लामा रहेका दलित तथा गैरदलित समुदायका पुरुष तथा महिला कलाकारले भोग्नु परेका समस्या, परम्परागत संगीत एवम् बाजाहरूको संरक्षण एवम् नेपाल सरकारका विभिन्न निकायले पुऱ्याउनु पर्ने सहयोगका सम्बन्धमा आयोगका पदाधिकारी र सम्बन्धित कलाकारहरूसँग छलफल एवम् सुझाव लिइएको।
२०८३/०२/२१	जातीय विभेद तथा छुवाछूत उन्मूलन राष्ट्रिय दिवस(जेठ २१)का अवसरमा मिति २०८३ जेठ २१ गते जातीय विभेद तथा छुवाछूत दिवस तथा समीक्षा कार्यक्रम ललितपुरस्थित नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानमा सम्पन्न भयो। राष्ट्रिय दलित आयोगको माननीय अध्यक्ष देवराज विश्वकर्माको अध्यक्षता र प्रतिनिधि सभाका सम्माननीय सभामुख डोल प्रसाद अर्यालको प्रमुख आतिथ्यता तथा महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयका माननीय मन्त्री सीता वादीको विशेष अतिथ्यतामा कार्यक्रम सम्पन्न भएको। कार्यक्रममा प्रतिनिधि सभा र राष्ट्रिय सभाका माननीय सदस्यहरू, अन्य संवैधानिक निकायका माननीय अध्यक्ष र माननीय सदस्यहरू, संविधान सभाका माननीय सदस्यहरू, संघीय संसद्का पूर्व माननीय सदस्यहरू, राष्ट्रिय दलित आयोगका पूर्व माननीय सदस्यहरू लगायतको सहभागिता रहेको थियो।
२०८३/०३/१५	नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत औद्योगिक व्यवसाय विकास प्रतिष्ठानबाट आर्थिक वर्ष २०८२/०८३ मा दलित समुदायका व्यक्तिहरूको परम्परागत सीप विकास, दलित समुदायका व्यक्तिहरूको व्यवसायको प्रवर्द्धन लगायतका कार्यमा सहयोग गर्न सञ्चालन भएको भगत सर्वजित शिल्प उद्यम विकास कार्यक्रम, सोको कार्यान्वयनको अवस्था, समस्या र आर्थिक वर्ष २०८३/०८४ मा कार्यक्रम सञ्चालन सम्बन्धमा उक्त प्रतिष्ठानका पदाधिकारी र आयोगका पदाधिकारीहरूबिच छलफल गरी आयोगको तर्फबाट खेल्नु पर्ने भूमिकाबारे जानकारी लिनेदिने कार्य सम्पन्न भयो।
२०८३/०३/३०	विगत लामो समयदेखि आयोगले उठाउँदै आएको दलित समुदायको समग्र हित र विकासका लागि आवश्यक नेपाल कानून आयोगले तयार पारेको दलितको हक, अधिकार र विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८३ को मस्यौदा, दलित समुदायको थर सूचीकरण तथा दलित समुदायका व्यक्तिहरूमाथि भएको जातीय विभेद एवम् हिंसाका घटनाका सम्बन्धमा दलित समुदायका अध्येता, विज्ञ, अधिकारकर्मी एवम् सरोकारवाला व्यक्तिहरूसँग छलफल एवम् सुझाव लिने कार्य भएको।

मिति	कार्यहरू
	• आयोगको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन तयार गरी मिति २०८२/०६/०९ गते सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेस गरिएको। यसैगरी संवैधानिक व्यवस्था बमोजिम सबै प्रदेशका माननीय प्रदेश प्रमुखज्यूहरू समक्ष पेस गरिएको। • नेपालको ७७ वटै जिल्लाका दलित समुदायका नागरिकबाट नागरिकतामा संशोधन, जन्ममदर्ता, तथा शैक्षिक योग्यताको प्रमाणपत्रमा थर संशोधन एवं थर समावेश, दलित जातीय प्रमाणपत्र प्रमाणीकरणका सम्बन्धमा समस्या भएको भनी प्राप्त गुनासाहरू सम्बोधन गर्न सम्बन्धित निकायहरूमा पत्राचार एवं आवश्यक समन्वय र सहजीकरण भएको। • नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०८२/१२/१३ को बैठकबाट स्वीकृत शासकीय सुधार सम्बन्धी एक सय कार्यसूची अन्तर्गतको बुँदा नं.५ सँग सम्बन्धित घोषणालाई दलित समुदायसँग राज्यका तर्फबाट औपचारिक क्षमायाचना सहित सुधारमुखी कार्यक्रमका लागि १५ वटा विभिन्न सुझावहरू प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय र तत्कालीन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाइएको। • आर्थिक वर्ष २०८३/०८४ का लागि दलित समुदायको जनसंख्याको आधारमा दलित समुदायको हकहितको संरक्षण, सम्बर्द्धन एवं विकासको लागि नीति निर्माण, शिक्षा, स्वास्थ्य, रोजगारी सिर्जना, आयआर्जन, जातीय छुवाछूत अन्त्य हुने खालका कार्यक्रम र बजेट व्यवस्था गरिदिन तत्कालीन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सहित अन्य विषयगत मन्त्रालय, सबै स्थानीय तह, सातै प्रदेशका मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा सिफारिस गरिएको। • प्रस्तावित निजामती सेवा विधेयक, २०८३ का सम्बन्धमा निजामती सेवालाई बढी समावेशी बनाउन दलित जनसंख्याको आधारमा उनीहरूको सेवा प्रवेश, बढुवा प्रणाली र सेवाको सर्तको विषयमा आयोगले आफ्नो सुझाव तत्कालीन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाइएको। • देहायका ऐन संशोधन एवं विधेयक तर्जुमा गर्न महिला, बालबालिका, लैंगिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालयमा सुझाव पठाइएको। - राष्ट्रिय दलित आयोग ऐन, २०७४(संशोधन) - जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव(कसुर र सजाय) ऐन, २०६८(संशोधन) - राष्ट्रिय दलित विकास प्राधिकरण विधेयक(तर्जुमा)

मिति	कार्यहरू
	• सुर्खेतमा बलात्कार पछि हत्या भएको इनिशा वि.क. र सिन्धुलीमा प्रहरी हिरासतमा मृत्यु भएका श्रीकृष्ण वि.क. लगायत दलित समुदायका व्यक्तिहरू माथि भएका हत्या, हिंसा र जातीय छुवाछूतका घटनाहरूको स्थलगत रूपमा छानविन गरी दोषी उपर कानूनी कारबाहीका लागि सिफारिस गरिएको। • लाली बजार नामक चलचित्रले वादी समुदायलाई होच्याउने, अपमान गर्ने, वादी समुदायको परम्परागत मौलिक पहिचान विपरित यौन शोषणजन्य विषयहरू चित्रण गरिएकोले उक्त चलचित्र प्रदर्शन अनुमति नदिन एवं विषयवस्तुको गम्भीरतालाई विचार गरी आवश्यक कानूनी कारबाहीका लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा लेखि पठाइएको।
थरसूची	राष्ट्रिय दलित आयोग ऐन, २०७४ को दफा ३ को खण्ड(छ) मा व्यवस्था भए बमोजिम दलित समुदायको पहिचानका सम्बन्धमा अध्ययन अनुसन्धान गरी थर सूचीकरण गर्न तपसिल बमोजिमको मितिहरूमा नेपाल सरकारलाई सिफारिस गरिएकोः- - मिति २०८०/०१/३१ - मिति २०८०/०८/०७ - मिति २०८१/०५/२७ - मिति २०८१/०८/१६ - मिति २०८२/०७/२६ - मिति २०८२/१०/२३ - मिति २०८३/०२/२६ - मिति २०८३/०५/१० <u>सूचीकरणका लागि सिफारिस भएका थरहरूः-</u> ❑ पहाडी मूलः- ○ दलित ९३३ ○ गैर दलित २१४ ❑ मधेशी मूलः- ○ दलित २१२ ○ गैर दलित <u>४२</u> जम्मा १४०१

४.२ आयोगबाट भएका अध्ययन सम्बन्धी विवरण

१. वादी समुदायको सामाजिक जीवन सम्बन्धी अध्ययन (आ.व. २०८०/०८१)

निष्कर्षः-

बादी समुदाय पनि अन्य समुदाय सरह यस देशको नागरिक हुन्। विकासको मूल प्रबाहबाट निकै टाढा रहेको यस समुदायलाई विकासको मूल प्रवाहमा ल्याउनु राज्यको दायित्व हो। यस समुदायले पनि राज्यबाट प्रदान गरेका सेवा सुविधा उपयोग गर्न पाउनु उसको जन्मसिद्ध र नैसर्गिक अधिकार हो। यो समुदायका केही महिलाहरू विगतमा यौन शोषणमा परेको कारणबाट जन्म दर्ता, विवाह दर्ता र नागरिकता प्राप्तिबाट वञ्चित भई त्यस्ता सेवा सुविधा तथा अवसर पाउन नसकेको कारण यो समुदायलाइ निकै पछाडि पार्ने काम भयो। अहिले वादी समुदायमा शिक्षा, जनचेतनाका कारणबाट निकै परिवर्तन भएको छ र यस समुदायहरूको समग्र विकासका लागि वादी समुदाय स्वयम्, नेपाल सरकार, विभिन्न राष्ट्रिय, अन्तर्राष्ट्रिय संघ/संस्था एवं राजनीतिक दललगायत सरोकार राख्ने सबै व्यक्ति, निकायको जिम्मेवारी र भूमिका भएमा वादी समुदायका विकास र रूपान्तरण सुनिश्चित देखिन्छ। गरिबी वादी समुदायको प्रमुख शत्रु हो। यसो हुनुमा सामाजिक, आर्थिक प्रणाली र उत्पादनका मुख्य साधनहरू जमिन, शिक्षा तथा सीपकला, प्रविधिमा पहुँच नहुनु रहेको छ। अहिले नेपालको संविधानको धारा ४० ले दलित समुदायलाई आफ्नो परम्परागत ज्ञान, सीप, कला र प्रविधिको प्रयोग, संरक्षण तथा विकास गर्ने हक प्रदान गरेको छ। त्यस्तै भूमिहीन दलितलाई एकपटक कानून बनाएर जमिन उपलब्ध गराउनुपर्ने भनेको छ। यी सबै प्रावधानहरू वादी समुदायका लागि पनि अत्यन्तै ठूलो अवसर हो। तर भूमिहीन वादी समुदायको पहिचान गरी उनीहरूको जीविकोपार्जन हुने गरी जमिन उपलब्ध गराउन आवश्यक पहल गर्नुपर्दछ। त्यसका लागि स्वंय वादी विकास समिति, राष्ट्रिय दलित आयोग तथा दलित विकास समितिले समन्वयात्मक रूपमा काम गर्नुपर्दछ।

उच्च शिक्षामा पहुँच बढाउन अहिलेको संविधानको सोही धारा ४० ले दलित समुदायलाई प्राथमिक तहदेखि उच्च शिक्षासम्म कानून बमोजिम छात्रवृत्तिसहित निःशुल्क शिक्षाको व्यवस्था गरिने भनेको छ। त्यस्तै व्यवसायिक र उच्च शिक्षामा दलितका लागि कानून बमोजिम विशेष व्यवस्था गरिने उल्लेख छ। यो व्यवस्थाबाट वादी समुदायले लाभ लिन सक्छन् किनकी दलित आन्दोलनभित्र पनि एउटा मान्यता स्थापित भइसकेको छ। त्यो दलित भित्रका अति विपन्न, अल्पसंख्यक र सीमान्तकृत समुदायले राज्यले प्रदान गर्ने सेवा सुविधाको पहुँचमा पहिलो प्राथमिकता पाउनु पर्दछ। अन्य जीवनउपयोगी तथा रोजगारमुखी ज्ञान, सीपकला र प्रविधिको सन्दर्भमा वादी विकास समितिले आफुले प्रदान गर्ने तालिमहरूलाई पूर्ण रोजगार वा स्वरोजगार सिर्जना गर्ने एकीकृत कार्यक्रमसहित लागु गर्नुपर्दछ। तर सरकारले डेढ वर्ष अघि नै मन्त्रीस्तरीय निर्णयबाट तीनवटै विकास समिति सुचारु गर्ने निर्णय गरिसक्दा समुदायका सम्बद्ध व्यक्ति एवं संघसंस्थाहरू हाइसन्चो कानमा तेल हालेर बस्नाले समिति कोमामा सुतिरहेको छ। अरू विकास समिति राजनीतिक निर्णयबाट स्थापना भएका हुन्। तर वादी विकास समिति ४८ दिनसम्मको राजधानी केन्द्रित आन्दोलनको बलमा स्थापना भएको हो। यो समितिले वादी समुदायको शिक्षा, स्वास्थ्य, रोजगारी सिर्जना, गरिबी न्यूनीकरण तथा उत्पादनका साधनहरूमा पहुँच वृद्धिमा उल्लेख्य टेवा दिन सक्थ्यो।

सुझावः-

वादी समुदायलाई वर्तमान अवस्थाबाट माथि उठाउनका लागि राज्यले ध्यान दिनुपर्ने केही सुझावहरू यसप्रकार रहेको छ।

१. वादी समुदायको सीप, कला, प्रविधि र संस्कृतिलाई उद्यमशीलतको माध्यमबाट गरिबी उन्मूलन र आर्थिक वृद्धिमा जोड दिनुपर्छ।
२. समाजमा आत्मसम्मानपूर्वक सम्मानित जीवनयापनका लागि राज्यले उचित वातावरण तयार गरिदिनुपर्छ।
३. वादी समुदायको विशिष्ट कला संस्कृतिलाई प्रोत्साहित एवम् प्राथमिकता दिएर जीविकोपार्जनसँग जोड्न सक्नुपर्छ।
४. आमाको नामबाट नागरिकता पूर्ण रूपमा प्रदान गराई बाबुविहिन वादी बालबालिकाहरूलाई हिनताबोधबाट मुक्त गराउनु पर्दछ।
५. आफैंभित्रको अथाह ऊर्जाको पहिचान गरी सामुदायिक समन्वयात्मक संस्कारको विकास तथा परिवर्तनकारी समूह तयार गरिनुपर्छ।
६. नेपाल राष्ट्रको विकासमा विशिष्ट बलिदान र योगदान दिइएका वादी समुदायको अग्रजहरूको खोजी, सम्मान, दस्तावेजीकरण र अभिलेखीकरण गरी समुदायमा ऊर्जा र शक्तिको सञ्चार प्रवाह गरिनुपर्छ।
७. वादी समुदाय जनसंख्याको हिसाबले अल्पसंख्यक भएकोले राज्य र विभिन्न दाताहरूले उनीहरूको जीवनस्तर सुधार र आर्थिक समृद्धिका लागि प्रशस्त लगानी बढाउनुपर्दछ।
८. राज्यको स्रोतसाधन वितरणमा समानता एवम् सहभागिता, न्यायमा पहुँच, आत्मसम्मान र उद्यमशीलता विकासका लागि वादी विकास उत्थान राष्ट्रिय मार्गचित्र तयार गरी लागु गरिनुपर्छ।
९. नेपाल सरकार र वादी समुदायका बिचमा विभिन्न समयमा भएका सम्झौता, घोषणा, प्रतिवद्धता र सर्वोच्च अदालतबाट जारी भएका आदेशहरूको कार्यन्वयनको अवस्थालाई अध्ययन गरी तत्काल समन्वय, अनुगमन, मूल्यांकन र निर्देशानात्मक कार्यन्वयनका लागि एक संसदीय समिति गठन गरिनुपर्छ।
१०. वादी समुदायले गरेको राजधानी केन्द्रित ऐतिहासिक आन्दोलनको बलमा गठित वादी विकास समितिलाई यथाशिघ्र पुर्नःस्थापन र सुचारू गरिनुपर्छ।
११. वादी समुदायको अस्तित्व, इतिहास, पहिचान, शिल्पकला, संस्कृति, सम्पदा र सभ्यता संरक्षण तथा आत्मसम्मन, स्वाभिमान र सम्मानित जीवनयापनका लागि स्वयम् समुदाय नै अग्रसर हुनुपर्छ।
१२. वादी समुदायका लागि तिनै तहका (स्थानीय सरकार, प्रदेश सरकार तथा संघीय) सरकारले गाँस, बास, कपास, शिक्षा, रोजगार र औषधोपचारको व्यवस्था र सुनिश्चित गरिनुपर्छ।
१३. वादी समुदायलाई राज्यको मूलप्रवाहीकरण गर्न, समान सहभागिता र नेतृत्व विकास गराउन हरेक राजनीतिक दलहरूमा जनसंख्याको अनुपातमा अनिवार्य सहभागीता गराउने नीतिगत व्यवस्था गरिनुपर्छ।

२. गन्धर्व जाति एक अध्ययन (आ.व.२०७९/०८०)

हाल नेपालको जनसंख्या झन्डै तीन करोड रहेको छ। नेपालका १२५ जातिमध्ये अनादिवासी गन्धर्व जाति पनि एक हो। वि.सं. २०५८ सालको जनगणनानुसार गन्धर्वहरूको मात्रै ५ हजार आठ सय ८७ रहेको छ। अर्थात् नेपालको कुल जनसंख्याको ०.२१ प्रतिशत रहेको तथ्यांकले देखाएको छ। वि.सं. २०६८ सालको जनगणना अनुसार गन्धर्व जातिको जनसंख्या ६ हजार सात सय ९१ छ, जसमध्ये कास्कीमा ६ सय २४ जना रहेका

छन्। कास्कीमा मात्रै एक सय २४ घरधुरीमा ६५ वटा त पोखराको बाटुलेचौरमा मात्रै छन्। यो जातिको मुख्य बसोबासस्थल गण्डकी प्रदेशको कास्की जिल्ला हो भने अन्य विभिन्न जिल्लाहरूमा बाग्लुङ्ग, पाल्पा, दैलेख, सुर्खेत, भोजपुर तथा जाजरकोटमा पनि यिनीहरूको बसोबास रहेको पाइन्छ।

कलाकौशल, सीप—प्रविधि र सृजनशीलतामा राष्ट्रिय स्तरमै अब्बल भए जस्तै सांस्कृतिक रूपमा पनि गन्धर्व जाति अगाडि नै रहेको छ। तर नेपालको तहगत विभेदपूर्ण जातीय संरचना, अज्ञानता, आफनो कला संस्कृति संरक्षणप्रति चेतनाको अभाव, गहिरो खोज, अनुसन्धानको कमी, संस्कृतिको संरक्षणमा राज्यको उदासिनताले गर्दा गन्धर्व जातिको मौलिक लोक संस्कृति लोप हुने अवस्थामा रहेको छ। अहिलेसम्म पनि अपेक्षाकृत उनीहरूको विशिष्ट कला संस्कृतिको अध्ययन अनुसन्धान हुनसकेको छैन। त्यसको विस्तृत अध्ययन अनुसन्धान र खोजविन गर्नुपर्ने खाँचो अहिलेसम्मको स्थितिले पुष्टि गरेको छ

संङ्गीत संस्कृतिको हिसाबले नेपाल मात्रै नभएर विश्वकै लागि अमूल्य रहेको अरबाजो र सारङ्गीलाई विश्वसम्पदा सूचीमा सूचीकरण गरिनुपर्दछ। राज्यले छुट्टै प्रतिष्ठान स्थापना गरी नेपालको साङ्गीतिक सिमान्तकृत जाति गन्धर्वलाई संस्कृतिको मूलप्रवाहमा ल्याउनैपर्दछ। आधुनिक आर्केष्टाको निर्माण गरी उनीहरूको गीत—संङ्गीतलाई आधुनिकीकरण गरिनुपर्दछ। संङ्गीत सहचारीको रूपमा विभिन्न देशको राजदूतावासहरूमा उनीहरूलाई नियुक्तिको व्यवस्था गरिनुपर्दछ। कस्मेटिक प्रकारको वर्तमान गीत—संङ्गीतको बाढीमा गन्धर्व जातिलाई उनीहरूको मौलिकपन बचाउन निकै हम्मेहम्मे परिरहेको छ। भीडहरूको बीचमा गन्धर्व जातिको विशेष स्थान रहेको छ। तर यसबाट जीविकोपार्जन हुन नसकेकोले अरू कामबाट आम्दानी हुने, सारंगी बजाएर गुजारा नहुने र गन्धर्वको सामाजिक प्रतिष्ठामा समेत जातीय भेदभावको शिकार बन्नु परिरहेको छ। सामन्ती व्यवस्थाको राप र तापले सारंगी बजाएर मनोरञ्जन गर्ने, गराउने यी लोकप्रिय सांगीतिक जाति गन्धर्व र सारंगी लोप हुने अवस्थामा पुगेका छन्। उनीहरूको मौलिक सांस्कृतिक सम्पदा संरक्षणको लागि राज्यले विशेष सांस्कृतिक नीति बनाई लागु गर्नुपर्दछ। सर्वव्यापी, प्रभुत्ववादी शक्तिशाली जातीय प्रथाले मूलतः राज्य अहिलेसम्म एकात्मकवादी मानसकिताबाट ग्रसित छ।

अतः उनीहरूको जिविकोपार्जन र राष्ट्रिय मुलधारमा ल्याउनको लागि निम्न कुरा अविलम्ब गर्न खाँचो देखिन्छ।

१. जातीय विभेदका कारणले गर्दा नै आज गन्धर्व जातिको मौलिक जातीय कलासंस्कृति लोप भैरहेको अवस्था छ। लोपोन्मुख गन्धर्व जातिमा रहेको मौलिक लोक तथा परम्परागत गीत, नाच, भाषा, संस्कृति, नाटक र वाद्यवादनको अभिलेखीकरण, संरक्षण, सम्बर्द्धन र विकास गराउने।

२. गन्धर्व जातिका नयाँ पुस्तामा समेत आफ्नो जातीय लोक संस्कृतिप्रति विकर्षण बढ्दै गएको पाइन्छ। त्यसलाई मूलप्रवाहीकरण गर्नको लागि स्थानीय तह, प्रादेशिक र संघीय सरकारले ध्यान दिनुपर्ने।

३. अमूर्त सांस्कृतिक सम्पदा संरक्षणमा राज्यको उदासिनता, समुदायमा आर्थिक अभाव, जातीय भेदभाव, विश्वव्यापीकरणको प्रभाव, वैदेशिक रोजगारी, शिक्षा र चेतनाको कमी र गन्धर्व कलासंस्कृतिलाई सम्बन्धित समुदायमा राज्यले जिविकोपार्जनसँग जोडिदिँदा गन्धर्व जाति र संस्कृति नै लोप हुनबाट बच्ने र राष्ट्रिय रूपमा हितकर हुनेछ।

४. गन्धर्व जातिमा मात्रै प्रचलनमा रहेको अरबाजो, सारङ्गीका लोपोन्मुख राग/धुनको अनुसन्धान गरी श्रव्यदृष्य छायाङ्कन गरी त्यसलाई प्रकाशन, अभिलेखीकरण गरी त्यस समुदायका युवाहरूलाई व्यवसायीकरणमा लाग्न पेरित गरिनुपर्दछ।

५. गन्धर्व जातिको बौद्धिक अमूर्त सांस्कृतिक (प्रर्दशनकारी कला) सम्पदाको संरक्षणको सुनिश्चितता गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा प्रचारप्रसार गर्ने।

६. गन्धर्व जातिको मौलिक सीपकला, प्रविधि तथा सङ्गीत संस्कृतिको पहिचान, संरक्षण र प्रवर्द्धनमा समेत पर्याप्त योगदान पुग्नुका साथै परम्परागत अमूर्त सांस्कृतिक धरोहरहरूको संरक्षणमा नयाँ पुस्ताको सहभागिता गराउने कियाकलापहरू गर्ने।

७. सरकारले स्थापना गरेको विभिन्न एकेडेमीहरूमा अक्सर राजीतिक झुकाव राख्नेहरूकै नियुक्ति हुने गरिएकोले गन्धर्व जातिले उचित स्थानमा पहुँच पुऱ्याउने।

८. गन्धर्व जातिको मौलिक सङ्गीत तथा संस्कृतिको संरक्षणको लागि आधुनिक आर्केष्ट्रा स्थापना तथा बाजालाई आधुनिकीकरण गर्ने।

९. गन्धर्व जातिको सङ्गीत तथा संस्कृतिको दीर्घकालीन संरक्षण, सम्बर्द्धन र विकासका लागि विश्वविद्यालय तथा प्रर्दशनकारी कला प्रज्ञा–प्रतिष्ठान स्थापना गर्ने।

१०. गन्धर्व जातिको मौलिक सङ्गीत, संस्कृति तथा सभ्यताको संरक्षणको लागि आधुनिक आर्केष्ट्रा स्थापना तथा बाजालाई आधुनिकीकरण गर्ने।

११. विभिन्न राजमार्ग तथा विमानस्थलको नामकरण गन्धर्वका ख्यातिप्राप्त पूर्वजहरूको नामबाट नामकरण गरिनु पर्दछ। "झलकमान पोखरा अन्तर्राष्ट्रिय विमानस्थल" नामकरण गर्दा न्याय हुनसक्ने देखिन्छ। किनकी झलकमान गन्धर्वले नेपाली संस्कृतिको श्रीवृद्धिमा एक युग समान योगदान दिइसक्नु भएको छ।

३. कर्णालीमा दलित समुदायको अवस्थाको अध्ययन तथा तथ्यांक संकलन (आ.व. २०८१/०८२)

निष्कर्ष

"कर्णाली दलित समुदायको अवस्थाको अध्ययन तथा तथ्यांक संकलन" शीर्षकमा गरिएको यस अध्ययनबाट निम्न अनुसारको निष्कर्षहरू निकालिएको छ।

१. विभिन्न विशेष कार्यक्रम तथा प्रयासहरूका बाबजुद पनि अन्य जातिको तुलनामा कर्णालीका दलितहरू राज्यका हरेक निकाय र तहमा पहुँच कम रहेको पाइयो। कमजोर आर्थिक अवस्था, सामाजिक भेदभाव, कुसंस्कार आदि कारणहरूले राज्यका हरेक निकाय र तहमा पहुँच तथा सहभागितामा अवरोध खडा गरेको देखिन्छ।

२. समाजमा सामाजिक समानता कायम गर्न राज्यको नीति निर्माणको तहमा दलितहरूको प्रतिनिधित्व गराई उनीहरूकै सहभागितामा उनीहरूकै इच्छा, आवश्यकता, रुचि तथा माग अनुसारको विशेष कार्यक्रमद्वारा विकास गर्नु पर्ने देखिन्छ। यसो गर्दा दलितहरूलाई राज्य र राज्यका निकाय तहहरूमा पहुँच पुऱ्याउन सकिन्छ।

३. सामाजिक भेदभाव, कुसंस्कार विरुद्धमा विभिन्न चेतनामूलक कार्यक्रम गाउँ गाउँसम्म फैलाउने, आयमूलक कार्यक्रमहरू मार्फत उनीहरूको जीवनस्तर माथि उकास्न सहयोग पुऱ्याउने आदि कार्यहरू गर्न आवश्यक देखिन्छ।

४. नेपालको संविधानमा मौलिक हकको रूपमा व्यवस्था गरिएका नागरिक, राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको प्रभावकारी रूपमा कार्यान्वयन गरी कर्णाली दलित समुदायको अधिकारको संरक्षण र सम्बर्द्धन गर्नुपर्ने देखिन्छ।

५. दलित समुदायको आर्थिक सामाजिक तथा सांस्कृतिक राजनीतिक, शैक्षिक लगायत समग्र अवस्थामा सुधार ल्याउनका लागि दिर्घकालीन ठोस नीति कार्यक्रम बजेट तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ।

६. जातीय भेदभाव तथा छुवाछूत सम्बन्धी कानूनहरू कार्यान्वयन गर्ने निकायहरूलाई सक्षम बनाउनु साथै आम नागरिकहरूलाई यस विषयमा जनचेतना अभिवृद्धि गर्नुपर्ने देखिन्छ।

७. जातीय भेदभाव तथा छुवाछूत जन्य कार्यहरूलाई उच्च प्राथमिकताका साथ कानूनी कारवाहीको दायरामा ल्याउनु पर्ने। सरकारका हाल भैइरहेका निकाय तथा संयन्त्रहरूले सक्रिय र क्रियाशिल भई काम गर्नुपर्ने देखिन्छ।

८. सार्वजनिक सेवामा दलितको सहभागिता सुनिश्चित गर्नका लागि सरकारले दलित समुदायको क्षमता विकास, समावेशीकरणका विशेष उपाय, आरक्षणको व्यवस्थाको प्रभावकारी कार्यान्वयन साथै विशेष खालका कार्यक्रम गर्नुपर्ने देखिन्छ।

९. राजनीतिक नेतृत्व, सरकारका महत्वपूर्व जिम्मेवारी र दायित्व वहन गर्ने व्यक्तित्व, सामाजिक अभियन्ता, मानव अधिकार कर्मी, नागरिक समाज, धार्मिक गुरुहरूको दृढ सोच र प्रतिवद्धताका साथ जातीय भेदभाव तथा छुवाछूत विरूद्धको अभियान सञ्चालन गर्नुपर्ने देखिन्छ।

१०. सञ्चार माध्यमले समाचार सम्प्रेषण गर्दा पूर्वाग्रह नराखी जातीय विभेदका घटना र तथ्यलाई प्राथमिकताका साथ प्रकाशन गरिनु पर्ने। साथै समाजमा जातका आधारमा हुने सबै किसिमका विभेदको अन्त्यका लागि भएका राम्रा तथा उदाहरणीय घटना वा तथ्यलाई जन समक्ष ल्याउने पर्ने देखिन्छ ।

११. विभिन्न खोजमुलक कार्यक्रमद्वारा दलितहरूको वास्तविकता पत्ता लगाई उनीहरूलाई प्रत्यक्ष सहभागी गराउँदै उनीहरूकै सहभागितामा आर्थिक सुधारका कार्यक्रमहरू लागु गर्नुपर्ने देखिन्छ।

१२. दलित छात्रवृत्तिको कोटा वृद्धि गरी सम्पूर्ण दलित विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिनुपर्दछ साथै छात्रवृत्ति रकममा वृद्धि गरी नियम अनुसार वितरण भए नभएको अनुगमन गर्नुपर्ने देखिन्छ।

१३. कर्णाली प्रदेशका स्थानीय तहहरूमा ३४ वटा वडाहरूमा दलित महिला सदस्य रिक्त छन्। त्यत्रो जनप्रतिनिधिहरू रिक्त किन र कसरी रहे त्यसको अध्ययन अनुसन्धान गरी आगामी निर्वाचनमा प्रतिनिधित्व गराउन सम्बन्धित निकाय र क्षेत्रमा पहल गर्नुपर्ने देखिन्छ।

सुझावहरू

"कर्णालीका दलित समुदायको अवस्थाको अध्ययन तथा तथ्याङ्क संकलन" शीर्षकमा गरिएको यस अध्ययनबाट निम्न अनुसारका सुझावहरू पेस गरिएको छ।

१. सबै तहका निर्वाचित दलित जनप्रतिनिधिको क्षमता विकासका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नुपर्ने।

२. संविधानको धारा ४० को कार्यन्वयन गर्न भूमिहीन दलितहरूलाई भूमि तथा आवासको समस्या समाधानका लागि दलितका लागि आवास कार्यक्रम सञ्चालन गर्नुपर्ने।

३. कर्णाली प्रदेशका बसोबास गर्ने दलित समुदायको आर्थिक सम्वृद्धि तथा रोजगारीमा पहुँच अभिवृद्धिका लागि सबै पालिकाहरूमा एक दलित परिवार एक रोजगार कार्यक्रम सञ्चालन गरिनुपर्ने।

४. दलित समुदायका न्यून आय भएका, अशक्त, अपाङ्गता भएका, ज्येष्ठ नागरिक, दीर्घ रोगीका लागि गरिव दलित निःशुल्क स्वास्थ्य बीमा तथा निःशुल्क स्वास्थ्य उपचार कार्यक्रम सञ्चालन गर्नु पर्ने।

५. जातीय भेदभाव तथा छुवाछूत (कसुर सजाय) ऐन, २०६८ को प्रभावकारी कार्यान्वयनका लागि नेपाल प्रहरीलाई आवश्यक प्रशिक्षण तथा तालिमको व्यवस्थाका लागि नेपाल प्रहरी दलित सेल, सहायता कक्षमा प्रहरी कर्मचारीहरूलाई प्रशिक्षण कार्यक्रम सञ्चालन गर्नुपर्ने।

६. छुवाछूत तथा सामाजिक विभेदको पूर्ण रूपमा अन्त्य गर्नका लागि सबै पालिकाहरूमा दलित समुदायको उजुरी तथा घटनाहरूको जानकारी लिन सामाजिक विभेदका घटनाहरूलाई कानूनी दायरामा ल्याउन मानव मर्यादा तथा सामाजिक न्याय कार्यक्रम सञ्चालन गर्नुपर्ने।

७. निजामती सेवामा दलितहरूको सहभागिता बढाउन दलितका लागि लोक सेवा तयारी कक्षा कार्यक्रम सञ्चालन गर्नुपर्ने।

८. कर्णालीका दलित बालबालिकाको शिक्षाका लागि प्रदान गरिँदै आएको छात्रवृत्ति रकममा दोब्बर गरिनु पर्ने। संघ, प्रदेश र स्थानीय तहको समन्वयमा दलित छात्रवृत्ति कोष स्थापना गरिनु पर्ने। साथै उच्च शिक्षा, प्राविधिक शिक्षा तर्फ डाक्टर, इन्जिनियरिङ्ग लगायतको अध्ययन तालिमका लागि कर्णाली प्रदेशमा दलितका लागि आवासीय प्राविधिक शिक्षालय स्थापना गर्नुपर्ने।

९. प्राविधिक शिक्षामा पहुँच नपुगेकोले आवासीय सुविधा सहितको छात्रवृत्तिको व्यवस्था मिलाइनु पर्ने। कर्णाली प्रदेशमा दलित विद्यार्थीहरूकै विशेष अध्ययनका लागि प्रदेशमा दलित बालबालिकाका लागि प्राविधिक शिक्षालय स्थापना गर्नुपर्ने।

१०. कर्णालीमा वादी समुदायको मौलिक संगीत तथा संस्कृतिको दीर्घकालिन संरक्षण, सम्बर्द्धन र विकासका लागि वादी समुदायको मौलिक संगीत विश्वविद्यालय तथा प्रर्दशनकारी कला प्रज्ञा प्रतिष्ठान स्थापना गनुपर्ने।

११. कर्णालीका दलित समुदायको परम्परागत सीप, पेशा, व्यवसाय, कलाको आधुनिकीकरण गर्दै सोको समुचित विकासका लागि विशेष तालिमका निम्ति कार्यक्रम सञ्चालन गर्नुपर्ने। उनीहरूको परम्परागत पेसालाई व्यवसायीकरण गर्न सहकारीमा संगठित गर्दै आधुनिक व्यवसायमा रूपान्तरण तथा प्रवर्द्धन गर्न सहकारी मार्फत प्रोत्साहन गर्न दलितहरूका पेसागत सीप विकास कार्यक्रम सञ्चालन गरिनु पर्ने।

१२. कर्णालीका दलित बालबालिकाको शिक्षाका लागि तथा शैक्षिक सामग्री उपलब्ध गराउनुका साथै शैक्षिक सामग्री तथा दिवा खाजा कार्यक्रम ल्याउनु पर्ने।

१३. कर्णाली देशमा रहेका मुक्त हलिया समुदायको पुनःस्थापनाका लागि हलिया र दलित बस्तीहरूको पहिचान गरी उनीहरूको शिक्षा, जीविकोपार्जन, आयआर्जन सहित पूर्ण रूपमा पुनःस्थापनाको लागि मुक्त हलिया पुनःस्थापना कार्यान्वयन कार्यक्रम ल्याउनुपर्ने।

१४. जातीय भेदभाव विरुद्धका सचेतनामूलक अभियान सञ्चालन गर्दै सबै प्रकारका सञ्चार माध्यमबाट सो सँग सम्बन्धित सामग्रीहरूको प्रकाशन, टेलिफिलिम, नाटक प्रदर्शन तथा प्रसारण गर्ने व्यवस्था गर्न जातीय भेदभाव विरुद्धका सचेतनामूलक प्रकारका सञ्चार कार्यक्रम गर्नुपर्ने।

४. कर्णाली प्रदेशका बिटालु समुदायको एक समग्र अध्ययन (आ.व. २०८२/०८३)

निष्कर्ष

कर्णाली प्रदेशका विभिन्न जिल्लामा गरिएको अध्ययनबाट "बिटालु" शब्द कुनै परम्परागत जाति वा समुदायको नाम नभई अन्तरजातीय विवाहबाट उत्पन्न सामाजिक सम्बन्धलाई अपमानजनक रूपमा चिनाउन प्रयोग गरिएको विभेदकारी पहिचान भएको स्पष्ट देखिन्छ। विशेषगरी गैरदलित पुरूषले दलित महिलासँग विवाह गरेपछि

सम्बन्धित व्यक्ति तथा तिनका सन्तानलाई समाजबाट अलग्याउन, उनीहरूको सामाजिक हैसियत घटाउन र पारिवारिक तथा सामुदायिक अधिकार सीमित गर्न "बिटालु" भन्ने शब्द प्रयोग गरिएको पाइयो। समयक्रममा यही सामाजिक विभेद प्रशासनिक संरचनासम्म पुग्यो र जन्मदर्ता, नागरिकता, शैक्षिक प्रमाणपत्र तथा अन्य सरकारी कागजातहरूमा समेत "बिटालु" थर लेखिने अभ्यास विकसित भयो। यसले सामाजिक रूपमा सिर्जित विभेदलाई राज्यका अभिलेखमार्फत संस्थागत मान्यता दिएको अवस्था देखिन्छ र यो जात व्यवस्थाकै नतिजा हो।

अध्ययनका क्रममा भेटिएका अनुभवहरूले "बिटालु" पहिचानले व्यक्तिको जीवनमा कति गहिरो प्रभाव पार्छ भन्ने स्पष्ट पार्छन्। उदाहरणका लागि कालिकोटको थिर्पुका बिमलका बुवाको नाम कालीबहादुर बिटालु रहेको छ। बिमलले वंशजको आधारमा नागरिकता प्राप्त गर्दा आफ्नो नाम "बिमल बम" लेखेका छन् तर विद्यालयका सम्पूर्ण कागजातमा "बिमल बिटालु" उल्लेख छ। नागरिकता र शैक्षिक प्रमाणपत्रबिच नाम फरक भएका कारण उनी सरकारी सेवामा प्रवेश गर्न कठिनाइ भोगिरहेका छन्। यसले प्रशासनिक अभिलेखमा रहेको विभेदकारी पहिचानले व्यक्तिको शिक्षा, रोजगारी र भविष्यका अवसरमा प्रत्यक्ष असर पुऱ्याउने तथ्य उजागर गर्दछ।

त्यसैगरी मुगुको सिंगाडीका दिपक बिटालुको अनुभव पनि गम्भीर प्रकृतिको छ। उनी नेपाली सेनामा दलित कोटा अन्तर्गत आवेदन दिन जाँदा "बिटालु" दलित समुदायभित्र पर्दैन भन्ने जवाफ पाए। तर जब उनले सम्बन्धित कार्यालयमा "बिटालु" कुन जातिमा पर्छ भनेर स्पष्टता खोजे, त्यहाँ पनि कुनै निश्चित उत्तर प्राप्त भएन। परिणामस्वरूप उनी न दलित कोटाबाट अवसर प्राप्त गर्न सके, न त आफ्नो जातीय पहिचानबारे स्पष्ट प्रशासनिक मान्यता नै पाए। यस्तो अवस्था राज्यका अभिलेख र सामाजिक संरचनाबिचको अन्योलको परिणाम हो, जसले नागरिकलाई आफ्नै पहिचानको संकटमा पारिरहेको छ।

अध्ययनले देखाएअनुसार "बिटालु" थर प्रयोग गर्ने व्यक्तिहरू सामाजिक अपमान, सांस्कृतिक अस्वीकृति, पहिचानको संकट, अंश तथा सम्पत्तिको अधिकारबाट वञ्चित हुने अवस्था, विवाह सम्बन्धमा विभेद तथा बाध्यतामूलक बसाइँसराइ जस्ता समस्याबाट प्रभावित छन्। कतिपय बिटालुहरू गाउँबाट निर्वासित हुन बाध्य छन्। कोही तराईतिर झरेका छन् भने कोही भारतका विभिन्न सहरमा बस्न बाध्य रहेको तिनका आफ्ना आफन्तले बताउँछन्।

आफ्नै समाज र गाउँठाउँमा उनीहरूलाई न पूर्ण रूपमा दलित समुदायले स्वीकार गरेको पाइन्छ, न गैरदलित समुदायले। यसरी उनीहरू दुई सामाजिक समूहबिचको अस्पष्ट अवस्थाको सिकार बनेका छन्। सामाजिक बहिष्करणको यो रूपले उनीहरूको आत्मसम्मान, सामाजिक सहभागिता तथा समग्र जीवनस्तरमा नकारात्मक प्रभाव पारेको देखिन्छ।

नेपालको संविधान २०७२ ले समानता, सामाजिक न्याय, मानव गरिमा तथा विभेदविरूद्धको अधिकारलाई मौलिक अधिकारका रूपमा सुनिश्चित गरेको छ। संविधानको धारा १८ ले सबै नागरिकलाई कानूनको दृष्टिमा समान हुने व्यवस्था गरेको छ भने जात, जाति, वंश, उत्पत्ति वा सामाजिक अवस्थाका आधारमा हुने कुनै पनि प्रकारको भेदभावलाई निषेध गरेको छ। यस दृष्टिकोणबाट हेर्दा "बिटालु" जस्तो सामाजिक रूपमा अपमानजनक अर्थ बोकेको शब्दलाई सरकारी अभिलेखमा प्रयोग गर्नु संविधानको भावना तथा मानवअधिकारका अन्तर्राष्ट्रिय मान्यतासँग मेल खाने विषय देखिँदैन।

ऐतिहासिक रूपमा हेर्दा नेपालमा जातीय विभाजनलाई संस्थागत बनाउने कार्य विभिन्न कानूनी व्यवस्थामार्फत भएको पाइन्छ। मुलुकी ऐन, १९१० ले नेपाली समाजलाई तागाधारी, मतवाली र शूद्र गरी वर्गीकरण गरेको थियो। शूद्र समुदायलाई समेत पानी नचल्ने तर छोइछिटो हाल्नु नपर्ने र पानी नचल्ने तथा छोइछिटो हाल्नुपर्ने

गरी विभाजन गरिएको थियो। दमाई, कामी, सार्की, गाइनेलगायतका समुदायलाई तल्लो सामाजिक तहमा राखिएको थियो। यद्यपि उक्त ऐनमा "बिटालु" कुनै जाति वा समुदायका रूपमा उल्लेख भएको पाइँदैन। त्यसैले "बिटालु" कुनै ऐतिहासिक जाति पहिचान नभई स्थानीय सामाजिक व्यवहार र जातीय पूर्वाग्रहको उपज भएको निष्कर्ष निकाल्न सकिन्छ।

त्यसैगरी केन्द्रीय तथ्याङ्क विभागको सन् १९९१ को जनगणनामा दलित समुदायअन्तर्गत चमार, खत्वे, मुसहर, धोवी, गाइने, दमाई, सार्की, वादी, दुसाध र कानूलगायतका जातिहरूको उल्लेख पाइन्छ। तर "बिटालु" नामक कुनै जाति वा समुदायको अलग पहिचान गरिएको छैन। यस तथ्यले पनि "बिटालु" कुनै स्थापित जातीय समूह नभई सामाजिक रूपमा थोपरिएको पहिचान भएको पुष्टि गर्दछ। अध्ययनका सहभागीहरूले पनि आफूहरूलाई पुख्यौंली थर, वंशजको पहिचान वा पारिवारिक मूल थरबाट चिनिन चाहेको बताएका छन्। उनीहरूको मुख्य माग भनेको अपमानजनक र विभेदकारी अर्थ बोकेको "बिटालु" शब्द हटाई सम्मानजनक पहिचान कायम गरिनु हो।

अध्ययनबाट प्राप्त निष्कर्षका आधारमा राज्यका निकाय, स्थानीय तह, जिल्ला प्रशासन कार्यालय, विद्यालय, नागरिक समाज तथा मानवअधिकारका क्षेत्रमा कार्यरत संस्थाहरूले यस विषयलाई गम्भीर रूपमा लिन आवश्यक देखिन्छ। विशेष गरी जन्मदर्ता, नागरिकता, शैक्षिक प्रमाणपत्र तथा अन्य सरकारी अभिलेखमा रहेका "बिटालु" सम्बन्धी विवरणलाई सम्बन्धित व्यक्तिको वंश, पुख्यौंली थर वा कानूनी पहिचानका आधारमा सच्याउने व्यवस्था गर्नुपर्छ। साथै यस विषयमा स्पष्ट नीतिगत व्यवस्था गरी कुनै पनि नागरिकले आफ्नो सामाजिक पृष्ठभूमिका कारण शिक्षा, रोजगारी वा राज्यका सेवा सुविधाबाट वञ्चित हुन नपर्ने वातावरण सुनिश्चित गरिनुपर्छ।

समग्रमा, "बिटालु" शब्द नेपाली समाजमा अन्तरजातीय सम्बन्धमाथि आधारित विभेदकारी सोचको परिणामस्वरूप विकसित भएको सामाजिक पहिचान हो। यसको प्रयोगले व्यक्ति तथा समुदायको सम्मान, अवसर र अधिकारमा नकारात्मक प्रभाव पारेको छ। अध्ययनले देखाएको यथार्थका आधारमा "बिटालु" लाई जातीय पहिचानका रूपमा नभई ऐतिहासिक सामाजिक विभेदको अवशेषका रूपमा बुझ्न आवश्यक छ।

त्यसैले सम्बन्धित सबै सरोकारवाला निकायहरूले मानव गरिमा, सामाजिक न्याय र संवैधानिक समानताको मर्मअनुसार "बिटालु" सम्बन्धी प्रशासनिक अभिलेख सच्याउने तथा प्रभावित व्यक्तिहरूको सम्मानजनक पहिचान स्थापित गर्ने दिशामा आवश्यक पहल गर्नुपर्ने देखिन्छ।

सिफारिस

अध्ययनबाट प्राप्त निष्कर्ष, सहभागीहरूको अनुभव तथा विद्यमान सामाजिक—प्रशासनिक अवस्थालाई आधार मानी निम्न सिफारिसहरू प्रस्तुत गरिएको छ।

१. "बिटालु" थर वा पहिचानका कारण प्रभावित भएका व्यक्तिहरूले आफ्नो पुख्यौंली वा वंशजको आधारमा थर सच्याउन चाहेको अवस्थामा सम्बन्धित सरकारी निकाय, स्थानीय तह तथा सरोकारवाला संस्थाहरूले आवश्यक सहयोग र सहजीकरण गर्नुपर्छ।

२. जन्मदर्ता, नागरिकता, शैक्षिक प्रमाणपत्र तथा अन्य सरकारी कागजातमा "बिटालु" जस्ता विभेदकारी र अपमानजनक शब्द प्रयोग गर्न नपाइने गरी स्पष्ट कानूनी तथा नीतिगत व्यवस्था गर्नुपर्छ।

३. "बिटालु" थर सच्याई पुख्यौंली, पैतृक वा कानूनी रूपमा प्रमाणित वंशजका आधारमा सम्मानजनक पहिचान कायम गर्ने प्रक्रियालाई सरल, छिटो र निःशुल्क बनाउनुपर्छ।

४. स्थानीय तह, जिल्ला प्रशासन कार्यालय, वडा कार्यालय तथा सम्बन्धित निकायका कर्मचारीहरूलाई मानवअधिकार, जातीय समानता तथा विभेदविरूद्ध नियमित अभिमुखीकरण तालिम प्रदान गर्नुपर्छ।

५. अन्तरजातीय विवाह संविधान र कानुनद्वारा संरक्षित अधिकार भएको तथा विवाहका कारण कसैको जात, मानव मर्यादा वा नागरिक अधिकार नघट्ने विषयमा व्यापक जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्छ।

६. "बिटालु" पहिचान भएका परिवारहरूको सामाजिक, आर्थिक, शैक्षिक तथा सांस्कृतिक अवस्थाबारे विस्तृत अध्ययन र तथ्याङ्क संकलन गर्नुपर्छ।

७. विभेद, बहिष्करण वा प्रशासनिक समस्यामा परेका व्यक्तिहरूलाई निःशुल्क कानूनी सहायता, परामर्श सेवा तथा सामाजिक संरक्षणका कार्यक्रम उपलब्ध गराउनुपर्छ।

८. "बिटालु" परिवारभित्र महिलाहरूको सामाजिक अवस्था, निर्णय प्रक्रियामा सहभागिता, शिक्षा, स्वास्थ्य तथा आर्थिक पहुँचबारे विशेष अध्ययन गर्नुपर्छ।

९. "बिटालु" परिवारहरू कति मात्रामा सामाजिक दबाबका कारण बसाइँसराइ गर्न बाध्य भएका छन् भन्ने विषयमा अनुसन्धान गर्नुपर्छ।

१०. अंश, सम्पत्ति तथा पारिवारिक अधिकारबाट वञ्चित भएका "बिटालु" परिवारहरूको अवस्था पहिचान गरी न्यायिक तथा सामाजिक समाधानका कार्यक्रम सञ्चालन गर्नुपर्छ।

११. "बिटालु" परिवारका छोराछोरीहरूको विवाह कुन—कुन जाति, समुदाय वा सामाजिक समूहसँग भइरहेको छ भन्ने विषयमा अध्ययन गरी सामाजिक स्वीकृतिको अवस्था विश्लेषण गर्नुपर्छ।

१२. स्थानीय सरकारहरूले "बिटालु" समुदायको सांस्कृतिक, सामाजिक तथा प्रशासनिक सहभागिताको अवस्थाबारे नियमित अध्ययन तथा अनुगमन कार्यक्रम सञ्चालन गर्नुपर्छ।

१३. विद्यालय, क्याम्पस तथा शैक्षिक संस्थाहरूमा जातीय विभेद तथा अपमानजनक सम्बोधनविरुद्ध स्पष्ट आचारसंहिता लागु गर्नुपर्छ।

१४. विद्यालयका अभिलेखमा "बिटालु" लगायत विभेदकारी थर वा पहिचानका कारण समस्या भोगिरहेका विद्यार्थीहरूको तथ्याङ्क संकलन गरी आवश्यक सुधार प्रक्रिया अघि बढाउनुपर्छ।

१५. "बिटालु" पहिचानका कारण रोजगारी, सुरक्षा निकाय, सार्वजनिक सेवा वा अन्य अवसरहरूमा परेको प्रभावबारे अध्ययन गरी नीतिगत सुधार गर्नुपर्छ।

१६. स्थानीय सरकार, राष्ट्रिय दलित आयोग, मानवअधिकार आयोग तथा नागरिक समाजबिच समन्वय गरी विभेद न्यूनीकरणका संयुक्त कार्यक्रम सञ्चालन गर्नुपर्छ।

१७. अन्तरजातीय विवाह गरेका परिवारहरूको सुरक्षा, सामाजिक पुनःस्थापना तथा सम्मानजनक जीवनयापन सुनिश्चित गर्न विशेष सहयोग कार्यक्रम सञ्चालन गर्नुपर्छ।

१८. "बिटालु" शब्दको उत्पत्ति, प्रयोग, सामाजिक प्रभाव तथा ऐतिहासिक पृष्ठभूमिबारे थप अनुसन्धान गरी प्रमाणमा आधारित नीति निर्माण गर्नुपर्छ।

१९. संविधानले सुनिश्चित गरेको समानता, सामाजिक न्याय र मानव अधिकार सम्बन्धी विषयलाई स्थानीय पाठ्यक्रम, जनचेतना कार्यक्रम तथा सामुदायिक संवादमार्फत प्रवर्द्धन गर्नुपर्छ।

२०. "बिटालु" पहिचानका कारण उत्पन्न भएका समस्या समाधान गर्न संघीय, प्रदेश तथा स्थानीय सरकारका साथै शैक्षिक संस्था, नागरिक समाज, सञ्चारमाध्यम र समुदायको साझा सहभागितामा दीर्घकालीन कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्नुपर्छ।

५. निजामती सेवामा समावेशीताको अवस्था एक अध्ययन प्रतिवेदन (आ.व. २०८०/०८१)

सुझावहरू

१. संविधानमा नै समानुपातिक समावेशीताको सुनिश्चितता गरिएको छ तर त्यो कार्यान्वयन हुन सकेको छैन्। यी केही पछिल्ला दृष्टान्तहरू हेरी मुलुकको आवश्यकतालाई केन्द्रमा राखी समानुपातिकता कायम हुने व्यवस्था गर्नु मुलुकको विकासका लागि अपरिहार्य भइसकेको छ। संघीय निजामती सेवा ऐन बन्दैछ। त्यसकै आधारमा नेपाल स्वास्थ्य सेवा ऐन लगायत सरकारी सेवाका विभिन्न ऐन, नियमावली र विनियमावली बन्ने गर्छन। त्यस्तै प्रदेश र स्थानीय तहका सेवाहरूको लागि पनि यो ऐन मार्ग निर्देशक हुन्छ। तसर्थ संघीय निजामती सेवा ऐन लगायत अब बन्ने सेवा संवन्धी सबै कानून संविधानको मूल मर्म अनुसार समानुपातिक समावेशीताको सुनिश्चित हुने गरी बनाइनु पर्छ।

२. मूलतः राज्यका राजनीति, सार्वजनिक र निजी क्षेत्रमा सारभुत समावेशी सुनिश्चितता गर्नेगरी समानुपातिक समावेशीता संवन्धी छाता ऐन नै ल्याउनु जरूरी छ ता कि सो अनुसार सबै तहका सरकारले त्यसको पालना गर्नु अनिवार्य होस्।

३. उपरोक्त प्रणालीबाट पनि आउन नसक्ने कुनै समुदाय जस्तै यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति वा चेपाङ जस्ता लोपोन्मुख समुदायहरूका लागि भने समानुपातिकतामा अतिरिक्त व्यवस्था गर्नु पर्ने हुन्छ।

४. सदियौं देखि सबै भन्दा बढी जातीय दण्ड (ज्यादति) भोगेका दलित तथा समानुपातिकतामा सारै न्यून अवस्थामा रहेका सिमान्तकृत समुदायका लागि केही अवधि समानुपातिक समावेशीता भित्र पनि विशेष व्यवस्था गर्नु उपयुक्त हुन्छ।

५. स्थानीय तहमा पहिला निश्चित प्रतिशत स्रोतको बाँडफाँट गर्ने व्यवस्था गरिएको थियो तर अहिले त्यो अनिवार्य नभएकोले वितरण न्यून हुँदै गएको छ। प्रदेश र संघमा समेत आयोजना छनौट र बजेट विनियोजन संवन्धी कानूनी व्यवस्था नहुँदा स्रोतको समन्यायिक वितरण हुन सकेको छैन। तसर्थ आयोजना छनौट तथा बजेट बाँडफाँड पनि जनसंख्या, भूगोल र मानव विकास सुचकांकका आधारमा हुने कानूनी व्यवस्था आवश्यक छ।

६. आर्थिक हैसियत सुधार्ने संवन्धमा उनीहरूको रैथान सीप, कला, संस्कृति लोप हुँदै गएको छ। त्यसको उपयोग हुने र संरक्षणमा राज्यको ध्यान जानु आवश्यक छ। यी विषयलाई शिक्षा र आर्थिक प्रणालीमा जोड्नु पर्छ। सरकारले सुरू गरेको रैथाने शिल्पकला तथा संस्कृति विश्वविद्यालय सञ्चालन गर्ने कुरालाई प्राथमिकताका साथ अघि बढाउनु पर्छ। प्रत्येक स्थानीय तहमा रैथाने शिल्पकला तथा सांस्कृतिक सिकाई केन्द्र सञ्चालन गर्ने कुरा प्राथमिकताका साथ अघि बढाउनु पर्छ। यसले निजी तथा आर्थिक क्षेत्रको असमानता पुर्न योगदान पुऱ्याउने मात्र हैन मुलुकै सम्मान बढाउन योगदान पुऱ्याउँछ।

७. बहुलताको सारभुत व्यवस्थापनका लागि संविधानका केही प्रावधानहरूमा पनि संशोधन आवश्यक देखिन्छ। यसको सम्बन्धमा विशेष गरी धारा ४२ र २८५ मा संविधानको मर्मलाई स्पष्ट रूपमा सुनिश्चित हुने गरी समसामयिक संशोधन गर्न जरूरी छ। धारा ४२ मा भएको भद्रगोल समूहलाई संशोधन गरी समुदायगत आधारमा तय गर्नु पर्छ र प्रत्येक समूहमा महिला, यौनिक तथा लैङ्गिक अल्पसंख्यक र अपाङ्गता भएका

व्यक्तिको हिस्सा पनि स्पष्ट उल्लेख गर्नु पर्छ। त्यस्तै धारा २८५ मा सबै सरकारी सेवाहरूमा समानुपातिक समावेशीता हुने गरी स्पष्ट गर्न संशोधनको जरूरी छ।

८. संविधानको मर्म अनुसार निश्चित समयावधिमा समानुपातिक समावेशीता कायम हुने गरी सरकारले समता कार्य योजना ल्याउनु जरूरी छ। यसको निगरानीका लागि दक्षिण अफ्रिकामा जस्तै रोजगार समता आयोग जस्तै प्रतिनिधिमूलक अधिकार सम्पन्न संरचना बनाउनु आवश्यक छ जसले प्रत्येक सरकारी निकाय र निजी क्षेत्रका व्यवसायिक प्रतिष्ठानहरूको मानवसंसाधनमा समानुपातिकताको सुपरिवेक्षण तथा समीक्षा गर्न सकोस्। यसलाई अहिले स्थानीय तहमा वार्षिक रूपमा गरिने स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्क जस्ता उपकरणको हिस्सा बनाई वित्तीय हस्तान्तरणको आधार बनाउनु पर्छ।

निष्कर्ष

प्रजातन्त्र पुनप्राप्ती पछि नै दलित लगायत ऐतिहासिक रूपमा बहिष्करणमा परेका समुदायहरूलाई विकासको मूलप्रवाहमा ल्याउनु पर्ने र सो को लागि राज्यका संरचनाहरूमा उनीहरूको प्रतिनिधित्व गराउनु पर्ने विषय उठेको हो। नेपाल अधिराज्यको संविधान, २०४७ मा सहभागितामूलक प्रजातन्त्रको सुनिश्चितताका लागि पिछडिएका वर्गको संरक्षण र विकासका लागि विशेष व्यवस्था गर्ने उल्लेख गरिएको थियो। तथापि यस सन्दर्भमा ठोस नीतिगत व्यवस्था केही हुन सकेको थिएन। तत्कालिन माओवादीले यही सवाल समाएर दश वर्ष जनयुद्धमा यो समुदायका युवाहरूलाई भरपुर प्रयोग गर्यो। यही कुरालाई मध्यनजर गर्दै द्वन्द्वरत माओवादीसँगको वार्ताको प्रारम्भदेखि नै सरकारले सरकारी सेवामा दलित लगायतका पिछडिएका समुदायहरूका लागि आरक्षणको व्यवस्था गरिने कुरा अघि सार्दै आएको थियो।

तद्नुरूप २०६४ सालमा नेपालको निजामती सेवामा आरक्षणको प्रावधान राखियो र यसले छुटाइएका समुदायबाट केही मात्रामा सरकारी सेवामा संलग्नता हुने वातावरण बनायो। यो आफैमा एउटा कोशेढुङ्गा थियो। तथापी ऐतिहासिक बहिष्करण र जनसंख्याको अनुपातमा छुट्टाइएको यो संख्या सारै न्यून हो भने नीति निर्माण तहमा शून्य भन्दा पनि हुन्छ। पछिल्लो समय आरक्षणको यस्तै व्यवस्था विभिन्न राजनीतिक दलहरूले समेत गर्ने गरेका छन्। तथापि वास्तवमा आरक्षणको यो प्रावधानलाई "उल्टो आरक्षण" भन्ने पनि गरिन्छ किनकि हालको प्रावधानले कथित माथिल्ला जातिका लागि खुलाको ५५ प्रतिशतका अलावा महिला, मधेशी, पिछडिएको क्षेत्रलगायतका समूहबाट पनि यहि बर्चश्वशाली समूहबाट नै आउने गरेको पाइएकोछ। अब गरिएको निजामती सेवा विधेयकमा त बर्चश्वशाली समूहकै अधिपत्य कायम रहने गरी आरक्षणको प्रस्ताव गरिएको छ। त्यस्तै राष्ट्रिय समावेशी आयोगले आरक्षणको औचित्य माथि नै प्रश्न उठाएको छ।

विभिन्न समुदायको समुचित प्रतिनिधित्व विश्वव्यापी मानवअधिकारको आधारभूत मान्यता हो भने आदिवासी जनजाति, सीमान्तकृत तथा विभेदमा परेकाहरूका लागि संयुक्त राष्ट्र संघ, अन्तर्राष्ट्रिय श्रम संगठन लगायतका विभिन्न अन्तर्राष्ट्रिय निकायहरूले अभिसंधीहरूमा उठाएको र हाम्रो मुलुकले स्वीकार गरेको विषयवस्तु पनि हो। संयुक्त राष्ट्र संघले दिगो विकास लक्ष्य पूरा गर्नका लागि सामाजिक समावेशीतालाई अपरिहार्य ठहर्याएको छ। सक्रिय सदस्य र सहायताग्राही राष्ट्रको हैसियतले दिगो विकास लक्ष्य प्रतिको प्रतिबद्धताले नेपालले पनि सघन रूपमा यथोचित समावेशीकरण अबलम्बन गर्नु पर्ने अवस्था रहेको छ।

हाम्रो समाज र राजनीतिक प्रणाली रूपान्तरण हुने क्रममा छ। बुझ्नु पर्ने कुरा के हो भने सारभूत समावेशीकरण बिना न त मुलुकले लक्षित गरेको दूरदृष्टी हासिल गर्न सकिन्छ न त संविधानले निर्देश गरेको समाजवाद उन्मुख

अर्थतन्त्र नै। यी लक्ष्य हासिल गर्ने राज्यको समावेशी चरित्र निर्माण अपरिहार्य छ। त्यसका लागि प्रस्तावित प्रावधान सहायकसिद्ध हुनेछन्। प्रस्तावित सुझाव निश्चित समुदायका लागि मात्र आरक्षण नभई सबै समुदायका लागि समानुपातिक समावेशीता सुनिश्चित हुने प्रस्ताव भएकोले यसमा कसैले गुमाउनु पर्दैन। बरु भविष्यमा सबैका लागि धेरै फराकिला ढोकाहरू खुल्दै जान्छन्।

४.३ आयोगका पदाधिकारीबाट भएका भ्रमण/अनुगमन

नेपालको संविधानको धारा २५६ र राष्ट्रिय दलित आयोग ऐन, २०७४ मा भएको व्यवस्था बमोजिम दलित हितसँग सम्बन्धित कानुनहरूको प्रभावकारी कार्यान्वयन भएको वा नभएको, दलित समुदाय लक्षित नीति तथा कार्यक्रमहरूको समीक्षा, कतिपय नीति वा कार्यक्रमहरूको कार्यान्वयन नभएको पाइएमा प्रभावकारी रूपमा कार्यान्वयन गर्न तीनै तहको सरकारलाई सुझाव तथा सिफारिस गर्ने उद्देश्यले आयोगको पदाधिकारीबाट आवश्यकता अनुसार अनुगमन एवं भ्रमणका कार्यहरू भएका छन्।

अनुगमनका क्रममा प्रदेश प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, स्थानीय तह र दलित हक अधिकार सम्बन्धमा काम गर्ने दलित समुदायका अगुवा, राजनीतिक दलका भातृ संगठनका दलित अगुवा, जनप्रतिनिधि, विभिन्न संघ/संस्था, दलित अधिकारकर्मी र गैरदलित समुदायका व्यक्तिहरूको उपस्थिति सहित विभिन्न दलित बस्तीसम्म पुगेर प्रत्यक्ष रुपमा अवस्था चित्रण भएको छ।

- **माननीय देवराज विश्वकर्माको भ्रमण/अनुगमनको विवरणः-**

मिति	स्थान	विवरण
८२/०४/१६ देखि ८२/०४/२२ सम्म	लुम्बिनी प्रदेशका जिल्लाहरू	• जातीय विभेदका घटना र दलित समुदायको हक अधिकारको सम्बन्धमा अनुगमन तथा छलफल र विभिन्न कार्यकममा सहभागी भएको।
८२/०६/१० देखि ८२/०६/२३ सम्म	दाङ, कपिलवस्तु र बाँके जिल्ला	• दलित समुदायसँग सम्बन्धित विषयमा जिल्ला प्रशासन कार्यालय, बाँकेको समन्वयमा कार्यालय प्रमुखहरूसँग छलफल गरिएको। • दलित समुदायको दैनिक परिआउने समस्याका विषयमा दाङका प्रमुख जिल्ला अधिकारी र प्रहरी प्रमुखसँग छलफल गरिएको। • दलित अधिकारसँग सम्बन्धित स्थानीय सरकारले बनाउने कानून निर्माणका विषयमा दाङस्थित शान्तिनगर गाउँपालिकाका अध्यक्षसँग छलफल गरिएको। • कपिलवस्तु जिल्लाका दलित अधिकारकर्मीहरूसँग आयोग र स्थानीय अधिकारकर्मीहरूबीच गर्नुपर्ने समन्वयका विषयमा छलफल गरिएको।

मिति	स्थान	विवरण
८२/०७/२१ देखि ८२/०७/२३ सम्म	लुम्बिनी प्रदेशका जिल्लाहरू	• जातीय विभेदका घटना र दलित समुदायको हक अधिकारको सम्बन्धमा अनुगमन तथा छलफल र विभिन्न कार्यक्रममा सहभागी भएको।
८२/०९/२६ देखि ८२/१०/०२ सम्म	लुम्बिनी प्रदेशका जिल्लाहरू	• लुम्बिनी प्रदेशका जिल्लाहरूमा जातीय विभेदका घटना र दलित समुदायको हक अधिकारको सम्बन्धमा अनुगमन तथा छलफल र विभिन्न कार्यक्रममा सहभागी भएको।
८२/११/०८ देखि ८२/११/१४ सम्म	लुम्बिनी प्रदेश	• लुम्बिनी प्रदेश प्रमुख समक्ष आयोगको प्रतिवेदन पेस गरिएको। लुम्बिनी प्रदेश मुख्यमन्त्रीज्यू समक्ष आयोगको प्रतिवेदन प्रस्तुत, प्रदेश सभामा पेस भएको दलित अधिकार सम्बन्धी विधेयक छिटो पारित गर्ने विषयमा अर्थमन्त्री तथा कृषि मन्त्रीसहित छलफल गरिएको। • स्थानीय नगरसभाद्वारा बनाइने दलित अधिकार सम्बन्धी नीति तथा कानूनका विषयमा बुटवल उपमहानगरपालिका प्रमुख, उपप्रमुख र दलित समुदायबाट कार्यपालिकामा प्रतिनिधित्व गर्ने सदस्यहरूसहितसँग छलफल गरिएको। साथै जनप्रतिनिधिलाई कार्यसम्पादन तथा विभेद उन्मूलन गर्न अभिमुखीकरणका लागि छलफल गरिएको। • लुम्बिनी प्रदेशका अरू विभिन्न जिल्ला तथा पालिकाका जनप्रतिनिधि र अधिकारकर्मीहरूसँग भेटघाट र छलफल गरिएको।
८२/१२/३० देखि ८३/०१/०३ सम्म	कास्की, पोखरा	• गण्डकी प्रदेश अन्तर्गत पोखरा महानगरपालिका-२२ मा निर्मित विश्वकर्मा सङ्ग्रहालयको उद्घाटन कार्यक्रममा प्रमुख अतिथिका रूपमा सहभागी भएको। • दलित समुदायको अधिकारको क्षेत्रमा क्रियाशील अधिकारकर्मीहरू, संस्कृतिकर्मी, स्थानीय तहका जनप्रतिनिधिहरूसँग छलफल र अन्तरक्रिया गरिएको।
८३/०२/०२ देखि ८३/०२/०८ सम्म	कोशी प्रदेश अन्तर्गतका जिल्लाहरू	• कोशी प्रदेशका विभिन्न जिल्लाहरूको अध्ययन, अनुगमन तथा अवलोकन एवं कोशी प्रदेशका माननीय प्रदेश प्रमुख समक्ष आयोगको आ.व.२०८१/०८२ को वार्षिक प्रतिवेदन पेस गरिएको।

मिति	स्थान	विवरण
८३/०२/१५ देखि ८३/०२/१७ सम्म	सैनामैना नगरपालिका, रूपन्देही	• दलित समुदायको आत्म विश्वास, नेतृत्व विकास तथा व्यावसायिक क्षमता विकासका लागि अभिप्रेरित गर्ने सम्बन्धमा सैनामैना नगरपालिकाबाट आयोजित अभिमुखीकरण कार्यक्रममा सहभागी भएको। • उक्त कार्यक्रममा संविधान, ऐन, कानूनमा दलित समुदायका लागि भएका व्यवस्था तथा कार्यान्वयनका लागि भएका प्रयासका विषयमा अन्तरक्रिया भएको। • सैनामैना-६ कैलासटोल (मेघाताल) स्थित भगतसर्वजितस्मृति प्रतिष्ठानमै दलित समुदायका महिलाहरूले सञ्चालन गरेको जुत्ता-चप्पल उत्पादन उद्यमशील समूहको उत्पादन अवलोकन तथा समूहका पदाधिकारीहरूसँग छलफल गरिएको।
८३/०३/१२ देखि ८३/०३/१८ सम्म	दोलखा, रामेछाप र सिन्धुपाल्चोक	• जिल्ला प्रशासन कार्यालय, रामेछाप, दोलखा र सिन्धुपाल्चोकका प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुख, जिल्ला न्यायाधिवक्ता, शिक्षाका प्रतिनिधि लगायतसँग जातीय भेदभाव एवं छुवाछूतका घटना एवं उजुरीका विषयमा छलफल तथा अन्तरक्रिया गरिएको। साथै थर सूचीकरण, थर संशोधन सम्बन्धमा हुने गरेका जटिलता एवं समस्याको निरूपणका विषयमा समेत छलफल गरिएको। • दोलखा जिल्लाको जिरी नगरपालिका र भीमेश्वर नगरपालिका र रामेछाप जिल्लाको मन्थली नगरपालिकामा नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी एवं स्थानीय दलित समुदायका प्रतिनिधिहरूसँग दलित हक अधिकार, जातीय छुवाछूत र भेदभावको अवस्था एवं घटेका घटनाहरू, दलित समुदायको प्रतिनिधित्व र बजेट व्यवस्थापन लगायतका विषयमा छलफल एवं अन्तरक्रिया गरिएको।

- माननीय मीना देवी सोवको भ्रमण/अनुगमनको विवरणः-

मिति	स्थान	विवरण
८२/०६/२७ देखि ८२/०७/०२ सम्म	सुदूरपश्चिम प्रदेश	• सुदूरपश्चिम प्रदेश प्रमुख समक्ष आयोगको पाँचौ वार्षिक प्रतिवेदन (आ.व. २०८१/०८२) पेस गरिएको।
८२/१०/०१ देखि ८२/१०/०७ सम्म	सुदूरपश्चिम प्रदेशको डोटी र कैलाली जिल्ला	• जातीय छुवाछूत र भेदभाव, दलित समुदायको हक अधिकार, नागरिकतामा थर संशोधनका विषयमा भएका समस्या एवं थर सूचीकरण विषयमा प्रमुख जिल्ला अधिकारी र विभिन्न दलित सरोकारवालाहरूसँग छलफल गरिएको।
८२/११/१४ देखि ८२/११/२० सम्म	सुदूरपश्चिम प्रदेशको कञ्चनपुर जिल्ला	• कञ्चनपुर जिल्लास्थित शुक्लाफाँटा नगरपालिकामा पालिकाका जनप्रतिनिधि, सरोकारवालाहरूसँग जातीय छुवाछूत र विभेदका घटनाका सम्बन्धमा छलफल गरिएको।
८३/०३/०३ देखि ८३/०३/०९ सम्म	सुदूरपश्चिम प्रदेशको बाजुरा र बझाङ जिल्ला	• बझाङ जिल्लास्थित बुङ्गल नगरपालिकामा जातीय छुवाछूत र विभेद, दलित हक अधिकार तथा थर संशोधनका विषयमा स्थानीय तहमा आएका समस्या, चुनौती र उक्त समस्या समाधानका वैधानिक उपायहरूका सम्बन्धमा उपप्रमुख, दलित जनप्रतिनिधि, दलित सरोकारवालाहरूसँग छलफल गरिएको। • बाजुरा जिल्लास्थित बडीमालिका नगरपालिकामा दलित वस्ती अवलोकन गरिएको र त्यहँ भएका नागरिकता, थर संशोधन सम्बन्धी समस्या बारे जनप्रतिनिधि, दलित अगुवा, अभियन्तासँग छलफल तथा अन्तरक्रिया कार्यक्रम गरिएको।

- माननीय मेहल पार्कीको भ्रमण/अनुगमनको विवरणः-

मिति	स्थान	विवरण
८२/०४/१४ देखि ८२/०४/२० सम्म	लुम्बिनी प्रदेश	बाँके र बर्दिया जिल्लाका प्रमुख जिल्ला अधिकारी, सहायक जिल्ला अधिकारी, प्रहरी प्रमुख, दलित सेलका प्रमुख, सशस्त्र प्रहरीका प्रमुख लगायत सरोकारवालाहरूसँग जातीय भेदभाव तथा छुवाछूतका घटना, थर संशोधन र दलित समुदायका

मिति	स्थान	विवरण
		अधिकारका सम्बन्धमा भएका काम कारवाहीका विषयमा छलफल गरिएको।
८२/०८/०३ देखि ८३/०८/०९ सम्म	गण्डकी प्रदेश	• गण्डकी प्रदेश प्रमुख समक्ष आयोगको पाँचौ वार्षिक प्रतिवेदन (आ.व. २०८१/०८२) पेस गरिएको। • पोखराको भकुण्डेस्थित दलित समुदायको टोलमा आयोगले सिफारिस गरेको थर सूची सम्बन्धी जात थरहरू तथा दलितहरूका संवैधानिक तथा कानूनी हक, अधिकार, अन्तरजातीय विवाह र त्यसमा आइ परेका समस्याहरूको बारेमा अन्तरक्रियात्मक छलफल गरिएको।
८२/११/२३ देखि ८२/११/३० सम्म	सुर्खेत	"चुनावको माहोलमै सुर्खेत जिल्ला विरेन्द्रनगर १ को सामुदायिक वनमा १६ बर्षिय इनिसा वि.क मृत फेला परेकी छिन बलात्कार पछि हत्या गरिएको पीडित परिवारले जानकारी दिएको" सम्बन्धी समाचार सामाजिक सञ्जाल फेसबुकमा प्रकाशन भएको सन्दर्भमा आयोगको प्रतिनिधि भई अनुगमन/अनुसन्धान गरी मुद्दा दर्ता गर्न पहल गरेको र सो सम्बन्धमा जिल्ला प्रशासन कार्यलयको च.न. २२३ मिति २०८३/०४/११ गतेको पत्रबाट ज.क. गरी ज्यान मारेको भन्ने कसुर मुद्धा हाल सम्मानित सर्वोच्च अदालतमा दर्ता भई विचराधिन अवस्थामा रहेको व्यहोरा जानकारी प्राप्त भएको।
८३/०१/११ देखि ८३/०१/१४ सम्म	सिन्धुली	सिन्धुली खुर्कोट प्रहरी हिरासतमा युवक (श्रीकृष्ण वि.क) को मृत्यु सम्बन्धी समाचार प्रकाशन भएको सन्दर्भमाः- श्रीकृष्णलाई एक किशोरीको बलात्कारको इलाका प्रहरी कार्यालयका प्रहरी अधिकृत तथा प्रहरी कर्मचारीहरूबाट सिन्धुली जिल्ला सुनकोशी गाउँपालिका ३, जुम्लेडाडाका २३ बर्षीय श्रीकृष्ण वि.क.लाई एक किशोरीको बलात्कारको आरोपमा ललितपुर प्रहरीले मिति २०८३ वैशाख ३ गते पक्राउ गरेर इलाका प्रहरी कार्यालय, खुर्कोट पठाएको थियो। प्रहरी रेकर्ड अनुसार एक जना सवारी ज्यान मुद्दाको कैदीबन्दी यस अघि नै जिल्ला प्रहरी कार्यालय सिन्धुली लगिसकिएको र श्रीकृष्ण चार दिन सम्म एक्लै राखिएको

मिति	स्थान	विवरण
		सो दिन ड्युटीमा रहेका प्रहरी जवान अर्जुन सिंह मूल गेट र हिरासद दुबै जिम्मेवारी सम्हालीरहेका थिए। मिति २०८३ बैशाख ७ गते बेलुकी ५:५९ बजे प्रहरी जवान अर्जुन सिंह केहीबेर मूलगेट तर्फ गएको बेला शौचालयतिरबाट असामान्य दृश्य देखे। झ्यालको फुटेको प्वालबाट भित्र झुण्डिएको आकृति देखे पछि उनी हतारिदै भित्र छिरे। त्यस पछि श्रीकृष्ण बिकले आफैले लगाएको कालो सट शौचालयको झ्यालमा पासो लगाई आत्महत्याको प्रयास गरेको देखेर अर्को प्रहरी अधिकारीले कमिज काटेर झुण्डिएका भनिएका श्रीकृष्ण अचेत अवस्थामा प्रहरीले उद्धार गरेर स्थानीय सुनकोशी अस्पतालमा लगी त्यहाँबाट पनि सिन्धुली अस्पतालमा लगिएकोमा चिकित्सकले सोही दिन बेलुकी ८:१५ मा मृत्यु भएको घोषणा गरेका बताइएको छ। घटना स्थलको अवस्था हेर्दा हिरासद भित्रै रहेको शौचालयमा ढोकाको चुक्कुल छैन। एकातिर पानीको ड्रम, अर्कोतिर झ्याल नजिक कमिज बाँधिएको भनिएको स्थान ढोकामै काटिएको कमिजको टुक्रा छ, अनि मृतकले लगाएको ज्याकेट झ्याल छोप्न झुण्ड्याइएको जस्ताको तस्तै छ। करिब ५ फिट २-३ इन्च अगला श्रीकृष्ण बि.क. झ्यालको उचाइमा पुगेर कमिज पासो बाँधेको विषयमा प्रत्यक्ष अवलोकन गर्दा ५ फिट २-३ इन्च अग्लो व्यक्ति पनि हात तन्काएर त्यहाँ पुग्न गाह्रो देखिन्छ। प्रहरीको भित्तामा देखिएको माटोको छापलाई आधार बनाएर चढेर बाँधेको हुन सक्ने अनुमान छ। झुण्डिएर मरेको भए त्यसको दृश्य हामीले देख्न पाउनु पर्थ्यो। त्यो डोरीबाट निकाल्न जनप्रतिनिधि, समाज र परिवार हुनु पर्ने थियो प्रहरीले आफुखुशी गरेको देखिन्छ। यो एकदमै रहस्यमय घटना भएको छ। आत्महत्या भनेर स्वीकार्न सक्ने अवस्था छैन। शंकासपद छ भनेर पीडित परिवारको भनाई रहेको छ। यस सम्बन्धमा इलाका प्रहरी कार्यालय, खुर्कोट, सिन्धुलीका कार्यालय प्रमुख प्रहरी निरीक्षक बसन्त बहादुर भुजेललाई हाल कार्यालय प्रमुखको जिम्मेवारीबाट अलग गरिएकोमा

मिति	स्थान	विवरण
		सोलाई निरन्तरता दिई विभागीय कारबाही गर्नुपर्ने, यसैगरी ड्युटीमा खटिएका सेन्ट्री अर्जुन सिंहलाई हिरासतमा सुरक्षामा गरेको लापरवाहीका सम्बन्धमा विभागीय कारवाही, डिउटी अधिकृत प्र.स.नि. बल बहादुर माझी, सुवेदार मेजर प्र.स.नि. दौलत विक्रम जोशी, SOCO प्र.स.नि. रामकाजी कार्की, हवल्दार मेजर तथा गार्ड कमाण्डर प्र.व.ह. राजकुमार उप्रेती, सञ्चार तथा सिसिटिभि मनिटरिङ् ड्युटी प्र.ह. अरूण कुमार श्रेष्ठलाई हिरासत सुरक्षा, डिउटी खटन निगरानी तथा समन्वयमा देखिएको कमजोरीका आधारमा सख्त चेतावनी दिने, उक्त कार्यालयमा हाल रहेको निजहरूको जिम्मेवारीबाट अलग गर्ने लगायतको छानविन समितिको प्रतिवेदनको सिफारिस एवं सुझावहरू कार्यान्वयन सम्बन्धी गृह मन्त्रालयको च.नं.२११०, मिति २०८३/०२/०७ को पत्र नेपाल प्रहरी प्रधान कार्यालयको च.नं.१७०३, मिति २०८३/०२/१९ को पत्र मार्फत प्राप्त भएको।
८३/०३/०४ देखि ८३/०३/१० सम्म	लुम्बिनी र कर्णाली	रूपन्देही र नवलपरासी जिल्लाका प्रमुख जिल्ला अधिकारी, सहायक प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुख, दलित सेलका प्रमुख, सशस्त्र प्रहरीका प्रमुख, राष्ट्रिय अनुसन्धान प्रमुख लगायत सरोकारवालाहरूसँग जातीय भेदभाव तथा छुवाछूतका घटना, थर संशोधन र दलित समुदायका अधिकारका सम्बन्धमा भएका काम कारवाहीका विषयमा छलफल गरिएको।
८३/०३/१५ देखि ८३/०३/१८ सम्म	मकवानपुर र सिन्धुली	• मकवानपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी, सहायक प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुख, दलित सेलका प्रमुख, सशस्त्र प्रहरीका प्रमुख, राष्ट्रिय अनुसन्धान प्रमुख लगायत सरोकारवालाहरूसँग जातीय भेदभाव तथा छुवाछूतका घटना, थर संशोधन र दलित अधिकारका सम्बन्धमा भएका काम कारवाहीका विषयमा छलफल गरिएको। • मकवानपुरको भिमफेदी गाउँपालिकामा अध्यक्षको कार्यकक्षमा वडा अध्यक्षहरू लगायत जनप्रतिनिधिहरूसँग दलित समुदायको थर सूची, थर

मिति	स्थान	विवरण
		संशोधन, जातीय विभेद, अन्तरजातीय विवाह र दलितमैत्री बजेट विषयमा छलफल गरिएको। • सिन्धुलीको मरिण गाउँपालिकामा अध्यक्षको कार्यकक्षमा वडा अध्यक्षहरू लगायत जनप्रतिनिधिहरूसँग दलित समुदायको थर सूची, थर संशोधन, जातीय विभेद, अन्तरजातीय विवाह र दलितमैत्री बजेट विषयमा छलफल गरिएको।

- माननीय सुन्दर पुर्कुटीको भ्रमण/अनुगमनको विवरणः-

मिति	स्थान	विवरण
०८२/०७/१८	तनहुँ जिल्ला ऋषिङ गाउँपालिका	• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा आयोजनामा जातीय भेदभाव तथा छुवाछूत विरुद्ध सचेतना कार्यक्रममा आयोगको तर्फबाट सहभागी भई संविधान र कानूनका नजरमा दलितः हिजो र आज तथा स्थानीय तहको भूमिका प्रस्तुति सहित त्यहाँको अवस्थाबारे जानकारी लिइएको।
०८२/०८/०७ देखि ०८२/०८/१३ सम्म	कर्णाली प्रदेश अन्तर्गत रूकुम (पश्चिम), जाजरकोट, सल्यान र सुर्खेत	• चौरजहारी नगरपालिका, भेरी नगरपालिका, सिम्ता गाउँपालिका र बनगाड कुपिण्डे नगरपालिकामा दलित समुदायको समग्र स्थिति अध्ययन गर्ने, नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन र मूल्याङ्कन गर्ने जिम्मेवारी अनुसार स्थानीय तहको आवधिक योजना र चालु आर्थिक वर्ष २०८२/०८३ को वार्षिक बजेटमा दलित समुदायको हक अधिकार सम्बन्धी नीति, कार्यक्रम, ऐन, कानून तथा नीतिहरूमा भएका व्यवस्थाको कार्यान्वयन र आगामी कार्ययोजनाहरूको विषयमा छलफल गरिएको। • जाजरकोट र सुर्खेत जिल्ला प्रशासन कार्यालयमा जातीय भेदभाव सम्बन्धी घटनाहरू, दलित समुदायसँग सम्बन्धित अधिकारका मुद्धाहरू तथा उनीहरूको सामाजिक, आर्थिक र राजनीतिक अवस्थाको बारेमा जिल्ला प्रशासन कार्यालयमा आयोजित छलफलमा प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी कार्यालयका प्रमुख, अधिकारकर्मी, पत्रकार

मिति	स्थान	विवरण
		तथा अन्य सरोकारवालाहरूको सहभागिता दलित अधिकारको वर्तमान अवस्था, सामाजिक परिवेश, समावेशीकरण, सामाजिक न्याय, क्षमता विकास, स्थानीय चुनौतीहरू तथा प्रमुख जिल्ला अधिकारी र प्रहरी प्रमुखले दलित समुदायका हक–अधिकारमा निर्वाह गर्नुपर्ने भूमिकाका विषयमा छलफल गरिएको। • कर्णाली प्रदेश प्रमुख समक्ष आयोगको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन पेश गरिएको। • कात्तिक २१ गते बिरेन्द्रनगर–११, सुर्खेतका गङ्गे सुनारको लागुऔषध मुद्दामा पक्राउ परेर प्रहरी हिरासत कक्षमै मृत्यु भएको घटनाबारे तथा बिरेन्द्रनगर–११ नै स्थित शिव माध्यमिक विद्यालय, धुलियाबिटमा अध्ययनरत छात्र अर्जुन बादीको आत्महत्या प्रकरणबारे स्थलगत अध्ययन,अनुगमन गरिएको। स्थानीय समुदाय, विद्यालय प्रशासन, परिवारका सदस्य, प्रहरी प्रशासन र सरोकारवालासँग छुट्टाछुट्टै भेटघाट गरी घटनाको आवश्यक जानकारी लिने कार्य गरिएको। • सुर्खेत जिल्लास्थित दलित महिला संघ (FEDO) को कार्यालयमा दलित महिला नेतृत्व सुदृढीकरण, न्यायिक पहुँच, सामाजिक सशक्तीकरण तथा स्थानीय तहसँगको सहकार्यका विषयमा छलफल तथा अनुभव आदान–प्रदान कार्यक्रम गरिएको।
८२/०८/२७	भारत, नयाँदिल्ली	• सन् २०२५ को "International Ambedkar Award" सम्मान, सहभागिता र ऐक्यबद्धताको ऐतिहासिक क्षण: बाबू जगजीवन राम कला, संस्कृति तथा साहित्य अकादेमी एवं राजेन्द्र भवन ट्रस्टद्वारा आयोजित ५५औं राष्ट्रिय विजय दिवस–२०२५ को गरिमामय समारोहमा सहभागी भएको। दलित, पिछडिएका वर्ग, श्रमिक तथा सीमान्तकृत समुदायका मुद्दालाई प्राथमिकतामा राख्दै सामाजिक सचेतना, अधिकारमुखी बहस र नीति संवादमार्फत सामाजिक विभेद, असमानता र बहिष्करणका विरुद्ध निरन्तर आवाज उठाउँदै आउनु भएका भारतीय सामाजिक अभियन्ता के.बी. चौधरीज्यूसँग सामाजिक न्याय, मानव

मिति	स्थान	विवरण
		अधिकार र दलित अधिकारका अनुभव आदान–प्रदान सहित महत्वपूर्ण छलफल गरिएको।
८२/०९/०६ देखि ८२/०९/१२ सम्म	बागमती प्रदेश र मधेश प्रदेशका महोत्तरी र पर्सा जिल्ला	• माननीय बागमती प्रदेश प्रमुखज्यू र माननीय मधेश प्रदेश प्रमुखज्यू समक्ष आयोगको आर्थिक वर्ष २०८१/०८२ को पाँचौं वार्षिक प्रतिवेदन पेस गरिएको। • मधेस प्रदेशका माननीय सभामुखज्यूसँग भेट गरी छलफलका क्रममा प्रदेश सरकारमार्फत शिक्षा, स्वास्थ्य, रोजगारी, भूमि-आवास, न्यायिक पहुँच, सशक्तीकरण तथा जातीय छुवाछूत र भेदभावविरूद्धका कार्यक्रमहरूलाई अझ बहुआयामिक, लक्षित र प्रभावकारी रूपमा अगाडि बढाउनुपर्ने विषयमा छलफल गरिएको। • बर्दिबास नगरपालिका वडा नं. १४ को नमुना मुसहर बस्तीको सामाजिक, आर्थिक अवस्था बारे, बहुदरामाई नगरपालिका वडा नं. २, सिसियाडी गाउँमा घटेको घटनास्थलमै पुगी घटनाका सम्बन्धमा जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारी, सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी प्रमुख तथा अधिकारकर्मीहरूको उपस्थितिमा छलफल गरिएको।
८२/१२/०१ देखि ८२/१२/०७ सम्म	मधेस र बागमती प्रदेशका पर्सा, रौतहट, बारा, सर्लाही र धादिङ जिल्लाहरू	• सखुवाप्रसौनी गाउँपालिका वडा नं. ५ महुवनमा दलित समुदायमाथि भएको कुटपिट घटनाका सम्बन्धमा घटनास्थलमा पुगेर पीडित परिवारसँग भेटघाट • रौतहट जिल्लाको फतुवा विजयपुर नगरपालिका वडा नं. ५, सन्तपुर र वडा नं. ३, मेवा तथा माधवनारायण नगरपालिका वडा नं. ६, माधवपुरमा भएको घटनाका सम्बन्धमा घटनास्थलमै पुगेर पीडित र पीडक दुवै पक्षसँग भेटघाट गर्दै घटनाको अनुगमन गरी प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी प्रमुख, राष्ट्रिय अनुसन्धान विभागका प्रमुख तथा अधिकारकर्मीहरू समेतको उपस्थितिमा जिल्ला प्रशासन कार्यालयमा छलफल गरिएको। • बारा र सर्लाही जिल्लामा बारा जिल्लाका प्रमुख प्रहरी उपरीक्षक तथा सर्लाही जिल्ला प्रशासन कार्यालयका निमित्त प्रमुख जिल्ला अधिकारी र जिल्ला निमित्त प्रमुख प्रहरी नायब निरीक्षकसँग जातीय भेदभाव सम्बन्धी

मिति	स्थान	विवरण
		घटनाहरू, दलित समुदायसँग सम्बन्धित अधिकारका मुद्दाहरू, दलित अधिकारको वर्तमान अवस्था, सामाजिक परिवेश, समावेशीकरण, सामाजिक न्याय, क्षमता विकास तथा स्थानीय चुनौतीहरूका विषयमा छलफल गरिएको। • पर्सा जिल्लास्थित ठोरी गाउँपालिकाको चालु आर्थिक वर्ष २०८२/०८३ को वार्षिक बजेटमा दलित समुदायको हक–अधिकारसम्बन्धी नीति, कार्यक्रम, ऐन–कानुन तथा नीतिहरूको कार्यान्वयन अवस्था र आगामी कार्ययोजनाका विषयमा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष तथा अन्य जनप्रतिनिधिहरूको उपस्थितिमा दलित समुदायको वर्तमान अवस्था, देखिएका समस्याहरू र तिनका समाधानका उपायहरूबारे महत्वपूर्ण छलफल गरिएको। • धादिङ जिल्लाका जिल्ला समन्वय समिति प्रमुख, उपप्रमुख, नीलकण्ठ नगरपालिका उपप्रमुख, सिद्धलेक गाउँपालिका उपाध्यक्ष, ज्वालामुखी गाउँपालिका उपाध्यक्ष लगायत जनप्रतिनिधि, प्रमुख प्रशासकीय अधिकृत, कर्मचारी तथा सामाजिक अभियन्ताहरूको उल्लेखनीय उपस्थितिमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा आयोजित "जातीय भेदभाव तथा छुवाछूत विरुद्ध सचेतनामूलक कार्यक्रम" मा आयोगको तर्फबाट सहभागी भई विषयगत प्रस्तुति गरिएको।
८३/०२/०२ देखि ८३/०३/०९ सम्म	कोशी प्रदेशको उदयपुर, धनकुटा, तेह्रथुम, संखुवासभा, भोजपुर र खोटाङ जिल्लाहरू	• उदयपुर जिल्ला समन्वय समिति प्रमुख, निवर्तमान प्रमुख लगायत अधिकारकर्मीहरूसँग उदयपुरका दलित समुदायको वर्तमान अवस्था, चुनौती, सम्भावना तथा सामाजिक न्यायका सवालहरूबारे महत्वपूर्ण भेटघाट तथा छलफल गरिएको। • कोशी प्रदेश सभाको न्याय, प्रशासन तथा विधान समितिका सभापति, कोशी प्रदेशका माननीय आर्थिक मामिला तथा योजना मन्त्रीज्यू र माननीय आन्तरिक मामिला तथा कानून मन्त्रीज्यूसँग दलित समुदायको हक, अधिकार, सामाजिक न्याय तथा जातीय विभेद उन्मूलनसँग सम्बन्धित कानून निर्माणका विषयमा महत्वपूर्ण छलफल गरिएको।

मिति	स्थान	विवरण
		• कोशी प्रदेश प्रहरी कार्यालयका प्रहरी नायब महानिरीक्षक, वरिष्ठ प्रहरी उपरीक्षक, प्रहरी उपरीक्षक, प्रहरी नायब उपरीक्षक लगायत मोरङ जिल्लाका प्रहरी प्रमुख र सुनसरी जिल्लाका निमित्त प्रहरी प्रमुख, दलित सेलमा कार्यरत प्रहरी तथा प्रहरी अधिकृतहरूको उपस्थितिमा दलित समुदायमाथि हुने जातीय विभेद, छुवाछूत, सामाजिक अन्याय तथा मानव अधिकार उल्लंघनका घटनाहरूका सम्बन्धमा छलफल गरिएको। • माननीय कोशी प्रदेश प्रमुखज्यू समक्ष आयोगको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन पेस गरिएको। • धनकुटा नगरपालिका वडा नं. ०७ स्थित टोड्के बस्ती र हलेसी तुवाचुङ नगरपालिका–८, नमुना भञ्याङस्थित दलित बस्ती र चैनपुर नगरपालिका वडा नं. ६ रमाइलो डाँडाको स्थलगत अवलोकन गरिएको। • धनकुटा नगरपालिका, म्याङलुङ नगरपालिका, चैनपुर नगरपालिका, भोजपुर नगरपालिका, दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका कार्यालयमा नगरपालिका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, जनप्रतिनिधि तथा अधिकारकर्मीहरूको उपस्थितिमा आर्थिक वर्ष २०८२/०८३ को वार्षिक बजेटमा दलित समुदायको हक–अधिकारसम्बन्धी नीति, कार्यक्रम, ऐन–कानुन तथा नीतिहरूको कार्यान्वयन अवस्था र आगामी कार्ययोजनाका विषयमा महत्वपूर्ण छलफल गरिएको। • धनकुटा, तेह्रथुम, संखुवासभा, भोजपुर र खोटाङका जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुख, सशस्त्र प्रहरी प्रमुख, राष्ट्रिय अनुसन्धान विभाग प्रमुख, अधिकारकर्मी तथा अन्य सरोकारवालाहरूको सहभागितामा दलित अधिकारको वर्तमान अवस्था, सामाजिक परिवेश, समावेशीकरण, सामाजिक न्याय, क्षमता विकास, स्थानीय चुनौतीहरू तथा प्रमुख जिल्ला अधिकारी र प्रहरी प्रमुखले दलित समुदायका हक–अधिकार संरक्षणमा निर्वाह गर्नुपर्ने भूमिकाका विषयमा छलफल गरिएको।

मिति	स्थान	विवरण
		• संखुवासभा र खोटाङ जिल्लामा क्रियाशील अग्रज तथा अगुवा दलित अधिकारकर्मीहरूसँग दलित समुदायले जिल्लामा भोगिरहेका विभेद, अपमान, सामाजिक बहिष्करण र अवसरको असमान पहुँचका विषयमा महत्वपूर्ण छलफल गरिएको।
८३/०२/२८ देखि ८३/०३/०५ सम्म	सुदूरपश्चिम प्रदेश र गण्डकी प्रदेशका कैलाली, डोटी, अछाम, बाजुरा, बझाङ र नवलपरासी (पूर्व) जिल्लाहरू	• साँफेबगर नगरपालिका–१०, कोटबाडा गाउँको बस्ती र बडीमालिका नगरपालिका वडा नं. ४ रिला पाथरकोटस्थित आधारभूत विद्यालय र बस्ती अवलोकन तथा छलफल गरिएको। • त्रिवेणी नगरपालिका, बडीमालिका नगरपालिका, खप्तड छेडेदेह गाउँपालिका, जयपृथ्वी नगरपालिका, विनय त्रिवेणी गाउँपालिकाका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, जनप्रतिनिधिहरू तथा अधिकारकर्मीहरूसँग स्थानीय तहले सामाजिक न्याय, समावेशी विकास, दलित समुदायको उत्थान तथा नागरिकको जीवनस्तर सुधारका लागि सञ्चालन गरेका विभिन्न गतिविधिहरूका बारेमा जानकारी तथा छलफल गरिएको। • साथै त्रिशक्ति दलित नेटवर्कका पदाधिकारीहरूसँग भेटघाट तथा संवाद गरी समुदायको वास्तविक अवस्था, चुनौतीहरू, उपलब्धिहरू र स्थानीय तहसँगको सहकार्यका विषयमा छलफल गरिएको। • डोटी, अछाम, बाजुरा र बझाङका जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी कार्यालयका प्रमुख तथा विभिन्न अधिकारकर्मीहरूको उपस्थितिमा दलित समुदायको अवस्था, जातीय भेदभाव तथा छुवाछूत, सामाजिक न्याय, मानव अधिकार र जिल्ला तहबाट भइरहेका प्रयासका विषयमा छलफल गरिएको साथै संविधानले सुनिश्चित गरेका दलित समुदायका हक-अधिकारको प्रभावकारी कार्यान्वयन, जातीय विभेद अन्त्य, पीडितलाई न्यायमा पहुँच, जिल्ला प्रशासन र प्रहरी प्रमुखको भूमिका तथा सरोकारवाला निकायहरूबीचको समन्वयलाई

मिति	स्थान	विवरण
		थप प्रभावकारी बनाउने विषयमा महत्वपूर्ण छलफल गरिएको।

भ्रमण तथा अनुगमनको क्रममा दलित समुदायसँग सम्बन्धित देखिएका समस्याहरू:-

१. थर सूचीकरण सम्बन्धमा:-

- आयोगबाट विभिन्न मितिमा सिफारिस भई सम्बन्धित मन्त्रालय मार्फत नेपाल सरकार (मन्त्रीपरिषद्)को बैठकमा दर्ता समेत भई स्वीकृत नभएको हुनाले स्वीकृतिका लागि पटक पटक नेपाल सरकार समक्ष सिफारिस गरी पठाईएको थर सूची विवरण हालसम्म स्वीकृत नभएको कारणले दलित समुदायका व्यक्तिहरूले आफ्नो पहिचान प्रमाणपत्र प्राप्त गर्न नसकी राज्यबाट प्रदान गरिने सेवा, सुविधाहरू (जस्तैः सरकारी सेवाको समावेशी समूह तर्फको विज्ञापनमा प्रतिस्पर्धा गर्न नपाउनु, वृद्धभत्ता नपाउनु आदि) उपभोग गर्नबाट वञ्चित भएको अवस्था रहेको छ।
- नागरिकताको थर संशोधनमा समस्या रहेको देखियो।
- दलित जातीय प्रमाणपत्र प्राप्त गर्न लागत, समय बढी खर्चिनु पर्ने भएको देखियो।

२. दलित समुदायको आयस्तर न्यून भएकोले शिक्षा, स्वास्थ्यको पहुँचमा कमी र जीवनस्तर न्यून रहेको पाइयो।

३. दलित समुदाय भएकै कारणले गर्दा फौजदारी अपराधमा पीडितहरूको संख्या गैर दलितको तुलनामा दलित समुदायकाहरू (महिला, बालबालिकाहरू) अत्यधिक रहेको। (नेपाल प्रहरीको विभिन्न प्रतिवेदनहरूमा देखिएको)

४. सार्वजनिक स्थलहरू जस्तै मठ, मन्दिर, पानी पधेँरो, सार्वजनिक बाटो लगायत सार्वजनिक कार्यक्रमहरूमा दलित समुदायका व्यक्तिहरूलाई जातीय विभेद र छुवाछूत हुने गरेको पाइयो।

सहभागीहरूबाट प्राप्त सुझावहरू:-

दलित समुदायको सरकारी सेवामा उपस्थिति न्यून छ। विद्यालय व्यवस्थापन समिति तथा अन्य समितिहरूमा दलितहरूको अर्थपूर्ण सहभागिता नहुँदा शिक्षक राहत कोटामा समेत दलित नियुक्ति नगर्ने प्रवृत्ति देखिएको छ। साथै नीति र पदपूर्तिसम्बन्धी सूचना समयमै नपुग्ने, सेवा सुविधामा सहज पहुँच नहुँदा आरक्षित सिटहरूमा दलितहरूको पहुँचबाट वञ्चित भएको र खुला प्रतियोगितामा मात्र प्रतिस्पर्धा गर्नुपर्ने अवस्थाबारेको समस्या समाधान गर्न सुझाव प्राप्त भएको।

लोक सेवा आयोगको परीक्षाका लागि दलित समुदायका लागि विशेष तयारी कक्षा सञ्चालन गर्नुपर्ने, सरकारी सेवामा प्रोत्साहन गर्नुपर्ने, सबै प्रकारका जातीय विभेदविरुद्ध सशक्त आवाज उठाउनुपर्ने सुझाव आएको। साथै अपमानजनक नाम र हीनताबोध उत्पन्न गर्ने थर/जातलाई नागरिकता तथा शैक्षिक प्रमाणपत्रमा सहज रूपमा सुधार गर्नुपर्ने माग गरिएको थियो। कतिपय जिल्लामा थर सूचीकरण नभएकाले नागरिकता लिन समस्या भोग्नु परेको गुनासो प्राप्त भएको।

आरक्षित कोटाबाट दलित समुदायले नै प्रत्यक्ष लाभ लिन पाउनु पर्नेमा सहभागीहरूले जोड दिएका थिए। दलित भित्रका विभिन्न जातहरूको प्राथमिकता स्पष्ट गर्नुपर्ने र नीतिहरूको प्रभावकारी कार्यान्वयनका लागि नागरिक समाजको सक्रिय भूमिका अपरिहार्य हुने सुझाव पनि प्राप्त भएको।

जातीय विभेदको घटना भएलगत्तै आयोगले घटनास्थलमै पुग्नुपर्ने, दलित वस्तीमा पुगेर सक्रिय अनुगमन गर्नुपर्ने, पीडितको मनोबल उच्च राख्ने पहल गर्नुपर्ने माग गरिएको थियो। साथै उच्चस्तरीय शिक्षा र विशेष तालिमका अवसर प्रदान गर्नुपर्ने, आरक्षित सिटमा पदपूर्ति नभएमा अर्को अवसरमा प्राथमिकता दिनुपर्ने विषयमा पनि छलफल भएको।

दलित भनेर प्रष्ट रूपमा कागजातमा उल्लेख भएका जातिहरू (जस्तैः सार्की, कामी, दमाई, नेपाली, परियार, विश्वकर्मा, राम, चमार, भूल आदि) का लागि स्थानीय तहबाट प्रमाणिकरण गरेपछि मात्र जिल्ला प्रशासन कार्यालयमा जानुपर्ने वर्तमान प्रक्रियालाई अन्त्य गर्नुपर्ने माग गरिएको। साथै प्रहरी कार्यालय र लोक सेवा आयोगले आयोगकै सिफारिस माग्ने प्रचलनको पुनरावलोकन गरी स्थानीय तहको सिफारिसलाई मान्यता दिनुपर्ने सुझाव पनि आएको।

संविधानको धारा २५६ र राष्ट्रिय दलित आयोग ऐन, २०७४ अनुसार आयोगका पदाधिकारीहरूले आफ्नो कर्तव्य प्रभावकारी ढंगले निर्वाह गर्नुपर्नेमा सहभागीहरूले जोड दिएको। आयोगले जिल्ला प्रशासन, प्रहरी कार्यालय, स्थानीय तह र दलित बस्तीमै पुगेर राय—सुझाव संकलन गरी सम्बन्धित निकायमा सिफारिस गर्नुपर्ने अपेक्षा पनि राखिएको।

दलित बालबालिकाले गुणस्तरीय शिक्षा प्राप्त गर्न सकिरहेका छैनन् भन्ने गुनासो उठाइएको। कमजोर आर्थिक अवस्था, गाउँमै उच्च शिक्षा नपुग्नु र खर्च व्यवस्थापन गर्न अभिभावक असमर्थ हुनु प्रमुख कारण भएकोले विशेष शिक्षा कोष व्यवस्थापन गरी सहयोग गर्नुपर्ने सुझाव प्राप्त भएको।

अधिकांश दलित परिवार भूमिहीन छन् वा अत्यन्त सानो जग्गामा आश्रित छन्। यसले जीविकोपार्जनमा ठूलो कठिनाइ निम्त्याएको छ। बेरोजगारी दर उच्च छ र परिवार पाल्न गाह्रो भएकोले राज्यले रोजगारी सिर्जना र भूमिको व्यवस्था गर्नुपर्ने माग गरिएको।

दलित समुदायका परम्परागत पेशा (जस्तैः पञ्चे बाजा बजाउने, फलाम, पित्तल, तामाका भाँडाकुडा बनाउने आदि) लोप हुँदै गएका छन्। बजारको प्रभाव र अन्य समुदायको संलग्नताले यस्ता पेशामा दलितहरूको संलग्नता घटेको छ। राज्यले यस्ता पेशाको संरक्षण, संवर्द्धन र प्रवर्द्धनमा विशेष कार्यक्रम ल्याउनुपर्ने माग गरिएको।

नागरिकतामा आफ्नो थर राख्ने कानुनी व्यवस्था भए तापनि संशोधन गर्दा अनावश्यक झन्झट भोग्नु परेको गुनासो आएको। दलित समुदायले आफ्नो इच्छा अनुसार थर राख्न सहज हुने व्यवस्था गर्नुपर्ने माग गरिएको।

जिल्ला प्रशासन, प्रहरी कार्यालय र स्थानीय तह भ्रमण गर्दा अधिकांश दलित अशिक्षित देखिएको। त्यसैले संघ/संस्थाहरूले दलितका लागि शिक्षा र प्रौढ शिक्षा कार्यक्रम सञ्चालन गर्नुपर्ने, आर्थिक रूपमा पछाडि रहेका समुदायका लागि शिक्षामा लगानी बढाउनुपर्ने र आयोगले यस्ता संघ/संस्थाहरूको प्रभावकारी अनुगमन गर्न सुझाव प्राप्त भएको।

४.४ आयोगमा दर्ता भएका उजुरी

आयोगमा प्राप्त भएका तथा विभिन्न सञ्चार माध्यममा प्रकाशित समाचारअनुसार आयोगको ध्यानाकर्षण भई आयोगमा आ.व.२०८२/०८३ मा निम्नानुसारको उजुरी दर्ता भएको छ। आयोगमा प्राप्त उजुरी मध्ये केहीमा

आयोगले स्थलगत अनुगमन गरी आवश्यक कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय/जिल्ला प्रशासन कार्यालयमा लेखि पठाइएको र अन्य उजुरीको सम्बन्धमा आवश्यक कारबाहीको लागि सम्बन्धित निकायमा लेखि पठाइएको र सो को अनुगमन गरिएको छ।

क्र.सं.	उजुरी/घटनाहरूको प्रकृति	संख्या	कैफियत
१.	दलित हक अधिकार हनन	१	
२.	जातीय छुवाछूत र भेदभाव, गालीगलौच तथा कुटपिट	४१	
३.	अन्तरजातीय प्रेम/विवाह	६	
४.	हत्या/मृत्यु	१२	
५.	अन्य प्रकृति	६	
	जम्मा	६६	


उजुरी/घटनाको विवरण



<u>प्रदेशगत उजुरी/घटनाहरूको संख्यात्मक विवरण</u>

क्र.सं.	प्रदेश	संख्या	कैफियत
१.	कोशी प्रदेश	७	
२.	मधेश प्रदेश	१९	
३.	बागमती प्रदेश	१६	
४.	गण्डकी प्रदेश	४	
५.	लुम्बिनी प्रदेश	८	
६.	कर्णाली प्रदेश	५	
७.	सुदूरपश्चिम प्रदेश	७	
	जम्मा	६६	


प्रदेशगत विवरण



विगत ६ वर्ष देखि हालसम्म आयोगमा दर्ता भएका घटनाहरूको वार्षिक विवरण

क्र.सं.	आ.व.	उजुरी दर्ता संख्या	कैफियत
१.	२०७७/०७८	३६	
२.	२०७८/०७९	५३	
३.	२०७९/०८०	५५	
४.	२०८०/०८१	५८	
५.	२०८१/०८२	६४	
६.	२०८२/०८३	६६	

उजुरी दर्ता संख्या



उजुरीको संक्षिप्त विवरणः

क्र.सं.	उजुरीको संक्षिप्त विवरण	प्रारम्भिक छानबिन	छानबिनको प्रगति
२०८२-०४-००१	आरोपितबाट जातीय गालीगलौच विभेद, कुटपिट भएको र हस्पतालमा उपचार भईरहेकोमा ईलाका प्रहरी कार्यालय, सिरिसे, रामेछापमा निवेदन दिँदा सो कार्यालयबाट कुनै काम कारवाही नभएको हुँदा क्षतिपूर्ति भराई न्याय पाऊँ भनी दिनुभएको निवेदन प्राप्त भएको।	च.नं.६, मिति २०८२/०४/०६ को पत्रबाट जिल्ला प्रशासन कार्यालय, रामेछापलाई आवश्यक कारवाही गर्न लेखि पठाइएको।	
२०८२-०४-००२	"दैलेखको पिडित बालिकाको न्यायका लागि माइतिघर मण्डलामा प्रदर्शन" विषयको समाचार पश्चिम दैलेखको चामुण्डाबिन्द्रासैनी न.पा.-८ माथिल्लो खाडा भन्ने ठाउँमा लखेटी-लखेटी ढुङ्गा हानेर १३ वर्षीय बालिकाको सामूहिक बलात्कार भएको उल्लेख भएको	च.नं.३८, मिति २०८२/०४/२७ को पत्रबाट जिल्ला प्रशासन कार्यालय, दैलेखलाई आवश्यक कारवाही गर्न लेखि पठाइएको।	भण्डारी र शाहीलाई पक्राउ गरी दैलेख जिल्ला अदालत, दैलेखबाट म्याद थप अनुमति लिई निज प्रतिवादीहरूलाई प्रहरी हिरासतमा नै राखी सो मुद्दाको अनुसन्धान कार्य भई रहेको भनी लेखि आएको साथै निज पीडित बालिकाको जिल्ला अस्पताल दैलेखमा उपचार भई डिस्चार्ज भएको व्यहोरा जानकारी जिल्ला प्रशासन कार्यालय, दैलेखको च.नं.२५८, मिति २०८२/०४/२८ को पत्रबाट लेखि आएको।
२०८२-०४-००४	"डडेल्धुरामा वडाध्यक्षद्वारा दलित युवामाथि चप्पलले कुटपिट" विषयको समाचारमा पिडित बिरामीलाई मोटरसाईकलमा अस्पताल लैजाँदै गर्दा वडाध्यक्ष बाटोमा भेटेपछि उपचारसम्बन्धी सल्लाह लिन रोकेकोमा अध्यक्षले एक्कासी चप्पल निकालेर प्रहार गरी फोहोर र अपमानजनक शब्दहरु प्रयोग गरेको व्यहोरा उल्लेख भएको।	च.नं.३९, मिति २०८२/०४/२७ को पत्रबाट जिल्ला प्रशासन कार्यालय, डडेल्धुरालाई आवश्यक कारवाही गर्न लेखि पठाइएको।	
२०८२-०४-००५	आरोपितले सामाजिक सञ्जाल फेसबुकमा दलित समुदायका व्यक्तिलाई जातीय भेदभाव एवं गालीगलौच गरेको।	च.नं.४३, मिति २०८२/०४/३० को पत्रबाट नेपाल प्रहरी प्रधान कार्यालय, साइबर ब्यूरोलाई आवश्यक कारवाही गर्न लेखि पठाइएको।	उक्त फेसबुक लिंकको Meta company सँग विवरण माग गर्दा Meta platforms business record बाट Mutual Legal Assistance Treaty (MLAT) भनी प्राप्त भएको हुँदा सोही व्यहोराको जानकारी खुलाई पठाईएको नेपाल प्रहरी प्रधान कार्यालय, साइबर ब्यूरोको च.नं.७२९८, मिति २०८२/०८/१५ को पत्रबाट लेखि आएको।
२०८२-०५-००६	प्रकाशित "धादिङमा दलित माथि जातीय विभेद, उजुरी प्रहरीमा" विषयको समाचार निलकण्ठ न.पा.-१० का विसुन्के खेतमा रोपाईँ गर्दै गर्दा पानी प्रयोग गर्ने विषयमा सोही ठेगानाका निवासी र वडा सदस्य समेत रहेका जनप्रतिनिधि पाठकसँग विवाद भई पाठकले जातीय अपशब्द प्रयोग गरी लछारपछार गरी प्राणघातक धम्की दिएको र धारिलो हतियार खुडा बोकेर आइ मार्छु भनी झम्टिदै आएको भन्ने व्यहोरा उल्लेख भएको।	च.नं.४४, मिति २०८२/०५/०३ को पत्रबाट जिल्ला प्रशासन कार्यालय, धादिङलाई आवश्यक कारवाही गर्न लेखि पठाइएको।	प्रतिवादी हिम प्रसाद पाठकलाई जातीय तथा अन्य सामाजिक छुवाछुत र भेदभाव (कसूर र सजाय) ऐन, २०६८ को दफा ३ ले निषेधित र दफा ४ को उपदफा (१२) ले परिभाषित कसूरमा ऐ ऐनको दफा ७ को उपदफा (१) को देहाय (ख) बमोजिम सजाय गरी यी प्रतिवादी सार्वजनिक पद धारण गरेको व्यक्ति रहेको देखिदा सोही ऐनको दफा ७ को उपदफा (२) बमोजिम थप सजाय गरी ऐ ऐनको दफा ९ बमोजिम पीडित जाहेरवालालाई क्षतिपूर्ति दिलाई पाँउ भन्ने अभियोग दर्ता भएको।

क्र.सं.	उजुरीको संक्षिप्त विवरण	प्रारम्भिक छानबिन	छानबिनको प्रगति
२०८२-०५-००७	बैतडी जिल्ला, डीलासैनी गा.पा.-३ निवासी कोलीको गिरीबगरस्थित चौलानी नदी किनारमा मृत्यु भएको।	च.नं.४६, मिति २०८२/०५/०८ को पत्रबाट जिल्ला प्रशासन कार्यालय, बैतडीलाई आवश्यक कारवाही गर्न लेखि पठाइएको। साथै च.नं.५४, मिति २०८२/०५/१९ को पत्र मार्फत पुनः लेखि पठाइएको।	थप अनुसन्धान कार्य भईरहेको व्यहोरा ईलाका प्रहरी कार्यालय, पाटन, बैतडीको च.नं.१६६, मिति २०८२/०५/११ को पत्रबाट जानकारी प्राप्त हुन आएको।
२०८२-०५-००८	प्रकाशित "जातीय विभेद गरेको आरोपमा एक जना पक्राउ" विषयको समाचारमा धादिङ्ग जिल्लास्थित गजुरी गा.पा.-२ का श्रेष्ठले प्रेम सम्बन्धपछि गोरखास्थित सहिद लखन गा.पा.-१ का परियारसँग विवाह गरेकोमा गर्भवती बनेकी श्रीमती दलित रहेको परिवारले थाहा पाएपछि सम्पर्कविहीन बनेको व्यहोरा उल्लेख भएको।	च.नं.४९, मिति २०८२/०५/११ को पत्रबाट जिल्ला प्रशासन कार्यालय, गोरखालाई आवश्यक कारवाही गर्न लेखि पठाइएको।	
२०८२-०५-००९	प्रकाशित "बाजुराको पादुकामा दलित महिला माथि पूजा गर्न निषेध" विषयको समाचारमा स्वामीकात्तिक खापर गा.पा.-३ का बिकसहित चारजना दलित महिलालाई पादुका त्रिवेणी धामका पुजारी पाध्यायले आज मुल पुजा हो दलितले मन्दिर प्रवेश गर्न पाउँदैनौ भन्दै मन्दिर प्रवेशमा रोक लगाएको व्यहोरा उल्लेख भएको।	च.नं.५०, मिति २०८२/०५/११ को पत्रबाट जिल्ला प्रशासन कार्यालय, बाजुरालाई आवश्यक कारवाही गर्न लेखि पठाइएको।	
२०८२-०५-०१०	प्रकाशित "तेह्रथुममा प्रधानाध्यापकद्वारा शिक्षकमाथि जातीय भेदभाव" विषयको समाचारमा तेह्रथुम जिल्ला आठराई गा.पा.-७ स्थित नाम्जाङ आधारभूत विद्यालयमा भएको श्रमदान कार्यक्रममा खानपानको क्रममा प्रधानाध्यापकले सोही विद्यालयकी शिक्षकलाई दलित भएको कारण देखाउँदै भान्सा वरिपरि जान तथा खानेकुरा छुन नदिएको व्यहोरा उल्लेख भएको।	च.नं.५१, मिति २०८२/०५/१६ को पत्रबाट जिल्ला प्रशासन कार्यालय, तेह्रथुमलाई आवश्यक कारवाही गर्न लेखि पठाइएको। च.नं.१२४, मिति २०८२/१०/२० को पत्रबाट पुनः जिल्ला प्रशासन कार्यालयलाई ताकेता लेखि पठाइएको।	तलब घटाएको विषयमा कारवाही गर्ने क्षेत्राधिकार हाल कार्यान्वयनमा रहेको शिक्षा नियमावलीले जिल्ला प्रशासन कार्यालय र प्रमुख जिल्ला अधिकारीलाई प्रत्यायोजन गरेको नदेखिएको व्यहोरा जानकारी जिल्ला प्रशासन कार्यालय, तेह्रथुमको च.नं.१०८३, मिति २०८२/१०/२५ को पत्रबाट लेखि आएको। शिक्षक गहतराजलाई नियुक्ति दिने विद्यालय व्यवस्थापन समितिको निर्णय भएको तर नियुक्ति पत्र नदिएको, विद्यालयको अक्षयकोषमा रहेको रकमको ब्याजबाट तलब खुवाउने भनी निर्णय गरेको तर तलब भत्ता किटान नगरिएको, तलबभत्ता घटाउने भनी कतै निर्णय नगरिएको के-कति कारणले घटाएको भन्ने कुराको कतै जानकारी नगराएको, हालसम्म के-कति तलब-भत्ता खाएको हो कतै प्रमाण नदेखिएको र भरपाई समेत उपलब्ध नभएको व्यहोराको जानकारी आठराई गा.पा.को च.नं.१४३९, मिति २०८२/१०/२९ को पत्रबाट लेखि आएको। जाहेरी दरखास्त, घटना विवरण कागज लगायतका आधार र प्रमाणहरुबाट प्रतिवादी तारादेवी खतिवडालाई जातीय तथा अन्य

क्र.सं.	उजुरीको संक्षिप्त विवरण	प्रारम्भिक छानबिन	छानबिनको प्रगति
			सामाजिक छुवछूत तथा भेदभाव (कसुर र सजाय) ऐन, २०६८ को दफा ४ को उपदफा (१) विपरित उपदफा (२) बमोजिमको कसूर अपराधमा सोही ऐनको दफा ७ को उपदफा १ खण्ड (क) बमोजिम सजाय हुन साथै निज प्रतिवादी श्री नाम्जाङ आधारभुत विद्यालयमा शिक्षिका रही प्रधानाध्यापकको जिम्मेवारीमा रहेको देखिएको हुँदा निजलाई सोही ऐनको दफा ७ को उपदफा (२) बमोजिमको थप सजाय हुन समेत मागदावी लिई अभियोग पत्र दायर भएको।
२०८२-०५-०११	प्रकाशित "दोधारा चाँदनीमा दमाईमाथि जातीय विभेद गर्नेलाई कारवाही गर्न नगर दलित समन्वय समितिको माग" विषयको समाचारमा दोधारा चाँदनी न.पा.-३ का श्री चन्दद्वारा सोही ठेगाना बस्ने श्री दमाईमाथि सामान्य विवादमा जातीय विभेद गर्दै अपमानित शब्द प्रयोग गरेको भन्ने व्यहोरा उल्लेख भएको।	च.नं.५२, मिति २०८२/०५/१६ को पत्रबाट जिल्ला प्रशासन कार्यालय, कञ्चनपुरलाई आवश्यक कारवाही गर्न लेखि पठाइएको।	
२०८२-०५-०१२	सामाजिक सञ्जाल फेसबुकमा प्रकाशित "रौतहटको कटहरिया न.पा.-४ मा मोबाइल चोरी गरेको झुट्टा आरोपमा २८ वर्षीय एक दलित युवा बैठालाई गाउँ भन्दा करिब ३०० मिटर टाढा लगी आपको रूखमा रसिले उल्टो बाध बाधेर साइकलको चैन, बेल्ट तथा हात, मुका समेतले मर्नासन हुने गरी निर्घात कुटपिट पछि उपचारको क्रममा बैठाको मृत्यु भएको र घटना मिलाउन गाउँका ठुला बडाले दबाब गरिरहेको पिडितले बताएको" विषयको घटना उल्लेख भएको।	च.नं.५३, मिति २०८२/०५/१६ को पत्रबाट जिल्ला प्रशासन कार्यालय, रौतहटलाई आवश्यक कारवाही गर्न लेखि पठाइएको।	
२०८२-०५-०१३	प्रकाशित "जनकपुर रारात्र कलेज प्रमुखविरुद्ध जातीय छुवाछूतको उजुरी" विषयको समाचारमा जनकपुरधामस्थित रहेको रारात्र कलेजका क्याम्पस चिफ कर्णले सोही क्याम्पसका कार्यालय सहयोगी राम खत्वेलाई दलित भनेर जातीय छुवाछूत गरेको सम्बन्धी व्यहोरा उल्लेख भएको।	च.नं.५५, मिति २०८२/०५/१७ को पत्रबाट जिल्ला प्रशासन कार्यालय, धनुषालाई आवश्यक कारवाही गर्न लेखि पठाइएको।	

क्र.सं.	उजुरीको संक्षिप्त विवरण	प्रारम्भिक छानबिन	छानबिनको प्रगति
२०८२-०५-०१४	आरोपितसँग पहिले देखिको वैदेशिक रोजगारी सम्बन्धी विवादको विषयमा छलफल गर्न खोज्दा जातपातको नाममा अश्लिल गाली गलौज गरी ढुङ्गाले हिर्काई घाईते बनाई पीडितको श्रीमती समेतलाई जातपातको नाममा गाली गलौज एवं कुटपिट गरेको हुँदा पीडकलाई दण्ड सजाय गरिदिने सम्बन्धी जिल्ला प्रहरी कार्यालय, नवलपरासी (ब.सु.प.) मा पेस गरेको जाहेरी दरखास्त पत्र प्राप्त भएको।	च.नं.५७, मिति २०८२/०५/२२ को पत्रबाट जिल्ला प्रशासन कार्यालय, नवलपरासी (ब.सु.प)लाई आवश्यक कारवाही गर्न लेखि पठाइएको।	
२०८२-०५-०१५	सामाजिक सञ्जाल Tiktok मा Magar ले सार्वजनिक रूपमा आफुलाई जातीय अपमान र विभेद गरेको हुँदा कानूनी कारवाही र न्याय दिनुहुन भनी पठाउनुभएको इमेल प्राप्त भएको।	च.नं.६१, मिति २०८२/०५/३१ को पत्रबाट नेपाल प्रहरी प्रधान कार्यालय, साइबर ब्यूरोमा आवश्यक कारवाही गर्न लेखि पठाइएको।	
२०८२-०५-०१६	"पीडकहरूले हाईटेन्सन लाइनको तल अवैध रूपमा राखिएको बालुवाको ढिस्कोमा खेल्ने क्रममा करेन्ट लागेर आफ्नो छोरा कोलीको मृत्यु भएको र इलाका प्रहरी कार्यालयमा गई जाहेरी दर्ता गर्न जाँदा इन्स्पेक्टर साउदले जाहेरी सनाखत समेत नगरी मुद्दा दर्ता हुँदैन पैसा लेउ मिल नत्र नाम निसान जाला भनी धम्क्याउने गरेको हुँदा उक्त इन्स्पेक्टरलाई प्रचलिन कानून बमोजिम हदैसम्मको सजाय गरी जाहेरी सनाखत र मुद्दा दर्ता गर्ने वातावरण मिलाई दिनहुन" भनी यस आयोगमा दिनुभएको निवेदन प्राप्त भएको।	च.नं.६२, मिति २०८२/०५/३१ को पत्रबाट जिल्ला प्रशासन कार्यालय, वैतडीलाई आवश्यक कारवाही गर्न लेखि पठाइएको।	
२०८२-०६-०१७	"सिरहामा प्रहरीकै अगाडि ५ दलित समुदायको घर भत्काएर लुटपाट" विषयको समाचार।	च.नं.६४, मिति २०८२/०६/२१ को पत्रबाट जिल्ला प्रशासन कार्यालय, सिराहालाई आवश्यक कारवाही गर्न लेखि पठाइएको। जिल्ला प्रशासन कार्यालय, सिरहाको च.नं.५७, मिति २०८३/०४/०१ को पत्र मार्फत यथार्थ बुझि पठाउने सम्बन्धमा जिल्ला प्रहरी कार्यालय, सिरहालाई पत्राचार भएको।	

क्र.सं.	उजुरीको संक्षिप्त विवरण	प्रारम्भिक छानबिन	छानबिनको प्रगति
२०८२-०६-०१८	पीडितले दिनुभएको निवेदन र निवेदन साथ प्राप्त जाहेरी दरखास्तमा "पासीले जातीय भेदभाव तथा छुवाछूत सम्बन्धी कसुर मुद्दामा साक्षी गवाही गरेको कारण निजलाई दलित पासी भनेर कुटपिट गरेकोमा ..... पासी र ..... पासीले बचाएको र प्रहरीलाई खबर गरेको हुँदा निजहरू आफ्नो घर गई रहेको अवस्थामा निर्मम तरिकाले लाठी, फलामको रड, लात, मुक्का र पन्चले प्रहार गरी विपक्षीहरू भागी फरार भएको" भन्ने व्यहोरा उल्लेख भएको।	च.नं.६५, मिति २०८२/०६/२१ को पत्रबाट जिल्ला प्रहरी कार्यालय, रूपन्देहीलाई आवश्यक कारवाही गर्न लेखि पठाइएको।	
२०८२-०६-०१९	खोटाङ जिल्लास्थित दिप्रुङ चुइचुम्मा गा.पा.-४ मा बस्ने परियारको मिति २०८२/०५/३० गते सम्भवतः सामूहिक बलात्कार र हत्या भएकोमा प्रहरी प्रशासनबाट सार्कीलाई पक्राउ गरी मुद्दा प्रक्रियामा अगाडी बढेकोमा सो घटनामा एकल नभएर सामूहिक अपराधीहरू भएको हुँदा हत्यारा पत्ता लगाई कानूनी कारवाही गराई दिनहुन भनी दिनुभएको निवेदन प्राप्त भएको।	च.नं.७३, मिति २०८२/०६/३० को पत्रबाट जिल्ला प्रशासन कार्यालय, खोटाङलाई आवश्यक कारवाही गर्न लेखि पठाइएको। साथै च.नं.११५, मिति २०८२/०९/२१ को पत्रबाट पुनः ताकेता गरिएको।	वादी नेपाल सरकार कानूनको विवादमा परेका बालक सांकेतिक नाम "७" भएको कर्तव्य ज्यान मुद्दामा सांकेतिक नाम "७" वारदातमा प्रत्यक्ष संलग्न रही घटना घटाएको तत्काल अनुसन्धान तथा संकलित कागज प्रमाणहरूबाट पुष्टी भई सम्मानित खोटाङ जिल्ला अदालत दिक्तेलबाट सो वारदातमा संलग्न सांकेतिक नाम "७" लाई पुर्पक्षको लागि बाल सुधार गृह भक्तपुर पठाईएको, वादी पक्षबाट घटनाको अनुसन्धानको क्रममा गरिएका घटना विवरण कागज, नियन्त्रणमा रहेका सांकेतिक नाम "७" ले अधिकार प्राप्त अधिकारी समक्ष कानूनी रित पुर्वक गरेको सोधपुछ कागज, वि.पि. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान घोपाबाट लाश पोष्टमार्टम प्रतिवेदन साथ प्राप्त लाशको अवस्था र मृत्युको कारण समेतको आधारमा सम्मानित आयोगको पत्रसाथ संलग्न ज्ञापन पत्रमा उल्लेख भए बमोजिम नै उक्त वारदात भएको हो भन्ने कहि कतैबाट स्पष्ट खुल्न नआएको र सो सम्बन्धमा थप पुष्टयाईको लागि सम्बन्धित चिकित्सकसँग आवश्यक नमूना संकलन गरी वैज्ञानिक परीक्षणको लागि तोकिए बमोजिमको निकायमा पठाईएको, पछि परीक्षण पश्चात थप तथ्य खुलेमा बाहेक उक्त वारदातमा कानूनको विवादमा परेको बाल सांकेतिक नाम "७" बाहेक अन्य कोही कसैको संलग्नता रहेको भनी स्पष्ट रूपमा खुल्न नआएको हुँदा सोही व्यहोरा खुलाई पठाईएको जिल्ला प्रहरी कार्यालय, खोटाङको च.नं.२५२४, मिति २०८२/०९/२४ को पत्रबाट लेखि आएको।

क्र.सं.	उजुरीको संक्षिप्त विवरण	प्रारम्भिक छानबिन	छानबिनको प्रगति
२०८२-०७-०२०	आफ्नो भाई विश्वकर्मा र खड्काबीच विगत २ वर्ष देखि प्रेम सम्बन्धमा रहेको र अध्ययनको सिलसिलामा दुवै जनासँगै बेलायतमा जान लागेकोमा खड्काको घरपरिवारलाई थाहा पाई जातजाति र समुदायका आधारमा सम्बन्ध विच्छेद गराई आफ्नो घरपरिवार र भाई समेतलाई विभिन्न डर धाकधम्की दिई झुट्टा उजुरी दिई भाईलाई इ.प्र.का. बेलबारीको हिरासतमा राखेको हुँदा पीडकहरूलाई हदै सम्मको सजाय गरी उचित क्षतिपूर्ति समेत दिलाई भराई पाऊँ" भनी दिनुभएको निवेदन प्राप्त भएको	च.नं.७६, मिति २०८२/०७/०९ को पत्रबाट जिल्ला प्रशासन कार्यालय, मोरङलाई आवश्यक कारवाही गर्न लेखि पठाइएको।	
२०८२-०७-०२१	वडुबाललले पानी छोएको भन्दै सोही ठाउँ बस्ने वि.क.लाई कुटपिट गरी घाइते बनाएको जानकारी मौखिक रूपमा प्राप्त भएको।	च.नं.७९, मिति २०८२/०७/१८ को पत्रबाट जिल्ला प्रशासन कार्यालय, दैलेखलाई आवश्यक कारवाही गर्न लेखि पठाइएको। जिल्ला प्रशासन कार्यालय, दैलेखको च.नं.३५, मिति २०८३/०४/१२ को पत्र मार्फत विवरण उपलब्ध गराईदिने सम्बन्धमा आठबिस नगरपालिका, दैलेख र जिल्ला प्रहरी कार्यालय, दैलेखमा पत्राचार भएको।	
२०८२-०७-०२२	"आफु रामसागर बहुमुखी क्याम्पसमा कार्यालय सहयोगी पदमा कार्यरत रहेको र नवनियुक्त क्याम्पस प्रमुखले दलित भनेर अपमानजनक शब्द प्रयोग गर्ने तथा अमानवीय व्यवहार गर्ने गरेको हुँदा क्याम्पस प्रमुखलाई हदैसम्मको सजाय दिई न्याय पाऊँ" भनी दिनुभएको निवेदन प्राप्त भएको।	च.नं.८१, मिति २०८२/०७/२१ को पत्रबाट जिल्ला प्रशासन कार्यालय, धनुषालाई आवश्यक कारवाही गर्न लेखि पठाइएको।	

क्र.सं.	उजुरीको संक्षिप्त विवरण	प्रारम्भिक छानबिन	छानबिनको प्रगति
२०८२-०७-०२३	"मिति २०८२/०६/१९ गते राती ऐ. ठेगाना बस्ने ..... आले मगर समेत मगर समुदायका व्यक्तिहरूले सार्की चमारे भन्दै अश्लील शब्द प्रयोग गरी आफ्नो ठूलो छोरोमाथि कुटपिट गरेको र सम्झाउन आएका छिमेकीहरूलाई समेत कुटपिट गरेकोमा जिल्ला प्रहरी कार्यालयलाई फोन गरेपछि निजहरू भागेको र प्रहरीमा उल्टै निवेदन हालेर बिसुन्के र नेपाली पकाउ परेकोमा जिल्ला प्रहरी कार्यालयमा पुग्दा कागज गराएको र उक्त कागज पढाएर नसुनाएको हुँदा उक्त कागजमा घाइते राम आलेलाई उपचार गर्ने सर्त उल्लेख गरिएको थाहा नभएको र पछि फर्जी बील बनाई १ लाख १९ हजारको बील प्राप्त भएकोले कानुनी ज्ञान शिक्षा र आर्थिक अवस्था कमजोर भएको कारण आफू अन्यायमा परेको हुँदा आवश्यक कारवाही गरी पाऊँ" भनी दिनुभएको निवेदन प्राप्त भएको।	च.नं.८२, मिति २०८२/०७/२१ को पत्रबाट जिल्ला प्रशासन कार्यालय, धादिङलाई आवश्यक कारवाही गर्न लेखि पठाइएको।	
२०८२-०७-०२४	सामाजिक सञ्जाल फेसबुकमा "जिल्ला प्रहरी कार्यालय, सुर्खेतको हिरासतमा प्रहरीले चरम यातना र कुटपिट गरी हत्या गरेको" विषयको पोष्ट।	च.नं.८४, मिति २०८२/०७/२३ को पत्रबाट जिल्ला प्रशासन कार्यालय, सुर्खेतलाई आवश्यक कारवाही गर्न लेखि पठाइएको।	
२०८२-०७-०२५	नयाँ पत्रिकामा प्रकाशित "अन्तरजातीय प्रेमविवाह गरेकी युवतीलाई छुटाउने प्रयास" विषयको समाचार	च.नं.९३, मिति २०८२/०८/१४ को पत्रबाट जिल्ला प्रशासन कार्यालय, सिरहालाई आवश्यक कारवाही गर्न पत्राचार गरिउको।	सो सन्दर्भमा सुरक्षार्थको लागि नियन्त्रणमा राखिएकोमा सोही दिन नियन्त्रण मुक्त भईसकेको बुझिएको व्यहोरा जानकारी जिल्ला प्रशासन कार्यालय, सिरहाको च.नं.२७७४, मिति २०८२/०८/१६ को पत्रबाट लेखि आएको।
२०८२-०८-०२६	आफु र आफ्नो परिवार समेतलाई आचार्यले tiktok लाइभमा आएर जातीय भेदभाव एवं गालीगलौच तथा अपमानजनक शब्द प्रयोग गरेको हुँदा कानून बमोजिम कारवाही गरी न्याय दिलाई पाऊँ" भनी दिनुभएको निवेदन प्राप्त भएको।	च.नं.९८, मिति २०८२/०८/२५ को पत्रबाट नेपाल प्रहरी प्रधान कार्यालय, साइबर ब्यूरोलाई आवश्यक कारवाही गर्न लेखि पठाइएको।	प्रारम्भिक अनुसन्धान पश्चात निवेदकले निवेदनमा उल्लेख गरेको शंकित व्यक्तिको Tiktok ID लाई सेवाप्रदायक संस्थासँग आवश्यक विवरण माग गर्दा Tiktok ले विवरण उपलब्ध नगराएको हुँदा थप अनुसन्धान कार्य अगाडी बढाउन कठिनाई भएको व्यहोराको जानकारी खुलाई पठाईएको नेपाल प्रहरी प्रधान कार्यालय, साईबर ब्यूरोको च.नं.१९५९५, मिति २०८२/०२/१२ को पत्रबाट लेखि आएको।
२०८२-०८-०२७	छानविन र संरक्षणको लागि तत्काल अनुरोध-जबरजस्ती विवाह, पतिद्वारा परित्याग, यौन हिंसा, जातीय भेदभाव, शारीरिक र मानसिक यातना" विषयको निवेदन प्राप्त भएको।	च.नं.९९, मिति २०८२/०८/२८ को पत्रबाट जिल्ला प्रशासन कार्यालय, धनुषालाई आवश्यक कारवाही गर्न लेखि पठाइएको।	

क्र.सं.	उजुरीको संक्षिप्त विवरण	प्रारम्भिक छानबिन	छानबिनको प्रगति
२०८२-०९-०२८	बारा अपडेट अनलाइनमा प्रकाशित "बाटो नदिएको निहुमा पर्सामा दलितको घरमा आगजनी तथा कुटपिट, लाखौंको समाना जलेर नष्ट" विषयको समाचार।	च.नं.१४३, मिति २०८२/०९/०८ को पत्रबाट जिल्ला प्रशासन कार्यालय, पर्सालाई आवश्यक कारवाही गर्न लेखि पठाइएको।	
२०८२-०९-०२९	विजया दशमीको दुर्गा पुजामा राम जातिका मानिसहरू नौव रात्रि बस्न तथा मुल पुजा गर्ने वा चौका बस्ने कार्यमा कसैले रोक लाउदैन भनी ब्रह्मपुरी गाउँका राम जातिका मानिसहरू र अन्य सबै जातजातिका मानिसहरूबीच मिलापत्र भईसकेकोमा राम जातिका दलित समुदायका व्यक्तिहरूलाई दुर्गा पुजामा नौव रात्रि बस्न वा चौका बस्न नदिएको भिडियो सामाजिक सञ्जाल फेसबुक, टिकटक समेतमा हाली बदनाम गरिएको र प्रतिवादी पटेलको आमाले आफ्नो भाई बुहारीलाई दलित भनी विभिन्न किसिमको अपशब्द प्रयोग गरी गाली गलौज गरिरहेको अवस्थामा आफ्नो श्रीमती छुटयाउन खोज्दा प्रतिवादीमध्येका ..... साह तेली र ..... साह तेलीले आफ्नो श्रीमती र बुहारीलाई कुटपिट गरेको र निजहरू भाईको घरमा गई लुक्दा प्रतिवादीहरूले घर भित्र प्रवेश गरी कुटपिट गरी दराज भित्र राखेको पैसा लिई घर भित्रबाट घिसार्दै बाहिर ल्याई कुटपिट गरिरहेकोमा हल्ला खल्ला सुनि थाहा पाई आफु लगायत आफ्नो परिवारका सदस्य आई झगडा छुटयाउन खोज्दा प्रतिवादीहरूले बाँसको लाठी, फलामको रडले प्रहार गर्दा आफु र आफ्नो परिवार समेतको टाउको फुटि गम्भीर घाइते भएकोमा आफुहरू हार जुहार गर्दा गाउँका मानिसहरू आउँदा प्रतिवादीहरू फरार भएको र हाल आफु लगायत आफ्नो परिवारको अस्पतालमा उपचार भईरहेको हुँदा निज प्रतिवादीहरूलाई भेदभाव तथा अन्य अपमानजन्य व्यवहार सम्बन्धी कसुर र ज्यान मार्ने उद्योग कसुर अन्तर्गत कारवाही गरी पाऊँ" भन्ने व्यहोराको जिल्ला प्रहरी कार्यालय कलैया बारा पेस गरेको जाहेरी दरखास्त प्राप्त भएको।	च.नं.१०८, मिति २०८२/०९/१६ को पत्रबाट जिल्ला प्रशासन कार्यालय, बारालाई आवश्यक कारवाही गर्न लेखि पठाइएको।	
२०८२-०९-०३०	पुलिस हिरासतमा चमारको मृत्यु घटनामा छानविन गरी कारवाही गराउने" विषयको पत्र प्राप्त भएको।	च.नं.११२, मिति २०८२/०९/२० को पत्रबाट जिल्ला प्रशासन कार्यालय, बाँकेलाई आवश्यक कारवाही गर्न लेखि पठाइएको।	

क्र.सं.	उजुरीको संक्षिप्त विवरण	प्रारम्भिक छानबिन	छानबिनको प्रगति
२०८२-०९-०३१	पीडितलाई बलात्कार पछि हत्या गरिएको र अपराधीहरू हालसम्म (एक वर्षसम्म) पकाउ नपरेको र पीडित परिवारमा डर भय समेत भएकोले पीडकलाई कारवाही गरी पीडितलाई न्याय दिलाउने सम्बन्धमा चमार कल्याण समाज नेपाल केन्द्रीय कमिटीको मिति २०८२/०९/१८ को पत्रबाट लेखि आएको।	च.नं.११३, मिति २०८२/०९/२० को पत्रबाट जिल्ला प्रशासन कार्यालय, सप्तरीलाई आवश्यक कारवाही गर्न लेखि पठाइएको।	
२०८२-०९-०३२	"दलित बालिकालाई अपहरण गरी सामूहिक बलात्कार गरेको" विषयको समाचार प्राप्त भएको।	च.नं.११७, मिति २०८२/०९/३० को पत्रबाट जिल्ला प्रशासन कार्यालय, बाँकेलाई आवश्यक कारवाही गर्न लेखि पठाइएको।	
२०८२-१०-०३३	"कृष्णपुर न.पा.-१ अवस्थित विद्यालयमा कार्यरत स्थायी शिक्षक सार्की माथि सोही विद्यालयका वि.व्य.स. अध्यक्ष भण्डारीद्वारा जातीय, विभेदजन्य र अमानविय व्यवहार गरिएको" व्यहोरा नेपाल शिक्षक महासंघको मिति २०८२/१०/१० मा जारी विज्ञप्तिमा उल्लेख भएको।	च.नं.११९, मिति २०८२/१०/१२ को पत्रबाट जिल्ला प्रशासन कार्यालय, कञ्चनपुरलाई आवश्यक कारवाही गर्न लेखि पठाइएको। साथै च.नं.१२३, मिति २०८२/१०/१५ को पत्र मार्फत पुनः ताकेता लेखि पठाइएको।	अध्यक्ष भण्डारीले आफुले जातीय विभेद गर्ने मनसाय नलिएको र शिक्षक सार्कीलाई माफि मागेको र सो कुरामा सहमति जनाई दुवै पक्षको मन्जुरीले समस्याको समाधान गरी शिक्षक सार्की थप कानूनी उपचारमा नजाने व्यहोराको छानविन प्रतिवेदनबाट प्राप्त भएको।
२०८२-१०-०३४	पीडितहरू जग्गा रेखाङ्कन गर्ने क्रममा जातीय आक्षेप सहितको अभद्र व्यवहार गरी नाप नक्सा गर्न नदिने पीडकलाई कानून बमोजिमको हदै सम्मको आवश्यक कारवाही गर्न मिति २०८२/१०/२० मा नापी कार्यालय, चनौलीबजार, चितवन मार्फत ईलाका प्रहरी कार्यालय, चनौली, चितवनमा पत्राचार भएको पत्र प्राप्त भएको।	च.नं.१२५, मिति २०८२/१०/२० को पत्रबाट जिल्ला प्रशासन कार्यालय, चितवनलाई आवश्यक कारवाही गर्न लेखि पठाइएको।	
२०८२-१०-०३५	पीडकले सामाजिक सञ्जालमा जातीय भेदभाव र घृणात्मक अभिव्यक्ति दिएको हुँदा कानून बमोजिम कारवाही प्रक्रिया अघि बढाइदिनुहुन" भनी इमेल मार्फत दिनुभएको उजुरी प्राप्त भएको साथै "सामाजिक सञ्जालमार्फत दलित समुदायप्रति गरिएको घृणास्पद, अपमानजनक तथा हिंसालाई उक्साउने अभिव्यक्ति दिने व्यक्तिहरूलाई कानूनी कारवाही गर्ने" सम्बन्धमा दिनुभएको इमेल समेत प्राप्त भएको।	च.नं.१२७, मिति २०८२/१०/२५ को पत्रबाट नेपाल प्रहरी प्रधान कार्यालय, साइबर ब्यूरोमा आवश्यक कारवाही गर्न लेखि पठाइएको।	
२०८२-११-०३६	पीडकले "गैरदलितको सम्बन्धमा कारवाही गरी पाऊँ," भनी दिनुभएको निवेदन प्राप्त भएको।	च.नं.१२९, मिति २०८२/११/१२ को पत्रबाट मालपोत कार्यालय, साँखुमा यस सम्बन्धमा के कसो भएको हो? जानकारी उपलब्ध गराईदिन लेखि पठाइएको।	

क्र.सं.	उजुरीको संक्षिप्त विवरण	प्रारम्भिक छानबिन	छानबिनको प्रगति
२०८२-११-०३७	पीडकले जिल्ला प्रहरी कार्यालय, कास्कीमा पेस गरेको जाहेरीमा "प्रितीभोजमा बोलाई निजलाई खानाको छुट्टै व्यवस्था गरिएको हुँदा सार्वजनिक स्थानमा छुवाछूत तथा भेदभाव भएको र पछि करिब ३० जना व्यक्तिहरूको समूह समेत आफ्नो घरमा आई गाउँघरको कुरा छिमेकी मिल्नुपर्दछ, कानूनी प्रक्रियामा नजानु भनी दबाब समेत दिएको हुँदा हदै सम्मको सजाय गरी क्षतिपूर्ति समेत दिलाई पाऊँ" भन्ने व्यहोरा उल्लेख भएको।	च.नं.१३१, मिति २०८२/११/१३ को पत्रबाट जिल्ला प्रशासन कार्यालय, कास्कीलाई आवश्यक आवश्यक कारवाही गर्न लेखि पठाइएको।	
२०८२-११-०३८	"१६ बर्षिय बि.क मृत अवस्थामा फेला, चुनावको माहोलमै सुर्खेत जिल्ला विरेन्द्रनगर १ को सामुदायिक वनमा १६ बर्षिय वि.क मृत फेला परेकी छिन बलात्कार पछि हत्या गरिएको पीडित परिवारले जानकारी दिएको" विषयको भिडियो समाचार	च.नं.१३२, मिति २०८२/११/२५ को पत्रबाट जिल्ला प्रशासन कार्यालय, सुर्खेतलाई आवश्यक कारवाही गर्न लेखि पठाइएको।	जिल्ला प्रशासन कार्यलयको च.न. २२३ मिति २०८३/०४/११ गतेको पत्रबाट ज.क. गरी ज्यान मारेको भन्ने कसुर मुद्धा हाल सम्मानित सर्वोच्च अदालतमा दर्ता भई विचराधिन अवस्थामा रहेको ।
२०८२-११-०३९	पीडकले जिल्ला प्रहरी कार्यालय, पर्सामा पेस गरिएको ""कुटपिट गरी धनमाल समेत खोसेकोले विपक्षीहरु झिकाई आवश्यक कारवाही पाऊँ" भन्ने व्यहोरा जाहेरी प्राप्त भएको।	च.नं.१३३, मिति २०८२/११/२६ को पत्रबाट जिल्ला प्रशासन कार्यालय, पर्सामा आवश्यक कारवाही गर्न लेखि पठाइएको।	
२०८२-११-०४०	अन्नपूर्ण पोष्टमा प्रकाशित "दलित परिवार माथि फतुवामा निर्घात कुटपिट" विषयको समाचार।	च.नं.१३४, मिति २०८२/११/२६ को पत्रबाट जिल्ला प्रशासन कार्यालय, रौतहटमा आवश्यक कारवाही गर्न लेखि पठाइएको।	
२०८२-१२-०४१	ओखलढुंगा जिल्ला चम्पादेवी गाउँपालिका-७ का वडा अध्यक्ष थापा र ओखलढुंगा जिल्ला सिद्धिचरण न.पा.-४ का गुरूङ्गले सामाजिक सञ्जालमा जातीय हिंसा तथा अपमान गरेको हुँदा आवश्यक कारवाही गरिदिनुहुन" भनी यस आयोगमा निवेदन प्राप्त भएको।	च.नं.१३६, मिति २०८२/१२/०२ को पत्रबाट नेपाल प्रहरी प्रधान कार्यालय, साइबर ब्यूरालाई आवश्यक कारवाही गर्न लेखि पठाइएको।	दुवै पक्षलाई छलफल गर्दा पीडकले पीडितसँग एक पटकको लागि सुध्रने मौका सहित क्षमायाचना मागेको र पीडितले पनि एक पटकको लागि सुध्रने मौका सहित क्षमायाचना दिई अब उप्रान्त त्यस्तो कार्य गरे कानून अनुसार भईजाने र हाललाई थप अनुसन्धान अगाडी नबढाइदिन भनी अनुरोध गरेको व्यहोराको जानकारी नेपाल प्रहरी प्रधान कार्यालय, साईबर ब्यूरोको च.नं.१४७८०, मिति २०८२/१२/१७ को पत्रबाट लेखि आएको।

क्र.सं.	उजुरीको संक्षिप्त विवरण	प्रारम्भिक छानबिन	छानबिनको प्रगति
२०८२-१२-०४२	अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय बुटवलमा बगैंचा र कार्यालयको सरसफाई गर्नेगरी करारमा कार्यरत रहेकोमा मिति २०८२/०६/०१ गते देखि विनाकारण हटाई अछुत भनी पानी नचल्ने भनी पीडितको ठाउँमा अर्कैलाई नियुक्ति दिई कामकाज गराईराखेको हुँदा कार्यालय प्रमुख उपसचिव र लेखापाल समेतलाई जातीय विभेद अन्तर्गत कारवाही गरी साविककै कार्य गर्नेगरी नियुक्ति दिलाई पाऊँ भनी दिनुभएको निवेदन प्राप्त भएको।	च.नं.१३७, मिति २०८२/१२/०५ को पत्रबाट अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवललाई आवश्यक कारवाही गर्न लेखि पठाइएको।	निवेदनमा उल्लेख गरेजस्तो निजलाई कार्यालयबाट कुनै पनि प्रकारको जातीय, लैङ्गिक, सामाजिक विभेद तथा दुव्यवहार नगरिएको, निवेदकले भने जस्तो निजलाई कुनै पनि प्रकारका विभेद नगरिएको र निज कार्यालयमा लामो समयसम्म हाजिर हुन नआएको, नियमित कामकाजमा संलग्न नभएको र समयावधिभित्र ज्यालादारी म्याद थपको निवेदन पेस नगरेको समेत कारणबाट नियमानुसार सो कार्यका लागि अर्को कर्मचारीको व्यवस्थापन गरिएको बेहोरा खुलाई पठाईएको अख्तियार दुरूपयोग अनुसन्धान आयोगको च.नं.४३९७५, मिति २०८२/१२/१९ को पत्रबाट लेखि आएको।
२०८२-१२-०४३	पीडकहरूले आफ्नो बुबाको दाहसंस्कार र किरिया बस्न नदिएको हुँदा निजहरूलाई कानूनी कारवाही गरी न्याय पाऊँ भनी दिनुभएको निवेदन प्राप्त भएको।	च.नं.१३८, मिति २०८२/१२/०५ को पत्रबाट जिल्ला प्रशासन कार्यालय, दोलखालाई आवश्यक कारवाही गर्न लेखि पठाइएको।	
२०८२-१२-०४४	नयाँ पत्रिकामा प्रकाशित "सात महिनाकी गर्भवती भनिएकी १४ वर्षीया दलित बालिका बेपत्ता, घरधनी, उनका छोरा र वडासदस्यविरूद्ध प्रहरीमा उजुरी" विषयको समाचार।	च.नं.१३९, मिति २०८२/१२/०९ को पत्रबाट जिल्ला प्रशासन कार्यालय, ससरीलाई आवश्यक कारवाही गर्न लेखि पठाइएको।	
२०८२-१२-०४५	रातोपाटीमा प्रकाशित "जुम्लामा जातीय विभेदः 'डुम' भन्दै सार्वजनिक स्थलमै अपमान" विषयको समाचार	च.नं.१४१, मिति २०८२/१२/१६ को पत्रबाट जिल्ला प्रशासन कार्यालय, जुम्लालाई आवश्यक कारवाही गर्न लेखि पठाइएको।	
२०८२-१२-०४६	जातीय विभेद, सामाजिक वहीस्कार गरिएकोमा न्याय पाऊँ भनी दिनुभएको निवेदन प्राप्त भएको	च.नं.१४३, मिति २०८२/१२/१८ को पत्रबाट जिल्ला प्रशासन कार्यालय, काठमाडौंलाई आवश्यक कारवाही गर्न लेखि पठाइएको।	
२०८२-१२-०४७	कुल पूजामा सहभागी नहुन, गाउँमा नआउन, आएमा नराम्रो हुने, कुनैपनि चिज चढाएको स्वीकार्य नहुने लगायत धम्की दिएको साथै जेठानीले समेत काज कियामा समाज र गाउँमा आउन नदिने भनी समाज भड्काउ गरी सामाजिक रूपमा बहिस्कार गर्न लगाईएको र सम्पूर्ण समाजले नै बहिस्कार गरेको हुँदा सम्पूर्णलाई जातीय विभेद कसुर अनुसारको कानून बमोजिम कारवाही गरी न्याय पाऊँ भनि दिनुभएको निवेदन प्राप्त भएको।	च.नं.१४७, मिति २०८२/१२/२० को पत्रबाट जिल्ला प्रशासन कार्यालय, सोलुखुम्बुलाई आवश्यक कारवाही गर्न लेखि पठाइएको।	

क्र.सं.	उजुरीको संक्षिप्त विवरण	प्रारम्भिक छानबिन	छानबिनको प्रगति
२०८२-१२-०४८	आफ्नो छोराले गैरदलित केटीसँग अन्तरजातीय प्रेम विवाह गरेकोमा दलित भएकै कारण बडा अध्यक्षले आवश्यक कागजात बनाई नदिने लगायत केटीलाई फिर्ता ल्याउ भन्ने जस्ता अभिव्यक्ति दिएको साथै केटी पक्षद्वारा अपहरण लगायत अन्य विषयमा मुद्दा हाली आफ्नो परिवारलाई धम्की दिने साथै काठमाडौंको डेरामा आई मानसिक तनाब लगायत काठमाडौं वल्खुका प्रहरीहरू समेत कोठामा आई अनावश्यक तनाव दिने गरेको हुँदा आफ्नो छोरा, बुहारी लगायत आफ्नो परिवार सुखसँग बाच्ने अधिकार पाऊँ भनी दिनुभएको निवेदन प्राप्त भएको।	च.नं.१४९, मिति २०८२/१२/२७ को पत्रबाट जिल्ला प्रशासन कार्यालय, काठमाडौंलाई आवश्यक कारवाही गर्न लेखि पठाइएको।	
२०८३-०१-०४९	आफू सेन्चुरी इ प्रा लि अन्तर्गतको मेसमा खाना पकाउने काम गर्दै आएकोमा उक्त उद्योगमा कार्यरत कर्मचारी अग्रवालले तँ दलित रहेछस् तैले छोएको खाना हामी खाँदैनौ भनी अपमानजनक शब्द प्रयोग गर्दै जातीय पहिचानका आधारमा विभेद गरी कामबाट समेत हटाएको हुँदा न्याय दिलाइ दिनुहुन भनी दिनुभएको निवेदन बोधार्थ प्राप्त भएको।	च.नं.१५२, मिति २०८३/०१/०३ को पत्रबाट जिल्ला प्रशासन कार्यालय, सुनसरीलाई आवश्यक कारवाहि गर्न लेखि पठाइएको।	
२०८३-०१-०५०	पीडकले सामाजिक सञ्जाल फेसबुकमा माननीय "खोकें खोला सुखेंतमा गिट्टी कुट्ने बदेनि मन्त्रीसँग त १८ तोला सुन रहेछ अरूको त के कुरा" भनी जातीय विभेद हुने अभिव्यक्ति दिएको।	च.नं.१५४, मिति २०८३/०१/०७ को पत्रबाट नेपाल प्रहरी प्रधान कार्यालय, साइबर ब्यूरोमा आवश्यक कारवाही गर्न लेखि पठाइएको।	
२०८३-०१-०५१	"सिन्धुली खुर्कोट प्रहरी हिरासतमा युवकको मृत्यु" सम्बन्धी समाचार प्राप्त भएको।	च.नं.१५७, मिति २०८३/०१/०९ को पत्र मार्फत जिल्ला प्रशासन कार्यालय, सिन्धुलीलाई आवश्यक कारवाही गर्न लेखि पठाइएको। साथै च.नं.१८८, मिति २०८३/०२/१९ को पत्र मार्फत नेपाल प्रहरी प्रधान कार्यालयमा लेखि पठाइएको।	इलाका प्रहरी कार्यालय, खुर्कोट, सिन्धुलीका कार्यालय प्रमुख प्रहरी निरीक्षक भुजेललाई हाल कार्यालय प्रमुखको जिम्मेवारी अलग गरिएकोमा सोलाई निरन्तरता दिई विभागी कारवाही गर्नुपर्ने, यसैगरी डुघुटीमा खटिएका सिंहलाई हिरासतमा सुरक्षामा गरेको लापरवाहीका सम्बन्धमा विभागीय कारवाही, डिउटी अधिकृत प्र.स.नि. माझी, सुवेदार मेजर प्र.स.नि. जोशी, द्वग्द्ध प्र.स.नि. कार्की, हवल्दार मेजर तथा गार्ड कमाण्डर प्र.व.ह. उप्रेती, सञ्चार तथा सिसिटिभि मनिटरिङ् डुघुटी प्र.ह. श्रेष्ठलाई हिरासत सुरक्षा, डिउटी अहनखटन निगरानी तथा समन्वयमा देखिएको कमजोरीका आधारमा सख्त चेतावनी दिने, उक्त कार्यालयमा हाल रहेको निजहरूको जिम्मेवारीबाट अलग गर्ने लगायतको छानविन समितिको प्रतिवेदनको सिफारिस एवं सुझावहरू कार्यान्वयन सम्बन्धी गृह मन्त्रालयको च.नं.२११०,

क्र.सं.	उजुरीको संक्षिप्त विवरण	प्रारम्भिक छानबिन	छानबिनको प्रगति
			मिति २०८३/०२/०७ को पत्र नेपाल प्रहरी प्रधान कार्यालयको च.नं.१७०३, मिति २०८३/०२/१९ को पत्र मार्फत प्राप्त भएको।
२०८३-०१-०५२	"आफ्नो भाई दर्जीलाई चापाकोट न.पा.-०७, स्याङ्जाका .... पोखेल र ..... पोखेल लगायत अन्य व्यक्तिहरूको समूहले पहिले देखि नै प्रतिसोध गरेर दलित भएकै कारण सामाजिक अपहेलना, बहिस्कार लगायत जातीय भेदभाव गर्दै आएकोमा मिति २०८३/०१/०५ गते राति उक्त समूहका व्यक्तिहरूले कुटपिट समेत गरेको हुँदा अहिले भाईको उपचार भईरहेको र अवस्था नाजुक भएकोले न्याय पाऊँ" भनी दिनुभएको निवेदन प्राप्त भएको।	च.नं.१५८, मिति २०८३/०१/१० को पत्रबाट जिल्ला प्रशासन कार्यालय, स्याङ्जालाई आवश्यक कारवाही गर्न लेखि पठाइएको।	
२०८३-०१-०५३	"रोल्पा जिल्लास्थित गंगादेव गा.पा.-५ का खत्रीले सोही ठाउँमा बस्ने १० वर्षको बिकलाई घरभित्र आएको भनेर ज्यान मार्ने धम्की सहित घरभित्रै आक्रमण गरी कुटपिट गरेको र सो बच्चालाई उद्धार गरी हस्पिटल लाने क्रममा अर्का बिकलाई पनि धारिलो हतियार प्रयोग गरी गम्भीर घाईते बनाएको" भनी पोष्ट भएको देखिएको साथै सो घटनाको विषयमा सेतोपाटीबाट मिति २०८३/०१/१५ मा "घरभित्र पसेको भन्दै रोल्पामा बालकमाथि कुटपिट, तीन जना पक्राउ" विषयको समाचार समेत प्रकाशित भएको।	च.नं.१६१, मिति २०८३/०१/१५ को पत्रबाट जिल्ला प्रशासन कार्यालय, रोल्पालाई आवश्यक कारवाही गर्न लेखि पठाइएको।	पीडितहरूलाई नियन्त्रणमा लिई सम्मानित रोल्पा जिल्ला अदालतबाट म्याद थप भई अनुसन्धान कार्य भईरहेको, घाईतेहरूको घाँउजाँच केश फारम समेतको कार्य पुरा भएको, हाल घाईतेहरू उपचार पश्चात डिस्चार्ज भई घरमा रहेको व्यहोरा जानकारी पठाईएको जिल्ला प्रहरी कार्यालय, रोल्पाको च.नं.२८३२, मिति २०८३/०१/२५ को पत्रबाट लेखि आएको।
२०८३-०१-०५४	"ऐसेलुखर्क गा.पा.-२ का वडाअध्यक्ष तामाङले जातीय आधारमा अपमानजनक, विभेदकारी र घृणास्पद अभिव्यक्ति दिई गाली गलौच गर्नका साथै कुटपिट गर्ने प्रयास तथा ज्यान मार्ने धम्की समेत दिएको हुँदा प्रचलिन कानून बमोजिम कडा कारवाही गरिदिनुहुन" भनी दिनुभएको निवेदन प्राप्त भएको।	च.नं.१६२, मिति २०८३/०१/१६ को पत्रबाट जिल्ला प्रशासन कार्यालय, खोटाङलाई आवश्यक कारवाही गर्न लेखि पठाइएको।	जिल्ला प्रशासन कार्यलय खोटाङको च.न.४ मिति २०८३/०४/१ गतेको पत्रबाट निवेदकको निवेदन बमोजिम जातीय आधारमा गाली गलौच कुटपिट गर्ने प्रयास गरेको होइन भनि लिखित जवाफ प्राप्त।
२०८३-०१-०५५	"पूर्व महिला दलित वडा सदस्य मुसहरिनलाई मानव मलमुत्र खुवाएको आरोप" विषयको समाचार प्राप्त भएको।	च.नं.१६४, मिति २०८३/०१/२१ को पत्रबाट जिल्ला प्रशासन कार्यालय, रौतहटलाई आवश्यक कारवाही गर्न लेखि पठाइएको।	

क्र.सं.	उजुरीको संक्षिप्त विवरण	प्रारम्भिक छानबिन	छानबिनको प्रगति
२०८३-०१-०५६	"पीडकहरूबाट आफ्नो नाती पासी अपमानीत अपहेलित मान सम्मान इज्जतमा आँच आउने गाली गलौज गरेको र असहनिय तवर जीउभरी कुटपिट गरी बाँया हातमा गम्भीर किसिमको चोट लागेको, तैं तेरो घर परिवार कहि कतै उजुर बाजुर गरेमा तैं तेरो परिवारको हात खुट्टा भाँची अपाङ्ग बनाईदिन्छौं, घर लुटबाई दिन्छौं, ज्यानबाट मारी फालिदिन्छौं भनी धाक धम्की दिई अपमान जन्य व्यवहार र कुटपिट सम्बन्धी कसूर गरेकोले हदै सम्म सजाय गरी क्षतिपूर्ति दिलाई न्याय इन्साफ गरी पाऊँ" भनी दिनुभएको जाहेरी दरखास्तको बोधार्थ पत्र प्राप्त भएको।	च.नं.१७०, मिति २०८३/०१/२९ को पत्रबाट जिल्ला प्रशासन कार्यालय, कपिलवस्तुलाई आवश्यक कारवाही गर्न लेखि पठाइएको।	
२०८३-०२-०५७	आफ्नो श्रीमान चमारलाई गरिब दलित भएकै कारण माछा लुटपाट तथा चोरी सम्बन्धी झुटो मुद्दा दर्ता गरी फसाईएको हुँदा मुद्दा खारेज गराई मुद्दा दर्ता गराउने अशोक साहलाई कारवाही गरी पाऊँ भनी दिनुभएको निवेदन प्राप्त भएको।	च.नं.१८४, मिति २०८३/०२/०१ को पत्रबाट जिल्ला प्रशासन कार्यालय, बारालाई आवश्यक कारवाही गर्न लेखि पठाइएको।	
२०८३-०२-०५८	प्युठान जिल्लास्थित नौबहिनी गा.पा.-६ बस्ने सुनार र उनका साथीहरू खुल्ला चौरमा पिकनिक खाइरहेको अवस्थामा के.सी. लगायतको टोलीले निजहरूमाथि एक्कासि गालीगलौज गर्दै योजनाबद्ध रूपमा आक्रमण गरी भिरतर्फ लखेटेर सुनारको हत्या गरेको घटना सम्बन्धमा जात व्यवस्था उन्मूलन मोर्चा, नेपालबाट प्रेस विज्ञप्ति जारी भएको।	च.नं.१८५, मिति २०८३/०२/०८ को पत्रबाट जिल्ला प्रशासन कार्यालय, प्युठानलाई आवश्यक कारवाही गर्न लेखि पठाइएको।	के.सी. लगायत ५ जनालाई जिल्ला प्रहरी कार्यालयको प्रहरी हिरासतमा राखी सम्मानीत प्युठान जिल्ला अदालतबाट म्याद थप अनुसन्धान कार्य भईरहेको व्यहोरा जिल्ला प्रहरी कार्यालय, खलंगा, प्युठानको च.नं.४०६८, मिति २०८३/०२/२० को पत्रबाट लेखि आएको।
२०८३-०२-०५९	"भैंसी खेतमा पसेको निहुँमा दलित महिलामाथि कुटपिट गरेपछि..." विषयको समाचार।	च.नं.१८६, मिति २०८३/०२/११ को पत्रबाट जिल्ला प्रशासन कार्यालय, सिराहालाई आवश्यक कारवाही गर्न लेखि पठाइएको।	जिल्ला प्रशासन कार्यलयको सिराहाको च.न. ५८ मिति २०८३/०४/०१ गतेको पत्रबाट यादवलाई अभद्र व्यवहार मुद्धामा धरौटी रु२५००० जम्मा गराई कारवाहीको प्रकृयामा रहेको ।
२०८३-०२-०६०	फेसबुक पोष्टमा "जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी निरीक्षक (इन्स्पेक्टर) भट्टले मरणासन्न हुने गरी कुटपिट गर्ने समूहलाई उन्मुक्ति दिएर उल्टै पीडित पक्ष कलैया उ.म.न.पा.-१७ का दलित समुदायका रामको परिवारलाई २५ दिन हिरासतमा राखेको साथै सिम्रौनगढ श्रीनगर बैरियाकी १३ वर्षीया दलित बालिकाको अपहरण सम्बन्धी जाहेरी लिएर पुगेकी आमालाई "तिमी आफैं खोज, हामी कहाँ जाने?" भन्दै धम्क्याएर उल्टै तीन घण्टा महिला सेल र एक दिन हिरासतमा थुनिएको" जस्ता घटनाहरू उल्लेख गरिएको।	च.नं.१८७, मिति २०८३/०२/११ को पत्रबाट जिल्ला प्रशासन कार्यालय, बारालाई आवश्यक करवाही गर्न लेखि पठाइएको।	

क्र.सं.	उजुरीको संक्षिप्त विवरण	प्रारम्भिक छानबिन	छानबिनको प्रगति
२०८३-०२-०६१	"दलित भएका कारण विवाह गरी अलपत्र पारेकोमा न्याय पाऊँ" भनी दिनुभएको निवेदन प्राप्त भएको।	च.नं.१९०, मिति २०८३/०२/२२ को पत्रबाट जिल्ला प्रशासन कार्यालय, ससरीलाई आवश्यक कारवाही गर्न लेखि पठाइएको।	
२०८३-०३-०६२	"जातीय पूर्वाग्रह, संगठित कानुनी ट्र्यापिङ, आत्महत्या दुरूत्साहनको कसुर र मानव अधिकार संरक्षण गरी पाऊँ" भनी ईमेल मार्फत दिनुभएको निवेदन प्राप्त भएको। साथै पीडितकी श्रीमतीले "आफ्ना श्रीमानलाई दलित भएकै कारण जातीय विभेद, मानसिक उत्पीडन, आत्महत्या गर्न बाध्य पारिएकोले सो घटनाको निष्पक्ष छानविन तथा आवश्यक कानूनी कारवाही गरी पाऊँ" भनी यस आयोगमा दिनुभएको निवेदन प्राप्त भएको	च.नं.१९४, मिति २०८३/०३/०४ को पत्रबाट जिल्ला प्रशासन कार्यालय, वैतडीलाई आवश्यक कारवाही गर्न लेखि पठाइएको। साथै च.नं.२०१, मिति २०८३/०३/१२ को पत्रबाट जिल्ला प्रहरी कार्यालय, ललितपुरलाई आवश्यक कारवाही गर्न लेखि पठाइएको।	
२०८३-०३-०६३	"दलित महिला संघ धनकुटाले भन्यो, जातीय रूपमा होच्याउने दोशीलाई कानुनी कठघरामा उभ्याइनुपर्छ" विषयको समाचार	च.नं.१९५, मिति २०८३/०३/०८ को पत्रबाट जिल्ला प्रशासन कार्यालय, धनकुटालाई आवश्यक कारवाही गर्न लेखि पठाइएको।	पीडितलाई जिल्ला प्रहरी कार्यालयमा झिकाई जाहेरी दरखास्त सनाखत गराउने र विपक्षी कार्कीलाई प्रारम्भिक सोधपुछको लागि उपस्थित गराउने लगायतका प्रकृया सुरू भएको व्यहोराको जानकारी जिल्ला प्रशासन कार्यालय, धनकुटाको च.नं.२६७२, मिति २०८३/०३/०९ को पत्रबाट लेखि आएको।
२०८३-०३-०६४	श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालयमा हाजिर भए देखि नै विभेद गरेको।	च.नं.२००, मिति २०८३/०३/१० को पत्रबाट जिल्ला प्रशासन कार्यालय, पर्सालाई आवश्यक कारवाही गर्न लेखि पठाइएको।	
२०८३-०३-६५	सामाजिक संजालमा जातीय हिंसा भड्काउने अभिव्यक्ति दिएको ।	च.न. २०२, मिति २०८३/०३/१२ गतेको पत्रबाट नेपाल प्रहरी प्रधान कार्यालय, साइबर ब्यूरो, भोटाहिटीमा आवश्यक कारवाही गर्न लेखि पठाइएको।	
२०८३-०३-०६६	पीडितले "विपक्षीहरूबाट आफ्नो घर जबरजस्ती कब्जा गर्न खोजेको र सो ठाउँमा बस्नबाट रोक्नका लागि विभिन्न डरधाक धम्की दिएको अवस्था रहेकोले निजहरूलाई झिकी झिकाइ घर जग्गा जबरजस्ती कब्जा गर्न नपाउने र बाटो समेत रोक्का गर्न नपाउने गरी कब्जा गर्नबाट छुटाइ शान्तिसुरक्षा तथा निर्विवाद रूपमा सो घर जग्गामा बस्न तथा आउन जान पाउने व्यवस्था गरी सहयोग"का लागि दिनुभएको निवेदन प्राप्त भएको।	च.न. २०५, मिति २०८३/०३/१८ को पत्रबाट जिल्ला प्रशासन कार्यालय, बारालाई आवश्यक कारवाही गर्न लेखि पठाइएको।	

क्र.सं.	उजुरीको संक्षिप्त विवरण	प्रारम्भिक छानबिन	छानबिनको प्रगति
२०८३-०३-०६७	पीडक पाण्डेले पीडितको भल रोकी मुद्दा दिने काम गरिस भने तँ डुमलाई च्वाट्टै पारेर काट्छु भन्ने अभिव्यक्ति दिएको। पीडक भट्टले सार्वजनिक स्थाल प्रतिक्षालयमा पीडकलाई मुद्दा दिनेलाई च्वाटै काट्छु, बाईकले हानेर मारिदिन्छु भन्ने अभिव्यक्ति दिएको व्यहोराको निवेदन प्राप्त भएको।	च.न. २६६, मिति २०८३/०३/३२ गतेको पत्रबाट जिल्ला प्रशासन कार्यालय, गोरखालाई आवश्यक कारवाही गर्न लेखि पठाइएको।	

हालसम्म नियुक्ति उजुरी सम्बन्धी विवरण

क्र. सं.	उजुरी दिने व्यक्तिको नाम, थर	उजुरी संक्षिप्त विवरण	प्रारम्भिक छानबिन	आयोगको आदेश/फैसला	कारवाहिको विवरण
१	श्री सुनिल बैठा, फतुवा बिजयपुर-01, रौतहट	रौतहट जिल्ला फतुवा बिजयपुर गाउँपालिका वडा नं.१ निवासी सुनिल बैठाले नेपाल दूरसञ्चार कम्पनी लिमिटेड(नेपाल टेलिकम)बाट मिति २०८१/०१/०७ मा प्रकाशित विज्ञापन नं.६६/०८०-०८१, प्राविधिक सेवा, प्राविधिक समूह, टेलिकम टेक्निसियन पद, तह ४ को मिति २०८१/१२/०१ मा प्रकाशित अन्तिम नतिजामा समावेशी समूह दलिततर्फ दिनेश कुमार सहनी रिफारिस भएको, वैकल्पिक १ नम्बरमा संजीत कुमार मुखिया रहेको तर राष्ट्रिय दलित आयोगको दलित जातीय अनुसूचि विवरणमा मुखिया र सहनी जात नपर्ने भएको हुँदा वैकल्पिक २ नं. मा रहेको उम्मेदवार सुनिल बैठालाई सिफारिस गरी पाऊँ।	च.नं. २९१, मिति २०८१/१२/०६ को पत्रबाट खुलाई पठाईदिन माग गरिएको।	आयोगको च.नं. ३०८, मिति २०८१/१२/१७ को पत्र मार्फत आयोगको मिति २०८१/१२/१५ को निर्णयानुसार विज्ञापनमा सिफारिस भएका दिनेश कुमार सहनी र वैकल्पिक तर्फ १ नं. उम्मेदवार संजित कुमार मुखियाको दलित समुदायको तर्फको उम्मेदवारी नियमानुसार रद्द गर्नको लागि नेपाल टेलिकमलाई पत्राचार गर्ने।	उजुरी परेको विज्ञापनको अन्तिम नतिजाको योग्यताक्रम र वैकल्पिक योग्यता क्रमबाट दिनेश कुमार सहनी र सञ्जीत कुमार मुखियालाई हटाइएकोले सो समूहमा वैकल्पिक योग्यताक्रम संख्या 2 का श्री सुनिल बैठालाई नियुक्तिको लागि सिफारिस गर्ने भन्ने सूचना नेपाल दूरसञ्चार कम्पनी लिमिटेड (नेपाल टेलिकम) केन्द्रीय कार्यालय पदपूर्ति समितिबाट प्रकाशित भएको।
२	श्री रूपेश कुमार राम विपक्षीः विक्की कुमार सहनी	रौतहट जिल्ला गोनाही नगरपालिका वडा नं.३ निवासी रूपेश कुमार रामले सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडको सिडिएससि सेवा, प्राविधिक समूह, तह पाँचौं वरिष्ठ कम्प्युटर अपरेटर पदका	च.नं.३३५, मिति २०८१/१२/३१ को पत्रबाट खुलाई	राष्ट्रिय दलित आयोगको दलित जातीय अनुसूची विवरणमा सहनी थर नभएको हुँदा उक्त विज्ञापनमा सिफारिस भएका विक्की कुमार सहनीको दलित समूहतर्फको	सम्मानित उच्च अदालत मुद्दा नं.०८१-WO-२१४५ मा विचाराधिन रहेको।

क्र. सं.	उजुरी दिने व्यक्तिको नाम, थर	उजुरी संक्षिप्त विवरण	प्रारम्भिक छानबिन	आयोगको आदेश/फैसला	कारवाहिको विवरण
		लागि सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडले मिति २०८१/१२/०९ मा गरेको सिफारिसमा दलित कोटातर्फ विक्की कुमार सहनी सिफारिस भएको तर राष्ट्रिय दलित आयोगको दलित जातीय अनुसूची विवरणमा सहनी जात उल्लेख नभएको हुँदा उक्त सिफारिस बदर गरी वैकल्पिक उम्मेदवार निज निवेदक रूपेश कुमार रामलाई सिफरिस गरी पाउँ भन्ने।	पठाईदिन माग गरिएको।	उम्मेदवारी नियमानुसार रद्द गर्नको लागि सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडलाई पत्रचार गर्ने।	
३	दिपेन्द्र मण्डल (खत्वे), लोहारपट्टि न.पा.-८, महोत्तरी	महोत्तरी जिल्ला, लोहारपट्टी नगरपालिका वडा नं.८ निवासी श्याम मण्डलको छोरा दिपेन्द्र मण्डलले प्रदेश लोक सेवा आयोग, बाग्मती प्रदेशको विज्ञापन नं.२९६/२०८०-२०८१(दलित) सहायकस्तर पाँचौं तह(प्राविधिक), स्वास्थ्य सेवा, हेल्थ इन्सपेक्सन समूह, हेल्थ असिष्टेन्ट पदको दलित कोटामा गैर दलित समुदायको व्यक्ति जोगी ठाकुरका छोरा राजेश शर्मालाई सिफारिस गरेकोले निजको सिफारिस बदर गरी पाऊँ	च.नं.३५५, मिति २०८२/०१/१४ को पत्रबाट खुलाई पठाईदिन माग गरिएको।	राजेश शर्मा र वैकल्पिक उम्मेदवार दिपेन्द्र मण्डल दलित जातिभित्र पर्छ/पर्दैन भनी प्रदेश लोक सेवा आयोग बागमती प्रदेशको च.नं.३६९ मिति २०८२/०२/२२ को पत्रबाट लेखी आएको सम्बन्धमा शर्मा(ठाकुर) जात/थर दलित समुदायमा नपर्ने र मण्डल(खत्वे) थर यस आयोगको दलित जातीय अनुसूची विवरणमा समावेश भएको पत्रचार गर्ने आयोगको मिति २०८२/०२/२५ को निर्णय बमोजिम च.नं.४१३, मिति २०८२/०२/२६ को पत्र मार्फत पत्राचार भएको।	प्रदेश लोक सेवा आयोग बागमतीको मिति २०८२/०२/३० को निर्णय अनुसार सूचना नं.४१५/०८१-८२ मिति २०८२/०३/०२ को सूचना बमोजिम दिपेन्द्र मण्डल सिफारिस योग्यताक्रम सूचीको सूचना प्रकाशन गरिएको।

क्र. सं.	उजुरी दिने व्यक्तिको नाम, थर	उजुरी संक्षिप्त विवरण	प्रारम्भिक छानबिन	आयोगको आदेश/फैसला	कारवाहिको विवरण
४	श्री रामहरी महरा, सिरहा न.पा.-७	सिरहा न.पा.-७ का श्री रामहरि महराले मिति २०८१/०१/०७ गते प्रकाशित विज्ञापन नं. ६७/२०८०-८१ प्राविधिक सेवा, प्राविधिक समूह, जुनियर टेक्निसियन पद, तह ३ को मिति २०८१/१२/२१ गते लिखित नतिजा प्रकाशित भएकोमा समावेशी समूह दलित तर्फ व.क्र.सं.३१ रोल नं. ८७८ का संजीत कुमार मुखिया रहेकोमा मुखिया दलित समुदाय भित्र नपर्ने हुँदा समावेशीतर्फको दलितबाट हटाई पाऊँ।	आयोगको च.नं.३३५, मिति २०८१/१२/३१ को पत्रबाट खुलाई पठाईदिन माग गरिएको।		नेपाल टेलिकमले प्रकाशन गरिएको दलित तर्फको सिफारिस योग्यताक्रममा रामहरि महराको सूची प्रकाशन गरिएको।

परिच्छेद-५ आयोगका निर्णय, सिफारिस र कार्यान्वयनको अवस्था

५.१ आयोगका निर्णय, सिफारिस र कार्यान्वयनको अवस्था

आ.व. २०८२/०८३ मा आयोगको बैठकबाट भएका प्रमुख सिफारिसहरू/निर्णयहरू एवं कार्यान्वयनको अवस्था देहाय बमोजिम रहेको छ।

सि. नं.	निर्णय मिति	निर्णयको व्यहोरा	कार्यान्वयनको अवस्था
१.	२०८२-०४-११	प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेशको विज्ञापन नम्बर ५०३५/२०८१-०८२(दलित), स्थानीय स्वास्थ्य सेवा, हेल्थ इन्सपेक्सन समूह, पाँचौ तह, हेल्थ असिष्टेन्ट पदको विज्ञापनमा मुकेश सहनी मलाहलाई सिफारिस गरेको तर सहनी मलाह जात/थर दलित समुदायमा नपर्ने भएको हुँदा निजको सिफारिस बदर गरी पाऊँ भनी उक्त विज्ञापनका वैकल्पिक उम्मेदवार देव कृष्ण मण्डलले यस आयोगमा निवेदन दिएको सम्बन्धमा के भएको हो भनी आयोगको च.नं.२ मिति २०८२/०४/०२ को पत्रबाट प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेशमा पत्राचार गरिएकोमा प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेशको च.नं.०८ मिति २०८२/०४/०८ को पत्रबाट निज मुकेश सहनी मलाहले पेश गरेको न्यूनतम योग्यताका कागजातहरु, नागरिकताको प्रमाणपत्र र दलित प्रमाणित पत्रहरुको आधारमा निजको दरखास्त स्वीकृत गरी योग्यताक्रमको आधारमा मिति २०८२/०३/३१ मा सिफारिस गरिएको भनी लेखी आएको तर राष्ट्रिय दलित आयोगको दलित जातीय अनुसूची विवरणमा सहनी जात/थर नभएको हुँदा निज मुकेश सहनी मलाहको दलित समूहतर्फको उम्मेवारी नियमानुसार रद्द गर्नको लागि प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेशलाई पत्राचार गर्ने ।	दलित समुदायको लागि आह्वान गरिएको विज्ञापनमा गैरदलित समुदायकोले गलत तरिकाबाट दलित प्रमाणपत्र प्राप्त गरेकै आधारमा लोक सेवा आयोगबाट सिफारिस हुनु समावेशीताको सिद्धान्त विपरीत हुने कार्यहरू प्रति सचेत हुनुपर्ने।
२.	२०८२-०४-११	हाल प्रचलनमा रहेको विद्यमान दलित जातीय अनुसूची विवरण दलित थर पहिचान / प्रमाणित गर्न र गृह मन्त्रालयको च.न. ५३ मिति २०६३/०४/२२ गतेको परिपत्र बमोजिम हिनतावोध हुने थरको सट्टामा आयोगले निर्दिष्ट गरेका थरहरू राखी नागरिकता प्रमाणपत्र सशोधन गरी प्रतिलिपी दिने व्यवस्थाको लागि भएको,	आंशिक रूपमा सहजीकरण भइरहेको।

सि. नं.	निर्णय मिति	निर्णयको व्यहोरा	कार्यान्वयनको अवस्था
		तर नयाँ नागरिकता प्रमाणपत्र बनाउन सम्बन्धी वडाको सिफारिस, जन्म दर्ता, शैक्षिक प्रमाणपत्र लगायतको आवश्यक कागजात पेश गर्दा सेवाग्राहीलाई समाजमा दलित भनिएका तर हाल प्रचलनमा रहेको विद्यमान दलित जातीय अनुसूचीमा नभएको वा छुटेका थरहरु(जस्तै पिप्ले, खुट्टे, बर्मशाखा आदि) र बुवा,आमाको दलित थर भएको निजको छोरा/छोरीको जन्म दर्ता, शैक्षिक प्रमाणपत्रमा गैर दलित थर भएको कारणले जिल्ला प्रशासन कार्यालय, रामेछाप लगायतको जिल्ला प्रशासन कार्यालयहरुले नागरिकता प्रमाणपत्र जारी नगरेको गुनासो प्राप्त भएकोले नागरिकलाई सरल र सहज रुपमा सेवाप्रवाह गर्न मातहतको सबै कार्यलयहरुमा आवश्यक परिपत्र गरिदिनहुन गृह मन्त्रालयमा पत्राचार गर्ने ।	
३.	२०८२-०४-१५	मानव अधिकार सम्बन्धी छैटौं राष्ट्रिय कार्ययोजनाको मस्यौदामा तपसिल बमोजिम राय सुझाव पठाउने। १. दलित समुदायको हक हितको संरक्षण, सम्बर्द्धन र सशक्तीकरणको लागि दलित समुदायको पहिचान गर्न हाल प्रचलनमा रहेको विद्यमान दलित जातीय अनुसूचीमा दलित समुदायको नभएका र छुटेका थरहरु धेरै भएकोले दलित समुदायको नागरिकलाई दलित पहिचान गर्न दलित प्रमाणपत्र प्राप्त गर्न समस्या भएकोले राष्ट्रिय दलित आयोग ऐन, २०७४ को दफा ३ (छ) बमोजिम आयोगको मिति २०८१/०८/१६ को निर्णयानुसार दलित समुदायको पहिचानको सम्बन्धमा थर सूचीकृत गर्न नेपाल सरकारलाई सिफारिस गरिएको थर सूची नेपाल सरकारबाट स्वीकृत गरी नेपाल राजपत्रमा प्रकाशन गर्नुपर्ने। २. समाजमा हिनताबोध हुने थरहरुको सट्टामा नागरिकता प्रमाणपत्र लगायतको कागजातमा अन्य थरहरुको प्रयोग गर्न राष्ट्रिय दलित आयोगले प्रकाशन गर्ने अन्य थरहरुको सूची बमोजिम नागरिकता प्रमाणपत्र लगायतका कागजातमा हिनताबोध हुने थरहरु संशोधन गर्नुपर्ने।	नेपाल सरकार, मन्त्रीपरिषद्बाट मानव अधिकार सम्बन्धी छैटौं राष्ट्रिय कार्ययोजना स्वीकृत भएको।

सि. नं.	निर्णय मिति	निर्णयको व्यहोरा	कार्यान्वयनको अवस्था
		३. जातीय हिंसा, छुवाछूत, विभेद उन्मूलनका लागि कार्ययोजना लागु भएको ६ महिनाभित्र प्रभावकारी कार्ययोजना (समुदाय केन्द्रीत) बनाई कार्यान्वयन गर्नुपर्ने। प्रत्येक ६ महिनामा अद्यावधिक समीक्षा गर्ने प्रणालीको विकास गर्नुपर्ने। ४. माया प्रेम गर्दा जातको वास्ता नगर्ने र पछि सम्बन्धमा बसेपछि सन्तान जन्मेको अवस्थामा अलपत्र पारेर दलित समुदायका छोरीहरुलाई छोड्ने अत्यधिक चलन रहेकोले उनीहरुका सन्तान तथा स्वयं आमाको हेरचारका लागि संरक्षण गृह स्थापना गर्नुपर्ने। ५. मानव अधिकार संरक्षणका लागि आवश्यक समन्वय गर्ने हेतुले प्रस्तावित विविध तहका समितिमा नागरिक समाजको तर्फबाट राखिने प्रतिनिधिहरु सामाजिक विविधता अनुरुप समेट्नु पर्ने। ६. दलित युवा र गैरदलित युवतीबीच सहमतिमा भएको विवाह/यौन सम्बन्ध पछि समाजको दबाब वा प्रभावमा बलात्कार/अपहरण/शरीर वन्धक/जबरजस्ती करणीको रुपमा उजुरी दिने प्रवृत्ति देखिएको परिप्रेक्षमा आवश्यक भएमा कानून संशोधन गर्नुपर्ने तथा अनुसन्धान गर्ने निकायले समेत सो कुरालाई विचार गरी अनुसन्धान गर्नुपर्ने। ७. दलित समुदायको शिक्षा, स्वास्थ्य, रोजगार र आवासमा पहुँच सुनिश्चितता गर्न विशेष कार्यक्रम सञ्चालन गर्ने, समानुपातिक समावेशी सिद्धान्तको आधारमा दलित समुदायको प्रतिनिधित्वको सुनिश्चितता गर्ने, जातीय विभेदको अन्त्य गर्न सार्वजनिक सेवा प्रवाह गर्ने कर्मचारीहरुलाई आवश्यक प्रशिक्षण तथा विद्यालयस्तर देखि नै जातीय छुवाछूत तथा विभेद अन्त्य सम्बन्धी पाठ्यक्रम समावेश गर्नुपर्ने।	
४.	२०८२-०४-२७	तराई/मधेसी समुदायका पटवा, विल्टाउ, विन(मुखिया), मलाह(सहनी), लोहार र गोढया जात/थरहरु दलित समुदाय भित्र नपर्ने सम्बन्धमा विगतमा समेत आयोगको मिति २०८२/०१/०७ गतेको बैठकबाट सम्बन्धित सबै	पत्राचार गरिएको।

सि. नं.	निर्णय मिति	निर्णयको व्यहोरा	कार्यान्वयनको अवस्था
		निकायहरुलाई पत्राचार गरिएको व्यहोरा अवगत गराउँदै सो सम्बन्धमा कतिपय जिल्ला प्रशासन कार्यालयहरुबाट उल्लेखित थरहरुलाई समेत दलित भित्रको भनी प्रमाणपत्र जारी गरिएको भेटिएको र सोही प्रमाणपत्र पेस गरी लोक सेवा आयोग/प्रदेश लोक सेवा आयोगबाट सञ्चालित परीक्षामा समेत दलित तर्फको विज्ञापनबाट सहभागी भई सिफारिस समेत भएको घटनाहरु आयोगमा जानकारी प्राप्त भएको हुँदा उल्लेखित थरहरु दलित समुदाय भित्र नपर्ने व्यहोरा पुनः स्मरण गराउँदै उक्त थरहरुका व्यक्तिहरुलाई दलित तर्फको विज्ञापनमा दरखास्त स्वीकृति नगर्नुहुन र परीक्षामा सामेल भईसकेको वा लिखित नतिजामा सिफारिस भईसकेको वा अन्तिम सिफारिस समेत भईसकेको अवस्था भएता पनि निजहरुको सो दलित विज्ञापनको परीक्षा/सिफारिस रद्द गर्नु/गराउनुहुन लोक सेवा आयोग, केन्द्रीय कार्यालय र ७ वटै प्रदेश लोक सेवा आयोगमा पत्राचार गर्ने ।	
५.	२०८२-०६-२६	दलित समुदायका सेवाग्राहीहरूले नागरिकता प्रमाणपत्रमा आफ्नो थर संशोधन गरी नागरिकता प्रतिलिपि प्राप्त गर्न जाँदा केही जिल्ला प्रशासन कार्यालयहरूबाट सेवाग्राहीहरूलाई आयोगको सिफारिस पत्र पेस गर्न माग गर्ने गरेको हुँदा गृह मन्त्रालयको च.नं.५३, मिति २०६३/०४/२२ गतेको परिपत्र बमोजिम हिनताबोध हुने थरको सट्टामा आयोगले निर्दिष्ट गरेका थरहरू राखी नागरिकता प्रमाणपत्र संशोधन गरी प्रतिलिपि दिन सक्ने व्यहोरा उल्लेख भएको साथै हाल प्रचलनमा रहेको विद्यमान दलित जातीय अनुसूची विवरणबाट दलित थर पहिचान/प्रमाणित प्राय सबै जिल्लाबाट निर्विवाद भइरहेको तर कतिपय जिल्लाबाट यस आयोगको सिफारिस माग गर्दा सेवाग्राहीलाई सेवा प्राप्त गर्दा समय, खर्च बढी हुनुका साथै दुःख तथा हैरानी भइरहेको हुँदा सम्पूर्ण जिल्ला प्रशासन कार्यालयहरूलाई सरल र सहज रूपमा हाल प्रचलनमा रहेको अनुसूचीबाट थर संशोधन कार्य गरिदिन परिपत्र हुन गृह मन्त्रालयमा लेखिपठाउने।	आंशिक कार्यान्वयनमा भइरहेको।

सि. नं.	निर्णय मिति	निर्णयको व्यहोरा	कार्यान्वयनको अवस्था
६.	२०८२-०७-२७	राष्ट्रिय दलित आयोग नियमावली, २०८२ मस्यौदामा अर्थ मन्त्रालयको च.नं. ८४०, मिति २०८२/०७/११, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ३१, मिति २०८२/०६/२४ को पत्रबाट राय प्राप्त भएकोले "राष्ट्रिय दलित आयोग नियमावली, २०८२" स्वीकृत गर्ने साथै नेपाल राजपत्रमा प्रकाशन गर्नको लागि स्वीकृत नियमावली सम्पादन गर्न कानून न्याय तथा संसदीय मामिला मन्त्रालयमा पत्राचार गर्ने र नेपाल राजपत्रमा प्रकाशन गर्ने।	मन्त्रायबाट आयोगमा फिर्ता भएको।
७.	२०८२-०८-१६	प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ मा देहाय बमोजिम संशोधन गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत नेपाल सरकार समक्ष सुझाव दिइएको। क. ऐनको दफा १३ मा उम्मेदवारको अयोग्यता अन्तर्गत "समानुपातिक निर्वाचन प्रणालीमा उम्मेदवार हुन प्रतिनिधि सभामा जुनसुकै प्रणालीबाट सदस्य भैसकेको व्यक्ति" भन्ने बुँदा थप गर्ने । ख. दफा १८ मा उम्मेदवारको मनोनयन अन्तर्गत "दलले उम्मेदवारको मनोनयन गर्दा जनसंख्याको आधारमा समानुपातिकता कायम हुने गरी गर्नुपर्ने छ ।" भन्ने उपदफा थप गर्ने । ग. दफा ६० मा समानुपातिक निर्वाचन परिणामको घोषणा अन्तर्गत "यो ऐनको अन्य दफामा जेसुकै उल्लेख भए तापनि दफा ५८ अनुसार पहिलो हुने निर्वाचित हुने प्रणाली अनुसारको निर्वाचन परिणाममा समानुपातिकता कायम हुन नसकेको समूहको अपुग संख्या सम्बन्धित दलको सूचीबाट तोकिनेछ ।" भन्ने उपदफा थप गर्ने।	
८.	२०८२-०८-२१	नेपालको संविधान र प्रचलित कानूनी व्यवस्थाको मर्म र भावना बमोजिम राजनीतिक दलहरुको आन्तरिक संरचना तथा राजनीतिक दलहरुबाट निर्वाचन प्रक्रियामा तथा राज्यको निकायहरुमा प्रतिनिधित्व तथा मनोनयन गराउँदा दलित समुदायको प्रतिनिधित्व सुनिश्चित हुने गरी समावेशी व्यवस्थाको	

सि. नं.	निर्णय मिति	निर्णयको व्यहोरा	कार्यान्वयनको अवस्था
		प्रभावकारी कार्यान्वनका लागि राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलहरु तथा निर्वाचन आयोगलाई अनुरोध गर्ने ।	
९.	२०८२-१०-११	सबै किसिमका जातीय विभेद उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५ लाई नेपालले सन् ३० जनवरी १९७१ मा अनूमोदन गरी पक्ष राष्ट्र भएकोमा उक्त महासन्धिका अनुमोदन हुन बाँकी रहेका धाराहरु ४, ६, १४ र २२ लाई उक्त महासन्धि अनुमोदन गरेको ५५ वर्ष पुगेको उपलक्ष्यमा उक्त धाराहरु अनुमोदनका लागि नेपाल सरकारलाई अनुरोध गर्ने ।	धाराहरू अनुमोदन भए/नभएको जानकारी प्राप्त नभएको।
१०.	२०८२-११-२९	नेपाल सरकारको विभिन्न क्षेत्रमा दलितको प्रतिनिधित्व/समावेशीताको अवस्थाको बारेमा यसपूर्व निजामती सेवाभित्र दलितको प्रतिनिधित्वको अवस्थाका बारेमा अध्ययन अनुसन्धान भए तापनि विश्वविद्यालय, विद्यालय, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल, सरकारको स्वामित्वमा रहेको सार्वजनिक संस्थान, स्वास्थ्य क्षेत्र लगायत अन्य सरकारी निकायमा दलितहरुको प्रतिनिधित्व/सहभागिताको वर्तमान अवस्था, सामाजिक सुरक्षाको स्थितिको बारेमा अध्ययन अनुसन्धान नभएको र सोको अध्ययन अनुसन्धान गरी सोको आधारमा दलित समुदायको सकारात्मक विभेदको लागि नेपाल सरकारले उपयुक्त नीति लिन आधार तयार हुने तर राष्ट्रिय दलित आयोगको लागि तोकिएको बजेट सीमाले सो कार्य गर्न असम्भव रहेको हुँदा राष्ट्रिय दलित आयोगको समन्वयमा राष्ट्रिय योजना आयोग र नीति अनुसन्धान प्रतिष्ठानबाट कार्यान्वयन हुने गरी आगामी आर्थिक वर्षको बजेटमा पर्याप्त बजेट सहित कार्यक्रम समावेश गरी दिन उक्त निकायहरुमा अनुरोध गरी पठाउने ।	
११.	२०८२-१२-०३	हालै सम्पन्न प्रतिनिधि सभा र राष्ट्रिय सभाको प्रत्यक्ष र समानुपातिक निर्वाचन प्रणालीमा नेपालका राजनीतिक दलहरुबाट नेपालको संविधान एवम् कानूनी व्यवस्था तथा भावना र मर्म अनुसारको दलित समुदायभित्रको अन्तर समावेशिताको उचित समावेशीमूलक प्रतिनिधित्व हुन नसकेको	

सि. नं.	निर्णय मिति	निर्णयको व्यहोरा	कार्यान्वयनको अवस्था
		भन्ने गुनासोको सम्बन्धमा निर्वाचन आयोगद्वारा सम्बन्धित राजनीतिक दलहरुलाई सो बमोजिमको प्रतिनिधित्वको सुनिश्चितताका लागि ध्यानाकर्षण गराइदिन निर्वाचन आयोगमा अनुरोध गरी पठाउने।	
१२.	२०८२-१२-२५	दलित समुदायले युगौंदेखि भोग्दै आएको समस्यालाई गम्भीर रुपमा लिँदै राज्यका तर्फबाट औपचारिक क्षमायाचना सहित सुधारमुखी कार्यक्रम घोषणा गर्ने नेपाल सरकार, मन्त्रीपरिषद्को मिति २०८२ चैत १३ को बैठकबाट स्वीकृत शासकीय सुधार सम्बन्धी एक सय कार्यसूची अन्तर्गतको बुँदा नं. ५ सँग सम्बन्धित घोषणालाई राष्ट्रिय दलित आयोगका तर्फबाट नेपाल सरकारलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै सो घोषणालाई प्रभावकारी रूपमा कार्यान्वयनको लागि दलित समुदायको सामाजिक न्याय र विकासमा क्रियाशिल दलित गैर सरकारी संस्था महासंघ लगायत विभिन्न संघ, संस्थाहरु, सामाजिक अभियान्ता, बुद्धिजीवी, विज्ञ, दलित समुदायका प्रतिनिधिहरु तथा सबै सरोकारवालाहरुको राय सुझाव समेतको आधारमा यस आयोगको मिति २०८२/१२/२५ गतेको निर्णयानुसार आयोगको तर्फबाट तपसिल बमोजिमका सुझावहरु पठाउने। १. सबै प्रकारका जाति तथा रङ्गभेद उन्मूलन सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि प्रति नेपालले राखेका असहमति हटाई महासन्धिको बुँदा नं.४ को व्यवस्था बमोजिम राज्यका तर्फबाट कानून बनाई विभेद गरेको र त्यसबाट दलित समुदायलाई गम्भीर क्षति पुगेको महसुस गरी क्षमायाचना गरिएको सन्देश सार्वजनिक गर्नुपर्ने र यो क्षमायाचना संसदको विशेष प्रस्ताव वा संकल्प प्रस्ताव पारित गरी कानूनी वैधता दिनुपर्ने, सो कुरा राजपत्रमा प्रकाशन गरी दलित समुदायको विकास, संरक्षण र क्षतिपूर्ति सम्बन्धी व्यवस्था तत्काल कानून बनाई कार्यान्वयन गर्नुपर्ने। २. दलित समुदायमाथि ऐतिहासिक अत्याचार, विभेद र अपराध भएको हुँदा प्रदेश र सबै स्थानीय सरकारले औपचारिक	प्रक्रियामा रहेको।

सि. नं.	निर्णय मिति	निर्णयको व्यहोरा	कार्यान्वयनको अवस्था
		रूपमा क्षमायाचना गर्ने र जात व्यवस्थाका नकारात्मक स्वरुपहरूको अन्त्यका लागि बृहत् सांस्कृतिक जागरण अभियान चलाउने र त्यसलाई निरन्तरता दिनुपर्ने। ३. हाल मौजुदा रहेका दलित विकास समिति तथा वादी विकास समितिलाई तत्कालका लागि क्रियाशील/रूपान्तरण गर्दै दलित समुदायको संरक्षण, सशक्तीकरण, मूलप्रवाहीकरण र विकासका लागि दलित समुदाय राष्ट्रिय विकास प्राधिकरण सम्बन्धी ऐन बनाई सो ऐन अन्तर्गत एक शक्तिशाली दलित समुदाय राष्ट्रिय विकास प्राधिकरण स्थापना र सञ्चालन गर्नुपर्ने। प्राधिकरण स्थापना पश्चात् उक्त समितिहरूलाई ऐन मार्फत् प्राधिकरणमा समायोजन गर्नुपर्ने। ४. दलित समुदायको परम्परागत पेशा व्यवसायलाई राष्ट्रिय उत्पादन र आयात प्रतिस्थापनसँग जोडी राष्ट्रिय गौरवको आयोजना बनाई सञ्चालन गर्नुपर्ने। (३ तहका सरकारले अनिवार्य दायित्व लिनुपर्ने) ती पेशामा दलित समुदायको प्रतिलिपि अधिकार हुनुपर्ने (Patent right)। ५. दलित समुदायको अधिकार संरक्षणका लागि स्थापना भएको राष्ट्रिय दलित आयोगलाई पर्याप्त बजेट, मानवश्रोत र आवश्यक कार्यक्रम सहित प्रादेशिक कार्यालय स्थापना गरी प्रभावकारी बनाउनुपर्ने। भाडामा रहेको आयोगलाई नारायणहिटी दरबार परिसरमा रहेको सरकारी भवनमा स्थानान्तरण गर्नुपर्ने। ६. दैनिक रूपमा दलित समुदायमाथि भइरहेका विभेद, अपमान, घृणा, बहिस्कार र तिरस्कारका घटनाहरूमा शून्य सहनशीलताको नीति अवलम्बन गरी फाष्ट ट्रयाकबाट अभियोजन गर्ने प्रणाली बनाउनुपर्ने। १ महिनाभित्र जातीय भेदभाव तथा अन्य सामाजिक कसूर सजाय ऐन, २०६८ संशोधन गरी विशेष इजलास मार्फत् दलित समुदायको न्यायमा पहुँच अभिवृद्धि गर्नुपर्ने।	

सि. नं.	निर्णय मिति	निर्णयको व्यहोरा	कार्यान्वयनको अवस्था
		७. नेपाल प्रहरीमा स्थापित दलित सहायता कक्षलाई स्पष्ट कार्यविधि (दलित सेल), जनशक्ति, श्रोतसाधन सहित प्रभावकारी बनाउनुपर्ने। ८. संविधानको धारा ४० कार्यान्वयन सम्बन्धमा राष्ट्रिय सभाबाट पारित संकल्प प्रस्तावको कार्यान्वयनका लागि कार्ययोजना बनाउनुपर्ने। ९. संविधान बमोजिम जनसंख्याको आधारमा राज्यका सबै अंग, संरचना र निकायमा पूर्ण समानुपातिक प्रतिनिधित्वको व्यवस्था गर्नुपर्ने र क्षतिपूर्तिका लागि सामूहिक प्रवेशको लागि एक वर्षभित्र नीतिगत व्यवस्था गर्नुपर्ने। दक्षिण अफ्रिका, अष्ट्रेलिया, अमेरिका, जापान लगायत मुलुकमा पछाडि पारिएकाहरूलाई राज्यका मूलप्रवाहमा ल्याउन विशेष कार्यक्रम मार्फत सामूहिक रूपमा राज्य संरचनामा एकै पटक प्रवेश गराउने र उनीहरूको पेशा, व्यवसायलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरेको देखिन्छ। १०. ऐतिहासिक रूपमा दलित समुदायलाई गरिएको बहिस्करणले राज्यलाई पारेको घाटा र दलित समुदायलाई पारेको क्षतिको वस्तुनिष्ठ अध्ययन गरी नेपाली समाजलाई सामाजिक सदभावयुक्त बनाउन सत्य निरूपण तथा मेलमिलाप आयोग बनाउनुपर्ने। ११. विश्वव्यापी अद्यावधिक समीक्षा (UPR) र सबै प्रकारका जाति तथा रङ्गभेद उन्मूलन सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (सेर्ड)का सिफारिस कार्यान्वयन गर्नुपर्ने र व्यवस्था बमोजिमका दायित्व निर्वाह गर्नुपर्ने। १२. संविधान संशोधन सम्बन्धी कार्यमा दलित समुदायको प्रतिनिधित्व र संलग्नता अनिवार्य रूपमा गराइनुपर्ने। १३. मानव विकास सूचकांक सम्बन्धी खण्डीकृत तथ्यांकको अध्ययन र समीक्षा गरी सो अनुरूप उपचारात्मक विधि अवलम्वन गर्नुपर्ने। १४. प्राकृतिक विपत तथा जलवायु परिवर्तनका कारणले दलित समुदायमा पारेको नकारात्मक असर कम गर्न प्रभावकारी काम गर्नुपर्ने।	

सि. नं.	निर्णय मिति	निर्णयको व्यहोरा	कार्यान्वयनको अवस्था
		१५. दलित अधिकार प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०७३ बमोजिमका कार्य गर्नुपर्ने।	
१३.	२०८३-०१-२४	संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट तयार भएको प्रस्तावित निजामती सेवा विधेयक, २०८३ का सम्बन्धमा दलित समुदायको विभिन्न व्यक्ति एवम् कर्मचारीको सुझाव समेतका आधारमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा देहायका सुझावहरु पठाउनेः क) संघ, प्रदेश र स्थानीय तहका श्रेणीविहिन तह(कार्यालय सहयोगी, माली, बगैचे, सवारी चालक लगायत)का पदहरु खुल्ला प्रतिस्पर्धाबाट स्थायी रुपमा पदपूर्ति नभई करार सेवा मार्फत् पदपूर्ति भइरहेको कारण पदपूर्तिमा समावेशीता नभएको हुँदा निजामती सेवा ऐन तथा नियमावलीमा उल्लेख भए अनुसार निजामती सेवालाई समावेशी बनाउने सिद्धान्त अनुसार श्रेणीविहीन पदहरुमा पदपूर्ति गर्दा दलित समुदायको प्रतिनिधित्व हुनेगरी समावेशी बनाउनु पर्ने। ख) आयोगले गरेको अध्ययन अनुसार निजामती सेवालाई समावेशी बनाउन निजामती सेवा ऐन, २०४९ को दफा ७ को उफदफा(७) मा भएको व्यवस्था बमोजिम खुल्ला प्रतियोगिताबाट पदपूर्ति हुने पदमध्ये ४५ प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी प्रतिस्पर्धा गराउँदा नेपालको जनसंख्याको करीव १४ प्रतिशत हिस्सा ओगटेको दलित समुदायलाई छुट्याइएको ९ प्रतिशतको कोटा बमोजिम(प्रस्तावित निजामती सेवा विधेयक, २०८३ को दफा ११) विगत १७ वर्षको अवधिमा निजामती सेवामा दलितको सहभागिता २ प्रतिशतको हाराहारीमा रहेको अवस्थालाई विचार गर्दा १४ प्रतिशत जनसंख्या रहेको दलितको सहभागिता १५ प्रतिशत पुऱ्याउन करीब १९६ वर्ष लाग्ने अनुमान देखिन्छ । अतः विगतको अभ्यासलाई पनि विचार गरी निजामती सेवालाई समावेशी बनाउन दलित समुदायको जनसंख्याको आधारमा प्रस्तावित निजामती सेवा विधेयक, २०८३ को दफा ११ को	विधेयक तर्जुमा प्रक्रियामा रहेको।

सि. नं.	निर्णय मिति	निर्णयको व्यहोरा	कार्यान्वयनको अवस्था
		उपदफा २ को खण्ड (घ) मा रहेको दलितको प्रस्तावित १२.७ प्रतिशतको सट्टा १५ प्रतिशत पुऱ्याउनु पर्ने र समग्र निजामती सेवामा दलित समुदायको जनसंख्याको आधारमा खुल्ला प्रतिस्पर्धातर्फ १५ प्रतिशत सिट दलित समुदायका लागि व्यवस्था गर्नुपर्ने । ग) समावेशी अन्तर्गत दलितका लागि छुट्याइएको पद विज्ञापनको समयमा पदपूर्ति हुन नसकेमा अर्को वर्ष हुने सोही समूहको विज्ञापनमा समावेश गर्नुपर्ने भन्ने व्यवस्था राख्नु पर्ने। घ) प्रस्तावित निजामती सेवा विधेयक, २०८३ को दफा १८ को उपदफा १ को खण्ड (ग)(२) मा उल्लेख भएको अधिकृत नवौं तहको पदका लागि हुने खुल्ला प्रतियोगितामा ३९ वर्ष ननाघेको व्यक्ति उम्मेदवार हुन सक्ने छन् भन्ने व्यवस्थाले दलित समुदायको व्यक्तिको प्रवेश साघुरो हुने भएकोले दलितको निजामती शर्त सेवामा रहेको पहुँच र शैक्षिक अवस्थालाई समेत विचार गरी दलितको हकमा ३९ वर्षको सट्टा ४५ वर्ष कायम हुनुपर्ने । ङ) प्रस्तावित विधेयकको दफा ११ को उपदफा(१) मा रहेको व्यवस्था दलित व्यक्तिको हकमा २ पटकसम्म पाउने भन्ने व्यवस्था राख्दा उपयुक्त हुने ।	
१४.	२०८३-०२-०१	सिन्धुली जिल्ला सुनकोशी गाउँपालिका वडा नं.३ निवासी २२ वर्षीय श्री कृष्ण वि.क.को प्रहरी हिरासतमा रहेको अवस्थामा मृत्यु भएको भनिएको र निजको बाबुको पनि मृत्यु भइसकेको कारण परिवारमा आय आर्जन गर्ने व्यक्ति पनि नभएको र निजको परिवारको आर्थिक अवस्था पनि अत्यन्त कमजोर रहेको कारण निजको परिवारको जीवन यापन गर्न कठिनाई भएको जानकारी प्राप्त भएको हुँदा जीवनयापनका लागि निजको परिवारलाई उचित राहत एवं परिवारका सदस्यलाई रोजगारीको अवसर उपलब्ध गराइदिने व्यवस्थाका लागि गृह मन्त्रालयमा लेखी पठाउने।	उक्त घटनाको छानविन समितिले कारबाही गर्नुपर्ने प्रतिवेदन दिइएको जानकारी प्राप्त भएको।

सि. नं.	निर्णय मिति	निर्णयको व्यहोरा	कार्यान्वयनको अवस्था
१५.	२०८३-०२-०१	चालु आर्थिक वर्ष २०८२/०८३ मा व्यवस्था भए बमोजिम आगामी आ.व.का लागि दलित समुदायको परम्परागत पेसा व्यवसायलाई क्षमता विकास तथा प्रविधि हस्तान्तरण गर्न उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट कार्यान्वयन हुने गरी रु.१ अर्ब विनियोजन गर्न अर्थ मन्त्रालयलाई अनुरोध गर्ने।	भगत सर्वजित शिल्प उद्यम विकास कार्यक्रममा केही बजेट व्यवस्था भएको।
१६.	२०८२-०६-३० २०८३-०१-२४ र २०८३-०२-०१	माध्यमिक तह तथा उच्च शिक्षामा आर्थिक विपन्नताको कारणले दलित समुदायको पहुँच पुग्न सकिरहेको छैन। हाल शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले उपलब्ध गराएको छात्रवृत्ति पनि प्रशासनिक झन्झटको कारणले दलित समुदायले प्राप्त गर्न नसकिरहेको अवस्था छ। अतः दलित तथा विपन्न छात्रवृत्तिमा रकम बढाई सहज ढंगले प्राप्त गर्ने व्यवस्था मिलाउनका लागि शिक्षा तथा खेलकुद मन्त्रालयलाई पत्राचार गर्ने । जातीय संकिर्णताको कारणले देशभरीबाट काठमाडौंमा अध्ययन गर्न आउने दलित विद्यार्थीहरुले सहज रुपमा कोठाभाडामा नपाउने अवस्था रहेको छ। सोही कुरालाई सम्बोधन गर्न सरकारले विजेश्वरी(स्वयम्भूमा) समाज विकास छात्रावास स्थापना गरेको तर हालसम्म पनि त्यसको निर्माण सम्पन्न गरी सन्चालन हुन सकिरहेको छैन। अतः सो छात्रावास निर्माण सम्पन्न गरी सन्चालन गर्न लाग्ने अनुमानित बजेट रु.५ करोड व्यवस्था गरिदिन अर्थ मन्त्रालयलाई लेखी पठाउने ।	विजेश्वरी(स्वयम्भूमा) समाज विकास छात्रावास निर्माण यथासिघ्र गर्नुपर्ने।
१७.	२०८३-०२-०१	नेपालको संविधानको धारा ४० को उपधारा ५ र ६ मा व्यवस्था भएको मौलिक हकको व्यवस्था बमोजिम नेपालभर रहेका भूमिहीन र आवासविहिन दलितलाई दीर्घकालीन रुपमा दिगो समाधान हुने गरी वसोवासको व्यवस्था गरीदिन भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गरी पठाउने।	कार्यान्वयन भइरहेको।
१८.	२०८३-०२-११	नेपालको संविधानको भाग-३ को धारा ४० मा मौलिक हकको रुपमा दलितको हक सम्बन्धी व्यवस्था रहेको व्यहोरा विदितै छ। नेपालको कुल जनसंख्याको करिब १३.४ प्रतिशत	बजेटको व्यवस्था आंशिक रूपमा भएको।

सि. नं.	निर्णय मिति	निर्णयको व्यहोरा	कार्यान्वयनको अवस्था
		जनसंख्या दलित समुदायको रहेको र सो समुदाय अझैपनि आर्थिक, सामाजिक, शैक्षिक रुपमा अत्यन्त पिछडिएको र दलितहरुप्रति जातीय छुवाछूत र भेदभावको अवस्था विद्यमान रहेको छ। शैक्षिक अज्ञानताको कारण राज्यले उपलब्ध गराएको कतिपय सेवा सुविधाबाट समेत उनीहरु वन्चित हुनुपरेको छ । संविधान प्रदत्त मौलिक हकको कार्यान्वयनको सिलसिलामा दलित समुदायको मानव अधिकारको सम्मान तथा हकहितको संरक्षण, संवर्द्धन तथा सो समुदायको सशक्तीकरण गर्न तथा जातीय भेदभाव तथा छुवाछूतको अन्त्य गरी राज्य निर्माण तथा विकासको मूल प्रवाहमा प्रभावकारी रुपमा समाहित गर्न भूमिहीन दलितलाई सुरक्षित आवासको व्यवस्था गरी शिक्षा, स्वास्थ्य, रोजगारी तथा सामाजिक सुरक्षा प्रदान गर्नु हामी सबैको साझा दायित्व रहेको सन्दर्भमा प्रदेश सरकार तथा स्थानीय तहबाट आगामी आर्थिक वर्षको बजेट, नीति तथा कार्यक्रम तर्जुमा गर्दा दलितको लागि देहाय बमोजिमको व्यवस्था गरी दिन सबै मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा र स्थानीय तहका हकमा आवश्यक समन्वय र पत्राचारका लागि भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गरी पठाउने। देहाय: १. नेपालको संविधानको धारा ४० मा व्यवस्था भए बमोजिम दलित समुदायका हकअधिकारको प्रभावकारी कार्यान्वयनका लागि प्रदेश तथा स्थानीय सरकारबाट स्पष्ट नीति, कार्यक्रम तथा पर्याप्त बजेटको व्यवस्था हुनुपर्ने। २. दलित समुदायका बालबालिकाको शिक्षामा समान पहुँच सुनिश्चित गर्न छात्रवृत्ति, शैक्षिक सामग्री, आवासीय सुविधा, प्राविधिक शिक्षा तथा विद्यालय छाड्ने दर न्यूनीकरणसम्बन्धी विशेष कार्यक्रम तथा बजेट व्यवस्था हुनुपर्ने। ३. दलित समुदायका परम्परागत पेशा तथा व्यवसायको संरक्षण, आधुनिकीकरण, व्यवसायीकरण र बजारीकरणका लागि आवश्यक कार्यक्रम तथा बजेटको व्यवस्था गर्नुपर्ने।	

सि. नं.	निर्णय मिति	निर्णयको व्यहोरा	कार्यान्वयनको अवस्था
		४. विपन्न, भूमिहीन तथा आवासविहीन दलित परिवारका लागि भूमि, सुरक्षित आवास तथा आधारभूत सेवा सुनिश्चित गर्ने गरी प्रभावकारी कार्यक्रम तथा बजेट व्यवस्था गर्नुपर्ने। ५. दलित समुदायका युवाहरूलाई स्वरोजगार तथा आत्मनिर्भर बनाउने उद्देश्यले आयआर्जन सम्बन्धी सीपमूलक तालिम, उद्यमशीलता विकास कार्यक्रम तथा लोकसेवा तयारी कक्षा सञ्चालनका लागि आवश्यक कार्यक्रम तथा बजेट व्यवस्था गर्नुपर्ने। ६. जातीय विभेद तथा छुवाछूत अन्त्यका लागि सचेतनामूलक अभियान, कानुनी सचेतना, विद्यालय तथा समुदायस्तरका कार्यक्रम लगायत प्रभावकारी कार्यक्रम निर्माण तथा सञ्चालन गर्नुपर्ने। ७. दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा समावेशी विकास, सामाजिक न्याय तथा दलित समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न प्रदेश तथा स्थानीय तहका योजना, नीति निर्माण तथा कार्यान्वयन प्रक्रियामा दलित समुदायको प्रतिनिधित्व र सहभागिता बढाउनु पर्ने।	
१९.	२०८३-०२-१२	संविधान संशोधन बहसपत्र तयार गर्ने कार्यदल-२०८२ को सचिवालयको च.नं.३७ मिति २०८३/०१/२९ को पत्रबाट माग भए अनुसार नेपालको संविधानमा गर्नुपर्ने सुधार र संशोधनका सम्बन्धमा सुझाव पठाइको।	सुझाव पठाइएको।
२०.	२०८२-०७-२६, २०८२-१०-२३ र २०८३-०२-२६	राष्ट्रिय दलित आयोग ऐन, २०७४ को दफा २(ङ) बमोजिम दलित समुदायलाई परिभाषित गर्न र दफा ३(छ) बमोजिम थर सूचीकरण विवरण स्वीकृत गरी राजपत्रमा प्रकाशन गर्न नेपाल सरकारलाई सिफारिस गर्ने।	राजपत्र प्रकाशन भएको।
२१.	२०८३-०२-२६	क. <u>नागरिकता सम्बन्धी</u> बुवा,आमाको दलित थर भएको तर निजको छोरा/छोरीको जन्म दर्ता, शैक्षिक प्रमाणपत्रमा बुवा, आमा भन्दा फरक थर (गैर दलित थर वा अन्य थर) भएको र आफ्नो नागरिकता प्रमाणपत्रमा भएको थरहरुको सट्टामा दलित समुदायको	फैसला बमोजिम थर संशोधन कार्यान्वयन गराउन आयोगको पत्र सेवाग्राही/जिल्ला

सि. नं.	निर्णय मिति	निर्णयको व्यहोरा	कार्यान्वयनको अवस्था
		नागरिकले माग बमोजिम नागरिकता प्रमाणपत्रमा थर सच्याउन केही जिल्ला प्रशासन कार्यालयहरुले नयाँ वा प्रतिलिपि नागरिकता प्रमाणपत्र जारी नगरेको गुनासो प्राप्त भएकोले यस सन्दर्भमा सम्मानित सर्वोच्च अदालतको मिति २०८२/०४/२७ गते (०६७-WO-०४२८) कुनै पनि नेपाली नागरिकले आफ्नो थर अपमानजनक लागेमा थर परिवर्तन गर्ने सम्बोधन भएको फैसला र राष्ट्रिय दलित आयोगले नेपाल सरकारलाई सिफारिस गरेको थरसूचीको आधारमा नागरिकलाई सरल र सहज रुपमा नागरिकता प्रमाणपत्र प्राप्त गर्न मातहतको सबै कार्यलयहरुमा आवश्यक परिपत्र गरिदिन र नवजात शिशुको जन्मदर्ता गर्दा आमाबाबुले जेसुकै थर लेखेको भएतापनि व्यक्तिको माग बमोजिम वैकल्पिक थर प्रयोगका लागि अनुमति दिन सबै स्थानीय तहमा परिपत्र गरिदिन गृह मन्त्रालयमा पत्राचार गर्ने। साथै जातीय भेदभाव तथा छुवाछूत अन्त्य गरी सभ्य समाज निर्माणका लागि आवश्यक व्यवस्था एवं कार्यक्रम संचालन गर्न प्रमुख जिल्ला अधिकारीहरुको कार्यसम्पादन मूल्याङ्कन सम्झौताको सूचकमा उच्च अङ्क सहित जातीय भेदभाव तथा छुवाछूत अन्त्यको विषय समावेश गर्न र नेपाल प्रहरीबाट सञ्चालन हुने समुदाय प्रहरी साझेदारी कार्यक्रमहरुमा समेत जातीय भेदभाव तथा छुवाछूत अन्त्यको विषय समावेश गरिदिनु हुन अनुरोध गर्ने। ख. <u>दलित प्रमाणपत्र सम्बन्धी</u> राष्ट्रिय दलित आयोगको प्रचलनमा रहेको दलित समुदायको थरसूचीको आधारमा सरल र सहज रुपमा (नागरिक सम्बन्धित कार्यालयमा उपस्थित हुन नसकेको अवस्थामा निजको घर परिवारको सदस्यको उपस्थिति वा online माध्यममा) दलित प्रमाण पत्र जारी गर्न आवश्यक परिपत्र गरिदिन गृह मन्त्रालयमा पत्राचार गर्ने। साथै प्रचलनमा रहेको दलित समुदायको थरसूचीमा तराई/मधेशी समुदायका पटवा, विल्टाउ, विन(मुखिया), मलाह(सहनी), लोहार र गोढया जात/थरहरु नपर्ने भएकोले उक्त	प्रशासन कार्यालयबाट माग गर्ने भएकोले गृह मन्त्रालयले फैसला बमोजिम यथासिघ्र कार्यविधि बनाउनुपर्ने।

सि. नं.	निर्णय मिति	निर्णयको व्यहोरा	कार्यान्वयनको अवस्था
		जात/थरहरुको सम्बन्धमा दलित जातीय प्रमाणपत्र जारी नगर्न अनुरोध गर्ने ।	
२२.	२०८३-०३-१९	तत्कालीन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको दलितको हक, अधिकार र विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदामा नेपाल कानून आयोगको मिति २०८३/०२/२२ को पत्रमा उल्लेख भएको कानून आयोगबाट तयार भएको अन्तिम मस्यौदामा आयोगको तर्फबाट सुझावहरु महिला, बालबालिका, लैंगिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालयमा पठाएको।	मस्यौदा तर्जुमा भइरहेको।
२३.	२०८३-०३-१९	१. नेपाल निर्माणका लागि दलित समुदायको महत्त्वपूर्ण योगदान रहेको हुँदा दलित समुदायका महत्त्वपूर्ण विभूतिहरूलाई राष्ट्रिय जीवनका अंगहरूमा जोड्नुपर्ने। क. भगत सर्वजित विश्वकर्मा बहु-प्राविधिक विश्वविद्यालय स्थापना गरी दलित समुदायका परम्परागत पेसा, ज्ञान र सीपलाई विज्ञान, प्रविधि र समृद्धिसँग जोड्नुपर्ने। ख. नेपाल एकीकरणमा अत्यन्त गौरवपूर्ण योगदान गरेका बाङ्गे सार्कीको नाममा "बाङ्गे सार्की राष्ट्र गौरवश्री" सम्मान प्रत्येक वर्ष नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलमा बीरतापूर्ण कार्य गर्ने सकल दर्जामध्ये १/१ जनालाई १/१ लाखको सम्मानका लागि व्यवस्था गर्ने। ग. मनिराम गाइने, जसवीर कामी, वीसे नगर्चीको नाममा पार्क, स्मारक, राजमार्ग, प्रतिष्ठान, केन्द्र, परिषद् आदि नामाकरण गरी सम्मान गर्नुपर्ने। (मनिराम-संचार, जसवीर-विज्ञान प्रविधि, वीसे नगर्ची-आर्थिक क्षेत्र)	

५.२ संवैधानिक अंगको रूपमा आयोगको गठन पश्चात् प्रथम वार्षिक प्रतिवेदन देखि पाँचौं प्रतिवेदनसम्म आयोगबाट नेपाल सरकारलाई भएका केही मुख्य सिफारिसहरू/सुझावहरू

आ.व. २०७७/०७८:-

- विभेद न्यूनीकरण, दलित हक अधिकार स्थापना लगायतका विषयमा कार्यान्वयनमा रहेको कानूनलाई पूर्ण कार्यान्वयनको व्यवस्था मिलाउने। कार्यान्वयनको अवस्थाको विश्लेषण गरी कार्यान्वयनमा विद्यमान समस्या समाधानको व्यवस्था मिलाउने।
- कानूनमा उल्लेख भएका व्यवस्थालाई समय सीमा र उपलब्धि सहितको कार्य योजना बनाई लागु गर्ने। कानून निर्माणकै वखत कार्यान्वयनका लागि आवश्यक पर्ने स्रोत साधनको यकिन गरी कार्यान्वयनका चरणमा उपलब्ध हुने सुनिश्चित गर्ने।
- संवैधानिक आयोग, राष्ट्रिय दलित आयोगलगायत अन्य आयोगका क्षमता विकास गर्ने। संविधानले निर्दिष्ट गरेको भूमिका र कार्य जिम्मेवारी पूरा गर्न आवश्यक स्रोत, साधन, पूर्वाधार र जनशक्तिको व्यवस्था गर्ने।
- संविधानको प्रावधान अनुसार आयोगका प्रदेशस्तरका कार्यालय अविलम्ब स्थापना गर्ने व्यवस्था मिलाउने।
- समाजका विभिन्न सवाल र नवीनतम प्रविधिका विषयमा संचार क्षेत्र, नागरिक समाज, गैर सरकारी संस्थासँग निरन्तर छलफल र अन्तरक्रियाका लागि सम्बद्ध निकायमा संस्थागत संयन्त्र बनाउने।
- सार्वजनिक सेवा प्रवाह तथा दलित समुदायलाई राज्यले उपलब्ध गराउने भनी गरेका घोषणा, प्रतिवद्धतालाई व्यवहारमा कार्यान्वयनको व्यवस्था मिलाउने जस्तै- भूमि, आवासको अधिकार लगायत शिक्षा, स्वास्थ्य, रोजगारीका विषयलाई तत्काल सम्वोधन गरी कार्यान्वयन गर्ने।
- सार्वजनिक सेवामा दलित समुदायको पहुँचलाई सुनिश्चित गर्न राज्यबाटै उपलब्ध हुने तथा अन्य क्षेत्रबाट प्रवाह हुने सेवाका संयन्त्रलाई दलितमैत्री बनाउने व्यवस्था मिलाउने। सेवा पाउने अधिकारलाई सुनिश्चित गर्ने, सेवा प्रदायक आवश्यक निकायमा दलित समुदायको सहभागिता मिलाउने, सहजीकरण आवश्यक पर्ने सेवामा दलित डेस्क स्थापना गर्ने व्यवस्था मिलाउने।
- प्राकृतिक विपत्ति, प्रकोप, महामारी जस्ता अवस्थामा समाजको तल्लो तहमा रहने वर्ग बढी पीडित, प्रभावित बनेको सन्दर्भमा यस्तो अवस्थामा रहेका दलित समुदायको जीवन अन्य नागरिक सरह बनाई समानता कायम गर्न विशेष व्यवस्था मिलाउने।
- दलित समुदायका परम्परागत ज्ञान, सीप र क्षमतालाई आधुनिक प्रविधिमा आधारित, स्तरोन्नति र प्रतिस्पर्धी बनाई बजारीकरण गर्ने कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक देखिएको छ। परम्परागत सीपलाई बजारीकरण मार्फत् दलित समुदायलाई स्वरोगार बनाउने तर्फ प्रयत्नशील रहने। साथै आधुनिक बजारमा सामुहिक उत्पादन, त्यसको ब्राण्डिङ्ग र बजारीकरणका सम्भाव्यता खोज गरी कार्यक्रम सञ्चालन गर्ने।
- विभिन्न तहमा निर्वाचित दलित जनप्रतिनिधिको क्षमता विकासमा विशेष कार्यक्रम सञ्चालन गरी आफ्नो पदीय जिम्मेवारी र भूमिकामा सशक्त र सक्रिय भूमिका निर्वाह गर्न अभिमुखीकरण गर्ने।
- विद्यालय तहको शिक्षामा सामाजिक विभेद, छुवाछूत, असमानता जस्ता पक्षलाई पाठ्यक्रममा समावेश गरी अध्ययन अध्यापन गर्ने।
- अदालतबाट निरूपण हुनुपर्ने गम्भीर र विशेष प्रकृतिका घटना तथा अपराधलाई सम्वन्धित विषयलाई विशेष प्राथमिकता दिई Fast Track सुनुवाइको व्यवस्था मिलाउने।

- दलित समुदायको आर्थिक समृद्धि, आय—आर्जन, रोजगारी जस्ता क्षेत्रमा विशेष कार्यक्रम सञ्चालन गर्ने।
- राष्ट्रिय दलित आयोग ऐन, २०७४ को दफा ३ (५) बमोजिम दलित समुदायकै रूपमा समाजमा रहेका तर विभिन्न कारणबाट सूचीकृत हुन नसकेका वा छुटेको समुदायहरूलाई आफू दलित भएको केही प्रमाण भए सो संलग्न गरी, नभए सम्बन्धित स्थानीय तहको किटानी सिफारिस सहित आयोगबाट सूचना प्रकाशित भएको मितिले तीन महिनाभित्र ईमेल, हुलाक वा स्वयं उपस्थित भई निवेदन दिनका लागि सूचना प्रकाशन गर्ने।
- विश्वभरी माहामारीको रूपमा फैलिएको कोभिड—१९ मा सबै नागरिकहरू प्रभावित रहेका र विशेष रूपमा दलित समुदायमा बढी असर तथा प्रभाव देखिएको हुँदा निःशुल्क स्वास्थ्य जाँच तथा उपचारको व्यवस्था गरी जीबिकोपार्जन, रोजगारी तथा राहतको प्रबन्ध गर्नको लागि सम्बन्धित निकायहरूलाई ध्यानाकर्षण तथा पत्राचार गर्ने।
- थर सूचीकरणको प्रकृयालाई व्यवस्थित र प्रभावकारी बनाउने सम्बन्धमा सरोकारवालाहरूसँग यही मिति २०७८ असार २९ र ३० गते छलफल कार्यक्रम आयोजना गर्ने।
- यस आयोगले मिति २०७७/१२/०१ गते प्रकाशन गरेको दलित समुदाय भित्रका राष्ट्रिय दलित आयोगमा सूचिकृत हुन छुट भएका थरहरू सूचिकृतका लागि निवेदन पेश गर्ने समयावधि २०७८ जेष्ठ मसान्तमा समाप्त हुने सन्दर्भमा मुलुकमा कोभिडको संक्रमण फैलिरहेको र नयाँ थरहरू समेत दलित समुदायका हुन् भनी सूचीकृतका लागि निवेदन प्राप्त हुने क्रम बढिरहेको हुँदा उक्त समयावधि बढाई २०७८ असार मसान्तसम्म कायम गर्ने निर्णय गरियो। साथै, नयाँ थरहरू सूचीकरण गर्ने सम्बन्धमा राय/सुझाव प्राप्त गर्नका लागि उक्त समयावधिभित्र दलित समुदायसँग सम्बन्धित सरकारी तथा गैरसरकारी संघ संस्थाहरू, सरोकारवाला व्यक्ति तथा निकाय र दलित मानव अधिकारीकर्मीहरूसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने।

आ.व. २०७८/०७९:-

- नेपालको संवैधानिक व्यवस्था अनुसार सात वटै प्रदेशमा आयोगको प्रदेशस्तरीय कार्यालय स्थापना गरिनु पर्ने।
- नेपालका दलित समुदायको आर्थिक, सामाजिक, राजनैतिक, शैक्षिक, रोजगारीको अवस्थाको बारेमा "नेपाल दलित स्टाटस" तयार गर्नुपर्ने।
- भूमिहीन दलितहरूलाई भूमि तथा आवासको समस्या समाधानका लागि भूमि आयोगलाई दलितमैत्री बनाउनुपर्ने।
- दलित बालबालिकाको शिक्षाका लागि प्रदान गरिँदै आएको छात्रवृत्ति रकममा दोब्बर गरिनु पर्ने। संघ, प्रदेश र स्थानीय तहको समन्वयमा दलित छात्रवृत्ति कोष स्थापना गरिनु पर्ने। त्यसका साथै, उच्च शिक्षा, प्राविधिक शिक्षातर्फ चिकित्सा, इन्जिनियरिङ्ग लगायतको अध्ययन तालिमका लागि आवासीय सुविधासहित निष्पक्ष ढंगले छात्रवृत्ति प्रदान गरिनुपर्ने।
- जेठ २१ गतेलाई जातीय भेदभाव तथा छुवाछूत उन्मूलन राष्ट्रिय दिवस संघ, प्रदेश तथा स्थानीय तहसम्म विभिन्न जनचेतनामूलक कार्यक्रम गरी अनिवार्य मनाउने व्यवस्था मिलाउने। साथै, उक्त दिनलाई राष्ट्रिय उत्सव (राष्ट्रिय क्षमादिवस)का रूपमा मनाउने प्रबन्ध गर्नुपर्ने।

- विद्यालय तहको शिक्षामा सामाजिक, जातीय असमानता जस्ता पक्षलाई दुरूत्साहन गर्न दलित तथा जातीय छुवाछूत विरूद्धका कानूनी व्यवस्था लगायतका विषय पाठ्यक्रममा समावेश गरिनु पर्ने।
- जातीय विभेदसँग सम्बन्धित गम्भीर र विशेष प्रकृतिका घटना तथा अपराधजन्य क्रियाकलापलाई कानूनी दायरामा ल्याउन न्यायिक क्षेत्रमा शीघ्र सुनुवाईको व्यवस्था गर्ने र दलित समुदायको नागरिकतामा हीनताबोध हुने खालका थर सच्याउन सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई कार्यान्वयन गर्नका लागि स्पष्ट निर्देशन दिनुपर्ने।
- प्रत्येक निजी लगानीका विद्यालय र सार्वजनिक शैक्षिक गुठी अन्तर्गत सञ्चालित विद्यालयमा विद्यार्थी संख्याको आधारमा कक्षा १२ सम्म दलित बालबालिकालाई निःशुल्क पढ्ने व्यवस्था गर्नुपर्ने।
- छुवाछूत तथा सामाजिक विभेदको पूर्ण रूपमा अन्त्य गर्नका लागि सबै पालिकाहरूमा दलित समुदायको उजुरी तथा घटना लिनका लागि छुट्टै डेस्कको स्थापना गर्नुपर्ने तथा जातीय विभेदका प्राप्त उजुरी स्थानीय तहले सम्बन्धित निकायलाई सिफारिस गर्नुपर्ने।
- सरकारी विद्यालयहरूमा "एक विद्यालय एक दलित शिक्षक" को व्यवस्था गरी "एक दलित परिवार एक रोजगार" कार्यक्रम मार्फत दलित समुदायका युवाहरूलाई रोजगारीको अवसर प्रदान गरिनु पर्ने।
- दलित समुदायको परम्परागत सीप, पेशा, व्यवसाय, कलाको आधुनिकिकरण गर्दै सोको समुचित विकासका लागि विशेष तालिमका निम्ति कार्यक्रम सञ्चालन गर्नुपर्ने। उनीहरूको परम्परागत पेशालाई व्यवसायीकरण गर्न सहकारीमा संगठित गर्दै आधुनिक व्यवसायमा रूपान्तरण तथा प्रवर्द्धन गर्न सहकारी मार्फत प्रोत्साहनको नीति अख्तियार गरिनु पर्ने।
- अन्तरजातीय विवाह वा गैर दलितसँगको शारीरिक सम्बन्धबाट जन्मेका बालबालिका र विस्थापित हुन गएका जोडी एवं तिनका परिवारको पुनःस्थापनाको लागि विशेष प्याकेजको कार्यक्रम सञ्चालन गर्नुपर्ने।
- सुदूरपश्चिम तथा कर्णालीका दलित बालबालिकाको शिक्षाका लागि दिवा खाजा तथा शैक्षिक सामग्री उपलब्ध गराउनुका साथै विशेष शैक्षिक कार्यक्रम ल्याउनुपर्ने।
- दलित समुदायका न्यून आय भएका, अशक्त, अपाङ्गता भएका, जेष्ठ नागरिक, दीर्घरोगीका लागि निःशुल्क स्वास्थ्य उपचार तथा विशेष स्वास्थ्य बीमा कार्यक्रम ल्याइनुपर्ने।
- संविधानको धारा ४० लाई कार्यान्वयन गर्न केन्द्र, प्रदेश र स्थानीय तहसम्म दलित सशक्तिकरण ऐन निर्माण गरी कार्यान्वयनमा ल्याउने।
- कर्णाली प्रदेशमा रहेका मुक्त हलिया समुदायको पुनःस्थापनाका लागि हलिया र दलित बस्तीहरूको पहिचान गरी उनीहरूको शिक्षा, जीविकोपार्जन, आयआर्जनसहित पूर्ण रूपमा पुनःस्थापनाको लागि विशेष प्याकेजको कार्यक्रम कार्यान्वयनमा ल्याउनुपर्ने।
- सामाजिक विभेदका घटनाहरूलाई कानूनी दायरामा ल्याउन विशेषनीति तथा कार्यक्रम ल्याई विभेद उन्मूलनको अभियान सञ्चालन गरिनुपर्ने। जातीय भेदभाव छुवाछूत अन्त्य तथा दलित अधिकार प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०७३ संशोधन गरी स्थानीय तहमा जातीय छुवाछूत तथा भेदभाव अन्त्यका लागि छुवाछूत निगरानी केन्द्र गठन गर्नु पर्ने।
- दलित समुदायलाई सरकारी सेवामा प्रवेशका लागि प्रतिस्पर्धात्मक परीक्षामा समावेश गर्न निःशुल्क लोक सेवा तयारी कक्षा सञ्चालन गर्नुपर्ने र दलितका लागि सबै क्षेत्रमा निःशुल्क शिक्षाको व्यवस्थालाई प्रभावकारी बनाउँदै दलित शिक्षा प्रोत्साहन विशेष कार्यक्रम सञ्चालन गरिनुपर्ने। प्रत्येक स्थानीय तहले दलित

बालबालिका भर्ना अभियान सञ्चालन गर्नुपर्ने। विजेश्वरी छात्रावासलाई आधुनिक, सेवा सुविधा सम्पन्न बनाई दलित विद्यार्थी छात्र छात्रालाई व्यवस्थापन गर्नुपर्ने।

- नेपाल राज्यको निर्माणका लागि विशेष योगदान गर्ने दलित समुदायका अग्रज व्यक्तित्वहरूलाई सम्मान तथा पुरस्कार गरिनुपर्ने। दलितहरूको आत्मसम्मान जागृत गर्न शिक्षण संस्था र प्रतिष्ठानहरूको नामाकरण गर्दा दलित समुदायको अग्रजहरूको नाम समावेश गरी काठमाडौंमा भगत सर्वजित स्मृतिपार्क तथा गोरखामा विसे नगर्ची स्मृति पार्क निर्माणका लागि आवश्यक बजेट विनियोजन गरिनु पर्ने।
- दलित समुदायको खानेपानीमा पहुँच अभिवृद्धिका लागि एक दलित घरपरिवार एक धारा कार्यक्रम गाउँ तथा नगरस्तरमा सञ्चालन गर्नुपर्ने र आर्थिक अवस्था अत्यन्त कम भएका दलित घर परिवारका लागि निःशुल्क वा न्यून शुल्कको प्रबन्ध गरिनुपर्ने।
- प्रत्येक वर्ष तराईमा शीतलहरबाट प्रभावित हुने दलित समुदायलाई न्यानो कपडा तथा बसोबासको उचित व्यवस्थापन गर्नुपर्ने साथै प्राविधिक शिक्षामा हालसम्म पनि वादी, मुसहर, चमार, हरिजन, डोम, गाइने समुदायको पहुँच नपुगेकोले आवासीय सुविधा सहितको छात्रवृत्तिको व्यवस्था मिलाइनु पर्ने। त्यस्तै प्रत्येक प्रदेशमा दलित विद्यार्थीहरूकै विशेष अध्ययनका लागि एक प्रदेश एक प्राविधिक शिक्षालय स्थापना गर्नुपर्ने।
- २०६३/०४/२२ को गृह मन्त्रालयको थर संशोधन परिपत्र सम्बन्धी जिल्ला प्रशासन कार्यालयले प्राप्त गरे पनि दलित समुदायले कतिपय जिल्ला प्रशासन कार्यालयबाट सहज रूपमा थर संशोधन गर्न नमानेकोले नागरिकता निर्देशिकामा थर संशोधनको मुद्दा जिल्ला प्रशासन कार्यालयाई कडाईका साथ कार्यान्वयन गर्न निर्देशन गर्नुपर्ने देखिन्छ। साथै नागरिकता प्रमाणपत्र संशोधन गरिसकेपछि व्यक्तिगत घटना, जन्मदर्ता लगायत जग्गा धनी प्रमाण पुर्जा, शैक्षिक प्रमाणपत्र समेत संशोधन गर्नुपर्ने व्यवस्था हुनुपर्नेछ।
- सबै संवैधानिक नियुक्तिमा समानुपातिक समावेशी गर्ने र निजामती १३ प्रतिशत प्रतिनिधित्व अनिवार्य पुऱ्याउनै पर्ने संवैधानिक व्यवस्था गर्नुपर्ने।

आ.व. २०७९/०८०

- भूमिहीन दलितहरूलाई भूमि तथा आवासको समस्या समाधानका लागि भूमि आयोगलाई दलितमैत्री बनाउनुपर्ने।
- दलित बालबालिकाको शिक्षाका लागि प्रदान गरिदै आएको छात्रवृत्ति रकममा दोब्बर गरिनु पर्ने। संघ, प्रदेश र स्थानीय तहको समन्वयमा दलित छात्रवृत्ति कोष स्थापना गरिनु पर्ने। त्यसका साथै, उच्च शिक्षा, प्राविधिक शिक्षा तर्फ डाक्टर, इन्जिनियरिङ्ग लगायतको अध्ययन तालिमका लागि आवासीय सुविधा सहित निष्पक्ष ढंगले छात्रवृत्ति प्रदान गरिनुपर्ने।
- राज्यका कार्यकारी तह, राजनैतिक दलका संयन्त्र, सरकारी तथा निजी क्षेत्रलाई समेत समावेशी बनाउने व्यवस्थालाई अनिवार्य गर्ने, गराउने।
- जातीय विभेदसँग सम्बन्धित गम्भीर र विशेष प्रकृतिका घटना तथा अपराधजन्य क्रियाकलापलाई कानूनी दायरामा ल्याउन न्यायिक क्षेत्रमा शीघ्र सुनुवाईको व्यवस्था गर्ने र दलित समुदायको नागरिकतामा हीनताबोध हुने खालका थर सच्याउन सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई कार्यान्वयन गर्नका लागि स्पष्ट निर्देशन दिनुपर्ने।

- छुवाछूत तथा सामाजिक विभेदको पूर्णरूपमा अन्त्य गर्नका लागि सबै पालिकाहरूमा दलित समुदायको उजुरी तथा घटना लिनका लागि छुट्टै डेस्कको स्थापना गर्नुपर्ने तथा जातीय विभेदका प्राप्त उजुरी स्थानीय तहले सम्बन्धित निकायलाई सिफारिस गर्नुपर्ने।
- सरकारी विद्यालयहरूमा "एक विद्यालय एक दलित शिक्षक" को व्यवस्था गरिनु पर्ने।
- दलित समुदायको परम्परागत सीप, पेशा, व्यवसाय, कलाको आधुनिकिकरण गर्दै सोको समुचित विकासका लागि विशेष तालिमका निम्ति कार्यक्रम सञ्चालन गर्नुपर्ने। उनीहरूको परम्परागत पेशालाई व्यवसायीकरण गर्न सहकारीमा संगठित गर्दै आधुनिक व्यवसायमा रूपान्तरण तथा प्रवर्द्धन गर्न सहकारी मार्फत प्रोत्साहनको नीति अख्तियार गरिनु पर्ने।
- संविधानको धारा ४० लाई कार्यान्वयन गर्न केन्द्र, प्रदेश र स्थानीय तहसम्म दलित सशक्तीकरण ऐन निर्माण गरी कार्यान्वयनमा ल्याउने।
- कर्णाली र सुदूरपश्चिम प्रदेशमा रहेका मुक्त हलिया समुदायको पुनःस्थापनाको लागि हलिया र दलित बस्तीहरूको पहिचान गरी उनीहरूको शिक्षा, जीविकोपार्जन, आयआर्जन सहित पूर्ण रूपमा पुनः स्थापनाको लागि विशेष प्याकेजको कार्यक्रम कार्यान्वयनमा ल्याउनुपर्ने।
- दलितका लागि सबै क्षेत्रमा निःशुल्क शिक्षाको व्यवस्थालाई प्रभावकारी बनाउँदै दलित शिक्षा प्रोत्साहन विशेष कार्यक्रम सञ्चालन गरिनुपर्ने। प्रत्येक स्थानीय तहले दलित बालबालिका भर्ना अभियान सञ्चालन गर्नुपर्ने। विजेश्वरी छात्रावासलाई आधुनिक, सेवा सुविधा सम्पन्न बनाई नियमन गरिनु पर्ने।
- नेपाल राज्यको निर्माणका लागि विशेष योगदान गर्ने दलित समुदायका अग्रज व्यक्तित्वहरूलाई सम्मान तथा पुरस्कार गरिनुपर्ने। दलितहरूको आत्मसम्मान जागृत गर्न शिक्षण संस्था र प्रतिष्ठानहरूको नामाकरण गर्दा दलित समुदायको अग्रजहरूको नाम जोड्नु पर्ने।
- प्राविधिक शिक्षामा हालसम्म पनि वादी, मुसहर, चमार, हरिजन, डोम र गाइने समुदायको पहुँच नपुगेकोले आवासीय सुविधा सहितको छात्रवृत्तिको व्यवस्था मिलाइनु पर्ने। त्यस्तै प्रत्येक प्रदेशमा दलित विद्यार्थीहरूकै विशेष अध्ययनका लागि एक प्रदेश एक प्राविधिक शिक्षालय स्थापना गर्नुपर्ने।
- २०६३/०४/२२ को गृह मन्त्रालयको थर संशोधन परिपत्र सम्बन्धी जिल्ला प्रशासन कार्यालयले प्राप्त गरे पनि दलित समुदायले कतिपय जिल्ला प्रशासन कार्यालयबाट सहज रूपमा थर संशोधन गर्न नमानेकोले नागरिकता निर्देशिकामा थर संशोधनको मुद्दा जिल्ला प्रशासन कार्यालयलाई कडाईका साथ कार्यान्वयन गर्न निर्देशन गर्नुपर्ने देखिन्छ साथै, नागरिकता प्रमाणपत्र संशोधन गरिसकेपछि व्यक्तिगत घटना, जन्मदर्ता लगायत जग्गा धनी प्रमाण पुर्जा, शैक्षिक प्रमाणपत्र समेत संशोधन गर्नुपर्ने व्यवस्था हुनुपर्नेछ।

आ.व. २०८०/०८१

- राष्ट्रिय योजना आयोगको च.नं.६६ मिति २०८०/०४/२६ को पत्रबाट सोह्रौं योजना तर्जुमा सम्बन्धी विवरण माग गरेकोमा विवरणको ढाँचाको परिच्छेद १२-शासकीय सुधार र सुशासन अभिवृद्धि अन्तर्गत देहायका सुझाव पठाउनेः
  - नेपालका दलित समुदायको आर्थिक, सामाजिक, राजनैतिक, शैक्षिक, रोजगारीको अवस्थाको बारेमा "नेपाल दलित स्टाटस" तयार गर्नुपर्ने।

- राज्यका कार्यकारी तह, राजनैतिक दलका संयन्त्र, सरकारी तथा निजीक्षेत्रलाई समेत संविधानले व्यवस्था गरे बमोजिम पूर्ण समानुपातिक बनाउने व्यवस्थालाई अनिवार्य गर्ने, गराउने।
- विद्यालय तहको शिक्षामा सामाजिक, जातीय असमानता जस्ता पक्षलाई दुरुत्साहन गर्न दलित तथा जातीय छुवाछूत विरुद्धका कानूनी व्यवस्था लगायतका विषय पाठ्यक्रममा समावेश गरिनु पर्ने।
- संविधानको धारा ४० लाई कार्यान्वयन गर्न केन्द्र, प्रदेश र स्थानीय तहसम्म दलित सशक्तिकरण ऐन निर्माण गरी कार्यान्वयनमा ल्याउने।
- दलित समुदायको रोजगारी अभिवृद्धिका लागि पेशा व्यवसाय गर्न विना धितोसहुलियत ऋणको व्यवस्था गरिनु पर्ने।
- राज्यले लगानी गर्ने ठूला आयोजनाहरू, जलविद्युत् आयोजनाहरू तथा कम्पनीहरूमा दलित समुदायलाई प्राथमिकताको आधारमा शेयर प्रदानको सुनिश्चित व्यवस्था गर्नुपर्ने।

- विद्यालय शिक्षा विधेयक, २०८० संसद्मा विचाराधिन अवस्थामा रहेको र ४५ प्रतिशत गरिबीको रेखामुनी रहेको दलित समुदायको शिक्षाको हक सम्बन्धमा नेपालको संविधानको धारा ४० को उपधारा (२) बमोजिम आवश्यक कानूनी व्यवस्था गर्न आयोगको तर्फबाट तपसिल बमोजिमका सुझावहरू व्यवस्थापिका संसद् र नेपाल सरकार समक्ष पेस गर्ने:
  - अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी व्यवस्थाले दलित समुदायलाई सम्बोधन नगरेकोले सबै तहमा र सबै संकायमा भर्ना र छात्रवृत्तिको व्यवस्था गर्नुपर्ने।
  - विद्यालय छोड्ने (Dropout) दर दलित विद्यार्थीमा अत्याधिक रहेकोले विशेष आर्थिक सहयोग सहितको गुणस्तरीय शिक्षा सिकाइ कार्यक्रम कर्णाली, सुदूरपश्चिम र मधेश प्रदेशमा लागु गर्नुपर्ने।
  - गुणस्तरीय शिक्षा विना विभेद, असमानता र गरिबी घटाउन नसकिने भएकोले उनीहरूको अरु सरह प्रतिस्पर्धी क्षमताको विकास गरी विकासको मूलप्रवाहमा अघि बढाउने व्यवस्था गर्नुपर्ने।
  - माध्यमिक र उच्च शिक्षामा दलित महिलाको पहुँच बढाउन आवश्यक कानूनी प्रबन्ध गर्नुपर्ने।
  - मुसहर, डोम, चमार र वादी विद्यार्थीका लागि चिकित्सा शिक्षा अध्ययनका लागि गरिएको विशेष व्यवस्था प्रभावकारी नभएकोले त्यसलाई सहज बनाउनु पर्ने।
  - दलित विद्यार्थीहरू शहरमा बसी अध्ययन गर्न कोठा भाडामा नपाउने समस्या भएकोले ७ वटै प्रदेशमा कम्तिमा १०००/१००० विद्यार्थीलाई आवासीय सुविधा सहितको व्यवस्था मिलाउन कानूनी प्रबन्ध गर्नुपर्ने।
  - दलित समुदायले गर्ने परम्परागत पेशालाई आधुनिकीकरण गरी आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्ने कुरालाई कानूनी व्यवस्था गर्नुपर्ने।
  - दलित योद्धाहरूको जीवनीलाई विद्यालय पाठ्यक्रममा समावेश गरी पढाउनुपर्ने (भगवत सर्वजित, विसे नगर्ची लगायतको)।
  - आधारभूत तहमा १ र मा.वि.तहमा २ जना दलित शिक्षक अनिवार्य राख्ने व्यवस्था गर्नुपर्ने।
  - सबै प्रतिस्पर्धामा दलित समुदायको १३ प्रतिशत समावेशीता सुनिश्चित गरिनुपर्ने।
- राष्ट्रिय दलित आयोग ऐन, २०७४ को परिच्छेद २ को दफा ३(छ) बमोजिम दलित समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सूचिकृत गर्न नेपाल सरकारलाई सिफारिस गर्ने भन्ने व्यवस्था बमोजिम आयोगको मिति २०८०/०५/२९ गतेको निर्णयबाट दलित जात थर सूचीकरण गरी

राजपत्रमा प्रकाशन गर्न नेपाल सरकारलाई सिफारिस गरिएको अनुसूची विवरणमा तपसिलका जात थरहरू समेत समावेश गरी संलग्न विवरण बमोजिमका दलित समुदायका जात/थरहरूलाई राजपत्रमा प्रकाशन गर्नका लागि नेपाल सरकारलाई सिफारिस गर्ने।

- दलित समुदायको ठूलो संख्या भूमिहीन रहेको कुरालाई मध्यनजर गर्दै उनीहरूलाई भूमिमाथिको स्वामित्वमा अग्रसर गराउने उद्देश्य राखी दलित समुदायले जमिन खरिद गर्दा लाग्ने रजिष्ट्रेशन शुल्कमा २५% मिनाहा पाउँदै आएका छन्। युगौंदेखि कामी, दमाई, सार्की, गाइने (गन्धर्व), वादी, ढोली, चमार, डुम, हलखोर, मेस्तर, मुसहरजस्ता पहिचान लेखिएका मानिसहरूलाई समाजले हेलाहोचो, शोषण, उत्पीडन गरिरहेकोले यी पहिचान भएकाहरूले पनि दलित हो भन्ने वडाको सिफारिस माग गर्नुले एकातिर काममा ढिलासुस्ती हुने अर्कोतिर सरकारले दिएको सुविधा लक्षित वर्गले नपाउने स्थिति भएको हुँदा कामी, विश्वकर्मा, वि.क., सुनार, परियार, दमाई, ढोली, डुम, सार्की, मिजार, गाइने, गाइन, गन्धर्व, वादी, चमार, हलखोर, मेस्तर, मुसहर, धोवीजस्ता पहिचान भएका व्यक्तिहरू जमिन रजिष्ट्रेशन गर्न आए स्वतः २५% राजस्व मिनाहा गर्ने र दलित हो भन्ने स्थानीय तहको सिफारिस लिनु नपर्ने व्यवस्था मातहतका मालपोत कार्यालयहरूलाई निर्देशन गर्ने व्यवस्थाका लागि श्री भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयलाई अनुरोध गरी पठाउने ।

आ.व. २०८१/०८२

- राष्ट्रिय दलित आयोग ऐन,२०७४ को दफा २(ङ) बमोजिम दलित समुदायलाई परिभाषित गर्न र दफा ३(छ) बमोजिम दलित समुदायको थर सूचीकरण गर्नको लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने।
- संघीय संसद् अन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिमा छलफलमा रहेका प्रस्तावित संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र निर्वाचन सम्बन्धी कानूनहरूलाई एकीकरण गर्न बनेको विधेयकमा यस आयोगको तर्फबाट यसैसाथ संलग्न बमोजिमको सुझाव पेश गर्ने।
- राष्ट्रिय दलित आयोगको आफ्नो कार्यालय भवन नरहेको र सरकारी भवनको व्यवस्था भएमा नेपाल सरकारको घर भाडा बापतको ठूलो रकम बचत हुने र आयोगको कामकारबाहीमा समेत सहजता हुने हुँदा यथाशीघ्र रूपमा उपयुक्त सरकारी भवनको व्यवस्थाका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई पत्राचार गर्ने।
- अर्थ मन्त्रालयको च.नं.५६७ मिति २०८१/१२/०८ को पत्रबाट आर्थिक वर्ष २०८२/०८३ को बजेट वक्तव्यमा समावेश गरिनुपर्ने आयोगसँग सम्बन्धित मुख्य विषयहरू माग भएकोमा तपसिल बमोजिमका विषयहरू बजेट वक्तव्यमा राख्न सिफारिस गर्ने:-
  - भूमिहीन दलित अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्न भूमि सम्बन्धी समस्या समाधान आयोग मार्फत जग्गाधनी प्रमाणपूर्जाको व्यवस्था गर्ने। साथै आवासको व्यवस्था नभएका अति विपन्न दलितहरूलाई निश्चित मापदण्डको आधारमा सुरक्षित आवासको समेत व्यवस्था गर्ने।
  - दलित समुदायको रैथाने सीप, ज्ञान, पेशाको आधुनिकीकरण गरी रोजगारी सिर्जना र जीविकोपार्जनको विशेष कार्यक्रम सन्चालन गर्नको लागि आवश्यक व्यवस्था गर्ने।

- नागरिकलाई मानव अधिकारका आधारभूत पक्षमा सजक र क्रियाशील बनाउन, जातीय विभेद तथा छुवाछूत अन्त्य एवं मानव अधिकार वहाली गर्न र सामाजिक मर्यादा कायम गर्न जनचेतना अभिवृद्धिका कार्यक्रम अभियानका रूपमा सन्चालन गर्न व्यवस्था गर्ने।
- दलित समुदायका विपन्न विद्यार्थीहरूका लागि छात्रावास सहित निशुल्क शिक्षाको व्यवस्था गर्ने। साथै छात्रवृत्ति वितरणमा दलित समुदायका विद्यार्थीहरूलाई प्राथमिकता दिने।
- मुलुकी देवानी संहिता, २०७४ को भाग-३ अन्तर्गत दफा ७०(घ) अनुसार विवाहका लागि बीस वर्ष उमेर पूरा भएको हुनु पर्ने व्यवस्था रहेको छ। राष्ट्रिय तथ्यांक कार्यालयले प्रकाशित गरेको राष्ट्रिय जनगणना, २०७८ को नतिजा अनुसार दलित समुदायका व्यक्तिहरूको औसत उमेर १७ वर्षमा नै विवाह हुने गरेको देखिएको हुँदा अति विपन्न, सीमान्तकृत, गरिब र दलित समुदायलाई सचेतनामूलक अभिमुखिकरण गर्नुपर्ने हुँदा यस्ता कार्यक्रमलाई प्रभावकारी रूपमा अघि बढाउने।

- घर जग्गा रजिष्ट्रेशनमा दलित समुदायका व्यक्तिहरूलाई छुट दिने कानूनी व्यवस्थामा रहेकोमा स्वतः दलित जनिने जात/थरहरूलाई समेत कतिपय मालपोत कार्यालयहरूले सम्बन्ध स्थानीय तहको दलित प्रमाणित सिफारिस खोज्ने जसले गर्दा सेवाग्राहीमा अनावश्यक झन्झट एवं दुख भैरहेको देखिएको हुँदा स्वतः दलित जनिने जात/थर उल्लेख भएका व्यक्तिहरूको हकमा दलित जातीय प्रमाण पत्र अनिवार्य नगरी कानून बमोजिम स्वतः छुट दिने व्यवस्थाका लागि भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय र सातै प्रदेशका सम्बन्धित मन्त्रालयहरूलाई पत्राचार गर्ने।
- यस आयोगको मिति २०७८ असार २ गतेको १२औं बैठकको निर्णयबाट सामाजिक सुरक्षा भत्ता वितरण गर्ने प्रयोजनका लागि तराई/मधेसी समुदायका पटवा, विल्टाउ, विन(मुखिया), मलाह(सहनी), लोहार र गोढया जात/थरहरूलाई दलित जातीय अनुसूची विवरणमा समावेश गरिने भनी लेखी पठाइएकोमा उक्त जात/थरहरू दलित जाती भित्रको नभएकाले दलित जातीय अनुसूची विवरणबाट हटाउनको लागि विभिन्न व्यक्ति र संस्थाबाट लिखित तथा मौखिक रूपमा आयोगमा निवेदनहरू प्राप्त भएको साथै आयोगको अध्ययनबाट समेत उक्त थरहरू दलित भित्र नपर्ने देखिएको हुँदा तत्कालै आयोगको मिति २०७८ असार २९ को १६औं बैठकको निर्णयबाट मिति २०७८/०३/०२ को निर्णय खारेज गर्ने निर्णय गरी सोही व्यहोराको जानकारी यस आयोगको च.नं.२ मिति २०७८/०४/०३ को पत्रबाट राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागमा पठाइएको र राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले च.नं.१३६ मिति २०७८/०४/१८ को पत्रबाट सबै स्थानीय तहलाई सोही व्यहोरा पत्रचार गरेको देखिन्छ। कतिपय जिल्ला प्रशासन कार्यालयहरूबाट उल्लेखित थरहरूलाई समेत दलित भित्रको भनी प्रमाणपत्र जारी भएको भेटिएको, सोही प्रमाणपत्र पेश गरी लोक सेवा आयोगबाट सञ्चालन भएका परीक्षामा समेत दलित कोटाबाट सहभागी भई सिफारिस समेत भएको भन्ने उजुरी तथा गुनासो आयोगमा प्राप्त भएको साथै कतिपयले सोही प्रमाण पत्र पेश गरी समाजिक सुरक्षा भत्ता समेत लिएको हुनसक्ने देखिएको हुँदा उक्त जात/थरका व्यक्तिहरूले प्राप्त गरेका दलित जातीय प्रमाणपत्र खारेज गरी दलित कोटामा गैर दलित समुदायका व्यक्तिहरू सिफारिस नहुने व्यवस्था गर्नको लागि गृह मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, लोक सेवा आयोग र प्रदेश लोकसेवा आयोगहरूलाई पत्राचार गर्ने।
- तराई/मधेसी समुदायका पटवा, विल्टाउ, विन(मुखिया), मलाह(सहनी), लोहार र गोढया जात/थरहरूका कतिपय व्यक्तिहरूले जिल्ला प्रशासन कार्यालयहरूबाट दलित जातीय प्रमाण पत्र प्राप्त गरेका र सोही

प्रमाणपत्रको आधारमा लोक सेवा आयोगबाट सञ्चालन भएका परीक्षामा दलित कोटामा सहभागी भई सिफारिस समेत भएको भन्ने उजुरी तथा गुनासो आयोगमा प्राप्त भएको र उक्त जात/थरका व्यक्तिहरू दलित समुदायमा नपर्ने भएको हुँदा निजहरूले प्राप्त गरेका दलित जातीय प्रमाणपत्र खारेज गरी लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगहरूबाट लिइएको परीक्षामा दलित कोटामा निजहरूको आवेदन रूजु नगर्न, आवेदन रूजु भई सकेका उम्मेदवारको हकमा आवेदन रद्द गर्न, परीक्षामा सहभागी भई सकेका उम्मेदवारको उम्मेदवारी रद्द गर्न तथा सिफारिस भएका उम्मेदवारको सिफारिस रद्द गर्नको लागि लोक सेवा आयोग र प्रदेश लोकसेवा आयोगहरूलाई पत्राचार गर्ने।

- राष्ट्र निर्माणमा महत्वपूर्ण योगदान दिएका व्यक्तित्वहरू विशे नगर्ची र बाङ्गे सार्कीको तस्वीर अङ्कीत हुलाक टिकट प्रकाशन गर्नको लागि यसैसाथ संलग्न विवरण समावेश गरी श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा पत्राचार गर्ने।

परिच्छेद-६ आयोगका अवसर, चुनौती र भावी कार्यदिशा

६.१ आयोगका अवसर

१. नेपाल सरकारको शासकीय सुधार सम्बन्धी एक सय कार्यसूचीको बुँदा नं.५ मा "दलित तथा ऐतिहासिक रूपमा बहिष्कृत समुदायमाथि राज्य, समाज र नीतिगत संरचनाबाट भएका अन्याय, विभेद र अवसरवञ्चनाको औपचारिक स्वीकारोक्ति गर्दै सामाजिक न्याय, समावेशी पुनस्थापना र ऐतिहासिक मेलमिलापको आधार तयार गर्न राज्यका तर्फबाट औपचारिक क्षमायाचनासहित सुधारमुखी कार्यक्रम घोषणा गर्ने" निर्णय भएको।

२. नेपालको संविधानमा प्रस्तावना देखि मौलिक हक र राष्ट्रिय दलित आयोगलाई संवैधानिक निकायको रूपमा स्थापना गरिएको छ। सोही बमोजिम दलित हक अधिकारको सुनिश्चितता गर्न जातीय भेदभाव तथा छुवाछूत र दलित हकको संरक्षण र प्रवर्द्धन गर्न राष्ट्रिय दलित आयोग ऐन, २०७४, जातीय तथा अन्य छुवाछूत र भेदभाव (कसूर र सजाय) ऐन, २०६८ लगायतको कानूनी व्यवस्था रहेको साथै मौलिक हकको धारा ४० दलितको हक सम्बन्धी व्यवस्थाको कार्यान्वयन गर्न दलितको हक अधिकार तथा विकास विधेयक र उक्त विधेयकमा दलित विकास प्राधिकरण संस्थाको समेत गठन हुनेगरी तर्जुमा प्रक्रियामा रहेको।

३. विभिन्न जाति, वर्ग र पिछडिएको क्षेत्रका नागरिकलाई समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्न राज्यका तीनै तहको निकायमा समानुपातिक समावेशीको आधारमा सहभागिता हुन पाउने व्यवस्था हुनु र दलित वर्गको समावेशिता प्राप्तिका लागि सचेतना, सहभागिता र सक्रियता बढिरहेको छ।

४. दलित हितका विषयमा नीतिगत व्यवस्थाहरूको अध्ययन गरी त्यसमा गर्नुपर्ने सुधारका विषय एवं सवालहरूमा नेपाल सरकारलाई सिफारिस गर्ने व्यवस्था भएको।

५. दलित समुदायको परम्परागत पेसा, ज्ञान, सीप, कला, संस्कृति तथा प्रविधिको संरक्षण, प्रयोग र विकास गरी जीवनस्तरमा सुधार ल्याउनका लागि नेपाल सरकारले भगत सर्वजित उद्यमशीलता विकास कार्यक्रम कार्यान्वयनको सुरूवात गरेको।

६.२ आयोगको चुनौती एवं भावी कार्यदिशा

राष्ट्रिय दलित आयोग गठन आदेशबाट २०५८ चैत्र ६ गते स्थापना भएको भएता पनि यसले २०७२ सालमा मात्रै संवैधानिक हैसियत प्राप्त गरेको अवस्था छ। २०७४ मा संविधान बमोजिम राष्ट्रिय दलित आयोग ऐन बन्यो। २०७७ को अन्त्यतिर मात्र पदाधिकारी नियुक्त भई पूर्ण कार्यकाल काम गर्ने अवस्था बनेको छ। आयोगलाई सैवैधानिक दायित्व बमोजिम काम गर्ने अवस्था अझै बनिसकेको छैन। आयोगले पूर्ण रूपमा काम गर्न पाउनु भनेको सिफारिस पूर्ण रूपमा कार्यान्वयन हुनु हो। आयोगका सिफारिसप्रति राज्यका निकायहरू बेखबर हुने अवस्था विद्यमान छ।

आयोगको ५ वर्षे रणनीतिक योजना कार्यान्वयन, सरकारले निर्माण गरेको छैटौं मानव अधिकार कार्ययोजना दलित समुदायको अर्थपूर्ण सहभागिता सहितको कार्यान्वयन, संविधानको पूर्ण कार्यान्वयनका लागि आवश्यक कानूनको यथाशीघ्र व्यवस्था, विभेद उन्मूलनका लागि तीनै वटा सरकारको हस्तक्षेपकारी भूमिका, दलित

समुदायको मूलप्रवाहीकरण र संरक्षण सम्बन्धी प्रभावकारी कार्यक्रम र यथेष्ट बजेटको व्यवस्था होस भन्ने आयोग चाहन्छ।

पुराना विभेदकारी कानूनको नयाँ दलित मैत्री कानूनबाट प्रतिस्थापन होस भन्ने आयोगको अपेक्षा रहेको छ। संविधानतः दलित समुदायका लागि गरिएका व्यवस्था कार्यान्वयनका लागि छिटोभन्दा छिटो कानूनी व्यवस्था हुनुपर्दछ। ३ तहका सरकारले दलित समुदायको समस्यालाई समानुभूति गरेर विभेदको समूल अन्त गर्न राज्यका सबै निकायहरूको प्रभावकारी परिचालन नै आयोगको कार्यदिशा हो। आयोग नियमित रूपमा दलित समुदायका लागि राज्यले गर्नुपर्न कामको सिफारिस गर्ने निकाय हो। जुनसुकै समस्या परे पनि आयोगलाई देखाइदिने र आफूहरू पन्छिने प्रवृत्ति देखिन्छ। प्रत्येक वडामा निर्वाचित २ जना महिलाहरूलाई विभेद विरूद्ध सचेतना र जागरण पैदा गर्ने अभियन्ताका रूपमा परिचालन गर्ने कार्यक्रम बनाउनु जरूरी छ। भावनात्मक रूपमा एकतावद्ध हुन नसकेको, पाइला पाइलामा विभेदको मानसिकता बोकेको समाजलाई एकपटक होइन हजारौं पटक जाति, भाषा, धर्म, लिङ्ग, क्षेत्रका आधारमा मानवले मानवलाई गर्ने व्यवहार गलत हो भनेर सम्झाउनुपर्छ। देख्दा वा भन्दा सानो जस्तो लागे पनि नेपाली समाजलाई एकताबद्ध हुन नदिनु प्रगतिको अवरोधको कुरा हो। स्वस्थ्य ढँगले यो कुरा जति धेरै भनिन्छ त्यति छिटो विभेदका जरा उखेलिन्छन्, हाँगाविंगाहरू छिमलिन्छन्। समाजका सबै नागरिकको समान स्वाभिमान कायम हुने समाजले नै छिटो प्रगति हासिल गर्दछ।

दलित समुदायको समस्यालाई बुझ्ने सवालमा रहेका अन्योलताहरू चुनौतीहरू हुन्। राज्यका लागि दलित समुदाय बोझ होइन यो त राज्यबाट केही पनि नलिई सेवा गरेको समुदाय हो। विगतमा राज्यले दमन गरेर ज्ञान, अर्थ र राजनीतिक सत्ताबाट अलग गरिएको समुदायलाई व्यय, खर्च वा बोझ ठानिने कुरा सच्याउनु र त्यसका लागि राज्यसँग साझेदारीको वातावरण बनाउनु अर्को चुनौती हो। सरकारी भवन, यथेष्ट कर्मचारी र पर्याप्त बजेट पाउने हो र यसका सिफारिस कार्यान्वयनका लागि ३ तहकै सरकार प्रतिबद्ध हुने हो भने तोकिएको दायित्व तोकिएकै समयमा यसले पूरा गर्न सक्छ।

आयोगका चुनौतीहरू एवं भावी कार्यदिशा देहाय बमोजिम बुँदामा उल्लेख गरिएको छ।

चुनौती

१. संविधान बमोजिम दलित अधिकार सम्बन्धी धारा ४० कार्यान्वयन गर्न आवश्यक कानूनहरू हालसम्म पनि तर्जुमा नभएको। राष्ट्रिय दलित आयोगको लागि सरकारी भवन, पर्याप्त बजेट नहुनुको साथै संविधानको धारा २५७ बमोजिम प्रादेशिक कार्यालयहरू स्थापना गर्न आवश्यक कर्मचारी दरवन्दी सहितको स्रोत साधनको व्यवस्था नहुनु।

२. संविधानको प्रस्तावनामा भएको समतामूलक समाज निर्माण गर्ने संकल्प पूरा गर्न राज्यका निकायहरूमा दलित समुदायको जनसंख्याको आधारमा समानुपातिक समावेशी सिद्धान्त बमोजिम प्रतिनिधित्वको हुनसक्नु।

३. जातीय तथा अन्य छुवाछूत र भेदभाव (कसूर र सजाय) ऐन, २०६८ को प्रभावकारी कार्यान्वयन नहुँदा समाजमा बढ्दै गएका जातीय विभेदका घटनाहरूलाई कानुनी दायरामा ल्याउने, पीडितलाई न्याय दिलाउने तथा दोषी उपर कारवाही गराउने कार्यमा कठिनाई रहेको र दलित महिला, अपांग, बालबालिका तथा सीमान्तकृत समुदायले बहुविध विभेद भोग्नु परिरहेको।

४. दलित समुदायको जीवनस्तर औषत नेपालीको भन्दा कमजोर भएकोले शिक्षा, स्वास्थ्य लगायतको आधारभूत आवश्यकताहरूबाट वञ्चितिमा परेकोले आफ्नो हक अधिकारहरूप्रति सचेत गराउन र कानूनी व्यवस्थाहरूको कार्यान्वयनका लागि अग्रसर गराउन कठिनाइ रहेको।

५. सरकारलाई आयोगको सिफारिस पूर्णतः कार्यान्वयन गर्न बाध्यात्मक (Mandatory) नबनाइनु।

भावी कार्यदिशा

राष्ट्रिय दलित आयोगलाई संविधानतः स्पष्ट भूमिका र जिम्मेवारी प्राप्त छ। यसैगरी ऐनमा समेत थप जिम्मेवारी र अधिकारहरूको व्यवस्था गरिएको छ। संवैधानिक एवं कानूनी जिम्मेवारीको परिपालना गर्ने गराउने कार्य नै आयोगको मुख्य मार्ग हो। तथापि भूमिका र कार्यक्रमको दृष्टिकोणबाट आयोगले देहाय बमोजिमको कार्यदिशा तय गरेको छः

१. आयोगको काम कारवाहीलाई व्यवस्थित एवं मितव्ययी बनाउन आयोगको लागि सरकारी भवनको व्यवस्था गर्नुपर्ने। साथै प्रदेशमा समेत आयोगको कार्यालय स्थापना गर्नुपर्ने।

२. दलित समुदायको समग्र विकासका लागि एकीकृत ऐन तथा दलित विकास प्राधिकरण गठनमा आयोगको समन्वय र सक्रियता रहने।

३. जातीय छुवाछूत एवम् भेदभाव विरूद्ध हुने घटनाको छानबिन, अनुगमन, सिफारिस, समन्वय एवम् सहजीकरण गर्ने।

४. दलित प्रमाणपत्र सम्बन्धमा साविकको राष्ट्रिय दलित आयोगबाट हुँदै आएको जातीय सिफारिस र जातीय प्रमाणपत्र वितरण गर्ने काम संवैधानिक आयोगको कार्य जिम्मेवारीमा नपरेको हुँदा जातीय सिफारिस र जातीय प्रमाणपत्र वितरण गर्ने काम नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७५/०४/२३ गतेको निर्णयानुसार स्थानीय तहका वडा कार्यालयहरूबाट गर्न/गराउन निर्णय भएको तर निजामती सेवा नियमावली, २०५० को नियम १४ को उपनियम ४(ख) मा "राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिभित्र एक भन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराई दरखास्तसाथ पेस गर्नु पर्नेछ" भन्ने व्यवस्था भएकोले दलित जातीय प्रमाणपत्र समय, लागत र सहजताको दृष्टिकोणबाट वडा कार्यालयबाट नै प्रमाणित हुने व्यवस्था गर्न निजामती सेवा नियमावलीमा आवश्यक संशोधन गर्नुपर्ने।

५. जातीय भेदभाव एवम् छुवाछूत सम्बन्धी मुद्दामा शिघ्र कारबाही, न्याय निरुपणमा नेपाल प्रहरी सरकारी वकिल र अन्य सम्बद्ध निकायसँग सहकार्य र समन्वय गर्ने।

६. दलित समुदायको समग्र हित र न्याय तथा छुवाछूत, विभेद र हिंसा नियन्त्रण गर्नमा आयोगको सक्रियता बढाउने र जातीय विभेद र हिंसा नियन्त्रण गर्न अन्य निकायको सहकार्य र समन्वयमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।

७. राजनीतिक दलहरूको विभिन्न आन्तरिक समितिहरू तथा राज्यका सबै निकायमा दलित समुदायको जनसंख्याका आधारमा समानुपातिक प्रतिनिधित्वका लागि पहल गर्ने।

८. दलित समुदायको परम्परागत सीप, पेशा र व्यवसायलाई संरक्षण एवम् प्रवर्द्धन तथा विकासका लागि निरन्तर पहल, पैरवी, समन्वय एवम् सुझाव दिने तथा भगत सर्वजित शिल्प उद्यम विकास कार्यक्रम थप प्रभावकारी बनाउने।

९. दलितमैत्री कानून सुधारका लागि तीनै तहका सरकारसँग संवाद, पैरवी र सहकार्य गर्ने।

१०. दलित समुदायको अधिकारसँग सम्बन्धित नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौतामा भएको व्यवस्था बमोजिम नेपालले पठाउनु पर्ने प्रतिवेदनमा सरकारलाई सुझाव दिने।

११. दलित समुदायको आर्थिक, सामाजिक अवस्था बारे अध्ययन गर्ने र अध्ययनको निष्कर्षको आधारमा सरकारलाई सुधारका कार्यक्रम अवलम्बन गर्न सिफारिस गर्ने।

१२. संविधानको धारा ४० कार्यान्वयन गर्न एकीकृत कानून बनाउन, मधेशका दलित, दलित समुदायको महिला, एकल महिला, अपाङ्ग, बालबालिका र सीमान्तकृत समुदायलाई प्राथमिकतामा राखी नीति, ऐन तर्जुमा गर्न, आवश्यक कार्यक्रम तथा बजेट व्यवस्थापन गर्न तीनै तहको सरकारलाई सिफारिस तथा आवश्यक निर्देशन दिने।

१३. आयोगको सिफारिस/निर्णय कार्यान्वयन बाध्यकारी बनाउन कारबाहीको अधिकार, दलित अधिकार उल्लङ्घनकर्ता सूची सहित राष्ट्रिय दलित आयोग ऐन, २०७४ समयानुकूल संशोधन गरी आयोगको काम कारबाही थप प्रभावकारी बनाउने। सामाजिक सद्भाव तथा भाइचारा अभिवृद्धि गर्न सबै सरोकारवालाहरूसँग छलफल, समन्वय र सहजीकरण गर्ने।

सन्दर्भ सामग्री

१. नेपालको संविधान।

२. राष्ट्रिय दलित आयोग ऐन, २०७४।

३. जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव (कसूर र सजाय) ऐन, २०६८।

४. जातीय भेदभाव तथा छुवाछूत(कसूर र सजाय)नियमावली, २०७४।

५. International Convention on the Elimination of All Forms of Racial Discrimination(I-CERD), 1965, United Nations.

६. राष्ट्रिय दलित आयोगको प्रथम बार्षिक प्रतिवेदन, २०७८।

७. राष्ट्रिय दलित आयोगको दोस्रो बार्षिक प्रतिवेदन, २०७९।

८. राष्ट्रिय दलित आयोगको तेस्रो बार्षिक प्रतिवेदन, २०८०।

९. राष्ट्रिय दलित आयोगको चौथो बार्षिक प्रतिवेदन, २०८१।

१०. राष्ट्रिय जनगणना २०७८ दलितसम्बन्धी तथ्याङ्कीय प्रतिवेदन, राष्ट्रिय तथ्याङ्क कार्यालय

११. सोह्रौं योजना(२०८१/०८२-२०८५/०८६)।

१२. नेपाल सरकारको आ.व.२०८२/०८३ को नीति तथा कार्यक्रम।

१३. नेपाल सरकारको आ.व.२०८२/०८३ को बजेट वक्तव्य।

१४. स्थानीय सरकार सञ्चालन ऐन, २०७४।

१५. सम्बद्ध निकायबाट प्राप्त विवरण।

१६. निर्वाचन सम्बद्ध ऐनहरू।

अनुसूचीहरू

दलित थर सूचिकरण सम्बन्धी मापदण्ड, २०७९

आयोगको बैठकबाट स्वीकृत मितिः २०७९/०८/१५

दलित समुदायका पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सूचिकृत गर्न नेपाल सरकारलाई सिफारिस गर्ने उल्लेख भए अनुसार थर सूचीकरणका लागि सिफारिस गर्न आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले राष्ट्रिय दलित आयोग ऐन, २०७४ को दफा ३० बमोजिम राष्ट्रिय दलित आयोगले "दलित थर सूचिकरण सम्बन्धी मापदण्ड, २०७९" बनाई जारी गरेको छ।

परिच्छेद १

संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भ** :

१.१ यो मापदण्डको नाम "दलित थर सूचिकरण सम्बन्धी मापदण्ड, २०७९" रहेको छ ।

१.२ यो मापदण्ड राष्ट्रिय दलित आयोगबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

२.१"आयोग" भन्नाले राष्ट्रिय दलित आयोगलाई सम्झनु पर्छ ।

२.२"अध्यक्ष" भन्नाले राष्ट्रिय दलित आयोगका अध्यक्षलाई जनाउँछ ।

२.३ "सदस्य" भन्नाले आयोगका सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्षलाई समेत जनाउँछ ।

२.४ "सचिव" भन्नाले आयोगको सचिवको सम्झनु पर्छ ।

२.५"दलित समूदाय" भन्नाले आयोगको सिफारिसमा नेपाल सरकारले परिभाषित गरेको समुदाय सम्झनु पर्छ ।

२.६ "कर्मचारी" भन्नाले आयोगमा कार्यरत कर्मचारीलाई सम्झनु पर्छ र सो शब्दले आयोगको कामका खटिएका विशेषज्ञ, समिति वा कार्यदलका सदस्य वा आयोगको काममा संलग्न अन्य निकायका कर्मचारी वा व्यक्तिलाई समेत जनाउनेछ ।

सचिव

२.७ "थर" भन्नाले दलित जातजातिमा अन्तर्गत पर्ने सुचीकृत भएका तथा नभएका नेपालमा प्रचलित थर जनाउछ जुन शब्दले कुनै स्थान, भूगोल, क्षेत्र, जिल्ला ठाउँ विशेषको नामको आधारमा राखिएको थरलाई समेत जनाउँछ ।

२.८ "विशेषज्ञ" भन्नाले दलित समुदायको मानव अधिकार सम्बन्धी विषयको अध्ययन, तालिम वा अनुभवको आधारमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा सम्बन्धित विषयको विशेषज्ञता, ज्ञान, दक्षता र सीप भएको वा दलित अधिकारको क्षेत्रमा कुनै विशिष्टिकृत ज्ञान, सीप वा दक्षता भएको आयोगमा विषय विशेषज्ञको रुपमा सूचिकृत व्यक्तिलाई सम्झनु पर्छ ।

२.९ "सिफारिस" भन्नाले सम्बन्धित निकाय वा कार्यालयले आवश्यक प्रमाण, तथ्य, कागजात सहित विवरण खुलाई पठाईएको लिखित पत्रलाई सम्झनुपर्छ ।

२.१० "निवेदन" भन्नाले कुनै व्यक्ति वा समुदायले अनुसूची १ बमोजिमको विवरण भरि लिखित रुपमा पेश गरेको कागजात ।

२.११ "मधेश मूल" भन्नाले मधेश भू-भागमा बसोबास गर्ने वा मधेश भू-भाग वा मूलबाट बसाँईसराई भई नेपाल राज्यमा बसोबास गर्ने व्यक्ति/ समुदाय /जाति बुझाउँछ ।

२.१२ "पहाडी मूल" भन्नाले नेपालको पहाडी भू-भागमा बसोबास गर्ने वा पहाडी भू-भाग वा मूलबाट बसाँईसराई भई नेपाल राज्यमा बसोबास गर्ने व्यक्ति/समुदाय /जाति बुझाउँछ।

२.१३ "थर पहिचान समिति" यस मापदण्डको दफा ४ बमोजिम गठन हुने समिति लाई सम्झनु पर्छ ।

परिच्छेद -२

थर सूचिकरणका निवेदन दर्ता तथा संकलन

३. निवेदन दर्ता तथा संकलन. दलित जाति भित्र सूचीकृत हुन छुटेका व्यक्तिहरुले अनुसूची १ बमोजिमको ढाँचामा निबेदन दिनु पर्ने छ ।

३.१ निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु

क. नेपाली नागरिकताको प्रतिलिपी वा जन्मदर्ताको प्रतिलिपी ।

ख. न्यूनतम एस.एल.सी.वा एस.ई.ई. शैक्षिक योग्यताको प्रमाणपत्र (शैक्षिका योग्यता भएको हकमा)।

ग. सम्बन्धित स्थानिय तह वा वडाको सिफारिस ।

सचिव



घ. परापूर्व कालदेखी बसोबास वा थर प्रयोग आदिको बारेमा सम्बन्धित निकायको सिफारिस ।

ङ. पुर्खा वा आफ्नो पुस्ताको विवरण ।

३.२ निवेदकले थर सूचिकरणका लागी आवश्यक कागजात सहित निवेदन राष्ट्रिय दलित आयोगमा उपस्थित भई वा हुलाक मार्फत वा विद्युतीय माध्यमबाट पठाउन सक्नेछ ।

३.३ प्राप्त निवेदनहरुलाई आयोगले संकलन गरि अनुसूची २ बमोजिमको ढाँचामा छुटै दर्ता किताबमा दर्ता गर्नुपर्नेछ ।

३.४ प्राप्त निवेदनहरुलाई थर पहिचान समिति समक्ष पेश गर्ने ।

परिच्छेद -३

थर पहिचान समिति

४. थर सूचिकारणका लागी अध्ययन, अनुसन्धान तथा व्यवस्थापनका गर्न देहाय बमोजिमको एक थर पहिचान सिफारिस समिती रहने छ ।

क) आयोगले तोकेको माननिय सदस्य - संयोजक

ख) आयोगले तोकेको माननिय सदस्य १(एक) जना - सदस्य

ग) आयोगले तोकेको विशेषज्ञ वा विज्ञ १ (एक) जना - सदस्य

घ) आयोगले तोकेको संघ संस्थाको प्रतिनिधि १ (एक) जना - सदस्य

ङ) आयोगले तोकेको उपसचिव - सदस्य सचिव

च) आयोगले आवश्यकता अनुसार थर सूचिकरणसँग सम्बन्धित सरोकारवालाहरुलाई आमन्त्रित सदस्यको रुपमा समावेश गर्न सक्ने छ ।

छ) समितिको बैठक आवश्यकता अनुसार बस्न सक्ने छ।

माथि जेसुकै लेखिएको भएतापनि थर सूचीकरण समितिको बैठक नबसेको अवस्थमा आयोगले आवश्यक ठानेको अवस्थामा प्राप्त निवेदन, सम्बन्धित निकायको सिफारिस वा प्रमाणका आधारमा आवश्यता अनुसार थर सूचीकरण अध्यावधिक गर्नका नेपाल सरकारलाई सिफारिस गर्न सक्ने छ ।

५. थर पहिचान सिफारिस समितिको काम, कर्तव्य र अधिकार

क) थर सूचीकृत गर्नका लागि दिइएका निवेदनको आधारमा शंकास्पद थरहरुको आवश्यकता अनुसार अध्ययन, अनुसन्धान अनुगमन, आवश्यकता अनुसार स्थलगत निरिक्षण गर्ने ।

ख) आवश्यक सूचना तथा तथ्याङ्कहरु संकलन विश्लेषण गर्ने ।

नि. सचिव



२०७५

ग) सरोकावालाहरु संग आवश्यकता अनुसार गोष्ठी, कार्यक्रम, अन्तर्क्रिया, छलफल, समन्वय एवं सहजिकरण गर्ने ।

घ) गैर दलित संग मिल्ने दलित थरहरुलाई एउटै सूचिमा समावेश गराउने ।

ङ) प्राप्त निवेदन एवं तथ्याङ्कहरुको सन्दर्भमा सरोकारवालाहरु संग राय, सुझाव सहित प्रतिवेदन तयार गरि आयोग समक्ष पेश गर्ने ।

६. थर सूचिकरण व्यवस्थानका आधारहरु :- परम्परागत रुपमा चलि आए अनुरुप दलितलाई पहाडी मूल र मधेशी मूल वर्गमा गरि दुई भागमा राखिने छ।

६.१) पहाडी मूल दलितको हकमा :-

क) परापूर्वकालदेखी चलि हीनतबोध हुने र अपमान वेहोरेका तथा पानी नचल्ने, छोईछिटो गर्ने आएको थर ।

ख) स्थानीय तहबाट भएको सिफारिस ।

ग) विगतमा दलित आयोगबाट सूचीकृत मान्यता प्राप्त तथा विवाद नभएका थरहरु ।

घ) आयोगको सिफारिसमा विगतका नेपाल सरकारले राजपत्रमा सूचिकृत गरेको थरहरु ।

ङ) प्रथा, परम्परा, धर्म, संस्कार, रितिरिवाज र संस्कृती अनुसार सार्वजनिक तथा निजी स्थानहरुमा भेदभाव र छुवाछुतका जात र थरहरु ।

च) मुलुकी ऐन, १९१० अनुसार भेदभावमा परेका ।

छ) गैर दलितले पनि सहजै चिन्न सकिने तथा प्रचलित थर (दलित) भनेर ।

ज) जात र थरका हिसाबले विगत (धेरै पुरानो कालदेखी) गैर दलितले पनि थर चिन्न सक्ने हुनु पर्ने ।

झ) हाल सम्म पनि छूवाछुत भेदभावको चपेटामा परेका जाती र थरहरु ।

ञ) दलित जातीहरु दलित भएको विषयमा सम्बन्धीत जातीहरुमा विवाद नभएको एउटै जाती भित्र कुनै व्यक्ति दलित हो वा होईन भन्ने विवाद आउन नहुने ।

ट) दलितहरु भुगोल र क्षेत्रको हिसाबले फरक - फरक थर जात भएकाले सम्बन्धित भुगोल र क्षेत्रका आधारमा राखिएको थरहरु दलित संघ/संस्था र दलित समुदायले दलित भनि स्वीकार गरेको ।





६.२ मधेशी दलितको हकमा

क) स्थानीय तह वा जिल्ला प्रशासन कार्यालयले दिएको सिफारिसमा वा छरछिमेक समुदायले गरेको भेदभाव र छुवाछुतको आधारमा ।

क) परापूर्वकालदेखी चलि हीनतबोध हुने र अपमान वेहोरेका तथा पानी नचल्ने, छोईछिटो गर्ने आएको थर ।

ख) दलित विकास समिति गठन भएको प्रदेशहरुमा सम्वन्धित समितिले सिफारिस गरेका जात तथा थरहरु।

ग) मधेशी आयोग तथा मानवअधिकार आयोगबाट दलित भनि प्रमाणित गरिएका थर जातहरु।

घ) हाल प्रचलनमा रहेका थर, गोत्र वाट अपमानजनक पहिचान भएका जात र थरहरु ।

ङ) नेपाली समाजमा सदियौं देखी अत्यन्त क्रुर, अमानविय कुप्रथारुपी तथा छुवाछूतको शोषण र दमन र उत्पीडन व्यहोरेको थर र जातहरु ।

च) नेपालका कुनै पनि भू-भाग वा जिल्लाबाट बसाईसराई गरी पहाडी मूल, भू-भागमा वा नेपाल राज्यभित्रको कुनै पनि स्थानमा आउनु भएका ।

परिच्छेद -४

थर सिफारिस तथा प्रकाशन

७. थर सिफारिस तथा प्रकाशन

क) थर पहिचान समितिले तयार गरी पेश गरेको दलित थरहरुको सूचि आयोग समक्ष प्रस्तुत गर्ने।

ख) प्रस्तावित थरहरुलाई आयोगको बैठकबाट अन्तिम रुप दिई नेपाल सरकार समक्ष थर सूचिकृत गरी प्रकाशनका लागि सिफारिस गर्ने ।

ग) आयोगले आवश्यकतानुसार थर सूचिकरणलाई अद्यावधिक गर्न नेपाल सरकारलाई सिफारिस गर्नेछ ।



परिच्छेद -५

विविध



८. **मापदण्ड बमोजिम हुनेः** यस मापदण्डमा उल्लेखित भएका विषय यसै मापदण्ड बमोजिम र यसमा उल्लेख नभएकामा प्रचलित कानून बमोजिम हुनेछ ।

९. **बचाउः** यस आयोगबाट यस अघि गरिएका काम कारबाहीहरु यसै मापदण्ड बमोजिम गरेको मानिने छ ।

१०. **संशोधनः** आयोगले यो मापदण्डमा आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

११. **व्याख्या :** यस मापदण्डमा लेखिएका कुराहरुको अन्तिम व्याख्या गर्ने अधिकार आयोगमा निहित रहनेछ ।

अनुसूची-१

राष्ट्रिय दलित आयोग
२०७५

मितिः .....

राष्ट्रिय दलित आयोग,
कुपण्डोल, ललितपुर।

विषयः थर सूचीकरण सम्बन्धमा।

राष्ट्रिय दलित आयोग ऐन, २०७४ को दफा ३(छ) बमोजिम .....थर पहाड/तराईको .....अर्न्तगको दलित समुदायले प्रयोग गर्ने भएकोले दलित समुदायको थर सूचीकरणमा समावेश गरिदिनु हुन अनुरोध छ ।

उक्त थरको अन्य विवरणः

१. उक्त थरको इतिहास (पेशा/व्यवसाय/थरको शुरुवात) :

२. उक्त थर भएका नागरिकहरू बसोवास गर्ने पालिकाहरूः

३. उक्त थर भएका नागरिकहरूको अनुमानित जनसंख्याः

४. सम्बन्धित वडा/पालिका/संस्थाको सिफारिसः

५. थर सूचीकरणमा संलग्न कागजातः
   क. नागरिकता/जन्मदर्ता प्रमाणपत्रको छायाँप्रति
   ख. वंशावली भए सो को विवरण
   ग.

६. माथि उल्लेखित व्यहोरा ठिक साँचो हो ।

निवेदकको

दस्तखतः.....
नामः.....
ठेगानाः.....
मोबाइल नम्बरः.....
ईमेलः.....

परिच्छेद २ को दफा ३.३ बमोजिमको
अनुसूची २
निवेदन दर्ताको ढाँचा

निवेदन दर्ता किताव

क्र.स	नाम थर	ठेगाना	निवेदकको जाति	निवेदकले राख चाहेको थर	थर राख्ने आधार	सम्बन्धित सरोकारावालाहरु वा सिफारिस / संलग्न कागजातहरु	कैफियत
१							
२							
३							
४							
५							
६							
७							

राष्ट्रिय दलित आयोग उजूरी (व्यवस्थापन) निर्देशिका, २०७८

आयोगबाट स्वीकृत मिति २०७८।११।०५ गते

प्रस्तावना:

राष्ट्रिय दलित आयोग समक्ष पर्ने उजूरीहरूको कारवाही प्रक्रियालाई सरल र सहज बनाई उजूरी व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउन वाञ्छनीय भएकाले राष्ट्रिय दलित आयोग ऐन, २०७४ को दफा ३० बमोजिम आयोगले यो उजूरी व्यवस्थापन सम्बन्धी निर्देशिका जारी गरेको छ ।

परिच्छेद १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ

क) यो निर्देशिकाको नाम "राष्ट्रिय दलित आयोग उजूरी व्यवस्थापन निर्देशिका २०७८" रहेको छ ।

ख) यो निर्देशिका तुरून्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा:

क) "आयोग" भन्नाले राष्ट्रिय दलित आयोग सम्झनुपर्छ ।

ख) "ऐन" भन्नाले राष्ट्रिय दलित आयोग ऐन, २०७४ सम्झनुपर्छ ।

ग) "आरोपित" भन्नाले भेदभाव तथा छुवाछूत गरेको वा सामाजिक कुरितिलाई प्रश्रय दिई कसैलाई पीडित बनाएको वा दलितको हक प्रयोग गर्न नदिएको वा प्रयोग गर्नबाट वञ्चित गरेको भनी उजूरीमा उल्लेख भएको व्यक्तिलाई सम्झनु पर्दछ ।

घ) "उजूरी" भन्नाले भेदभाव तथा छुवाछूत गरेको वा सामाजिक कुरितिलाई प्रश्रय दिई कसैलाई पीडित बनाएको वा दलितको हक प्रयोग गर्न नदिएको वा प्रयोग गर्नबाट वञ्चित गरेको सम्बन्धमा आयोग समक्ष दिएको निवेदन वा उजूरी सम्झनु पर्छ र सो शब्दले कुनै स्रोतबाट सो विषयमा आयोगलाई प्राप्त भएको जानकारी समेतलाई जनाउँछ ।

ङ) "उजूरी व्यवस्थापन" भन्नाले उजूरी दर्ता देखि उजुरी उपर आयोगले निर्णय गरी सिफारिस हुँदा सम्मको अवस्थासमेतलाई जनाउँछ ।

ङ) "उजूरी व्यवस्थापन अधिकृत" भन्नाले आयोगमा प्राप्त हुन आएको उजूरी दर्ता देखि निर्णय गराई सिफारिस गर्ने सम्मको कार्यमा संलग्न हुने गरी जिम्मेवारी तोकिएको अधिकृत कर्मचारीलाई सम्झनु पर्दछ ।

च) "ऐन" भन्नाले राष्ट्रिय दलित आयोग ऐन, २०७४ सम्झनु पर्दछ ।

छ) "छानबिन अधिकृत" भन्नाले आयोगमा दर्ता हुन आएको उजूरी उपर छानबिन गरी कारवाही अगाडी बढाउने जिम्मेवारी तोकिएको अधिकृत कर्मचारीलाई सम्झनु पर्दछ ।

ज) "पीडित" भन्नाले भेदभाव तथा छुवाछूत वा सामाजिक कुरितिका कारण प्रश्रय दिई कसैलाई पीडित बनाएको वा दलितको हक प्रयोग गर्न नदिएको वा प्रयोग गर्नबाट वञ्चित भएकोमा सो कार्यबाट पीडित हुन गएको व्यक्ति वा समुदायलाई सम्झनुपर्छ ।

३. **छानबिन कारवाही सम्बन्धी आधारभूत मान्यता:**

क) आयोगमा दर्ता हुन आएका उजुरी उपर छानबिन गर्ने लगायतका कामकारवाही अगाडी बढाउँदा आयोगले स्वतन्त्र र निष्पक्ष भूमिका निर्वाह गर्नुपर्ने छ ।

(ख) आयोगले छानबिन तथा कारवाही लगायतका कार्य अगाडी बढाउँदा मूलतः समानता, निष्पक्षता, पहुँच, जवाफदेहिता, पारदर्शिता, स्वतन्त्रता र स्वायत्तता जस्ता मूल्य र मान्यतालाई सम्मान र आत्मसात् गर्नेछ ।

(ग) स्वतन्त्र र निष्पक्ष रूपमा सत्य तथ्य पत्ता लगाउन सबुत प्रमाण संकलन र विश्लेषण गरी भेदभाव तथा छुवाछूत गरेको वा सामाजिक कुरितिलाई प्रश्रय दिई कसैलाई पीडित बनाएको वा दलितको हक प्रयोग गर्न दिए नदिएको विषय स्थापित गर्नुपर्ने छ ।

परिच्छेद २

उजूरी दर्ता र व्यवस्थापनः

४. **उजूरी दर्ता सम्बन्धी व्यवस्था**

क) उजूरी दिन सक्ने संविधानको धारा २५६(१) को खण्ड (च) र ऐनको दफा ८(१) बमोजिमका घटना भएको सम्बन्धमा पीडित आफैले वा निजको तर्फबाट कसैले अनुसूची-१ बमोजिमको ढाँचामा देहायका कुराहरू खुलाई आयोगसमक्ष उजूरी दिन सक्नेछ ।

१) उजूरवालाको नाम, ठेगाना र बतन,

२) संस्था उजूरकर्ता भएमा सो संस्थाको परिचय खुल्ने संक्षिप्त विवरण,

३) उजूरीको विषय,

४) उजूरीको संक्षिप्त व्यहोरा,

५) उजूरीलाई समर्थन वा पुष्टि गर्ने प्राप्त भएसम्मका प्रमाण,

६) पीडित/उजूरवालालाई पुग्न गएको क्षतिको विवरण,

७) माग गरेको उपचारको विवरण,

८) सोही विषयमा अन्यत्र कुनै उजूरी गरेको भए सो को विवरण,

९) अन्य सम्बन्धित कुराहरू ।

ख) उपखण्ड (क) बमोजिमको उजूरी दिँदा देहायका कुनै पनि माध्यमबाट दिन सकिनेछः-

१) उजूरी गर्ने व्यक्ति आफै आयोगको कार्यालयमा उपस्थित भएर,

२) हुलाक सेवा मार्फत,

३) सञ्चारः सार्वजनिक सञ्चार (इमेल) लगायत विद्युतिय वा अन्य संचारका माध्यमबाट,

४) टेलिफोन मार्फत मौखिक जानकारीका आधारमा दिइएको उजूरी ।

ग) आयोगमा परेका उजूरी दर्ता गरी प्रारम्भिक छानविन तथा सो को व्यवस्थापन गर्ने प्रयोजनको लागि आयोगको कार्यालयले उजूरी व्यवस्थापन अधिकृतको रूपमा काम गर्ने गरी कार्यालयको कुनै अधिकृत कर्मचारीलाई तोक्नु पर्नेछ ।

घ) उपखण्ड (ग) बमोजिमको उजूरी व्यवस्थापन अधिकृतले उजूरी हेरी विश्लेषण गरी दर्ता गर्न वा नगर्न सक्नेछ । उजूरी दर्ता गर्न इन्कार गरेमा त्यसको कारण लिखित रूपमा उल्लेख गर्नु पर्नेछ ।

ङ) उजूरी दर्ता गर्न गरेको इन्कारीमा पीडित पक्षले कार्यालय प्रमुख समक्ष पुनः उजूरी दिन सक्नेछ । र त्यस्तो उजूरीमा कार्यालय प्रमुखले गरेको निर्णय अन्तिम हुनेछ ।

च) उजूरीकर्ताले आफ्नो नाम गोप्य राख्न चाहेमा आयोगले निजको अवस्था हेरी निजको नाम गोप्य राख्न सक्नेछ । बेनामी उजूरी उपर कारवाही चलाउन आयोग बाध्य हुने छैन ।

छ) उजूरी व्यवस्थापनप्रणाली बनाई उजूरी व्यवस्थापन अधिकारीले त्यस्तो उजुरी अनुसूची - २ बमोजिमको ढाँचाको दर्ता किताबमा दर्ता गरी कारवाही अगाडी बढाउनु पर्नेछ ।

ज) आयोगमा दर्ता हुने उजूरी निम्न विषयसँग सम्बन्धित हुनु पर्नेछ,

१) जातीय भेदभाव तथा छुवाछूत गरेको,

२) सामाजिक कुरिति बाट पीडित भएको,

३) दलितको हक अधिकार प्रयोग गर्न नदिएको,

४) दलितलाई आफ्नो हक प्रयोग गर्न बाट वञ्चित गरेको,

झ) आयोगले उपखण्ड (झ) बमोजिमका विषयमा मानव अधिकार उल्लङ्घन र त्यसको दुरुत्साहन सम्बन्धी उजूरी लिने र सो उपर छानविन गर्नु पर्नेछ ।

५. उजूरी फाराम भर्नुपर्ने,

क) उजूरी व्यवस्थापन अधिकृतले दर्ता गर्न उपयुक्त देखेका उजूरीहरू अनुसूचि १ बमोजिमको ढाँचामा प्राप्त हुन आएपछि अनुसूची २ बमोजिमको दर्ता किताबमा दर्ता गर्नु पर्नेछ ।

ख) उजूरी फाराम आयोगको कार्यालय र वेबसाईटबाट पनि प्राप्त गर्न सकिनेछ ।

ग) उजूरी फारमहरु मानव अधिकारको संरक्षणको काम गर्ने संघ/संस्था बाट समेत प्राप्त गर्न सकिनेछ ।

घ) उजूरीकर्ताले उजूरीमा विवरण खुलाई त्यस्तो फारममा सहि छाप गरेको हुनु पर्नेछ ।

६. उजूरी लिने सम्बन्धी व्यवस्थाः उजूरी लिँदा उजूरी व्यवस्थापन अधिकृतले देहाय बमोजिम गर्नु पर्नेछ ।

क) उजूरी कानून सम्मत भए नभएको विषयमा जाँच गर्ने ।

ख) उजूरी बुँदा नं. ४ को खण्ड (झ) बमोजिमको विषयसँग सम्बन्धित छ, छैन सोको जाँच गर्ने ।

ग) उजूरी आयोगको अधिकार क्षेत्रभित्र पर्ने, नपर्ने सम्बन्धमा यकीन गर्ने र क्षेत्राधिकार भित्र पर्ने भएमात्र दर्ता गर्ने । आयोगको अधिकार क्षेत्र भित्र नपर्ने देखिएमा सो को कारण जनाई उजूरीकर्तालाई लिखित रूपमा जानकारी गराउने ।

घ) उजूरीकर्ता तथा साक्षीको गोपनीयताको विषय उपर सचेत रहने,

ङ) कुन राष्ट्रिय वा अन्तर्राष्ट्रिय कानूनको उल्लङ्घन भएको हो? सो सम्बन्धमा विशेष ध्यान पुर्याउने ।

च) उजूरी पेश गर्ने व्यक्तिले उपलब्ध गराएको लिखत, प्रमाण, सूचनाहरू फाइल संलग्न गरी सुरक्षित राख्ने ।

छ) उजूरी दर्ता गर्दाका बखत थप लिखित जानकारी तथा थप प्रमाण लिनसक्ने अवस्था भएमा सो को व्यवस्था मिलाउने ।

ज) उजूरी गर्न चाहने व्यक्तिलाई उजूरी फाराम भर्नका लागि आवश्यक सहयोग गर्ने ।

झ) उजूरीकर्तालाई आयोगमा उजूरी दर्ता भएको निस्सा दिने ।

७. लिखित तथा मौखिक उजूरी लिने कार्यविधिः

क) उजूरी फाराम भरी आयोगको कार्यालयमा लिई आएको अवस्थामा उजूरी व्यवस्थापन अधिकृतले सो फाराम जाँचबुझ गरी संलग्न प्रमाण र सूचनासहित बुझिलिनु पर्नेछ ।

ख) उजूरी गोप्य राख्न सक्ने सम्बन्धि व्यवस्था,

ग) सोधपुछ र अन्तर्वाताको शुरुमा उजूरी व्यवस्थापन अधिकृतले आयोगको अधिकार, क्षेत्राधिकार प्रक्रिया तथा गोपनियता सम्बन्धमा उजूरीकर्तालाई जानकारी दिनेछ ।

घ) उजूरी दर्ता गर्न चाहाने व्यक्तीलाई उजूरी दर्ता गर्ने जिम्मेवारी पाएको कर्मचारी/अधिकृतले आवश्यकता अनुसार उजूरी फारम भर्न सहयोग गर्नु पर्नेछ ।

ङ) उक्त विषयमा उजूरीकर्ताले वा अन्य कसैले पहिले नै उजूरी दर्ता गराइसकेको अवस्थामा साविक उजूरी नै दर्ता नम्बर कायम गरी सो उजूरी फाइल साथ संलग्न गरी कारवाही अगाडी बढाउनु पर्नेछ ।

च) उजूरीको विषयमा पहिले नै आयोगमा उजूरी परी आयोगबाट निर्णय भइसकेको रहेछ भने उजूरी लिई आउने व्यक्तिलाई सोको सूचना दिई उजूरी फिर्ता गर्नु पर्नेछ ।

८. सञ्चार माध्ययमबाट प्राप्त उजूरी दर्ता सम्बन्धी कार्यविधि :

क) सामान्यतः उजूरीसँग सम्बन्धित टेलिफोन/मोबाईल कलहरू उजूरी व्यवस्थापन अधिकृतले लिनु पर्नेछ ।

ख) टेलिफोन कलबाट प्राप्त सूचना उजूरी उपलब्ध गराउनु पर्नेछ ।

ग) उजूरी सम्बन्धी कल प्राप्त गर्ने व्यक्तिले उजूरीकर्ताको नाम, टेलिफोन नम्बर र उजूरीको संक्षिप्त व्यहोरा आयोगले यस प्रयोजनको लागि खडा गरेको किताबमा टिप्नुपर्नेछ ।

घ) उजूरी व्यवस्थापन अधिकृतले टेलिफोन/मोबाईल बाट प्राप्त उजूरीलाई यथाशक्य चाँडै उजूरी फाराम बमोजिम उजूरी तयार गरी उजूरीकर्ताको सहीछाप गराउनु पर्नेछ ।

९. चिठी, फ्याक्स वा इमेलबाट प्राप्त उजूरी दर्ता सम्बन्धी

क) विद्युतीय माध्यमबाट आयोग समक्ष उजूरी परे नपरेको सम्बन्धमा सामान्यतः उजूरी व्यावस्थापन अधिकृतले दैनिक रूपमा इमेल जाँच गर्नु पर्नेछ ।

ख) उजूरीको रूपमा प्राप्त हुने चिठीपत्र, फ्याक्स वा इमेललाई उजूरी व्यवस्थापन अधिकृतले प्रारम्भिक कारवाही गर्नु पर्नेछ ।

ग) त्यस्तो उजूरी परेको पाइएमा छानबिन र कारवाहीको निमित्त यस निर्देशिकामा उल्लेखित कार्यविधि अपनाउनु पर्नेछ ।

घ) उजूरी व्यवस्थापन अधिकृतले उजूरीउपर कारवाही हुने प्रक्रियाको बारेमा उजूरीकर्तालाई जानकारी दिनुपर्नेछ ।

ङ) प्राप्त सूचनाको आधारमा उजूरी दर्ता गर्न उपयुक्त नदेखेमा उजूरी व्यवस्थापन अधिकृतले उजूरीलाई दर्ता गर्न अस्वीकार गरी सो को विवरण राख्नेछ ।

१०. अन्य कुनै माध्ययमबाट जानकारी प्राप्त हुन आएका उजूरी दर्ता

क) भेदभाव तथा छुवाछूत गरेको वा सामाजिक कुरितिलाई प्रश्रय दिई कसैलाई पीडित बनाएको वा दलितको हक प्रयोग गर्न नदिएको वा प्रयोग गर्न बाट बञ्चित गरेको कारणबाट त्यस्तो व्यक्ति वा समुदायको गम्भीर रूपमा मानव अधिकार उल्लङ्घन हुन लागेको छ वा कुनै विषय सार्वजनिक महत्वको छ वा त्यसले बहुसंख्यक नागरिक वा समुदायलाई नै असर पार्दछ भन्ने कुराको जानकारी अन्य कुनै पनि माध्यमबाट प्राप्त हुन आएमा आयोगले कारवाही प्रारम्भ गर्न सक्नेछ ।

ख) आयोगको कुनै पदाधिकारी वा अधिकृतले यस्तो उजूरी सम्बन्धमा कारवाही अगाडि बढाउन कारण सहितको आफ्नो लिखित सुझाव उजूरी व्यवस्थापन अधिकृत समक्ष पठाउन सक्नेछन् । त्यस्तो सुझावको जानकारी कार्यालय प्रमुखलाई समेत दिनुपर्नेछ ।

ग) त्यस्तो अनुरोध प्राप्त भएमा केन्द्रीय कार्यालयको हकमा आयोगले तोकेको सदस्यले, तोकिएको सदस्य नभएमा सचिवले र मातहत कार्यालयको हकमा कार्यालय प्रमुखले स्वयं जानकारीमा लिई कारवाही प्रारम्भ गर्न आदेश गर्न सक्नेछन् ।

घ) स्वयं जानकारीमा लिई दर्ता गरिएका उजूरीलाई प्राथमिकतामा राखी अनुगमन, अनुसन्धान लगायतको कारवाही चलाउनु पर्नेछ ।

ङ) स्वयं जानकारीमा लिई उजूरी दर्ता भएको आधारमा आयोगको पदाधिकारी वा कर्मचारी उजूरीको पक्ष वा विपक्ष भएको मानिने छैन ।

११. क्षेत्राधिकार विहीन उजूरी

क) आयोगले आफ्नो कार्यक्षेत्र भित्र नपर्ने विषयहरूमा उजूरी लिने छैन ।

ख) आफ्नो कार्यक्षेत्र भित्र नपर्ने विषयमा प्राप्त हुन आएको उजूरीको सम्बन्धमा सो उजूरी हेर्ने निकायहरूको जानकारी वा परामर्श उजूरीकर्तालाई दिनु पर्नेछ ।

ग) यसरी दिईने जानकारी वा परामर्शको सम्बन्धमा विवरण सहितको छुट्टै अभिलेख राख्नु पर्नेछ ।

परिच्छेद ३

प्रारम्भिक कारवाही

१२. प्रारम्भिक कारवाही गर्ने

क) आयोगमा उजुरी दर्ता भईसकेपछि आयोगले तोकेको सदस्यले, अध्यक्ष नभएको अवस्थामा तोकिएको र सदस्य नभएको अवस्थामा सचिवले र मातहत कार्यालयको हकमा कार्यालय प्रमुखले प्रारम्भिक कारवाहीको लागि ढिलोमा तीन दिनभित्र अगाडि बढाउन आदेश दिनु पर्नेछ ।

ख) खण्ड (क) बमोजिम पेश भएको उजूरीको अध्ययनबाट प्रारम्भमा नै पीडितको अधिकार उल्लङ्घन भएको वा हुन लागेको देखिएमा जुन पदाधिकारी वा व्यक्ति वा निकायको काम कारवाहीबाट पीडितको अधिकार उल्लङ्घन वा त्यसको दुरुत्साहन वा लापरवाही वा हेलचेक्राईको अवस्था हेरी आयोग आफैले छानविन तथा अनुसन्धान गर्न उपयुक्त देखेमा सो का लागि कुनै सदस्य वा आयोगको छानविन टोली वा अधिकृत कर्मचारीलाई तोक्न सक्नेछ ।

ग) खण्ड (ख) बमोजिम आयोग आफैले छानविन तथा अनुसन्धान नगरी कुनै सरकारी निकाय वा कर्मचारी मार्फत छानविन तथा अनुसन्धान गराउन उपयुक्त हुने देखेमा सोही बमोजिम वा आवश्यक संख्यामा छानविन टोली गठन गरी सो मार्फत छानविन तथा कारवाही गर्ने गरी आयोगले निर्णय गर्नु पर्नेछ ।

घ) खण्ड (ग) बमोजिम छानविन तथा अनुसन्धान गर्न गठित छानविन टोलीमा कुनै व्यक्तिको अधिकार उल्लङ्घन वा त्यसको दुरुत्साहन भइरहेको पाइएमा आयोगले तत्काले त्यस्तो कार्य गर्नबाट रोक्न सम्बन्धित पदाधिकारी, व्यक्ति वा निकायलाई आदेश दिई छिटो माध्यमद्वारा सूचना दिनु पर्नेछ ।

ङ) छानविन तथा अनुसन्धान गर्नुपर्ने कुनै घटनाको जानकारी तथा आधिकारिकताका सम्बन्धमा आयोगको तर्फबाट सम्बन्धित कार्यालयमा पत्राचार गर्नु पर्नेछ ।

परिच्छेद ४

छानबिन तथा कारवाही

१३. छानबिन तथा कारवाही गर्नेः

क) खण्ड १२ बमोजिम माग भएको विवरण प्राप्त भए पछि वा त्यस्तो विवरण पेश गर्न तोकिएको म्याद नाघेपछि उजूरी सम्बन्धी विषयमा थप छानविन गर्ने सम्बन्धमा आवश्यक निर्णय लिन आयोगले तोकेको सदस्य, तोकिएको सदस्य नभएको अवस्थामा सचिव वा कार्यालय प्रमुख समक्ष सम्बन्धित उजूरी व्यवस्थापन अधिकृतले उजूरी सम्बन्धी सम्पूर्ण कागजात संलग्न गरी पेश गर्नु पर्दछ ।

ख) खण्ड (क) बमोजिम पेश हुन आएको उजूरीका सम्बन्धमा उजूरीको प्रकृति र अधिकार उल्लङ्घन वा त्यसको दुरूत्साहन वा लापरवाही वा हेलचेक्रयाईको अवस्था हेरी आयोग आफैले छानविन तथा अनुसन्धान गर्न उपयुक्त देखेमा सो को लागि कुनै सदस्य वा आयोगको छानविन टोली वा अधिकृत कर्मचारीलाई तोक्न सक्नेछ ।

ग) खण्ड (ख) बमोजिम आयोग आफैले छानविन तथा अनुसन्धान नगरी कुनै सरकारी निकाय वा कर्मचारी मार्फत छानविन तथा अनुसन्धान गराउन उपयुक्त हुने देखेमा सोही बमोजिम वा आवश्यक संख्यामा छानविन टोलीगठन गरी सो मार्फत छानविन तथा कारवाही गर्ने गरी आयोगले निर्णय गर्नु पर्नेछ ।

घ) खण्ड (ग) बमोजिम गठन हुने छानविन तथा अनुसन्धान गर्न गठित छानविन टोलीमा आवश्यकता अनुसार आयोगको सदस्य, कर्मचारी, अन्य संवैधानिक आयोगका प्रतिनिधि,सम्बन्धित विषयको विशेषज्ञ, सुरक्षा निकायको प्रतिनिधि, कानून व्यावसायी, सरकारी वकिल, प्राध्यापक, मानव अधिकार अभियान्ता दलित अधिकारकर्मी समेत रहन सक्ने गरी निर्णय गर्नु पर्नेछ ।

ङ) यस निर्देशिका बमोजिम छानविन तथा कारवाही गर्नको लागि तोकिएको टोलीले उजूरी छानविन तथा कारवाही गर्दा ऐन बमोजिम आयोगलाई भए सरहको अधिकार प्रयोग गर्नेछ ।

च) छानविन तथा कारवाही गर्नको लागि तोकिएको व्यक्ती वा छानविनमा खटिएको टोलीले आयोगले तोकेको कार्य प्रारम्भ गरेको मितिले पन्ध्र दिन भित्र आफ्नो राय सहितको प्रतिवेदन आयोग समक्ष बुझाउनु पर्नेछ । छानविन तथा अनुसन्धानको कार्यको लागि थप समय आवश्यक भएको भनी कारण सहित थप समयावधि माग गरेमा त्यस्तो विषयमा मुद्दा दायर

गर्ने सम्बन्धमा प्रचलित कानूनमा भएको हदम्यादलाई समेत बिचार गरी आयोगलेएकै पटक वा दुई पटक गरी बढीमा पन्ध्र दिनसम्म समयावधि थप गरिदिनु पर्नेछ ।

१४. **छानबिन योजनाः** बुँदा नं. १३ मा उल्लेख भएबमोजिम छानबिन तथा कारवाहीको लागि निम्न तयारी गर्नुपर्नेछ,

क) उजूरी व्यवस्थापन अधिकृतले उजूरीउपर छानबिन गर्न जानु अगाडि छानबिनको योजना तयार गर्नुपर्नेछ ।

ख) छानबिनको योजना तयार गर्दा आफुमाथिको अधिकृत/पदाधिकारी वा कार्यालय प्रमुखसँग परामर्श गर्नु पर्नेछ ।

ग) छानबिन योजनालाई देहाय अनुसार ३ भागमा विभाजन गरी तयार गर्ने :

१) वन्दोबस्ती सम्बन्धी –अनुसन्धानको लागि आवश्यक पर्ने जनशक्ति, यन्त्र–उपकरण, पोशाक, कागजात, भौतिक साधन आर्थिक व्यवस्थापन लगायतको योजना बनाउनु पर्नेछ ।

२) प्रमाण संकलन सम्बन्धी – उजूरीमा लगाइएको आरोपको सत्यता पत्ता लगाउन भौतिक, लिखित र मौखिक प्रमाण संकलन र मूल्याङ्कन गर्ने, विशेषज्ञको राय प्राप्त गर्ने, सो सम्बन्धी प्रमाण प्राप्त गर्न सकिने व्यक्ति वा निकाय पहिचान गर्ने र प्रमाण प्राप्त गर्ने विषय सम्बन्धी योजना बनाउनु पर्दछ ।

३) सूचना र सूरक्षासम्बन्धी–उजूरीसँग सम्बन्धित व्यक्तिहरूको व्यक्तिगत विवरण, ठेगाना तथा शान्ति सूरक्षाको व्यवस्था, अनुसन्धान अधिकृतहरूको नाम सम्बन्धी योजना बनाउनु पर्नेछ ।

१५. **छानबिन टोली सम्बन्धी अन्य व्यवस्था,**

क) आयोगले बुँदा १३(ग) मा उल्लिखित अवस्थामा बाहेक ऐनको दफा २८ बमोजिम छानबिन, सम्बन्धी अधिकार आयोगका अध्यक्ष, सदस्य, नेपाल सरकार, प्रदेश सरकारका कुनै निकाय वा स्थानीय सरकारको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

घ) आयोगले जातीय भेदभाव तथा छुवाछूत वा सामाजिक कुरितिबाट पीडित भएको वा दलितको हक प्रयोग गर्न नदिएको वा बञ्चित गरेको कुनै घटनाको सम्बन्धमा जाँचबुझ गरी प्रतिवेदन आफु समक्ष पेश गर्नका लागि आवश्यकता अनुसार ऐन बमोजिम कुनै निकाय वा पदाधिकारीलाई तोक्न सक्नेछ ।

१६. छानबिन टोलीको जिम्मेवारी:

क) प्रारम्भिक छानबिनबाट आयोगले जातीय भेदभाव तथा छुवाछूत वा सामाजिक कुरितिबाट पीडित भएको वा दलितको हक प्रयोग गर्न नदिएको वा बञ्चित गरी कुनै अधिकारको उल्लङ्घन वा त्यसको दुरूत्साहन भएको पाइएमा सो को छानबिन गर्ने सम्बन्धमा ऐनको दफा ९ बमोजिम आयोगको छानबिन टोली वा छानबिन गर्ने जिम्मेवारी पाएको अधिकृतले देहाय बमोजिम गर्नु पर्नेछ :

१) उजूरीको व्यहोरा र आयोगबाट प्राप्त कार्यादेश अनुरूप छानबिन विधि तयार गर्ने,

२) छानबिन तथा कारवाही सम्बन्धमा आयोगलाई भए सरहको अधिकार प्रयोग गर्ने,

३) घटनास्थल र सम्बन्धित स्थानमा उपस्थित भई छानबिन गर्ने,

४) प्रमाणहरू लोप हुन नदिन सोको सुरक्षा र संरक्षण गर्ने,

५) घटनाको आधिकारीकताका सम्बन्धमा सम्बन्धित निकायहरूको सहयोग लिने,

६) समयमा नै छानबिन प्रतिवेदन तयार गर्ने,

७) छानबिनमा खटिएका व्यक्तिले लिखित रूपमा अनुसन्धान टिपोट राख्ने ।

ख) ऐनको दफा १० बमोजिम आयोगले छानबिन टोली गठन गर्दा अधिकृतस्तरीय कम्तिमा दुईजना कर्मचारीको टोली गठन गर्नेछ । आवश्यकता अनुसार टोलीमा अन्य सरकारी कर्मचारी, सुरक्षा निकायको प्रतिनिधि, दोभाषे, सहजकर्ता, मानव अधिकार अभियान्ता, पेशा व्यावसायी, संचार जगतका प्रतिनिधि समेतलाई सामेल गराउन सकिनेछ ।

ग) छानबिन टोलीले प्रचलित कानूनमा उल्लेखित अन्य अधिकारका अतिरिक्त देहाय बमोजिमका अधिकार प्रयोग गर्न सक्नेछः–

१) स्थलगत निरीक्षण, अनुगमन र अनुसन्धान गर्ने,

२) प्रमाण संकलन गर्ने,

३) अन्तक्रिया र छलफल गर्ने,

४) आरोपित व्यक्तिलाई आयोगको सम्बन्धित कार्यालयमा झिकाउने,

५) साक्षी लगायतका सम्बन्धित व्यक्ति बुझ्ने,

६) प्राप्त तथ्य र प्रमाणको मूल्याङ्कन र विश्लेषण गर्ने ।

७) जातीय भेदभाव तथा छुवाछूत वा सामाजिक कुरितिबाट पीडित भएको वा दलितको हकसँग सम्बन्धी राष्ट्रिय वा अन्तर्राष्ट्रिय कानूनको अध्ययन गरी विश्लेषण गर्ने ।

८) जातीय भेदभाव तथा छुवाछुत वा सामाजिक कुरितिबाट पीडित भएको वा दलितको हक प्रयोग गर्नबाट वञ्चित भएको देखिएमा उल्लङ्घनकर्ता स्थापित गर्ने ।

९) आरोपित व्यक्तिलाई कारवाही गर्नु पर्ने, नपर्ने विषय यकीन गरी गर्नुपर्ने भए के कस्तो कारवाही गर्नुपर्ने हो ? अनुसन्धान टोलीको सिफारिस सहित आयोगसमक्ष राय पेश गर्ने ।

१०) छानबिनबाट प्राप्त तथ्यप्रमाणको आधारमा पुगिएको निष्कर्ष र ठहर आरोपित पक्षलाई जानकारी दिई प्रतिक्रिया माग गर्ने ।

१७. छानबिन प्रतिवेदन

क) छानबिन समिति वा टोलीले बुँदा नं. १३ को खण्ड (च) ले तोकिदिएको अवधिभित्र अनुसूचि-३ बमोजिमको ढाँचामा प्रतिवेदन बुझाउनु पर्नेछ ।

ख) आयोगमा दर्ता भएका उजूरीको सम्बन्धमा संकलित प्रमाण सहितको आधारमा छानबिन टोलीले जातीय भेदभाव तथा छुवाछुत वा सामाजिक कुरितिबाट पीडित भएको वा दलितको हक अधिकार प्रयोग गर्न नदिएको वा वञ्चित गरेको घटनाको बारेमा प्रतिवेदन तयार गर्नेछन्

ग) छानबिन टोलीले उजूरीको सम्बन्धमा गरेको काम कारवाहीको विस्तृत विश्लेषण गरी क्षतिपुर्ति/उपचारको प्रस्तावसहित प्रतिवेदन पेश गर्नुपर्नेछ ।

घ) छानबिन टोलीले तयार गरेको छानबिन प्रतिवेदनउपर कार्यालय प्रमुख वा निजले तोकेको अधिकारीबाट पुनरावलोकन हुन सक्नेछ ।

ङ) पुनरावलोकन गर्दा छानबिन पूर्ण भएको वा नभएको, निष्कर्षलाई प्रमाणले समर्थन गरेको वा नगरेको, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्बन्धी कानून उल्लङ्घन भएको वा नभएको, जातीय भेदभाव तथा छुवाछुत वा सामाजिक कुरितिबाट पीडित भएको वा दलितको हक प्रयोग गर्नबाट वञ्चित नगर्ने सम्बन्धी न्यायिक निर्णयहरूको विश्लेषण गरिए नगरिएको लगायतका विषयलाई आधार मानी हेर्नु पर्नेछ ।

च) सम्बन्धित विषय हेर्ने अधिकृतले पुनरावलोकनको क्रममा प्राप्त सुझावहरूलाई समेत मध्यनजर राखी प्रतिवेदनलाई अन्तिम रूप दिई फाइल संलग्न गनुपर्नेछ ।

छ) प्रतिवेदनको छुट्टै प्रति कार्यालय प्रमुखसमक्ष पेश गर्नुपर्नेछ ।

ज) यसरी प्राप्त भएको प्रतिवेदन सचिव मार्फत आयोगको बैठकमा छानबिन टोली संयोजकले छलफलको लागि प्रस्तुत गर्नु पर्नेछ । आयोगले प्रतिवेदन माथि थप स्पष्ट हुन वा थप अनुसन्धान गर्न आवश्यक देखेमा सोहि बमोजिम निर्देशन गर्नेछ ।

१८. सफाइको मौका दिने

क) बुँदा नं. १७ मा उल्लेख भए बमोजिमको प्रतिवेदन वा उजूरी उपरको कारवाहीको सन्दर्भमा कुनै व्यक्ति वा पदाधिकारी वा संस्था आरोपी देखिन आएमा त्यस्तो आरोपीलाई निज उपर लागेको आरोपमा सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

ख) आरोपित पक्षलाई सूचना पाएको मितिले बढीमा एक हप्ताभित्र आफ्नो व्यहोरा वा सफाई पेश गर्न सूचित गर्नु पर्नेछ ।

ग) खण्ड (ख) मा दिइएको समयभित्र सफाई पेश नगरेमा एकपटकको लागि पुनः तीन दिनभित्र सफाई पेश गर्ने मौका दिनु पर्दछ ।

घ) खण्ड (ख) र (ग) मा उल्लेखित समयभित्र सफाई पेश नगरेको कुरालाई आरोप स्थापित गर्ने एउटा प्रमाणको रूपमा लिन सकिनेछ ।

ङ) सफाई प्राप्त भएपछि सो सम्बन्धमा अध्ययन र विश्लेषण गरिनेछ र त्यसलाई निर्णयको निमित्त आयोगको बैठकमा पेश गरिनेछ ।

१९. आयोग समक्ष उपस्थित हुनुपर्ने

क) कुनै उजूरीमा समिति गठन गरेर वा नगरेर पनि छानबिन कारवाही हुन सक्ने हुँदा सो क्रममा सम्बन्धित उजूरी व्यवस्थापन अधिकृतले कसैलाई आयोगको कार्यालयमा उपस्थित गराई जानकारी लिन आवश्यक देखेमा कार्यालय प्रमुखको लिखित अनुमति प्राप्त गरी मिति र समय तोकी जानकारी दिने व्यक्तिलाई लेखी पठाउन सक्नेछ ।

ख) सम्बन्धित विषय हेर्ने अधिकृतले कार्यालय प्रमुख वा निजले तोकेको तालुकदार अधिकृत कर्मचारीको रोहवरमा लिखित जानकारी लिनुपर्नेछ ।

ग) जानकारीको अभिलेख लिखित रूपमा तयार गरी सम्बन्धित उजूरी फाइलसाथ राख्नु पर्नेछ ।

परिच्छेद५

प्रमाणको संकलन तथा परीक्षण

२०. प्रमाणका किसिम र मूल्यांकन

क) उजूरी प्रमाणित वा खण्डन गर्ने प्रयोजनको लागि आयोगले मूलतः भौतिक वा दसी प्रमाण, लिखित वा मौखिक प्रमाण र साक्षी प्रमाण गरी तीन किसिमका प्रमाणहरू संकलन गर्नेछ ।



ख) घटना र आरोपसँग सम्बन्धित भौतिक वस्तुहरूलाई भौतिक प्रमाणको रूपमा ग्रहण गर्नु पर्नेछ ।

ग) घटना र आरोपसँग सम्बन्धित लिखतहरू (तस्विर, संकेत चिन्ह, टिपोट, चिट्ठीपत्र, कागजात, प्रतिवेदन, विद्युतीय वा डिजिटल रूपमा रहेका पठनीय वा सांकेतिक सामग्रीहरू, अभिलेख आदि) लाई लिखित प्रमाणको रूपमा ग्रहण गर्न सकिन्छ ।

घ) घटना र आरोपसँग सम्बन्धित साक्षी वा अन्य कुनै व्यक्तिले घटना सम्बन्धमा आफुलाई थाहा भएको मौखिक रूपमा व्यक्त गरी छानबिनकर्तालाई उपलब्ध गराएको सूचनालाई मौखिक प्रमाणको रूपमा ग्रहण गर्न सकिन्छ ।

ङ) अनुसन्धानकर्ताले त्यस्तो भनाइलाई लेखबद्ध गरेको हुनुपर्नेछ ।

२१. जानकारी लिने प्रक्रिया

क) आरोपित व्यक्तिसँग आवश्यकता अनुसार घटना सम्बन्धमा जानकारी लिन सकिनेछ ।

ख) साक्षी वा घटनाको सम्बन्धमा थाहा/सूचना भएका व्यक्तिहरूबाटजानकारी लिन सकिनेछ ।

ग) जानकारी लिने कार्य आवश्यकता अनुसार आयोगको कार्यालय बाहिर पनि लिन सकिनेछ ।

घ) जानकारी दिने व्यक्तिको भनाइलाई लेखबद्ध गर्न वा रेकर्ड गर्न निजसँग अनुमति रसहमति लिनु पर्नेछ ।

ङ) जानकारी लिँदा शान्त वातावरण सिर्जना गर्नु पर्दछ ।

च) जानकारी लिने क्रममा यथाशक्य खुला प्रश्न सोध्नु पर्दछ र जानकारी लिँदा जानकारी दिने व्यक्तिको जवाफमा हस्तक्षेप गरी भनाईको गति रोक्नु हुँदैन । तर भनाई विषयवस्तु बाहिर मोडिएमा सम्बन्धित विषयमा आउनअनुरोध गर्न सकिन्छ ।

छ) जानकारी लिने प्रश्न गर्दा यथासम्भव असान्दर्भिक, कम प्रचलित र विशेष/प्राविधिक भाषा प्रयोग गर्नु हुँदैन ।

झ) निजसँग लिएको जानकारी अन्य निकायसँग आदान प्रदान गर्न निजको सहमति प्राप्त गरिएको हुनुपर्दछ ।

ञ) जानकारी लिनु पूर्व निम्न अनुसारको तयारी गर्नु पर्दछ :

१) के कस्तो विषयमा जानकारी लिने हो ?

२) जानकारीले छानबिनको कामलाई के कसरी सहयोग पुऱ्याउँदछ ?

३) जानकारीको समय र स्थान निर्धारण गर्नुपर्दछ । कुन व्यक्तिसँगकति समय लिने भन्ने कुरो व्यक्तिबाट उपलब्ध हुनसक्ने सूचनाको आधारमा प्राथमिकता निर्धारण गर्नुपर्दछ



४) महिला तथा बालबालिकाबाट जानकारी लिँदा उपयुक्त किसिमको विशेष उपाय अपनाउनु पर्दछ ।

ट) जानकारी गराउने व्यक्तिले आरोपित व्यक्ति वा साक्षीले सम्बोधन गर्न चाहेका विषयलाई महत्वका साथ उल्लेख गर्नुपर्दछ ।

ठ) जानकारी गराउने व्यक्तिले विवादास्पद विषयलाई प्रमाणित वा खण्डन गर्ने विषयका प्रश्नहरू सन्तुलित रूपमा सोध्नु पर्दछ ।

ड) जानकारी गर्नु अगावै सो कामको लागि आवश्यक पर्ने स्थान, कागतपत्र तथा अन्य सरसामानको तयारी गरिसकेको हुनुपर्दछ ।

ढ) जानकारी दिने व्यक्तिले दस्तखत गर्न नचाहेमा छानविनकर्ताले सो को स्पष्ट उल्लेख गरी फाइलसाथ जानकारीपत्र संलग्न राख्नुपर्दछ ।

ण) जानकारी लिँदा साक्षी र निजका परिवारका सदस्यको शरीर र सम्पत्तिको सुरक्षाका सम्बन्धमा विश्लेषण गरी निजको सुरक्षाको उपयुक्त प्रबन्ध मिलाउनु पर्दछ ।

२२. जानकारी उल्लेख हुनुपर्ने प्रमुख कुराहरू

क) जानकारी मा सामान्यत निम्न कुराहरू उल्लेख हुनु पर्नेछ :-

१) जानकारी कसले, कहिले र को समक्ष लिईएको हो ।

२) घटना घटेको समय, स्थान, अवस्था र सम्भावित कारण ।

३) जानकारी दिने व्यक्तिको दस्तखत ।

ख) जानकारी दिने व्यक्तिले आफैजानकारीको लिखत लेख्न सक्नेछन् ।

ग) जानकारी लिँदा धेरै जनाले एउटै व्यहोरा उल्लेख गर्न चाहेमा एउटै लिखतमा सबैको भनाइको व्यहोरा लेखी जानकारी दिने सबैले दस्तखत गर्न सक्नेछन् ।

२३. प्रमाण पेश गर्नुपर्ने

क) आयोगले ऐनको दफा १०(२) को खण्ड (ख) बमोजिम कुनै निकायबाट प्रमाण प्राप्त गर्नुपर्दा एक हप्ताको समय दिई उल्लेखित प्रमाण पठाउन सम्बन्धित संस्था वा व्यक्तिलाई लेखी पठाउन सक्नेछ ।

ख) तोकिएको समयभित्र प्रमाण पेश नगरेमा वा मनासिव जवाफ नपठाएमा आयोगले पुनः तीन दिनको म्याद दिई सो प्रमाण पेश गर्न आदेश दिन सक्नेछ ।

ग) सो गर्दा पनि प्रमाण प्राप्त नभएमा फाइल संलग्न प्रमाणको आधारमा उजूरीउपर अन्तिम निर्णयको लागि फाइल आयोग समक्ष पेश गरिनेछ ।

घ) आयोगले माग गरेको प्रमाण समयभित्र उपलब्ध गराउनु सम्बन्धित निकाय वा व्यक्तिको कर्तव्य हुनेछ ।

२४. प्रमाण मूल्याङ्कन प्रक्रिया

क) आयोगले प्राप्त भए सम्म प्राथमिक प्रमाण संकलन गर्नेछ ।

ख) प्राथमिक प्रमाणलाई पुष्टि गर्ने समेत प्रयोजनको लागि सहायक प्रमाण संकलन गरिनेछ ।

ग) प्रतिवेदनमाजातीय भेदभाव तथा छुवाछुत वा सामाजिक कुरितिबाट पीडित भएको वा दलितको हक प्रयोग गर्नबाट वञ्चित गरे वा नगरेको कुरालाई यकिन गर्नुपर्नेछ ।

घ) आरोपित व्यक्तिले स्वीकार गरेको विषयलाई निर्णायक प्रमाणको रूपमा ग्रहण गर्न सकिनेछ ।

ङ) प्राथमिक र निर्णायक प्रमाण प्राप्त भएको अवस्थामा थप अनुसन्धान नगर्न सकिनेछ । प्रमाण मूल्याङ्कन पछि उजूरीको समर्थन वा इन्कार गर्न सकिने पर्याप्त आधार भएमा आवश्यक निर्णयको लागि उजूरी फाइल आयोगमा प्रस्तुत गरिनेछ ।

च) संकलित प्रमाणको विश्वसनीयतामा शंका उत्पन्न भएमा आयोगले त्यस्तो प्रमाणको पुनः परीक्षण गर्न सक्नेछ ।

छ) प्रमाणको औचित्य हेरी त्यस्तो विवादास्पद प्रमाणलाई सामान्यतः सहयोगी वा गौण प्रमाणको रूपमा मान्यता दिइनेछ ।

परिच्छेद ६

निर्णय प्रक्रिया

२५. आयोग समक्ष उजूरी फाइल पेश गर्ने कार्यविधिः

क) प्रमाण संकलन भइसकेको तथा आरोपित पक्षको प्रतिक्रिया प्राप्त भएको वा प्राप्त हुने म्याद नाघेको मितिले बढीमा १५ दिनभित्र कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारीले छानबिन प्रतिवेदन र टिप्पणी सहित निर्णयार्थ उजूरीको फाइल आयोगसमक्ष पेश गर्नुपर्नेछ ।

ख) छानबिन सम्पन्न भएका फाइल निर्णयार्थ आयोगको बैठक समक्ष पेश गर्न सम्बन्धित सचिवले ४८ घण्टा अगावै आयोगको कार्यसूची पदाधिकारी र सम्बन्धित अधिकृतहरूलाई वितरण गर्नुपर्नेछ ।

ग) छानबिन सम्पन्न भएको फाइल सम्बन्धित अधिकृतले आयोगको बैठकमा पेश गर्नेछ ।

घ) निर्णयको लागि बसेको बैठकमासम्बन्धित अधिकृतले अध्ययन गरी मिसिल पेस गर्नु पर्नेछ ।

ङ) आयोगले छानबिन प्रतिवेदन र फाइल संलग्न प्रमाणहरू समेतको अध्ययन गरी निर्णय वा सिफारिस गर्नेछ ।

च) फाइलको अध्ययनबाट थप प्रमाण संकलन गर्न आवश्यक देखेमा सो प्रमाण संकलनको लागि मातहत कार्यालय वा अधिकृतलाई निर्देशन दिई फाइल फिर्ता पठाउन सक्नेछ ।

छ) उजूरीको सम्बन्धमा आयोगबाट भएको निर्णयको संक्षिप्त व्यहोराको (Minute) सचिव वा निजले तोकिदिएको अधिकृत कर्मचारीले निर्णय पुस्तिकामा लेखबद्ध गर्नेछ ।

ज) सम्बन्धित विषय हेर्ने अधिकृतले आयोगको निर्णयको विस्तृत विवरण सहित निर्णय भएको मितिले पन्ध्र दिनभित्र मस्यौदा तयार गरी सम्बन्धित पदाधिकारीहरूको दस्तखत गराउनु पर्नेछ ।

झ) आयोगले ऐनको दफा १२ बमोजिम मुद्दा दायर गर्ने गरी सिफारिस गर्ने निर्णय गरेमा हदम्याद नजाने गरी सम्बन्धित निकायमा आयोगको निर्णय सहितको सिफारिस उच्च प्राथमिकताका साथ पठाउनु पर्नेछ ।

२६. **खारेजी सम्बन्धी व्यवस्थाः** देहायको अवस्थामा आयोगले उजूरी खारेजी गर्ने निर्णय गर्न सक्नेछ,

क) उजूरी गर्नुपर्ने आधार र प्रमाण बेगर परेको उजूरी,

ख) अदालतबाट कार्यान्वयन गर्न नसकिने प्रकृतिको उजूरी,

ग) छानबिन गर्न नसकिने प्रकृतिको उजूरी,

घ) आयोगका कार्यक्षेत्र भित्र नपर्ने विषयका उजूरी,

ङ) पीडित पक्षलाई तीन पटक सम्म ताकेता गर्दा पनि कुनै चासो नदेखाएको उजूरी,

२७. आयोगको निर्णय

क) छानविन कार्य सम्पन्न भएका सक्कल फाइलहरू निर्णय तथा सिफारिसको निमित्त अविलम्ब आयोग समक्ष पेश गर्नु पर्नेछ ।

ख) कुनै उजूरीको सम्बन्धमा आयोगले जातीय भेदभाव तथा छुवाछूत वा सामाजिक कुरितिबाट पीडित भएको वा दलितको हक प्रयोग गर्न नदिएको वा बञ्चित गरेको विषयमा निर्णय गर्नेछ

ग) आयोगले निर्णय गर्दा दोषीलाई न्यायको दायरामा ल्याउनको लागि कुनै व्यक्ति वा संस्था विरुद्ध मुद्दा दायर गर्न सिफारिश गर्न सक्नेछ ।

घ) आयोगका सबै निर्णयहरुमा बैठकमा उपस्थित सदस्यले दस्तखत गर्नुपर्नेछ ।

ङ) आयोगको निर्णय सम्बन्धित फाइलमा संलग्न गरी अभिलेख शाखामा राखिनेछ ।

च) आयोगको निर्णयको प्रतिलिपि आयोगको अधिकृतले प्रमाणित गरी उजूरीकर्ता, पीडक र निजहरूको कानून व्यवसायीलाई उपलब्ध गराउनु पर्नेछ ।

छ) देहायको अवस्थामा आयोगको निर्णयअन्तिम हुनेछ ।

१) आयोगले गरेको सिफारिस कार्यान्वयन भएमा,

२) ऐनको दफा १४ बमोजिम आयोगले गराएको मेलमिलाप कार्यान्वयन भएमा,

३) आयोगलाई क्षेत्राधिकार नभएकोले कारवाहिको लागि उजूरी सम्बन्धित निकायमा पठाएमा,

४) आयोगले उजूरी तामेली /खारेज गरेमा,

५) आयोगको क्षेत्राधिकार बाहिरको उजूरी भएमा,

६) जातीय भेदभाव तथा छुवाछूत वा सामाजिक कुरितिबाट पीडित भएको वा दलितको हक प्रयोग गर्न नदिएको वा प्रयोग गर्नबाट बञ्चित गरेको नदेखिएमा,

२८. निर्णय गरी पठाउनु पर्ने

क) मुद्दा दायर गर्न सिफारिस गर्नेस्जातीय भेदभाव तथा छुवाछुत वा सामाजिक कुरितिबाट पीडित भएको वा दलितको हक प्रयोग गर्न नदिएको वा प्रयोग गर्नबाट बञ्चित गरेको ठहर भई मुद्दा चलाउनु पर्ने गरी आयोगबाट निर्णय भएमा त्यस्तो निर्णय हदम्याद भित्र मुद्दा दायर गर्न सम्बन्धित निकाय समक्ष आवश्यक कागजात समेत समावेश गरी पठाउनु पर्दछ ।

ख) पीडितलाई क्षतिपुर्तिको लागि सिफारिस गर्नेस्जातीय भेदभाव तथा छुवाछूत वा सामाजिक कुरितिबाट पीडित भएको वा दलितको हक प्रयोग गर्न नदिएको वा प्रयोग गर्नबाट बञ्चित

१७

गरेको ठहर भई पिडितलाई आयोगबाट क्षतिपुर्तिका लागि सिफारिस गर्ने निर्णय भएमा सम्बन्धितलाई लेखीपठाउनु पर्दछ ।

ग) कारवाहीको लागि लेखी पठाउन सक्ने,जातीय भेदभाव तथा छुवाछूत वा सामाजिक कूरितिबाट पीडित भएको वा दलितको हक प्रयोग गर्न नदिएको वा प्रयोग गर्नबाट वञ्चित गरेको वा सोको दुरुत्साहन गरेको सम्बन्धमा सम्बन्धित निकायलाई दलित हक अधिकारका सक्वन्धमा आवश्यक सचेतना लगाएतका विषयमा आयोगले निर्णय गरी लेखि पठाउन सकिनेछ ।

घ) उजूरी माथि आयोगबाट भएको निर्णयमा सिफारिस वा तामेलीजे भएपनि सोको जानकारीउजूरवाला÷पीडितलाई पनि गराउनु पर्नेछ ।

ङ) आयोगबाट भएको महत्वपूर्ण निर्णय वा सिफारिस आवश्यकता अनुसार प्रेस विज्ञप्ति वा प्रेस नोट मार्फत पनि सार्वजनिक गर्न सकिनेछ ।

परिच्छेद७

विविध

२९. तोकिएको सदस्यः आयोगमा दर्ता भएका उजूरीको छानविन तथा कारवाही प्रक्रियामा देखिएका समस्याहरूको समाधानको लागि सम्बन्धित अधिकृतलाई आवश्यक निर्देशन दिन, सुझाव एवम् सहयोग गर्न आयोगले कुनै सदस्यलाई तोक्नु पर्नेछ । छानविनमा संलग्न अधिकृतले पनि यसरी तोकिएको सदस्यसँग सम्पर्कमा रहि काम गर्नु पर्नेछ ।

३१. फाइल व्यवस्थापनः

क) आयोगले उजूरीउपरको छानविन/कारवाही सम्बन्धी अभिलेख सफ्टवेयरमा तयार गरी राख्न सक्नेछ ।

ख) उजूरी फाइल भएपछि विषयगत नम्बर/वर्ष सिलसिलेवर रूपमा मिलाई उल्लेख गरी संकेत नम्बर दिई राख्नुपर्नेछ ।

ग) उजूरीसम्बन्धी फाइल सुरक्षित राख्ने तथा छानबीनको कारवाही सम्पन्न गर्ने जिम्मेवारी सम्बन्धित अधिकृतको हुनेछ ।

ङ) उजूरी फाइल लगायत सोसँग सम्बन्धित सूचनाको सुरक्षा र व्यवस्थापनको उपयुक्त प्रबन्ध गर्नुपर्नेछ। यसको लागि फाइल सुरक्षित राख्ने, कम्प्युटरको सुरक्षा पासवर्ड राख्ने र सांकेतिक भाषाको प्रयोग गर्ने लगायतका कार्यहरू गर्नु पर्नेछ।

च) उजुरीको अभिलेख व्यवस्थापन र फछर्यौट गर्न आयोगलाई सहजीकरण गर्न देहाय बमोजिमको उजुरी फछर्यौट व्यवस्थापन समिति गठन गर्ने:-

क. माननीय सदस्य	- संयोजक
ख. उपसचिव	- सदस्य
ग. शाखा अधिकृत	- सदस्य
घ. राजपत्र अनंकित कर्मचारी (२ जना)	- सदस्य

३२. अनुगमन गर्ने :

क) ऐनको दफा ३(झ) बमोजिम आयोगले आफुले गरेका सिफारिसहरूको कार्यान्वयन भए नभएको विषयमा अनुगमन गर्नेछ।

ख) आफ्ना सिफारिस कार्यान्वयन भए नभएको सम्बन्धमा आयोगले ऐनको दफा ७ बमोजिम सरकारी निकाय वा सार्वजनिक संस्थासँग समन्वय र सहकार्य गर्न सक्नेछ।

ग) खण्ड (क) र (ख) बमोजिम अनुगमन गर्दा आयोगको निर्णय वा सिफारिस कार्यान्वयन गर्नुपर्ने निकाय वा पदाधिकारीबाट जानिजानी कार्यान्वयन नगरेको पाइएमा त्यस्तो निर्णय वा सिफारिस कार्यान्वयन गर्न माथिल्लो तालुक पदाधिकारी वा निकायमा कार्यान्वयनको लागि लेखि पठाउनेछ।

३३. **पीडितलाई सहयोग:** आयोगका पदाधिकारी तथा कर्मचारीहरूले पीडित व्यक्तिको हितमा व्यक्तिगत र पेशागत रूपमा आवश्यक सहयोग पुऱ्याउन सक्नेछन्। त्यस्तो सहयोगमा शारीरिक तथा मानसिक उपचार, परामर्श, क़ानूनी सहयोग तथा पेशागत सल्लाह आदि हुन सक्छ।

३४. **उजूरीकर्ता/साक्षीउपर हुनसक्ने गैरकानूनी कारबाहीको रोकथाम:** उजूरीकर्ता वा साक्षीको विरूद्धमा कसैले बदला लिने गरी कुनै काम गर्दैछ वा अवस्थालाई अझ जटिल बनाउँदैछ भन्ने विषयमा आयोग विश्वस्त भएमा उनीहरूको सुरक्षाको लागि आयोगले प्राथमिकताका साथ आवश्यक कारबाही चलाउनेछ।

३६. **ऐन, नियम बमोजिम हुने:** यस निर्देशिकामा उल्लेखित कुनै विषय ऐन र ऐनको दफा २९ बमोजिम जारी नियमावलीको कुनै व्यवस्थासँग बाझिएमा ऐन र नियमको व्यवस्था अनुसार गर्नु पर्नेछ।

३७. **संशोधन:** आयोगले यो निर्देशिकामा आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ।

अनुसूची-१

राष्ट्रिय दलित आयोग,
कुपण्डोल, ललितपुर।

मितिः .....

विषयः उजुरी सम्बन्धमा।

राष्ट्रिय दलित आयोग ऐन, २०७४ को दफा ८ (१) बमोजिमको जातीय भेदभाव तथा छुवाछूत वा सामाजिक कुरीतिबाट पीडित भएकोले छानबिन तथा कारबाही गरिदिनु हुन अनुरोध छ।

१.पीडितको विवरणः (पीडित एक भन्दा धेरै भए सो समेत खुलाउन हुन)

(क) नामः ..... (ख) ठेगाना स्थायीः .....अस्थायीः.....

(ग)आमाको नामः ..... (घ)बाबुको नामः .....

(ङ)मोबाइल नं.: ..... (च)ईमेलः .....

२.पीडकको विवरणः (पीडक एक भन्दा धेरै भए सो समेत खुलाउन हुन)

(क) नामः ..... (ख)ठेगाना स्थायी.....अस्थायीः.....

(ग)आमाको नामः ..... (घ)बाबुको नामः .....

(ङ)मोबाइल नं.: ..... (च)ईमेलः .....

३. उजुरीको विस्तृत विवरणः

.....

.....

.....

.....

.....

.....

.....

४. उजुरीसँगै राखिएका प्रमाणहरूः

(क) नागरिकता/जन्मदर्ता प्रमाणपत्रको छायाँप्रति (ख) .....

(ग) ..... (घ) .....

५. राष्ट्रिय दलित आयोग ऐन, २०७४ को दफा ११ बमोजिमको माथि उल्लेखित उजुरीको सम्बन्धमा अन्य कुनै निकायबाट अनुसन्धान भइरहेको वा भइसकेको छैन र माथि उल्लेखित व्यहोरा ठिक साँचो हो।

उजुरीकर्ता

दस्तखतः.....

नामः.....

ठेगानाः.....

मोबाइल नम्बरः.....

ईमेलः .....

अनुसूची २

उजूरी दर्ता किताब

द. सं.	उजूरबालाको नाम, थर र ठेगाना	उजुरी दर्ता मिति	पीडितको नाम र ठेगाना/ सम्पर्क नं.	उल्लङ्घन तथा त्यसको दुरुत्साहनको संक्षिप्त विवरण	आरोपितको नाम ठेगाना सम्पर्क नं.	प्रारम्भिक आदेश भएको, खारेज भएको, तामेलीमा राखेको भए मिति र व्यहोरा	प्रारम्भिक जाँचबुझ, छानविन भएको भए सोको विवरण	अन्य कुनै छानविन अनुसन्धान भएको भए सोको विवरण	आयोगको अन्तिम ठहर/आदेश भएको भए सोको व्यहोरा र मिति	सम्बन्धित कर्मचारीको सही	कैफियत

अनुसूची – ३

छानबिन प्रतिवेदनको ढाँचा

राष्ट्रिय दलित आयोगमा

पेश गरेको

आयोगको लागो

..... सम्बन्धी छानबिन प्रतिवेदन

प्रतिवेदन प्रस्तुतकर्ता

.....

छानबिन नम्बर : NDC.....F.Y. .....

छानबिन गरिएको जिल्ला :

छानबिनको क्रममा भ्रमण गरेका पालिकाहरु :

छानबिन अवधि : मिति ..... देखि ..... गते सम्म

छानबिन समिति/टोलीको नाम :

दशी प्रमाणहरु

प्रतिवेदन तयारी मितिः

प्रतिवेदन लेखन :

प्रतिवेदन विषय–सूची

१. सारांश (प्रतिवेदन आठ पृष्ठ भन्दा लामो भएमा मात्र)
२. पृष्ठभूमी
३. कायदिश
४. उद्देश्यहरू
५. छानबिन विधि र कियाकलाप
६. सीमा
७. अनुगमनबाट प्राप्त तथ्यहरु



८. विश्लेषण र निष्कर्ष .....

९. सुझाव तथा सिफारिस .....

१०. आयोगको टोलीले सामना गर्नु परेको कठिनाईः

अनुसूचिहरूः

आवश्यक परेको खण्डमा शब्दकोषः



विज्ञ/विशेषज्ञ सुचीकरण (रोष्टर) सम्बन्धी मापदण्ड, २०७८

आयोगबाट स्वीकृत मितिः २०७८/१२/३०

प्रथम संशोधन मितिः २०८२/०१/२८

प्रस्तावनाः राष्ट्रिय दलित आयोग ऐन, २०७४ को दफा ५ बमोजिम यस आयोगले संविधान, राष्ट्रिय दलित आयोग ऐन, २०७४ र प्रचलित संघीय कानुन बमोजिम सम्पादन गर्नु पर्ने कुनै काम आयोगमा कार्यरत जनशक्तिबाट सम्पादन हुन नसक्ने भएमा आयोगले त्यसको कारण खुलाई प्रचलित संघीय कानून बमोजिम विशेषज्ञको सेवा लिन सक्नेछ भन्ने व्यवस्था भए अनुसार यस आयोगले सम्पादन गर्नु पर्ने कुनै काम आयोगमा कार्यरत जनशक्तिबाट सम्पादन हुन नसक्ने अवस्था भएमा आवश्यक विशेषज्ञको सेवा लिन "विज्ञ/विशेषज्ञ सूचीकरण(रोष्टर) सम्बन्धी मापदण्ड, २०७८" बनाउन वाञ्छनीय भएकोले राष्ट्रिय दलित आयोगले यो मापदण्ड बनाएको छ।

परिच्छेद- १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस मापदण्डको नाम "विज्ञ/विशेषज्ञ सुचीकरण (रोष्टर) सम्बन्धी मापदण्ड, २०७८" रहेको छ।

(२) यो मापदण्ड आयोगबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङगले अर्को अर्थ नलागेमा यस मापदण्डमाः-

(१)"आयोग" भन्नाले राष्ट्रिय दलित आयोग सम्झनु पर्छ।

(२)"विज्ञ/विशेषज्ञ" भन्नाले आयोगले यस मापदण्ड बमोजिम सूचीकृत गरेका विज्ञ/विशेषज्ञ सम्झनु पर्छ।

(३)"काबु बाहिरको परिस्थिति" भन्नाले प्रकोप, महामारी लगायत अन्य संकटजन्य कारणले कार्यसम्पादन गर्न कठिनाइ भएको अवस्था सम्झनु पर्छ ।

(४)"संस्था" भन्नाले दलित समुदाय केन्द्रित र मानव अधिकारका क्षेत्रमा काम गर्ने सामाजिक संस्था सम्झनु पर्छ ।

परिच्छेद –२

विज्ञ/विशेषज्ञको योग्यता र छनौट प्रक्रिया

३. विज्ञ/विशेषज्ञको क्षेत्रहरु: आयोगको कार्यक्षेत्रसँग सम्बन्धी देहायका विषय क्षेत्रमा आयोगले विज्ञ विशेषज्ञ सूचीकरण गरी रोष्टर तयार गर्न सक्नेछ ।

विषय क्षेत्रहरु:

(१)दलित अधिकार, मानव अधिकार, प्रशासन तथा सामाजिक न्याय सम्बन्धी

(२)कानुन तथा न्याय सम्बन्धी

(३)समाजशास्त्र र मानवशास्त्र सम्बन्धी

(४)इतिहास र संस्कृति सम्बन्धी

(५)अर्थशास्त्र सम्बन्धी

(६)तथ्याङ्कशास्त्र सम्बन्धी

४. विज्ञ विशेषज्ञको योग्यता:

(१) मान्यता प्राप्त विश्वविद्यालयबाट सम्बन्धित विषय क्षेत्रमा स्नातक गरी सम्बन्धित क्षेत्रमा दश वर्षको अनुभव भएको वा

(२) मान्यता प्राप्त विश्वविद्यालयबाट सम्बन्धित विषय क्षेत्रमा स्नातकोत्तर गरी सम्बन्धित क्षेत्रमा पाँच वर्षको अनुभव भएको।

५. सूचीकरणको लागि निवेदन दिनु पर्ने:

(१)यस मापदण्ड अनुसार योग्यता पुगेको व्यक्तिले देहाय बमोजिमका विवरणहरुसहितको कागजात संलग्न गरी आयोग समक्ष निवेदन पेश गर्नु पर्नेछ ।

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपिहरु,

(ग)व्यक्तिगत अनुभव सम्बन्धी कागजातहरु,

(घ)व्यक्तिगत विवरण (बायोडाटा),

(ङ)विशेषज्ञको क्षेत्र खुलाउनु पर्ने ।

६. विज्ञ/विशेषज्ञ सूची (रोष्टर तयार) गर्ने:

(१)सूचीकरणका लागि आयोगमा प्राप्त भएका निवेदनहरुको मूल्यांकन गरी विज्ञ/विशेषज्ञ सूचीकरणका लागि आयोग समक्ष सिफारिस गर्नको लागि देहाय बमोजिमको विज्ञ/विशेषज्ञ छनौट समिति गठन गरिनेछ ।

(क) आयोगले तोकेको आयोगका माननीय सदस्य - संयोजक

(ख) आयोगको सचिव - सदस्य

(ग) आयोगको उपसचिव - सदस्य-सचिव

(२)समितिले आवश्यकता अनुसार अन्य व्यक्तिहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३)उपदफा (१) बमोजिमको समितिले यस मापदण्ड बमोजिम योग्यता पुगेका व्यक्तिहरुको छनौट गरी स्वीकृतिका लागि आयोग समक्ष सिफारिस गर्नेछ ।

परिच्छेद-३
विज्ञ/विशेषज्ञको कार्य विवरण

७. विज्ञ/विशेषज्ञको कार्य विवरण: विज्ञ/विशेषज्ञको कार्य विवरण देहाय बमोजिम हुनेछः-

(१)दलित हक अधिकारका सवालमा अध्ययन अनुसन्धान गरी राय, सुझाव एवं परामर्श दिने ।

(२)आयोगलाई आवश्यक ऐन, कानून, नीति नियम, निर्देशिका बनाउन एवं तर्जुमा गर्न आवश्यक परामर्श दिने ।

(३)थर सूचीकरण सम्बन्धी विषयमा राय, सुझाव दिने ।

(४)दलित समुदायको परम्परादेखि प्रचलनमा रहेका भाषा, पेशा, संस्कृति लगायतका विषयहरुलाई संरक्षण, सम्वर्द्धन, प्रवर्द्धन र व्यवस्थापन गर्न राय सुझाव दिने ।


(५)विशेष प्रकृतिको कार्यका लागी तत्काल आयोगले तोके बमोजिमको कार्य विवरण हुनेछ ।

परिच्छेद-४
विविध

८. विशेषज्ञको रुपमा करारमा सेवा लिन सक्ने: आयोगले रोष्टरमा रहेका विज्ञ/विशेषज्ञमध्ये कार्य प्रकृति अनुसार कुनै पनि व्यक्तिबाट करार सेवा लिन सक्नेछ । विशेषज्ञको सेवा सुविधा प्रचलित कानून अनुसार आयोगले तोके बमोजिम हुनेछ ।

९. संशोधन सम्बन्धी व्यवस्था: यस मापदण्डमा उल्लेखित व्यवस्था थपघट वा संशोधन गर्ने अधिकार आयोगलाई हुनेछ ।

१०. प्रचलित कानून बमोजिम हुने: यस मापदण्डमा उल्लेख भएका विषयको सम्बन्धमा यसै मापदण्ड बमोजिम र अन्य विषयहरुमा प्रचलित कानून बमोजिम हुनेछ।



राष्ट्रिय दलित आयोगको अनुगमन निर्देशिका, २०७८

आयोगबाट स्वीकृत मिति २०७८/१२/२२ गते

नेपालमा दलित समुदायको समग्र अवस्थाको अनुगमन गर्न अनुगमन निर्देशिका बनाई लागु गर्न आवश्यक र उपयुक्त भएकोले नेपालको संविधानको धारा २५६ (१) (ग) मा भएको अनुगमन व्यवस्थाको कार्यान्वयन गर्न राष्ट्रिय दलित आयोग ऐन, २०७४ को दफा ३० ले दिएको अधिकार प्रयोग गरी यो निर्देशिका बनाई जारी गरिएको छ ।

परिच्छेद १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (क) यो निर्देशिकाको नाम "राष्ट्रिय दलित आयोगको अनुगमन निर्देशिका, २०७८" रहेको छ ।

(ख) यो निर्देशिका राष्ट्रिय दलित आयोगबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा:

(क) "आयोग" भन्नाले राष्ट्रिय दलित आयोगलाई सम्झनु पर्दछ ।

(ख) "ऐन" भन्नाले राष्ट्रिय दलित आयोग ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

(ग) "पदाधिकारी"भन्नाले आयोगको अध्यक्ष र सदस्यहरुलाई सम्झनु पर्दछ ।

(घ) "सचिव" भन्नाले आयोगको सचिवलाई सम्झनुपर्छ ।


(ङ) "दलित समुदायको मानव अधिकार" भन्नाले दलित समुदायका व्यक्तिलाई प्रचलित संविधान, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनले दलित समुदाय वा व्यक्तिलाई प्रदान गरेका नागरिक, राजनीतिक, आर्थिक, सामाजिक, र साँस्कृतिक लगाएतका सम्पूर्ण अधिकारहरुलाई सम्झनु पर्दछ ।

(च) "दुरुत्साहन" भन्नाले गैहराज्य पक्ष वा संगठित समूहद्वारा दलित समुदायको व्यक्ति वा समूहमाथि गरिने वा गरिएको भेदभावपूर्ण व्यवहारलाई सम्झनु पर्दछ ।

(छ) "उजूरी" भन्नाले दलितको मानव अधिकार उलंघन/दुरुत्साहन सम्बन्धमा आयोगमा दर्ता भएको उजूरीलाई सम्झनु पर्दछ । सो शब्दले अन्य कुनै स्रोतबाट आयोगलाई प्राप्त भएको जानकारीको आधारमा दर्ता गरिएको उजुरी समेतलाई जनाउँछ ।

(ज) "अनुगमन" भन्नाले दलित समुदायको मानव अधिकार अवस्था सम्बन्धमा नेपालको संविधान, प्रचलित कानुन, जातीय विभेद विरुद्धको अन्तर्राष्ट्रिय महासन्धी, १९६५ र अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी अन्य दस्तावेजहरुले प्रत्याभूत गरेका अधिकारहरुको प्रचलनको अवस्थाबारे व्यवस्थित रुपमा सूचनाको संकलन र त्यसको व्यवस्थापन गरी संकलित सूचनाहरुको समग्र स्थितिको विश्लेषण गरी सुधारको निमित्त





आवश्यक कारवाही वा सिफारिस गर्ने प्रकृया तथा सार्वजनिक रुपमा प्रकाशित वा प्रकट भएका दलित समुदायको मानव अधिकार उल्लघंनका घटनाहरुको अध्ययन तथा विश्लेषण गर्ने कार्यलाई समेत सम्झनु पर्दछ ।

(झ) "अनुगमनकर्ता" भन्नाले दलित समुदायको समग्र अवस्थाको अनुगमन गर्ने कार्य गर्न यस निर्देशिका बमोजिम आयोगले अख्तियारी दिई खटाएका व्यक्तिलाई सम्झनुपर्छ ।

(ञ) "अनुगमन टोली" भन्नाले दलित समुदायको समग्र अवस्थाको अनुगमन गर्ने कार्य गर्न यस निर्देशिका बमोजिम आयोगले अख्तियारी दिई खटाइएको टोलीलाई सम्झनुपर्छ ।

(ट) "टोली संयोजक" भन्नाले अनुगमन टोलीको प्रमुख पदाधिकारी वा कर्मचारीलाई सम्झनुपर्छ ।

(ठ) "प्रतिवेदन" भन्नाले निर्देशिका बमोजिम अनुगमन कार्य सम्पन्न गरिसकेपछि आयोगद्वारा यस निर्देशकामा उल्लेख गरिएको ढाँचा बमोजिम अनुगमन कर्ता वा अनुगमन टोलीले आयोग समक्ष बुझाउने प्रतिवेदन समेतलाई जनाउँछ ।

(ड) "विशेषज्ञ" भन्नाले दलित समुदायको समग्र विषयको अध्ययन, तालिम वा अनुभवको आधारमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा सम्बन्धित विषयको विशेषज्ञता, ज्ञान, दक्षता र सीप भएको वा दलित अधिकारको क्षेत्रमा कुनै विशिष्टिकृत ज्ञान, सीप वा दक्षता भएको आयोगमा विषय विशेषज्ञको रुपमा सूचिकृत व्यक्तिलाई सम्झनुपर्छ ।

परिच्छेद २

अनुगमनका क्षेत्रहरु

३. अनुगमन गर्ने :

क) दलित समुदायसँग सम्बन्धित नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन र मूल्यांकन गर्ने,

ख) दलित समुदायको सम्बन्धमा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सम्झौता कार्यान्वयन भए नभएको अनुगमन गरी नेपाल सरकारलाई कार्यान्वयनको लागि आवश्यक सिफारिस गर्ने वा सुझाव दिने,

ग) दलित समुदायको हक हितको संरक्षण, सम्वर्द्धन र सशक्तिकरणका लागि नेपाल सरकार र अन्य संघ संस्थाहरुले सञ्चालन गर्ने चेतनामूलक कार्यक्रमहरुको समीक्षा, अनुगमन तथा मूल्यांकन गर्ने,

घ) आयोगले गरेका सिफारिसको कार्यान्वयनको अवस्थाको अनुगमन गर्ने गराउने,

ङ) आयोगले दलित समुदायको मानव अधिकारको अवस्था सम्बन्धी यस निर्देशिकाको अनुसूची—१ मा उल्लेख भएका विषयहरुको सम्बन्धमा समेत अनुगमन गर्नेछ ।

शिवराम मेलाल
अधिवक्ता

परिच्छेद ३

राष्ट्रिय दलित आयोग
२०७५

अनुगमन टोली/कार्यदलको गठन तथा परिचालन

४. **अनुगमन टोली/कार्यदलको गठन** : १) अनुगमन टोली/कार्यदलको गठन देहायबमोजिम हुनेछ ।

अ) सामान्य :

क) राष्ट्रिय दलित आयोगले परिच्छेद २ अनुसार कार्यहरुको अनुगमन गर्न पदाधिकारी सहित वा आयोगका कर्मचारीहरुलाई मात्र खटाउन सक्नेछ । अध्यक्षले पदाधिकारी र सचिवलाई तथा अन्य कर्मचारीहरुलाई आवश्यकता अनुसार सचिवले खटाउने सक्नेछ ।

ख) आयोगका पदाधिकारी खटिएको टोलीको टोली प्रमुख तोकिएको पदाधिकारी हुने र कर्मचारी मात्र खटिएको टोलीमा आयोगका सचिवले तोकेको राजपत्राङ्कित अधिकृत स्तरको कर्मचारी टोली प्रमुख हुनेछ ।

आ) विशेष :

क) आयोगसँग सम्बन्धित कुनै विशेष प्रकृतिको कार्य सम्पादन गर्ने प्रयोजनको लागि आयोगले विशेष टोली वा कार्यदल गठन गर्न सक्नेछ ।

ख) उपखण्ड (क) बमोजिमको टोली/कार्यदलको कार्यक्षेत्रको कार्यक्षेत्रगत शर्त त्यस्तो टोली वा कार्यदल गठन गर्दाका बखत आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

५. **विशेषज्ञको सेवा लिन सक्ने** : १) आयोगले कुनै काम गर्न सङ्घीय कानून बमोजिम विज्ञ जनशक्तिको सेवा लिन सक्नेछ । त्यस्ता जनशक्तिलाई अनुगमनमा खटाउदा रा.प. द्वितीय श्रेणी सरहको सुविधा पाउने गरि सचिवले खटाउन सक्नेछ ।

६. अन्य अनुगमन टोली : आयोगको पदाधिकारी वा कर्मचारी टोली प्रमुख नभएको आयोगसँग सम्बन्धित अन्य अनुगमन टोलीमा माग भए बमोजिम कम्तीमा एक जना आयोगका पदाधिकारी वा कर्मचारी प्रतिनिधि समावेश गराइनेछ ।

परिच्छेद ४

अनुगमन टोली/कार्यदलको काम, कर्तव्य र अधिकार

७. **अनुगमन टोलीको काम, कर्तव्य र अधिकार** : (१) अनुगमन टोलीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) टोलीले आफूलाई तोकिएको स्थान जिल्ला वा क्षेत्रमा गई पीडित व्यक्तिहरु तथा तिनका आफन्तहरु, साक्षी तथा कुनै घटनाका जानकार व्यक्तिहरु, स्थानीय प्रशासन, सुरक्षा निकायका अधिकारीहरु, नागरिक समाज, स्थानीय बुद्धिजिवी, पत्रकार, कानून व्यवसायी, मानवअधिकारकर्मी, राजनैतिक दलका प्रतिनिधि

शिवराज मेहता
सचिव

२०७५

लगायतसँग आवश्यकता अनुसार सामूहिक वा अलग अलग अन्तरवार्ता, औपचारिक तथा अनौपचारिक भेटघाट, अन्तर्क्रिया वा छलफल लगायत आवश्यक कुनै कार्य गरी सम्बन्धित क्षेत्र वा घटनाको सम्बन्धमा आवश्यक जानकारी हासिल गर्ने ।

(ख) संकलन गर्नुपर्ने सूचना, विवरण, तथ्यांक वा घटनालाई टिपोट, अभिलेख वा फोटोग्राफी वा अन्य कुनै उपयुक्त माध्यमद्वारा संकलन गरी दुरुस्त रुपमा राख्ने तथा अनुगमनबाट प्राप्त सूचनाको सुरक्षा गर्ने ।

(ग) घटनासँग सम्बन्धीत पीडित, प्रत्यक्षदर्शी तथा घटनाको सम्बन्धमा जानकार पक्ष एवं आरोपित पक्षसँग घटनाको जानकारी लिने,

(२) उपदफा (१) को खण्ड (क), (ख) र (ग) मा उल्लेख भएका कुराको अतिरिक्त घटनासँग सम्बन्धित अन्य आवश्यक र उपयुक्त देखिएका तथ्य, विवरण, सूचना वा जानकारीसमेत संकलन गर्नुपर्नेछ ।

(३) प्रचलित कानून बमोजिम हुनुपर्ने कुनै कार्य भई नरहेको वा अधिकारको दुरुपयोग वा हेलचक्रयाँई वा लापरवाहीबाट कुनै दलित व्यक्ति वा समुदायको मानव अधिकार उल्लघंन भइरहेको वा हुनसक्ने आशंका विद्यमान रहेको लागेमा वा तथ्ययुक्त आधार भेटिएमा सम्बन्धित पक्षलाई कानून बमोजिम गर्न गराउन अनुगमन टोलीले आवश्यकता अनुसार परामर्श वा जानकारी दिन सक्नेछ ।

(४) अनुगमनमा जाने अनुगमनकर्ताले वा टोलीमा संलग्न व्यक्तिले यस निर्देशिका बमोजिमको आचारसहिता तथा गोपनीयताको पालना गर्नुपर्नेछ ।

(५) अनुगमन टोलीका सदस्यहरुले टोली संयोजकको प्रत्यक्ष निर्देशनमा रही अनुगमन कार्य सम्पन्न गर्नुपर्नेछ ।

(६) स्थानीय तहका जोखिमयुक्त क्षेत्र वा अवस्थामा अनुगमनमा जानुभन्दा पहिले अनुगमनकर्ताहरुले स्थानीय तहका सम्बन्धित कार्यालयहरुबाट सुरक्षालगायत आवश्यक देखिएका अन्य विभिन्न विषयमा आवश्यक जानकारी लिनु पर्नेछ ।

(७) अनुगमन कार्यलाई प्रभावकारी बनाउन आयोगका अध्यक्ष, सदस्यहरु तथा सचिवले अनुगमन टोलीलाई लिखित वा मौखिक निर्देशन दिन र अनुगमन कार्यको आवश्यक निरीक्षण गर्न सक्नेछ ।

(८) अनुगमन टोली वा अनुगमन कार्यमा खटिएका व्यक्तिहरुले कुनै पनि धार्मिक, सामाजिक र सांस्कृतिक विद्वेष फैलाउने कार्य गर्न हुने छैन ।

(९) अनुगमनमा खटिएको टोली/कार्यदलले तोकिएको दिन भएमा सोही दिनभित्र र नतोकिएको भएमा अनुगमन समयावधि सकिएको १५ दिनभित्र अनुसूची २ बमोजिमको ढाँचामा अनुगमन प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(१०) टोली संयोजकको विशेष काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) अनुगमन गर्नुपर्ने विषयका सम्बन्धमा आयोगबाट जानकारी लिने,

शिवराम गेलाल
सचिव

राष्ट्रिय दलित आयोग

२०७५

(ख) अनुगमन कार्यको सम्बन्धमा आयोगले तोकेको पूर्व निर्धारित कार्यक्रम तालिकामा कुनै परिवर्तन गर्नुपर्ने भएमा तुरुन्त आयोगको सम्पर्क व्यक्तिलाई जानकारी दिने,

(ग) सम्बद्ध निकायसँग आवश्यकतानुसार समन्वय र सम्पर्क गर्ने,

(घ) अनुगमन टोलीभित्र कामको उचित बाँडफाँड गर्ने,

(ङ) आयोगको तर्फबाट जवाफ दिनुपर्ने वा स्पष्ट पार्नुपर्ने कतिपय विषयमा सम्बद्ध अधिकारी वा व्यक्तिलाई आवश्यकता अनुसार जानकारी गराउने,

(च) टोलीका सदस्यहरुबीच समन्वय, मेलमिलाप र समझदारी कायम राख्ने साथै टोलीलाई अनुगमन कार्य प्रति अभिप्रेरित गर्ने,

(छ) अनुगमन टोलीका सदस्यहरुलाई परिस्थिति अनुसार उचित एवं सान्दर्भिक निर्देशन दिने,

(ज) टोलीका सदस्यहरुलाई कुनै समस्या परेको पाइएमा सोको निराकरणको लागि सक्दो सहयोग गर्ने,

(झ) अनुगमनको लागि आफूलाई खटाइएको क्षेत्रमा जाँदा अत्यावश्यक भएमा यातायातको साधन, सहजकर्ता, भरिया वा स्थानीय पथप्रदर्शक वा दोभाषेको व्यवस्था मिलाउने,

(ञ) टोलीका सदस्यहरुको दैनिक भत्ता तथा भ्रमण खर्च बाहेकको अन्य अनुगमनको लागि आवश्यक पर्ने रकम पेश्कीको रुपमा लिइ आफनो जिम्मा लिने तथा आर्थिक नियमानुसार समयमा पेश्की फछ्यौंट गर्ने/गराउने,

(ट) आयोगमा बुझाउनु पर्ने प्रतिवेदनलाई भरपर्दो बनाउनको लागि टोली संयोजकले प्रतिवेदनमा हुनुपर्ने आधारभूत पक्षलाई समेट्न विशेष ध्यान दिई यसका लागि टोलीका अन्य सदस्यहरुसंग समन्वय गर्ने,

(ठ) अनुगमन टोलीको काम कार्वाहीको सिलसिलामा आफ्नो र सदस्यहरुको सुरक्षालाई ध्यानमा राख्ने,

(ड) अनुगमन अवधिमा अनुगमनकर्तालाई तोकिएको क्षेत्रमा भएका कुनै घटनाका गम्भिरतालाई दृष्टिगत गरी उक्त घटनाको बारेमा अनुगमन गर्नुपर्ने वा नपर्ने भन्ने कुराको निर्णय गर्ने ।

परिच्छेद ५

विविध

८. **अनुगमन टोलीको सुविधा** : (१) आयोगले अनुगमनको क्रममा अनुगमन टोलीका सदस्यहरुलाई भ्रमण खर्च नियमावली, २०६४, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलिन कानून बमोजिम सेवा सुविधा उपलब्ध गराइने छ ।

९. **आचारसंहिता** : अनुगमन टोलीका सदस्यहरुले यस निर्देशिका बमोजिम आफ्नो कामको सिलसिलामा पालन गर्नुपर्ने आचरण देहाय बमोजिम हुनेछ :

शिवराम भलाल
सचिव

राष्ट्रिय दलित आयोग
२०७५

(१) पालना गर्नु पर्ने कुराहरुः

(क) नैतिकता र सदाचार सम्बन्धी आधारभूत नियमको पालना गर्ने,

(ख) मानव अधिकारको पालना र सम्मानप्रति सदासर्वदा निष्ठा राख्ने,

(ग) आफ्नो सम्पर्कमा आएका सबैसँग सम्मानपूर्ण व्यवहार गर्ने,

(घ) शिष्ट र शालीन भाषा प्रयोग गर्ने,

(ङ) सबैप्रति बिना पूर्वाग्रह र पक्षपातरहित व्यवहार गर्ने,

(च) पीडित व्यक्तिहरुसँग मानवीय व्यवहार गर्ने र आफ्नो व्यवहारबाट त्यस्ता व्यक्तिहरुको भावनामा आघात नपुगोस् भन्ने कुरामा सचेत रहने, कुराकानी वा सोधपुछ गर्दा उसको स्वास्थ्य र मनोसामाजिक अवस्थाप्रति सचेत रहनुपर्छ । उनीहरूको विषयलाई प्रस्तुत गर्दा उनीहरूलाई हुन सक्ने हानितर्फ सचेत रहने,

(छ) अनुगमनसँग सम्बन्धित कुनै विषयमा आफ्नो नाता, सम्बन्ध, स्वार्थ वा हित गाँसिएको अवस्थामा आफ्नो त्यस्तो सम्बन्ध बारे तत्काल टोली संयोजकलाई जानकारी दिई त्यस्तो विषयको अनुगमनमा संलग्न नहुने,

(ज) आफूले गरेको काम र कामको सिलसिलामा प्रत्यक्ष वा परोक्ष रुपमा प्राप्त सूचना तथा जानकारीको गोपनीयता कायम राख्ने,

(झ) आफुले गर्ने टिपोट र विश्लेषणलाई वस्तुगत रुपमा राख्ने,

(ञ) आयोगबाट प्रदान गरिएको परिचयपत्र, पोशाक, प्रतीक चिन्ह र अन्य सामाग्रीको उचित सम्भार, कदर र प्रयोग गर्ने,

(ट) आयोगले दिएको परिचयपत्र, पोशाक, प्रतिक चिन्ह लगायतको कुनै वस्तु हराए, चोरिए वा खोसिएको अवस्थामा त्यसको जानकारी आयोग वा सम्बन्धित सुरक्षा निकायमा दिने,

(ठ) आफ्नो परिचय, उद्देश्य र अनुगमनबाट हुने संभावित परिणामबारे सम्बन्धित पक्षलाई स्पष्ट रुपमा बताउने,

(ड) स्थानीय बासिन्दाको रहन सहन, संस्कृति र परम्पराको सम्मान गर्ने ।

(२) गर्न नहुने कुराहरु :

(क) कुनै पनि प्रकारको भेदभाव गर्न वा धार्मिक वा सांस्कृतिक वा वैचारिक आस्थाका आधारमा मानिसको मर्यादामा असर पर्ने कुराहरु,

(ख) अनावश्यक वा अप्रासङ्गिक गफगाफ वा कुराकानी,

(ग) अनुगमन कार्यमा खटिई गएको अवस्थामा मादक पदार्थ वा धुम्रपानको सेवन,

(घ) तास वा जुवा खेल्ने,

शिवराज भेलाल
खरेल

(ङ) अनावश्यक प्रलोभन देखाउने वा उक्साउने कार्य ,

(च) आफ्नो परिचय वा अन्य कुरा ढाँटेर वा छलेर सूचनाहरू सङ्कलन गर्ने,

(छ) कसैलाई होच्याउने वा झिंज्याउने गरी सोधखोज गर्ने,

(ज) आयोगले खटाएको काममा आफ्नो छुट्टै व्यक्तिगत राय बनाइ सार्वजनिक गर्ने,

(झ) स्थानिय समुदायका व्यक्तिहरुको भावनामा आघात पुग्ने कुनै आचारण गर्ने,

(ञ) आयोगले प्रदान गरेको परिचयपत्र, लेटरप्याड लगायत आयोगसँग सम्बन्धित कुनै वस्तु, प्रतीक चिन्ह आदिको दुरुपयोग गर्ने,

(ट) अनुगमनको सिलसिलमा प्राप्त भएका तथ्यांक, सूचनाहरु, वा गोप्य कुरा, कर्तव्य पालन गर्दा जानकारीमा आएको वा आफूले लेखेको वा संकलन गरेको कुनै कागज पत्र आयोगको पूर्व स्वीकृति नलिई प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट अन्य अनाधिकृत व्यक्ति वा सञ्चार संस्थालाई दिने वा प्रकाशन वा प्रसारण गर्ने गराउने,

(ठ) आर्थिक अनियमितता गर्ने,

(ड) कसैमाथि कुनै पनि प्रकारको अनुचित व्यवहार गर्ने,

(ढ) आयोगप्रति अनास्था गर्ने, दुर्भावना फैल्याउने, आयोगको मर्यादा तथा विश्वसनीयतामा आँच आउने कुनै कार्य गर्ने ।

१०. **सहयोग तथा समन्वय** : १) यस निर्देशिका बमोजिम गरिने अनुगमनको क्रममा नेपाल सरकार अन्तर्गतका निकाय, नेपाल प्रहरी, प्रदेश सरकार वा स्थानीय तह वा आवश्यकता अनुसार दलित समुदाय लगायत जातीय भेदभाव वा छुवाछूतबाट पीडित व्यक्तिको हक अधिकार वा उत्थान सम्बन्धी कार्यमा संलग्न रहेका स्थानीय अगुवा, नागरिक समाज वा संघ संस्थाका प्रतिनिधिहरूको सहयोग लिन सक्नेछ । आयोगले मागेको सहयोग उपलब्ध गराउनु सम्बन्धित सरकारी, सार्वजनिक निकाय तथा व्यक्तिको जिम्मेवारी हुनेछ ।

(२)अनुगमन र जाँचबुझ तथा छानबीनको क्रममा आयोगले राष्ट्रिय मानव अधिकार आयोग सहितका अन्य संवैधानिक निकायहरु, नेपाल सरकार, आदिवासी जनजाति राष्ट्रिय प्रतिष्ठान, स्थानीय तह, नेपाल प्रहरी, दलित गैरसरकारी संघसंस्थाहरु, मानव अधिकारको क्षेत्रमा कार्यरत संघसंस्था वा व्यक्तिहरुसँग समन्वय तथा सहकार्य गर्न सक्नेछ ।

११. **व्याख्या तथा खारेजी** : (१) यो निर्देशिकाको अन्तिम व्याख्या राष्ट्रिय दलित आयोगले गर्नेछ ।

(२) यो निर्देशिकाको सम्बन्धमा कुनै बाधा अड्काउ परेको खण्डमा वा आयोगले आवश्यक ठानेमा जुनसुकै बखत आयोगले यो निर्देशिका परिमार्जन, संशोधन र खारेजी गर्न सक्नेछ ।

शिवराज बेलाल
सचिव

राष्ट्रिय दलित आयोग
२०७५

अनुसूची १

अनुगमनका सम्भावित विषयहरु (चेक लिष्ट)

आयोगबाट हुने अनुगमन सँग सम्बन्धित विषयहरु देहाय बमोजिम हुनेछन् । तर आयोगले आवश्यकता अनुसार आफ्नो क्षेत्राधिकारभित्रका अन्य विषयहरुमा समेत अनुगमन गर्न सक्नेछ ।

अन्तर्राष्ट्रिय कानून, संवैधानिक कानून तथा नीतिगत व्यवस्थाहरु :

- संविधान तथा अन्य प्रचलित कानूनले प्रदान गरेका दलित समुदायको अधिकारहरुको कार्यान्वयनको अवस्था सम्बन्धी विषय,
- सामाजमा रहेका छुवाछूत, बहिष्करण, अन्तर्जातीय वैवाहिक सम्बन्धमा अवरोध, मन्दिर तथा सार्वजनिक स्थल प्रवेशमा रोक, सार्वजनिक उपभोगका वस्तुहरुको प्रयोगमा रोक लगायतका प्रचलन एवं विभेदपूर्ण व्यवहारको अवस्था र घटनाहरुको अध्ययन सम्बन्धी विषय,
- परम्परागत रुपमा अभ्यासमा रहेका कुप्रथाहरु (हलिया, खलिया आदि) को अवस्था र त्यसमा सुधारको निम्ति नेपाल सरकार वा सम्बन्धित निकायले नीति, योजना तर्जुमा र कार्यान्वयन सम्बन्धी विषय,
- दलित समुदायका महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरु एवं ज्येष्ठ नागरिकहरुको मानव अधिकारको अवस्था सम्बन्धी विषय,
- दलित समुदायसँग सम्बन्धित व्यवस्थापिका तथा कार्यपालिकाका घोषणा एवं प्रतिबद्धताहरु, अदालतहरुका फैसलाहरु, राष्ट्रिय मानव अधिकार संस्थाहरुका सिफारिश तथा सुझावहरुको कार्यान्वयनको अवस्था सम्बन्धी विषय,

नागरिक तथा राजनीतिक अधिकारसंग सम्बन्धित विषयहरुः

- दलित समुदायको नागरीक तथा राजनीतिक अधिकारको अवस्था सम्बन्धी विषय,
- हत्या, यातना, अमानवीय एवं अपमानजनक व्यवहार, यौनजन्य हिंसा, कुटपीट, न्याय प्रशासन लगायतका घटना सम्बन्धी विषय,
- दलित समुदायको मानव मर्यादामा आँच आउने किसिमका जातीय विभेद तथा छुवाछूतसम्बन्धी व्यवहारको अवस्था र घटना सम्बन्धी विषय,
- जातीय विभेद तथा छुवाछूत सम्बन्धमा प्रहरीले उजूरी ग्रहण नगरेको वा गरेर पनि प्रभावकारी रुपमा कारवाही नगरेको विषय र घटनाहरु,
- दलित समुदायको राज्यका सबै क्षेत्रमा अर्थपूर्ण र समान सहभागिताको अवस्था सम्बन्धी विषय,

शिवराम श्रेष्ठ

राष्ट्रिय दलित आयोग २०७५

- दलित समुदायको हक अधिकार संरक्षण र सम्वर्द्धनमा सञ्चार माध्ययमा प्रकाशित एवं प्रशारित समाचारहरुको आधारमा कुनै स्थान, घटना तथा विषय,
- सूचनाको अधिकार तथा त्यसको कार्यान्वयन सम्बन्धी विषय,
- दलित समुदायसंग सम्बन्धित विभिन्न विषयमा विभिन्न कार्यालयमा दर्ता भएका उजूरीहरूको कार्यान्वयनको अवस्था सम्बन्धी विषय,
- दलित समुदायमाथि भए गरेका सबै प्रकारका विभेदको विषय ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका विषयहरु

- दलित समुदायको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार अवस्था सम्बन्धी विषयहरु,
- दलित समुदायको खाद्य अधिकार, स्वास्थ्यको अधिकार, आवासको अधिकार, रोजगारीको अधिकार, शिक्षाको अधिकार लगायतका आर्थिक, सामाजिक अधिकारहरुको प्रचलन/अवस्था सम्बन्धी विषय,
- दलित समुदायको सशक्तिकरणको निमित्त राज्यका निकायहरु तथा गैर सरकारी संस्थाहरुबाट सञ्चालित सीप विकास, छात्रवृत्ति एवं रोजगार प्रवर्द्धन एवं सामाजिक सुरक्षा सम्बन्धी व्यवस्था र तिनीहरुको कार्यान्वयनको अवस्था सम्बन्धी विषय,
- दलित समुदायमा रहेको गरीबीको अवस्था विभिन्न कुप्रथाहरु र त्यसको निराकरणको निमित्त राज्यले गरेका पहलहरुको पर्याप्तता तथा उपलब्धताको अवस्था सम्बन्धी विषय,
- विविधता र क्षेत्रगत रुपमा दलित समुदायको मानव अधिकार उपभोगको अवस्था सम्बन्धी विषय,
- नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले विनियोजन गरेको जातीय भेदभाव उन्मूलन, सशक्तिकरण लगायतका दलित समुदायको हक अधिकारसँग सम्बन्धित बजेट विनियोजन र त्यसको कार्यान्वयन अवस्था सम्बन्धी विषय आदि ।

शिवराम भेलाल
सचिव

राष्ट्रिय दलित आयोग
२०७५

अनुसूची २

प्रतिवेदनको ढाँचा

प्रतिवेदनको नाम:

- अनुगमन टोलीको नाम :
- अनुगमन नं.: *रादआ/...../आ.व.*
- अनुगमन अवधि :
- प्रतिवेदन प्रस्तुत मिति :

विषय सूची

प्रतिवेदन सारांश (प्रतिवेदन दश पृष्ठ वा सो भन्दा बढीको भएमा मात्र)

१. पृष्ठभूमि
२. अनुगमनको उद्देश्य
३. अनुगमन विधि
४.अनुगमनबाट प्राप्त तथ्यहरू
५.तथ्य र कानूनको आधारमा घटना/विषयवस्तुको विश्लेषण
६. सुझाव तथा आयोगलाई सिफारिश
७. अनुगमन टोलीको निष्कर्ष
७. अनुगमन टोलीले भोगेका मुख्य चुनौतीहरु
८. अनुगमनबाट सिकिएका महत्वपुर्ण पाठहरु

अनुसूचीहरु

फोटो, दशी प्रमाणहरु, अन्तर्वाता आदिहरु, विभिन्न छलफल तथा अन्तर्क्रियामा सहभागीहरुको विवरण आदि ।

राष्ट्रिय दलित आयोग
२०७५

शिवराम भैलाल
सचिव
